# पहिलो परिच्छेद
# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीषक **नेपाली भाषा-साहित्यको उत्थानमा उत्तरबङ्ग विश्वविद्यालयको योगदान** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि तयार पारिएको छ ।

## १.३ विषय परिचय

उत्तरबङ्ग विश्वविद्यालय बर्तमान नेपालको सीमाबाहिर रहेर पनि नेपाली भाषीहरूका बीचमा लोकप्रिय बन्न पुगेको छ । भारतमा नेपाली साहित्यको श्रीवृद्धिका लागि अथक प्रयत्नरत उ. ब. वि. को स्नातकोत्तर नेपाली विभाग भाषा साहित्यसेवीहरूका माझ एउटा उदाहरणीय संस्था बनेको देखिन्छ । उ. ब. वि. को नेपाली विभागले नेपाली भाषा साहित्यका विविध विधागत (गद्य, पद्य, आख्यान, समालोचना, साहित्येतिहास एवम् भाषा र लोकसाहित्य) र पठनपाठनगत शैक्षिक एवम् प्राज्ञिक कार्यका माध्यमले उन्नत दिशातिर लम्किएको बोध हुन्छ । नेपाली विभागका आफ्नै किसिमका पाठ्यक्रमहरू छन् र सोही किसिमका पाठ्यपुस्तकहरू छन् । विभागबाट एन. बि. यु. नेपाली अकादमी जर्नल र त्रिभाषिक शब्दकोश पनि प्रकाशित गरेको देखिन्छ भने त्यहाँ अध्यापन गरिसकेका र गर्दै रहेका गुरु तथा गुरुआमाहरूका व्यक्तिगत प्रयासबाट थुप्रै प्राज्ञिक काम भएको देखिन्छ ।

वि.सं. २०१९ अर्थात सन् १९६२ मा स्थापना भएको उत्तरबङ्ग विश्वविद्यालयले नेपाली भाषा साहित्यका क्षेत्रमा विभिन्न रूपमा पुऱ्याउँदै आएको योगदानलाई आँकलन गर्नु पर्दा नेपाली भाषाको पठनपाठनका सन्दर्भमा सन् १९६९ मा एन. बी. यु. नेपाली एकेडेमीको गठन गरेको देखिन्छ भने सन् १९६९ मा नेपाली विषयको स्नातकमा अनर्स कोर्सको प्रारम्भ गरेको देखिन्छ । यसै गरी नेपाली एकेडेमीमार्फत सन् १९७४ मा **जर्नल : नेपाली अकादमी**को प्रकाशन गरेको देखिन्छ भने सन् १९७६ मा **अकादमी निबन्धावली** प्रकाशन गरेको पाइन्छ । यसै विश्वविद्यालयले सन् १९७७ मा नेपाली विभागको स्थापना गरी १ अगस्त १९७७ का दिनबाट तुलसीबहादुर छेत्री अपतनलाई विभागाध्यक्षको नियुक्ति दिएको पाइन्छ । यसरी विभागको स्थापना भएपछि नेपाली भाषाको स्नातकोत्तर तहको कक्षा शुभारम्भ भने १६ जनवरी १९७८ बाट मात्र भएको पाइन्छ । विभागको प्रादूर्भाव भएपछि नेपाली भाषा शिक्षणका माध्यमबाट योग्य शिक्षकहरू उत्पादन गरी नेपाली भाषा साहित्यको सेवमा समर्पित भएको देखिन्छ । यस विभागले राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरका गोष्ठीहरू गर्दै नेपाली भाषालाई विभिन्न दृष्टिले अघि बढाएको देखिन्छ । विभागले एकेडेमीसँग मिलेर जर्नल प्रकाशन एवम् शब्दकोश प्रकाशन, साहित्यिक बुलेटिन प्रकाशन जस्ता काममा योगदान पुऱ्याएको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग आदि सङ्घ संस्थाबाट नेपाली भाषा साहित्यका विविध पक्ष (लोक साहित्य, कला संस्कृति, काव्य, नाट्य र आख्यान विधा, समालोचनाविधा एवं व्यक्ति स्रष्टाका बारेमा थुप्रै अनुसन्धान भएका छन् । यी अनेकन विषयहरू अनुसन्धानको प्रयोगशालामा परिष्कृत हुँदै जाँदा महत्तम उपलब्धि नेपाली साहित्यले पाएको छ भन्न सजिलै सकिन्छ । तथापि नेपाल बाहिर वा छिमेकी मुलुक भारतमा नेपाली भाषा कुन रूपमा विकसित हुँदै गएको छ र साहित्यको भण्डार कुन रूपमा भर्न सकेको छ सो विषयसित निकट रही उत्तरबङ्ग विश्वविद्यालयले नै नेपाली भाषा साहित्यको उत्थानमा दिएको योगदानलाई आँकलन गरिने छ । भारतमा काशीहिन्दू विश्वविद्यालय, वाराणसी र उत्तरबङ्ग विश्वविद्यालय दार्जीलिङ यी दुई शिक्षण संस्थाले नेपाली विषयमा एम. ए., एम.फिल. र पि-एच.डी. का अध्ययन अनुसन्धान गराएर नेपाली भाषा साहित्यलाई राम्ररी योगदान दिएका छन् भन्ने विषयका सन्दर्भमा-आफूहरूलाई गोर्खाली भन्न रूचाउने दार्जीलिङ बासीहरूको ढुकढुकी नेपाली मातृभाषालाई औधि माया गर्ने विश्वविद्यालयको रूपमा स्थापित उत्तरबङ्ग विश्वविद्यालयको बारेमा चर्चा गर्नु औचित्यपूर्ण देखिन्छ ।

समग्रमा नेपाली भाषा साहित्यको समुत्थानमा उत्तरबङ्ग विश्वविद्यालयको देन के कति छ भन्ने बारेमा चर्चा परिचर्चा एवं विश्लेषण र मूल्याङ्कन गर्नु नै अनुसन्धाताको ध्येय रहेको छ ।

सर्वप्रथम उत्तरबङ्गको इतिवृत्तमा ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दै नेपाल र नेपाली मातृभाषी भारतीय दार्जीलिङेहरूको सम्बन्धतर्फ दृष्टि दिँदै साहित्येतिहास, साहित्यिक विधागत र समालोचनात्मक ग्रन्थ गत चर्चाभन्दा पर सरेर उत्तरबङ्ग विश्वविद्यालयलाई प्राप्त प्रेरणाश्रोत एवं पाठ्यक्रमगत प्रभाव र अनुसन्धानगत कार्यहरूलाई खोतल्ने प्रयास गरिएको छ । जसमा स्नातकोत्तर तहको पाठ्यक्रम र उपलब्ध विद्यावारिधिको अनुसन्धानात्मक कार्य र त्यसको योगदानका बारेमा परिचयात्मक र विश्लेषणात्मक मूल्याङ्कन गरी अध्ययन अनुसन्धान गरिएको छ ।

मानवीय ज्ञानलाई अभिवृद्धि गर्ने अनुपम साधन अनुसन्धान हो । यस कार्यबाट समाज र देशका भाषा, साहित्य, कला, संस्कृति आदिको उत्थान एवं विकासमा टेवा पुग्दछ । कुनै पनि विषयवस्तुको कुनै एक पक्षको विशेष अन्वेषण गरी नूतन तथ्यलाई अग्रसारित गर्नु अनुसन्धानको मान्यता हुनुपर्छ । गवेषणशील विवेकले कुनै साधन माथि गहिरो डुबुल्की मारी मोती टिपेर देखाउने खोज कार्यमा निरन्तर क्रियाशील रही तथ्यपरक नवीन विषयवस्तुको उपस्थापन गर्नु नै उत्सुक एवं जिज्ञासु शोधार्थीको दायित्व हो, अतः यो शोधार्थी नेपाली साहित्य कै सम्मृद्धिका खातिर भाषा साहित्यलाई निरन्तर बढवा दिन तल्लीन छ । प्रस्तुत शोधकार्य उत्तरबङ्ग विश्वविद्यालय, दार्जिलिङले भाषा साहित्यको भण्डार कसरी भर्दै लग्यो भन्ने विषयको क्षेत्रमा गहिराइकासाथ अध्ययन गर्नु अपेक्षित रहेको छ ।

नेपाली भाषा र साहित्यका विविध विधाका विविध पक्षगत अध्ययन अध्यापन एवं अनुसन्धानका बारेमा स्पष्ट पार्नु पर्ने कार्यहरू जे जति छन् ती विश्लेषणीय र मूल्याङक्न योग्य हुन्छन् अतः भाषा साहित्यको यति ठूलो फाँटलाई एउटै सामर्थ्य एवम् एउटै अनुसन्धान कार्यले निरूपण गर्न नसकिए तापनि एक पक्षको बारेमा खोतल्ने कार्य गरिने छ । उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागमा भए गरेका अध्ययन अध्यापन एवं अनुसन्धानका बारेमा परिचयात्मक विश्लेषण गरिनेछ । आजसम्म भएका अनुसन्धानभन्दा पृथक् अनुसन्धान हुने छ भन्ने विश्वासकासाथ कार्य सम्पादन एवं मूल्याङ्कनको कसीमा लैजाने सतत प्रयत्न रहेको छ ।

उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली भाषा र साहित्यको पठन पाठनमा सम्यक् अध्ययन, विशिष्ठ अध्यापन एवं सोद्देश्यमूलक अुनसन्धान कार्यले के कति योगदान दिए भन्ने विषयमा खोजगरी दार्जीलिङ क्षेत्रका भाषासेवी साहित्यिक मनस्वीहरूबाट सो विश्वविद्यालयले के कति प्रभाव र उपलब्धि लिन र दिन सक्यो भनने बिरेमा अनुसन्धान गर्नु नै शोध प्रस्ताव पत्रको प्रयोजन हुनेछ । यस कार्यबाट आगतको अध्ययन एवम् अनुसन्धानकर्ताहरूले लाभ लिन सकुन् र आफ्ना गवेशणशील कार्य सफल होस् भन्नका खातिर एवं स्तर निर्वाह गरी प्रमाण पत्र लिने सोद्देश्य मूलक प्रयोजन रहेको छ ।

विश्वका हरेक भाषा साहित्यप्रति तत् तत् क्षेत्रका शिक्षण संस्थाले साहित्यिक सम्बर्द्धनमा दिएका देनलाई महत्त्वपूर्ण रूपमा स्विकार्नु पर्छ । आजका शिक्षित पुस्ताले भाषा प्रेमका साथै साहित्यिक संस्कार पनि ग्रहण गर्न थाले अतः सौन्दर्य चेतनाका अतिरिक्त जातीय र भाषागत महत्त्वका कारणले पठनशील जिज्ञासु अधिकांश शिक्षित नेपाली साहित्यतर्फ रुचि लिन थाले भन्ने कुराको चिन्तन लाई दर्शाउनु र दार्जिलिङ आसपासका क्षेत्रमा शिक्षाको बढ्दो लहरले साहित्यिक जागरण प्राप्त हुँदै आयो, भन्ने विषयमा सम्बन्धित पाठकलाई अभिरुचि मिलोस् भन्ने विषयलाई दर्शाउनु यस अन्वेषण कार्यको प्रयोजन हो ।

## १.४ समस्याकथन

मुलुकबाहिर नेपाली मातृभाषीहरूको प्रमुख क्षेत्र दार्जिलिङ जिल्लामा अवस्थित उत्तरबङ्ग विश्वविद्यालयले अध्ययन अनुसन्धानका माध्यमबाट भाषा साहित्यको विविध विधामा गरेका योगदान कार्यमा पर्याप्त अनुसन्धान नभएकाले तद्अन्तर्गत विषयवस्तुका बारेमा खोजगरी नेपाली जिज्ञासु व्यक्ति जमात र समाजलाई सो विश्वविद्यालयले नेपाली भाषा साहित्यको उत्थानमा भए गरेका कतिपय पक्षलाई खुट्याउन आवश्यक परेकाले समस्या कथनको सिर्जना भएको छ । नेपाली भाषासाहित्यको श्रीवृद्धिमा अथक प्रयत्नरत उ.ब.वि. नेपाली भाषा साहित्य प्रेमीहरूका माझ एक उदाहरणीय बनेको छ । मुख्यतः दार्जिलिङ भेगको नेपाली जनजीवन र समाजको शैक्षिक उन्नयन र नेपाली भाषासाहित्यको विकासका परिप्रेक्ष्यमा नेपाली विभाग गतिशील रहेको देखिन्छ । नेपाली भाषासाहित्यसम्बन्धी कार्यहरूका

सवालमा मात्र खास के कस्ता योगदान दिएको छ भन्ने प्रश्नलाई केन्द्रबिन्दु बनाएर प्रस्तुत शोधकार्य निम्नलिखित शोधसमस्याप्रति निर्दिष्ट रहेको छ :

क) दार्जिलिङमा नेपाली भाषा र साहित्यको प्रवर्तन र विकासको इतिवृत्त केकस्तो छ ?,

ख) उत्तरबङ्ग विश्वविद्यालय स्थापना हुनुपूर्व नेपाली भाषासाहित्यको अवस्था केकस्तो रहेको थियो ?,

ग) उत्तरबङ्ग विश्वविद्यालयको स्थापनापश्चात् यसले शिक्षण कार्यमा नेपाली भाषा साहित्यलाई कुन रूपमा अँगालेको छ ?

घ) उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विषयको पाठ्यक्रम केकस्तो छ ? र पाठ्यक्रम कुन रूपमा निर्मित छ ? तथा एम. ए., एम. फिल. र पी-एच. डी. का बारेमा केकस्ता कार्यहरू भएका छन् ?,

ङ) उत्तरबङ्ग विश्वविश्यालयको नेपाली विभागले मुलुक बाहिर रही नेपाली भाषाको अभिवृद्धिमा दिएका थप आयाम र साहित्यको समुत्थानमा प्राप्त मूल्यगत देन के के हुन् ?

उपर्युक्त समस्याहरूको लेखाजोखा गरी सकेसम्म प्राज्ञिक निक्यौंल निकाल्ने काम प्रस्तुत शोधकार्यले गरेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

नेपाली भाषासाहित्य, समाज र संस्कृतिको विकासमा नेपालबाहिर रहेर पनि उत्तरबङ्ग विश्वविद्यालयले गरेका कार्य एवम् नेपाली विभागले नेपाली भाषासाहित्यको समुत्थानका निम्ति निर्वाह गरेको भूमिकाको तथ्य उद्घाटन र मूल्याङ्कन गर्नु यस शोधकार्यको मुख्य उद्देश्य हो । अतः निम्नाङ्कित उद्देश्यहरूका आधारभित्र रही विश्वविद्यालयको स्थापनाको पृष्ठभूमि, स्थापना, गतिशीलता र वर्तमान अवस्थाका बारेमा आँकलन गरिएको छ ।

क) दार्जीलिङ क्षेत्रमा र त्यस आसपासका क्षेत्रमा नेपाली भाषाको पठनपाठन एवं अनुसन्धानको थालनी र विकास कसरी हुँदै गयो त्यसको इतिवृत्त राख्दै उत्तरबङ्ग विश्वविद्यालयमा भएका भाषिक तथा साहित्यिक कार्यकलापहरूको तथ्ययुक्त अभिवीक्षण गर्नु,

ख) उत्तरबङ्ग विश्वविद्यालय स्थापना हुनुपूर्व नेपाली भाषासाहित्यको अवस्था केकस्तो थियो? त्यसको परिचयात्मक टिप्पणी गर्ने,

ग) अध्ययन र अध्यापनका माध्यमबाट त्यस क्षेत्रका साहित्यिक अनुसन्धानात्मक र अन्य पत्रपत्रिकाका माध्यमबाट तथा विशुद्ध उपाधिमूलक अनुसन्धान कार्यका माध्यमबाट नेपाली भाषा साहित्यले केकसरी गति लिन सकेको छ सो कारणलाई छर्लङ्ग पारी उत्तरबङ्ग विश्वविद्यालयले नेपाली भाषा साहित्यको समुत्थानमा खेल्दै आएको भूमिकालाई उजागर गर्दै यसका योगदानको निरूपण गर्ने,

घ) उत्तरबङ्ग विश्वविद्यालयमा पढाइने स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रम, एम.फिल.को अध्ययन र पिएच.डी.को अनुसन्धान कार्यका बारेमा विश्लेषण एवं मूल्याङ्न गर्नु तथा उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली भाषा साहित्यको पठनपाठन र अनुसन्धान आदि कार्यमा भएका विकासलाई सर्वेक्षण गरी देखाउनु,

ङ) उत्तरबङ्ग विश्वविश्यालयको नेपाली विभागले भारतीय भूभागको नेपाली भाषाको अभिविद्धिमा दिएका थप आयाम र साहित्यको समुत्थानमा प्राप्त मूल्यगत देन के के हुन् त्यसलाई केलाउने ।

यिनै उद्देश्यमा केन्द्रित भएर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य

भारतमा नेपाली भाषाले पाउँदै आएको सम्मान र योगदानको महत्तम उपलब्धिका बारेमा केही प्राज्ञिक विवेचन नभए तापनि उत्तरबङ्ग विश्वविद्यालयले दिएको योगदानका बारेमा पत्रिकागत सामान्य चर्चाबाहेक अन्य केही उल्लेख नभएका कारणले यहाँ प्रस्तुत शोधकार्यको तात्त्विक औचित्य रहेको छ । भारतमा नेपाली भाषा साहित्यको उन्नायक उत्तरबङ्ग विश्वविद्यालय नेपाली साहित्यका हरेक विधाको सेवामा समर्पित छ भन्ने तथ्य पूर्वकार्यको सर्वेक्षणबाट स्पष्ट हुन आएको हुँदा उत्तरबङ्ग विश्वविद्यालयले नेपाली भाषा साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको कालक्रमिक सर्वेक्षण तथा पाठ्यक्रमगत मूल्याङ्कन प्रामाणिक हुनुपर्ने महत्वपूर्ण कुरा हो । अतः यस सन्दर्भमा केही पूर्वकार्यमा प्राथमिक

अवस्थाको सङ्केतमात्र पाइएकाले र यसभन्दा अगाडि उत्तरबङ्ग विश्वविद्यालयअन्तर्गत नेपाली विभागले दिएको योगदानको बारेमा कतै पनि तथ्यपरक रूपमा विश्लेषण नभएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ । उत्तरबङ्ग विश्वविद्यालयअन्तर्गत नेपाली विभागले नेपाली भाषा तथा साहित्यप्रति गरेको योगदानका बारेमा खोजी गर्नु पर्ने कुराको टिप्पणी व्यक्तिगत, संस्थागत रूपमा आवश्यक परेमा यस शोधकार्यले थप सहयोग दिने भएकाले पनि यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

पूर्वाकार्यको समीक्षामा उपयुक्त विषयबस्तुहरूको अध्ययन-अध्यापन एवं अनुसन्धान कार्यमा विश्वविद्यालयले नेपाली भाषा साहित्यको योगदानमा महत्वपूर्ण योगदान दिएको छ । भारतको उत्तरपूर्वाञ्चल क्षेत्रमा छरिएर रहेका र नेपाली भाषासाहित्यमा विशिष्ट योगदान पुऱ्याउने साहित्यकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पाटाहरूलाई उजागर गर्ने कार्यमा यस विश्वविद्यालयको योगदान रहेको छ । समग्र नेपाली वाङ्मय कलामा नै योगदान पुऱ्याउने स्नातकोत्तर एम. फिल एवं विद्यावारिधिको अध्ययन-अनुसन्धान आफैमा नेपाली भाषासाहित्यमा विश्वविद्यालयको अवदान ठहरिन्छ । त्यसबाहेक विभिन्न विषयका पात्रपत्रिकाको प्रकाशन गरेर पनि यस विश्वविद्यालयले नेपाली भाषासाहित्यको श्रीवृद्धिमा अहं भूमिका खेलेको छ । यसरी नेपाली भूमिभन्दा बाहिर रहेर नेपाली भाषा साहित्यको विकासमा टेवा पुऱ्याउने उत्तरबङ्ग विश्वविद्यालयको भाषा साहित्य सम्बन्धी कुनै ठोस योगदानलाई अहिलेसम्म कतै उल्लेख गरेको र कुनै पनि चर्चा गरिएको पाइदैन । अतः यस शोधकार्यमा विश्वविद्यालयको नेपाली भाषा साहित्य प्रतिको योगदानलाई उपलब्ध सामाग्रीको आधारमा चर्चा गरिएको छ ।

सन् १९६२ मा यस विश्वविद्यालयको स्थापना पश्चात् गरेका प्राज्ञिक कार्य एवंम् ४ वटासम्मका जर्नल प्रकाशन, प्रशासनिक सूचना, दीक्षान्त र संगोष्ठी एवंम् कार्यशाला गरिने र गरिएका सूचना भने पाइन्छन् । **'साहित्य सन्देश'** नामक पत्रिका विभागका अनुसन्धाता विद्यार्थीहरूद्वारा प्रकाशन गरेको देखिन्छ भने विश्वविद्यालयको प्रकाशन **'कञ्चनजङ्घा'**को एक दुई अङ्क समेत प्रकाशनमा आएको देखिन्छ । यसका आलवा एम. फिल. र विद्यावारिधिका शोधप्रबन्धहरूलाई पूर्वकार्यका रूपमा चर्चा गर्नु असान्दर्भिक ठानिएकाले प्रस्तुत शोधकार्यलाई उपयुक्त हुने पूर्वकार्यका सन्दर्भमा त्रिभुवन विश्वविद्यालयद्वारा वि.सं. २०३५ मा विद्यावारिधिको उपाधिकालागि स्वीकृत गरिएको तुलसीबहादुर क्षेत्रीको **नेपाली साहित्यको विकासमा दार्जिलिङ्गको योगदान** शीर्षकको अप्रकाशित शोधप्रबन्ध यहाँ लाभप्रद देखिएको छ । त्यस्तै उत्तरबंङ्ग विश्वविद्यालयद्वारा सन् १९९९-०६-२१ मा विद्यावारिधिको उपाधिकालागि स्वीकृत गरिएको जस योञ्जन 'प्यासी'को **भारतमा नेपाली भाषा र साहित्यको उत्थानमा पारसमणि प्रधानले गरेका योगदानको मूल्यांकन** शीर्षकको अप्रकाशित शोधप्रबन्ध यहाँ अझलाभप्रद देखिएकाले सामान्य चर्चा गरी पूर्वकार्यको विवरणलाई बिट मारिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा भारतमा खासगरेर पश्चिम बङ्गालमा पारसमणि प्रधानले नेपाली भाषा र साहित्यलाई सरकारी मान्यता दिलाई त्यसको अध्ययन अध्यापन गराउने कार्यको व्यवस्था मिलाउन अथक परिश्रम गरेका कुरा उल्लिखितछ । नेपाली भाषा साहित्यको समुत्थानमा प्रधानले गरेका योगदानको विश्लेषण मूल्याङ्कनमा केन्द्रित देखिन्छ प्रस्तुत शोध प्रबन्ध । आफूमात्र सृजनशील भएर नपुग्ने ठानी **सूधपा**को सामूहिक नेतृत्व लिएर अघि बढेका हुन् प्रधान । रामकृष्ण शर्माले प्रधानलाई दार्जिलिङ भेगमा नेपाली साहित्यको घडेरी निर्माण गर्ने पहिलो नेपाली भनेर चर्चिएको कुरा समेत जस योञ्जनले लेखेका छन् । यतिमात्र प्रस्तुत शोधको पूर्वकार्यको विवरणका सन्दर्भमा उल्लेख गर्न सान्दर्भिक ठानिएको हो ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको क्षेत्र चाहिँ उत्तरबङ्ग विश्वविद्यालय र भारतको दार्जिलिङ क्षेत्र रहेको छ । यो शोधकार्यमा नेपाली भाषा साहित्यको उत्थानमा उत्तरबङ्ग विश्वविद्यालयको योगदान समेटिएको छ । नेपाली मातृभाषी जनमानस एवम् साहित्यकारहरूमा यस संस्थाको प्रभाव कुन रूपमा पऱ्यो र यस विश्वविद्यालयले कुन स्तरको पाठ्यक्रममा स्नातकोत्तर तहको अध्ययन गराउँछ ? र के कस्ता विषयमा अनुसन्धान हुने गरेको छ ? भन्ने विषयभित्र रही यस विश्वविद्यालयले केकस्ता साहित्य र भाषा सेवीलाई जन्माउन सक्यो त्यसको लेखा जोखा गरिएको छ ।

उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागले नेपाली भाषा साहित्यका विभिन्न विधागत अध्ययन एवम् अनुसन्धान कार्यमा अध्येताहरूलाई संलग्न गराई महत्तम उपलब्धि हासिल गरेको छ भने प्रशासनिक, शैक्षिक र प्राज्ञिक कार्यका माध्यमले नेपाली भाषा साहित्यको उत्थानमा सक्रिय योगदान पुऱ्याएको छ । प्रस्तुत शोधपत्रमा उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागको पाठ्यक्रमगत, अनुसन्धानगत र प्रकाशनगत कुरालाई यहाँ उठान गरिएको छ । यसका अलावा अन्य कार्यहरूलाई यहाँ समेट्न नसक्नु नै यस शोधकार्य सीमा रहेको छ ।

नेपाली भाषा साहित्यको उत्थानमा उत्तरबङ्ग विश्वविद्यालयमा सन् १९७८ देखि भएका अध्ययन-अध्यापन एवम् विद्यावारिधिका शोधग्रन्थहरूको विश्लेषण गरिएको छ । सबै कुराको विस्तारित व्याख्या भन्दा सारसंक्षेपमा मूल्याङ्कन गरिएको छ  र स्नातकोत्तर तह नेपाली विषयको पाठ्यक्रममा आबद्ध स्वरूपलाई आँकलन गरिएको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्रीसङ्कलनको विधि

शोधपत्रका लागि आवश्यक सामग्रीहरू शोधखोज गरी स्थानगत र क्षेत्रगत अध्ययनबाट एवम् पाठ्यक्रम र पाठ्यपुस्तगत अध्ययनका लागि पुस्तकालयीय अध्ययनपद्धतिबाट सामग्री सङ्कलन गरिएको छ ।

शोधपत्र एवं शोधप्रबन्ध, कार्यपत्र, ऐतिहासिक सामग्री, पुस्तकालयीय सामग्री, सन्दर्भ सामग्री तथा पत्रपत्रिका र श्रोत व्यक्ति आदि सामग्री सङ्कलनका श्रोत रहेका छन्  । प्राथमिक श्रोतका रूपमा ऐतिहासिक अध्ययन-अनुसन्धान र द्वितीय श्रोतका रूपमा सैद्धान्तिक र विश्लेषणात्मक अध्ययन एवम् अनुसन्धान रहेको छ । समग्रमा सामग्रीको सङ्कलन र विश्लेषण तथा सैद्धान्तिक आधारद्वारा तथ्य संकलन, तथ्य विश्लेषण गरिने विधिलाई नै यहाँ अवलम्वन गरिएको छ । विद्वद्जनहरूसंग संवाद गरेर श्रोतव्यक्ति र केही अन्वेषणका आधारमा नवीन तथ्य उपस्थापन गरिएको छ ।

प्रस्तुत शोधपत्र सम्पन गर्नाका लागि निम्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

क) उत्तरबङ्ग विश्वविद्यालयका बारेमा लेखिएका सामग्रीका साथै पुस्तकालीय अध्ययन पद्धतिलाई सामग्रीसङ्कलनको आधार बनाइएको छ ।

ख) स्थानगत एवम् स्रोत व्यक्तिका माध्यमबाट अन्तार्वार्ता गरी टिपिएका सामग्रीलाई पनि सामग्रीसङ्कलनको आधार बनाइएको छ ।

ग) पूर्व लेखिएका आजभन्दा पूर्व गरिएका विद्यावारिधिका शोधकार्यलाई एवम् उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागका बारेमा विभिन्न पत्रपत्रिका प्रकाशित लेख तथा रचनालाई पनि सामग्रीसङ्कलनको स्रोत बनाइएको छ ।

### १.९.२ अध्ययन तथा विश्लेषण विधि

उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागले पाठ्यक्रमका माध्यमले भाषा र साहित्यलाई कुन रूपमा अगाडि बढाएको छ भन्ने अध्ययनका सन्दर्भमा पाठ्यसामग्रीगत सारवस्तुलाई सामग्री विश्लेषणको आधार बनाइएको छ । पठनपाठनका पृष्ठभूमिमा रहेका सन्दर्भहरूलाई केलाउँदै विवेचना गरिएको छ । खासगरी प्रभावपरक एवम् परिचयात्मक सैद्धान्तिक तत्त्वलाई नै अध्ययनको प्रमुख आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

ग्रन्थको प्रतिवेदन तयार गर्दा निम्नाङ्कित विषय शीर्षकका आधारमा प्रकरण  विभाजन गरिएको छ : यस शोध प्रबन्धको सङ्गठन र शोधको अन्तिमरूप देहाय अनुसार रहको छ ।

पहिलो परिच्छेद : शोधपत्रको परिचय
दोस्रो परिच्छेद : दार्जिलिङको भूक्षेत्रमा नेपालीहरूको अवस्थिति आरम्भदेखि वर्तमानसम्म
तेस्रो परिच्छेद : नेपाली भाषासाहित्यको विकासमा विश्वविद्यालय स्थापनापूर्वको प्राग्चेष्टा
चौथो परिच्छेद : उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विभागको स्थापना र विकास
पाँचौ परिच्छेद : शोधनिष्कर्ष तथा अन्तमा सन्दर्भ विवरण परिशिष्ट रहेको छ ।

# दोस्रो परिच्छेद
# दार्जिलिङको भू-क्षेत्रमा नेपालीहरूको अवस्थिति आरम्भदेखि वर्तमानसम्म

## २.१ दार्जिलिङको ऐतिहासिक इतिवृत्त (पृष्ठभूमि)

प्रस्तुत शोधपत्रमा नेपाल र नेपालीका भाषा साहित्यमा मुलुक बाहिरको भाषा-साहित्यसम्बन्धी कार्यहरूको लेखाजोखा गर्न दार्जिलिङको उत्तरबङ्ग विश्वविद्यालयलाई केन्द्रबिन्दु मानेर लेखनकार्यको आरम्भ गरिएको छ । नेपाली जातिको गरिमामय स्वरूप नेपाल राष्ट्रको महान् इतिहास हुनुमा नै शाश्वत् प्रतीत हुन्छ । यस अर्थमा नेपाल र नेपाली शब्दलाई मुख्यतः तीन वटाअर्थमा प्रयोग गरेर हेरिएको छ ।

१. नेपाली भाषालाई बुझाउने अर्थमा प्रयोग हुने शब्द र अर्थ ।
२. जुनकुनै उद्‌गम स्थलका जुनसुकै भाषा बोल्ने नेपाली मूलका नागरिकद्वारा नेपालको भौगोलिक, भाषिक, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक सङ्केत दिने शब्द र अर्थ ।
३. एउटा विशिष्ट एवम् वीरजातिको पहिचान प्रदान गर्ने शब्द । चाहे ती जातिको थातबास मुलुकबाहिर नै किन नहोस्, ती व्यक्तिहरू नेपाली जातिकै उपज हुन् भन्ने सङ्केतात्मक अर्थको प्रवाह गर्दछ । सोही कुरा बुझिने शब्द र अर्थ ।

प्रस्तुत प्रसङ्गमा तेस्रो अर्थ नै दार्जिलिङमा हुर्केको नेपाली भाषा साहित्य र रहन सहन हो । अतः यो शोधकार्यको मुख्य विषयवस्तु पनि यही हो । नेपाली जातिको विकासक्रम बुझ्नलाई दार्जिलिङको इतिहास पल्टाउनुपर्छ । जसको प्रारम्भिककाललाई सिक्किम, भूटान र नेपालको इतिहासबाट अलग्याएर बुझ्न सकिँदैन । यसर्थ दार्जिलिङको वर्तमान इतिहासको प्रारम्भ र नेपालको राजनीतिक एकीकरणको आसपासको समयलाई मानिएको आधार पनि एक हो । नेपालका रैथानेहरू वा नेपालको कुनै कुनामा बस्ने नेपालका नागरिकलाई राजनीति अर्थमा नेपाली भने पनि पहाड खण्ड उद्‌गम स्थल हुने आर्यभाषी खस, बाहुन, छेत्री, कामी, दमाईं, सार्की आदि र भोट बर्मेली भाषा परिवारका विभिन्न भाषा बोल्ने जातित्वको दृष्टिले कतैकतै केहीकेही सम्मिश्रणका छाप भए पनि साधारणतः मङ्गोलीय मूलका शेर्पा, मगर, गुरूङ, तामाङ, सुनुवार, थामी, राई, लिम्बू, नेवार जस्ता जात जातिगत समूहहरू मिलेर नै एउटा विशिष्ट एवम् वीरजातिको पहिचान प्रदान गर्ने शब्दको सार्थकता मिलेको पुष्टि हुन्छ । नेपाली सीमाबद्ध भू-भाग मध्येका तराइका आदिवासी मैथिली, भोजपुरी, अवधी, थारू, सन्थाल, कोच आदि बोलीका जातिसमूहहरू मिलेर नै सांस्कृतिक अर्थमा नेपाली शब्द विकशित हुँदै सांस्कृतिक रूपान्तरण तर्फ अघि बढ्दै दार्जिलिङतर्फ प्रविष्टि भएको देखिन्छ । नेपाली भाषीहरू मात्र नभएर दार्जिलिङ आसपासका बंगालीहरूले समेत नेपाली भाषा र साहित्यलाई स्वीकारेकाले पनि नेपालबाट त्यहाँ पसेका विभिन्न जातिहरू र व्यपारका सिलसिलामा त्यहाँ पुगेका भारतीय मूलका मारवाडी र बंगालीहरूले समेत नेपाली भाषालाई सहज रूपमा अंगालेको देखिन्छ । यस अर्थमा यस किसिमको विशिष्ट स्वरूपबाट एउटा विशिष्ट एवम् एउटा वीर जातिको चिनारी प्रदान गर्ने शब्दका रूपमा नेपाल र नेपाली दार्जिलिङमा कालान्तरसम्म उदाइरहने र विकशित भइरहने देखिन्छ । परापूर्वकालमा सांस्कृतिक अर्थमा नेपाली भनिने यी जातिहरूमा एउटै साझा जातित्वको भावना थिएन । आज जातीयताको सूत्रमा एउटा जनसमूहमा बाँध्ने भाषा, धर्म, साझा वासभूमि, परम्परा इत्यादि मान्य छन् अनि यिनमा कुनैकुनैको आंशिक उपस्थितिले पनि भावनात्मक एवम् सामाजिक र संस्कृतिक एकता बलिया बनेका उदाहरणहरू विकसित भएका छन् । नेपालमा प्रयुक्त धार्मिक सहिष्णुता एवंम् सांस्कृतिक पहिचान यसको ज्वलन्त उदाहरण हो । नेपाल विभिन्न भाषा, रीतिस्थिति, धार्मिक विश्वास आदिको एउटा उदाहरणीय थलो मानिन्छ ।[१]

नेपाल नामको मूलथलो **नेपाल उपत्यका** प्राचीनतम वंशावलीअनुसार प्राप्त आधारमा किराँतहरूको अधीनस्थ थियो भन्ने तथ्य पाइन्छ । तत्पश्चात् इस्वी चौथो शताब्दीतिर लिच्छवीहरूको शासन आरम्भ भएको हो । लिच्छवीहरू पनि आर्यभाषा र संस्कृति मूलका किराँतहरू नै थिए भन्ने अभिमत पाइन्छन् । भाषा, शारीरिक र सांस्कृतिक गठन आधारमा उपत्यकाका नेवारहरू हजारौँ वर्षअघि उत्तरतिरबाट यस उपत्यकातिर झरेका हुन् भन्ने विचार पनि उपलब्ध छन् ।[२]

---

[१] कुमार प्रधान, **पहिलो पहर** (दार्जीलिङ : श्याम प्रकाशन, सन् १९८२), पृ. ८६ ।

[२] Victors doherty, **Nots on the Origins of the Newars of the Kathmandu Valley of Nepal**, Himalayan Anthropolofy, Ed. James F. Fisher, Mouton Publishers, The Hague/Paris, Pp. 433-445, Ed. 1986.

नेपाल उपत्यकामा प्राचीनयुगमा दक्षिणतिर भारतबाट मानिसहरू बसाइँ सरी आएका कारणले यहाँ आर्यसंस्कृतिको प्रभाव सुरुदेखि नै परेको छ । पहिले उपत्यकामा विभिन्न समुदायमा विकसित नेवार जातिको एउटा सानो राज्य गठन भएको थियो । किराँती राजाको सङ्गठनको आधार व्यापक भएको त्यस जातिमा ब्राह्मणजस्ता आर्य संस्कृतिका प्रभावले विभिन्न स्तरका वर्ण व्यवस्थामा बाँडिने स्थिति बसिसकेको थियो । भारतवर्षमा मुसलमानहरूको शासन चल्न थालेपछि भारतबाट शरणार्थी भई आफूलाई राजपूत भनी चिनाउँदै आउने खस जातिका ससाना राजा रजौटाहरूको गठन आरम्भ भयो । यस्ता कारणले गर्दा दुर्बल हुँदै गएको खस राज्य टुक्रन थालेपछि बाइसे र चौबीसे राज्यका रजौटाहरू आफ्नो स्वायत्ततामा कायम भए । अझ पूर्वतिरको मगरात क्षेत्रमा विस्तारित हुन पुगेका खसहरू र अन्य नवआगन्तुक व्यक्तिसमाजको पनि दबाव पर्न थाल्यो । उपत्यकाबाहिर खस र पछि बाहुन, छेत्रीसँग सबैभन्दा अघि सम्पर्कमा आउने पार्वत्य भोटबर्मेली भाषाका मगर र गुरुङ मुख्य थिए । उत्तरमा हिमालय, दक्षिणमा महाभारत शृङ्खला, पूर्वमा त्रिशूली र पश्चिममा कालीगण्डकीको पानीढलो माझको भू-भागलाई त्यतिखेर बार मगरात भनिन्थ्यो । धवलस्रोत वा धवलागिरी अञ्चललाई इसवी ११०० तिरको एउटा ताम्रपत्रमा **मंग्वर विषय** भनिएको छ । मगरको सबैभन्दा पहिलो उल्लेख यही देखिएको छ । मगरहरूको बस्ती निकै विस्तृत भएको अनुमान हुन्छ । सन् १८४८ मा दार्जिलिङ र पूर्व नेपाल भ्रमण गरी **हिमालयन जर्नल्स** लेख्ने जोसेफ हुकरको भनाइमा:

"अहिले अरुणको पश्चिमतिर सीमित भएपनि मगरहरू सिक्किमका आदिबासीहरू थिए । जहाँबाट तिनीहरूलाई पश्चिमतिर आजको लिम्बुवान् क्षेत्रतिर लेप्चाहरूले लखेटे अनि त्यहाँबाट पनि तिनीहरूलाई लिम्बूहरूले अझैं पश्चिमतिर लखेटे" ।[३]

तिब्बत जाँदा शरच्चन्द्र दासले कञ्चनजङ्घाको पश्चिमपट्टि *काङ्गपाचेन* उपत्यकामा मगरहरूका पुराना किल्ला र घरहरूका भग्नावशेष देखेका थिए । तिनले त्यहाँ सुनेको मौखिकपरम्परा अनुसार मगरहरूलाई त्यस ठाउँमा आएर भोटेहरूले लखेटेका थिए ।[४] यस तथ्यबाट नेपालको सुदूरपूर्वमा मगरहरू थिए भन्ने कुराको पुष्टि हुन्छ र उनीहरू वर्तमान मगरात क्षेत्रमा पुगेर स्थायी रूपमा बसोबास गर्दै आएको बुझिन्छ । सिक्किमको इतिहासमा पनि सत्रौं शताब्दीमा तिब्बतीहरूले सिक्किमभित्र पसी आफ्नो राज्य कायम गर्दा लेप्चा र मगर गाउँहरू जित्नु परेको छ भन्ने कुरा सिक्किमको इतिहासमा राजा सर थुटोब नामग्याल र रानी एसे डोल्माले सन् १९०८ मा तिब्बतीमा सङ्कलन गरिएका अप्रकाशित ऐतिहासिक सामग्रीलाई कुमार प्रधानले अङ्ग्रेजीमा अनुवाद गरी प्रस्तुत गरेका छन् । दार्जिलिङभित्र अझ मगर जोङ (मगर जातिको किल्ला) जस्ता नामले पनि कुनै समयमा हिमालयदेखि दक्षिणको वृहत् भू-क्षेत्रमा मगरहरू भएको अनुमान गर्न मिल्ने ठाउँहरू फेला परेका छन् । मगर भाषामा थोरैका परस्परमा नबुझिने खालका बोलीहरू पाइन्छन् । कोशी प्रदेशमा भेटिने माझीहरू जस्तै बह्मपुत्र उपत्यकामा भेटिने बोडे जाति प्रसिद्ध मानिन्छन् । तसर्थ ब्रह्मपुत्र उपत्यकामा धेरै नदीका नामको पछि *ती/दी* शब्द प्रयोग भएका पाइन्छन् । जसको अर्थ बोडे भाषामा पानी वा नदी हुन्छ । मगरात भाषामा पनि नदीका नाम म्याग्दी, मर्स्याङदी, दरौदी, मादी, चुँदी, लुङदी, राप्ती आदि भेटिन्छन् । त्यस्तै टिस्टाको तिस्ताको ती पनि मगर भाषाबाट नै निर्मित भएको हो भन्ने मत छ । जसको अर्थ पानीको अथाह स्रोत भन्ने बुझिन्छ । यो मगरातमै गोर्खाराज्य गठित भएको थियो भन्ने कुरा पुष्टि हुन्छ । राजा पृथ्वीनारायण शाहले पनि *"म मगरातको राजा हुँ"* भनी गर्व गर्ने गर्थे रे ! भन्ने कुरा जगदम्बा प्रकाशनमार्फत् **पृथ्वीनारायण शाहको उपदेश** लेख्ने देवीप्रसाद भण्डारी र गौतमबज्र बंज्राचार्यको भनाइबाट थाहा हुन्छ । गोर्खाको आधिपत्य बढ्नु अघि पाल्पामा सेन वंशको आधिपत्य मगरातमा थियो । पाल्पा जिल्ला मगरातको बहुल सङ्ख्यक जिल्ला हो । तसर्थ पूर्वी नेपालको तराईमा राज्य बढाउने सेनवंशी राजाहरूलाई सिक्किमको इतिहासले घरीघरी मगर राजा भनेको छ । भारतको समथलबाट बसाइँ सर्ने आर्यहरूसँग धेरै अघि नै नेवारहरूजस्तै मगरहरू संसर्गमा आएकाले गुरुङहरूभन्दा मगरहरूमा आर्यहरूको छाप पुरानो छ । खस छेत्रीहरूसँगका संसर्गले छेत्री र मगर दुवैमा एउटै नाम भएका बुढाथोकी, थापा, रोकायजस्ता थर अद्यावधि प्रचलनमा पाइन्छन् ।

यी माथिका विषयवस्तुलाई ऐतिहासिक पृष्ठभूमिका आधारबाट उठाउनु पर्ने बाध्यात्मक स्थिति चाहिँ कन्काईदेखि टिस्टा र ब्रह्मपुत्रसम्म नेपाली जातिहरू धेरै अघि पुगेका हुन् भन्ने कुराको पुष्टि गर्नुमा

---

[३] कुमार प्रधान, **पूर्ववत**, पृ. ५ ।

[४] शरदचन्द्र दास, **जर्नि टू ह्लासा एण्ड सेन्ट्रल तिब्बेत**, (कलकत्ता : सन् १९०२) पृ. २६-२७ ।

नै रहेको छ । नेपाल उपत्यकाको छेउछाउमा बस्ने तामाङहरू र गण्डकतिर व्याप्त भएका गुरुङहरूका बोलीमा केही नजिकको सम्बन्ध भेटिन्छ । लामा धर्म मान्ने तामाङहरूलाई नेपालमा अझैं पनि भोटको संस्कृतिको प्रभावमा *भोटे* भन्ने चलन छँदै छ । यसर्थ दार्जिलिङतिर मगर, तामाङहरू सत्रौं शताब्दी पूर्व नै पुगेका थिए भन्ने कुरा खोतल्ने ठाउँ पाइन्छ । दार्जिलिङका नेपालीहरूमा सबैभन्दा बढी सङ्ख्या राईहरूको छ । काठमाडौं छेउको बनेपादेखि दूधकोशीसम्म वल्लोकिराँत र दूधकोशीदेखि अरुण उपत्यकासम्म माझकिराँत र त्यसभन्दा पूर्वको क्षेत्र पल्लोकिराँत वा खम्बूवान क्षेत्र नै राईहरूको पुर्ख्यौली थलो हो । किराँती वा किराँत नाम प्राचीन साहित्यमा पाइन्छ । छैटौं शताब्दीका संस्कृत साहित्यका कवि भारविको **किरातार्जुनीयम्** महाकाव्य पनि किराँतहरूको ऐतिहासिक चर्चा गर्नमा सहायक सामग्री सिद्ध हुन्छ । प्राचीन साहित्यमा किराँत मङ्गोलीय जातिहरू एउटै विशिष्ट समूहको निम्ति प्रयोग भए पनि पछि अर्थ सङ्कोच भएर राईहरूको नाममा सीमित भएको छ । जातिको नाम नभएको राई शब्द राजाबाट व्युत्पन्न भएको प्रमाण नेपाली भाषामा पाइएको खस राज्यको पुरानो अभिलेखमा उल्लिखित छ

> *"राइका भासा भाखा ॥ पसाकि अक्रि । पंम्द्यो जोइसिका कान्सा चेला । ......आदित्यमल्लकि शाखा पसाकर । पंम्द्यो जोइसिकि शाखा भुँच"* [५]

यस्ता आधारबाट पनि दार्जिलिङ परापूर्वकालदेखि नेपालीहरूकै ऐतिहासिक भूमि हो जहाँ नेपाली जातिहरू बर्सौंवर्षदेखि रहि आएका थिए भन्ने पुष्टि हुन्छ । हिमालयको दक्षिणतिर पर्ने पार्वत्य भू-भागमा स-साना राजारजौटा र दलपतिहरूको शासन चलेको बेला राष्ट्रको सीमानासम्बन्धी आधुनिक राजनीतिक वैधानिक अवधारणा स्पष्ट र बलियो नभएको अवस्थामा पारस्परिक आवागमन र हेलमेल हुँदा तिनीहरू एउटै समयमा एउटै इलाकामा बस्ने गरेका थिए । दुई राज्यले आफ्नोआफ्नो प्रभुत्व दाबी गरेका उदाहरण इतिहास साक्षी छ । अतः त्यस बेला यो दार्जिलिङ र सिक्किममा पनि माथिको जस्तै अवस्था थियो । अठारौं शताब्दीको मध्यतिरबाट नेपालको उपत्यकादेखि पश्चिमतिर अवस्थित एउटा सानो गोर्खा राज्यका राजा पृथ्वीनारायण शाहले विभिन्न सानासाना राज्यमा टुक्रिएको नेपालको एकीकरण गर्ने अभियान आरम्भ गरे । फलस्वरूप एक्काईस मार्च १७७० सन्मा काठमाडौंलाई आाफ्नो राजधानी बनाएर पृथ्वीनारायण शाहले वर्तमान नेपाल राज्यको जग बसाले । सन् १७७४ सम्ममा खस मगर र गुरुङ लडाकु भएको गोर्खाली सेनाले अरुण नदी तरेको पाइन्छ । सिक्किमको वृत्तान्त अनुसार १७७४ देखि नै सिक्किम र नेपालको मुठभेड हुन थाल्यो । सन् १९७५ जनवरीमा पृथ्वीनारायण शाहको मृत्यु भइसकेपछि तिनका उत्तराधिकारीको शासन कालमा विस्तार भएको विशाल नेपालको तुलनामा झन्डै आधाजति सानो थियो । राजा बहादुर शाह र राजेन्द्रलक्ष्मीको नायबी कालमा आधुनिक विशाल नेपाल बनेको हो । १७७४ अगस्तसम्ममा चौदण्डी, चयनपुर र पूर्व तराईमा विजयपुर र मोरङ आदि क्षेत्र दखल गरेको झन्डै एक डेढ दशक पुग्दा नपुग्दै नेपाली सेना कन्काई तरेको र सिक्किमको युद्ध गरेको तथ्य पाइन्छ । सन् १७८८ मा दक्षिणबाट जहरसिंहको नेतृत्वमा र अनि इलामतर्फबाट पूर्ण आलेको नेतृत्वमा नेपालीहरूले सिक्किममाथि धावा गरे । फलस्वरूप २८ अक्टुवर १७८८ सन् तिर सिक्किमको तत्कालीन राजधानी *राब्दान्से* कब्जा भयो । सन् १७८९ मा टिस्टातर्फ बढेको नेपाली सेनाले कालिम्पोङ छाडी वर्तमान दार्जिलिङको पहाड र मदेशको भू-खण्ड नेपालको आधिपत्यमा लियो । टिस्टाका दुई स्रोतका बीचमा अवस्थित गान्तोक र यसको छेउछाउमात्रमा सिक्किम खुम्चियो । सिक्किमको इतिहासमा नेपाली सैन्यहरू सम्पूर्ण सिक्किम भरी नै फैलिएर कुनाकाप्चासम्म पुगेको उल्लेख छ ।

यसरी नेपाल विस्तृत हुँदै जाँदा भारतको समतलमा ब्रिटिस सत्ता त्यसै गरी फैलिएको थियो । साँध सिमानाको झगडा दुवैमाझ चल्नु अस्वाभाविक थिएन । सन् १८१४ मा छेडिएको अङ्ग्रेज नेपाल युद्धमा सिक्किम अङ्ग्रेजको पक्षमा थियो । पूर्वतर्फको युद्ध क्षेत्रमा आजको नागरी कमान पनि थियो । जहाँबाट जयन्त खत्रीलाई निकाल्ने संयुक्त प्रयास अङ्ग्रेज र सिक्किमले गरेका थिए । यो युद्ध रोकिएपछि जयन्त खत्री मेची तरी इलाम गए र धेरै वर्षसम्म इलाम गढीको सुब्बा भएर बसे । युद्धपछि सुगौलीसन्धिको एउटा सर्तअनुसार मेचीदेखि टिस्टासम्मको पहाडमधेश दुवै नेपालले अङ्ग्रेजलाई फिर्ता दिनु पर्दा दार्जिलिङ अङ्ग्रेजको हातमा गयो तर सन् १८१७ मा अङ्ग्रेज र सिक्किमबीच भएको तितलिया सन्धिले यो भूभाग फेरि सिक्किमलाई हस्तान्तरण गरियो । सतलजदेखि टिस्टासम्म फैलिएको नेपालले मोटामोटी अहिलेको आकार पायो । अतः यसरी अङ्ग्रेजहरूको कुटनीतिक र सामरिक प्रयासले नेपालको महत्त्वपूर्ण र धेरै भू-भाग गुम्न पुग्यो । तथापि त्यहाँ थातबास गरिबसेका नेपाली जाति एवम् नेपाली

---

[५] सूर्यमणि अधिकारी, **नेपाली साहित्यको इतिहास,** (काठमाडौं : भुँडी पुराण, वि. सं ५६) पृ. ४३ ।

भाषीहरूले आफ्नो सांस्कृतिक पहिचानलाई बिर्सन कहिल्यै पनि चाहेका छैनन् । फलस्वरूप आज दार्जिलिङमा नेपाली भाषा साहित्य निकै फस्टाएको पाइन्छ ।

आजको नेपाल बन्नुभन्दा पहिले पूर्वी क्षेत्रमा पर्ने विजयपुर राज्य र तत्कालीन स्वतन्त्र राज्य सिक्किम (वर्तमान गणतन्त्र भारतको एक प्रदेशका रूपमा विकसित) राज्य बीच ऐतिहासिक सम्बन्ध रहेको पाइन्छ । जसको कालक्रमिक प्रभावमा सांस्कृतिक, धार्मिक एवम् भाषागत निकटताले गर्दा नयाँ नेपालको पूर्वाञ्चल आसाम, त्रिपुरा, नागाल्याण्ड, मणिपुर, मिजोरम, मेघालय) एवम् सिक्किम दार्जिलिङ आसपासका क्षेत्रबीचमा एक किसिमको मेलमिलाप देखिन्छ भने सिक्किम आसाम, मणिपुर, र पश्चिम बङ्गाल प्रान्तको दार्जिलिङ, जलपाइगुढी आदि जिल्लामा अद्यावधि पनि नेपाल र नेपाली मातृभाषीहरूका बीचको आपसी सद्भाव सम्बन्ध, भाइचारा, बिहाबारी एवम् दोहोरो आवतजावतले आत्मीयपनलाई आत्मसात गरेको पाइन्छ । यस दृष्टिबाट नियाल्दा सांस्कृतिक र भाषिक निकटताले साहित्यिक योगदानलाई पूर्णरूपले आधार प्रदान गरेको मान्नुपर्छ । त्यस क्षेत्रबाट जन्मिएका प्रशस्त साहित्यिक कृति र तिनका स्रष्टाबाट नेपाली भाषा साहित्यको समुत्थानमा समुचित योगदान प्राप्त भएको छ । कालक्रम र समयको गतिले गर्दा दार्जिलिङमा साहित्यका गोरेटाहरू आआफ्नै पाराले बीजाङ्कुर हुँदै हुर्किंदै र झाँगिदै गए । वास्तवमा दार्जिलिङलाई नसम्झिदामात्र पनि नेपाली साहित्य सधैँ अधुरो र अपुरो हुने स्थिति हुन्छ । नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा पूर्वोत्तर भारतका नेपालीहरूको ठूलो देन छ । अतः भारतको आसाम, दार्जिलिङ र सिक्किम आदि क्षेत्रमा स्थायी बसोबास गर्दै आएका भारतीय नेपालीहरूको आफ्नै पहिचान छ । त्यसमा पनि दार्जिलिङ र सिक्किमका साहित्यिक हस्तीहरूले नेपाली भाषा र साहित्यलाई लाली गुराँसलाई झैँ मायाले हुर्काएका छन् ।  उपयुक्त पोषण दिएर  रहर लाग्दो बनाएका छन् । आफूलाई नेपाली भनी इतिहासलाई साक्षी राख्न रुचाउने नेपाली भाषाका दार्जिलिङे प्रयोक्ताहरूले नेपाली भाषा र साहित्यलाई ठूलो गुन लगाएका छन् । दार्जिलिङतिरका नेपाली साहित्यका महान् साधकहरू लैनसिंह बाङ्देल, पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली, पारिजात, इन्द्रबहादुर राई, वैरागी काइँला, आदिको ठूलो देन र महत्त्व छ । जिउँदोजाग्दो नेपाली भाषा र साहित्यका सन्दर्भमा त्यही भू-क्षेत्रमा नेपाली भाषा र साहित्य तथा संस्कृति शिर उच्च लिएर अमर पथमा यात्रारत बनेको छ । यही वृत्तबाट हेर्दा उत्तरबङ्ग क्षेत्र नेपाली भाषाको उच्च शिक्षाको खाँचोलाई पूरा गर्ने बाटो पहिल्याउँदै थियो भन्नै पर्छ । फलस्वरूप यस सन्दर्भमा दार्जिलिङमा उत्तरबङ्ग विश्वविद्यालयको स्थापनालाई नै महत्त्वपूर्ण घटना मानिन्छ । त्यसमा पनि नेपाली भाषा साहित्यको पठनपाठनमा योगदान पुऱ्याउन नेपाली विभागको स्थापना हुनु आफैँमा एक गौरवपूर्ण इतिहास बोकी दार्जिलिङ क्षेत्रमा अग्रगामी बनेको छ । उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विभागको जन्म एउटा लामो समयको अनवरत प्रयास तथा साधना र सङ्घर्षको प्रतिफल हो । यस कार्यबाट नेपाली भाषा र साहित्यले ठूलो फड्को मार्ने सौभाग्य पायो । तसर्थ विश्वविद्यालयको सम्पूर्ण इतिवृत्तको सिंहावलोकन गर्दा त्यसको ऐतिहासिक पृष्ठभूमिलाई मनन गर्नु पनि नितान्त आवश्यक देखिन्छ । अतः प्रस्तुत शोधकार्यमा दार्जिलिङमा उत्तरबङ्ग  विश्वविद्यालय स्थापना हुनुभन्दा अघिको समय तथा त्यस समयका गतिविधिलाई यहाँ स्पष्ट पार्ने पार्नु प्रमुख सन्दर्भ बन्न पुगेको छ ।

विहङ्गम दृष्टिबाट अवलोकन गर्दा सन् १९७२ मा उत्तरबङ्ग विश्वविद्यालयको गठन हुनुपूर्व नेपाली भाषा र साहित्यको विकास तथा सम्बर्द्धनमा त्यस क्षेत्रमा जेजति कार्यकलाप भए ती सबै विश्वविद्यालयको इतिहासको पृष्ठभूमिमा पर्ने आधारभूत सामग्री बन्न आउँछन् । यिनै विषयवस्तुलाई विश्वविद्यालयमा स्थापनाको पृष्ठभूमिको रूपमा चर्चा गर्न सकिन्छ ।

## २.२ नेपालको एकीकरणभित्र निहित दार्जिलिङको अवस्था

ऐतिहासिक वृत्तलाई खोतल्दा सन् १७७४ देखि सन् १८७५ सम्म दार्जिलिङ नेपाल अधीनस्थ रहेकाले विजय अभियानमा लड्दै त्यहाँ पुगेका सिपाहीहरू अवकाश पाएपछि केही सङ्ख्यामा दार्जिलिङतिर बस्न थाले । नेपालले गरेको सन् १७८८ (वि. सं. १८४५) को सिक्किम विजयदेखि दार्जिलिङ भू-क्षेत्रमा नेपालीहरूको प्रवेश हुनु र नेपाल अङ्ग्रेजबीचको सुगौली सन्धिले मेची पारिको दार्जिलिङलाई नेपालबाट पृथक् गराउनु नै दार्जिलिङका नेपाली जातिको अस्तित्व र जीवन सङ्घर्षका क्रममा आरम्भ भएको बीजरूप ऐतिहासिक घटना देखिन्छ ।[६] यसैगरी "पूर्वोत्तर भारतमा नेपाली भाषा र

[६] पेशल दाहाल, **नेपालको इतिहास**, (काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रबुटर्स, २०६२) पृ. ५५ ।

संस्कृतिको पहिचानसहित नेपालीहरूको प्रवेश सन् १८२६ को इस्ट इन्डिया कम्पनी र आसामको आहोमराजबीच सम्पन्न सन्धिकाल र यसको छेउछाउको अवधिमा भएको मानिन्छ" ।[७]

माथिका भनाइका आधारमा वर्तमान नेपालको पूर्वी सिमाना मेचीनदी पारीका भारतीय नेपाली बस्तीहरू सन् १७७४ तिरबाटै फाटफुट बन्न थालेका हुन् । यसैगरी आधुनिक नेपालको एकीकरण अभियानलाई नेपालका राष्ट्र निर्माता पृथ्वीनारायण शाहले गोर्खा राज्यका पश्चिम क्षेत्रका केही ठाउँबाहेक अन्यत्र हार खाए पनि हरेश भने खाएका थिएनन् । तत्कालीन ब्रिटिस भारतका एक कप्तान किनलकले तराईका केही भूभाग कब्जा गरे ।[८] तराईका बारा, पर्सा, महोत्तरी आदि क्षेत्रहरू पृथ्वीनारायण शाहले सम्झौता गरी फिर्ता लिइसकेका थिए । त्यसपछि उनी विजयपुर र चौदण्डी राज्यतिर आकर्षित भए । त्यस बेला चौदण्डीमा कर्णसेनको राज्य थियो । विजयपुरमा भने मन्त्रीहरूले राज्याधिकार प्राप्त गरी चलाइरहेका थिए । अभिमानसिंह वस्न्यातको नेतृत्वमा गएको नेपाली फौजले चौदण्डी टेक्ने बित्तिकै त्यहाँका डरपोक राजा कर्णसेन भागेर विजयपुर पुगे । विजयपुरमा राजा नभएकाले त्यहाँका मन्त्री बुद्धिकर्ण राईले उनै कर्णसेनलाई त्यहाँको राजगद्दीमा राखे र राज्य सञ्चालन गर्न थाले । सोही प्रसङ्ग इतिहासविद् बालचन्द्र शर्मा भन्छन् :

"आधुनिक नेपालको शिलान्यासपश्चात् पृथ्वीनारायण शाहलाई वि. सं. १७७२ पछि क्रमशः पूर्वीखण्डमा त्यसभन्दा पनि बढी सफलता मिल्दै गयो । यसक्रममा चौदण्डीका राजा कर्णसेन ज्यान जोगाउन विजयपुर पुगे । गोर्खाली फौजले १७७४ तिर मोरङमा पनि दखल गऱ्यो । यसरी पूर्वी पहाड र तराईको भागमा आक्रमण गर्दै र जित्दै गोर्खाली फौज किराँत प्रदेशतिर पुग्यो । किराँतहरू पनि गोर्खालीहरूसँग टिक्न सकेनन् । जसको फलस्वरूप सिक्किमसँग साँध जोडिएको विजयपुर राज्य पनि गोर्खालीहरूको आधिपत्यमा आयो । त्यस समयमा सिक्किम  लिम्बू प्रदेश उपर आँखा गढाई बसेको थियो" ।[९]

राजा कर्ण सेन विजयपुरको राजगद्दीमा १ वर्ष जति बस्न नपाउँदै गोर्खाली फौजले आक्रमण गरी पराजित गराएपछि त्यहाँका राजा, रजौटा र मन्त्रीहरू भाग्दै सिक्किमतिर पुगे । यसरी नेपाली फौजले इलामसमेत कब्जा गरे र नेपालको सिमाना झण्डै टिस्टासम्म पुऱ्याए । यसबाट के स्पष्ट हुन्छ भने दार्जिलिङ पनि तत्कालीन विजयपुर राज्यभित्र नै पर्दथ्यो । पछि अङ्ग्रेजहरूको कूटनैतिक चालबाजीभित्रको विस्तारवादी नीतिले सुगौलीसन्धिको प्रपञ्च रची विशाल नेपालको मेचीपारिको क्षेत्रमा आफ्नै अधिकार जमाउँदै जाँदा पूर्वको टिस्टासम्मको नेपाली सीमा मेचीमा आएर सीमित भयो तर उतै बसोबास गर्न थालेका नेपालीहरू फर्किएनन् । यस्तै ऐतिहासिक दस्तावेजलाई पल्टाउँदा ईशाको अठारौँ शताब्दीको पूर्वार्द्धतिर दार्जिलिङ जब ससाना केही छाप्राहरू भएको गाउँजस्तो र बाँकी ठाउँ घना जङगलले घेरिएको मात्र थियो । त्यस समयमा नै गोर्खाली सैन्यले पृथ्वीनारायण शाहको राज्य विस्तार गर्ने शौर्यपूर्ण नीतिअन्तर्गत युद्ध गर्दै ससाना राज्यलाई जित्दै तिनलाई गोर्खाली प्रभुत्वमा सम्मिलित गराउँदै पूर्वतर्फ बढेर नुवाकोट कीर्तिपुर उपत्यका जितेर आफ्नो आधिपत्य कायम गरेको पाइन्छ ।[१०] नेपाल एकीकरण अभियान पूर्वतर्फ सिक्किममा पुगेर टुङ्गिएको थियो । यस अवस्थाबाट गुज्रिदै विदेसिएका नेपालीहरूलाई लक्ष्य गरी लोक कवि एवम् गायक धर्मराज थापाले भनेका छन् - "नेपालीले माया माऱ्यो बरी लै"। यसको जवाफमा अमरसिंह गिरीले भनेका छन् -"नसम्झ आज नेपाली सुखले यहाँ बसेको" । यसर्थ विदेसिएका नेपालीले नेपालको माया मारेको त हैन र छैन पनि, केवल दुःखभित्र सुखको खोजी गरी भाषा संस्कृति र आफ्नोपनलाई पनि माया गरी उनीहरू त्यतैतिर त्यस्तै एक सन्दर्भमा बसेका भेटिन्छन् ।

"भारतमा त न घर छ न द्वार । हामी छौँ । नदीले बगाइ ल्याएर बगरमा थुपारेका मैला कसिङ्गर हौँ । स्वदेशका मान्छे हामीलाई मुगलाने भनी हेला गर्छन् । भारतका हामी रमिता हेर्ने मानिस मात्र हौँ । भारतका कुनै सभ्य समाजमा हाम्रो कदर छैन" भनी विद्वेष पोख्ने यी स्रष्टा रूपनारायण

---

[७] नव सापकोटा "पूर्वोत्तर भारत : नेपाली लेखनीको एक शताब्दी" **हिमाल** (वर्ष १६, अङ्क ३१, असोज २०६३) ।

[८] पेशल दाहाल, **पूर्ववत**, पृ.३७ । *नेपाल-अङ्ग्रेज युद्ध -गोर्खाली फौजले उपत्यकालाई घेरेपछि राजा जयप्रकाश मल्लले अङ्ग्रेजको सहयोग लिए । कप्तान किनलकको नेतृत्वमा चौबीस सय फौज नेपाल भित्रिए । अङ्ग्रेज फौज सिन्धुलीगढीमा आइनपुग्दै वीर गोर्खाली सैन्य बलद्वारा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको योजनाअनुरूप उपनिवेशवादी अङ्ग्रेजहरू अप्रत्यासित रूपबाट कुलेलम ठोक्न बाध्य भए ।*

[९] बालचन्द्र शर्मा **नेपालको ऐतिहासिक रूपरेखा**, (वाराणसी : कृष्णकुमारी देवी, विं सं. २०३३) पृ. १९ ।

[१०] **ऐजन**, पृ. २३ ।

सिंहलाई वचन वाणले नमीठो गरी घोचिएको कुरा बिभ्भिरहदाँ रहेछ । यस भनाइबाट विदेसिएकालाई हामीले पो माया नगरेका छौं कि ! यो कुरा यताका हामीले खोजी गर्नुपर्छ ।[११]

नेपालीहरू भारतमा लाखौँको सङ्ख्यामा भएर पनि आफ्नो अस्मिता स्वाभिमानलाई जुभ्फारू बनाउने कुराको खोजी गर्नु छ भन्ने स्रष्टा रूपनारायण सिंहको आक्रोश र छटपटी थियो । जो आफ्नो सामर्थ्यअनुसारको महान् कार्य गर्न नपाएर अधीर भइसकेका थिए । जो आफ्नो जातिको समर्थता देखेर भन्थे । "तुच्छ राणाहरूले हामीलाई धेर होइन, तीससाल अघिदेखि पढाइदिएको भए आज भारतमा सबैलाई उछिनेर हामी शासन गर्ने थियौं" ।[१२] खैर ! घर छोड्दाको पीडाबोध भए पनि विदेसिएका नेपालीहरूले रीतिस्थिति, गीतसङ्गीत, संस्कार तथा संस्कृति, उखानतुक्का, लोककला र धर्मसँगै एउटा विकसित भाषासमेत साथै लिएर गए । ऐतिहासिक लेखोटमा नआएका तर प्रचीनकालमै पूर्वोत्तर भारतमा आएका नेपालीहरू यहींको रीतिस्थिति र बोलीचालीमा रँगिएर रैथाने भए भने पछि आउने नेपालीहरूले आफ्नो भाषा-संस्कृतिलाई बचाउँदै मातृभाषामा साहित्य सिर्जना गर्न थाले ।[१३]

यो महान् इतिहासको सङक्षिप्त सन्देशलाई अलिकति थप ढङ्ले औँल्याएर सरसर्ती व्यक्त गर्दा उत्तरबङग विश्वविद्यालय स्थापनाको सूत्रपात हुनुभन्दा अघिको अवस्था भने उपर्युक्त कुराबाट नै सूत्रपात हुँदै गएको बोध हुन्छ । प्रथम विश्वयुद्ध सन् १९१९ पछि विश्वका कतिपय मुलुकहरू आआफ्नै परिपाटीबाट र कतिपय चाहिँ शक्तिसम्पन्नहरूको भू-उपनिवेश भएर चल्दै जाने परिप्रेक्ष्यमा नेपाल-भारतमा आदि देशमा भने सबै जातजातिका मानिसहरू स्वभाषा, स्वसाहित्य, स्वसंस्कृतिका लागि जुर्मुराउन थालेका थिए । फलस्वरूप भारतीय नेपालीहरू खासगरी दार्जिलिङका नेपालीहरू त्यसबाट प्रेरित भई आफ्नो भाषा, साहित्य र संस्कृतिका लागि सङ्गठित बनेर कार्य गर्न तत्पर हुँदै गए । सोचाइले मात्र ठोस रूप लिन नसकिरहेको बेला भारतको बाराणसीमा बसेर जातीय उत्थानसम्बन्धी सक्रिय कार्य गर्ने मध्येका व्यक्ति सूर्यविक्रम ज्ञवाली सन् १९२३ मा दार्जिलिङ आए ।[१४] तत्पश्चात् ज्ञवालीले धरणीधर शर्मासँग सम्पर्क बढाई यहाँका जाति, भाषा र साहित्यप्रेमी व्यक्तिहरूसित भेटघाट र परामर्श गर्न थाले । **शुभस्य शीघ्रम्** भनेझैं राम्रो कामका लागि छिटोभन्दा छिटो सङ्गठित हुन थाले र सो कार्यका लागि साहित्य सम्मेलन स्थापित गर्ने अठोट पनि गरे । फलस्वरूप सन् १९८४ मा **नेपाली साहित्य सम्मलेन**को स्थापना पनि भयो । यस कार्यभन्दा पूर्व नै सन् १९०६ मा बाराणसीबाट सर्जक पहलमानसिंह स्वाँरको प्रथम नेपाली नाटक **अटलबहादुर** प्रकाशित भइसकेको थियो । उक्त नाट्यकृति सन् १९०९ मा नै दार्जिलिङमा मञ्चित पनि भइसकेको थियो भन्ने तथ्यको पुष्टि रामलाल अधिकारीले गरेका छन् ।[१५] उनकै लेखनीले पादरी गङगाप्रसाद प्रधान र दिलु स्रिह राईका क्रियाकलापले नेपाली भाषा र संस्कृतिले माथि उठ्ने बल पाएको भन्ने कुराको प्रमाण दिन्छ । फलस्वरूप समयको गतिसँगै दार्जिलिङ सन् १९०९ मा **चिल्ड्रेन एक्युजमेन्ट एसोसिएसन** र सन् १९१३ मा **हिमालयन एक्युजमेन्ट एसोसिएसन दार्जिलिङ** नामक संस्थाहरूको स्थापना दार्जिलिङमा हुनाले त्यस क्षेत्रका सम्पूर्ण बालबालिकालाई अङ्ग्रेजी शिक्षा दिने क्रम बढायो । यस्तै सन् १९१६ मा उपर्युक्त दुई एक्युजमेन्ट एसोसिएसन एकै ठाउँमा गाभिएर **हिमालयन एण्ड चिल्ड्रेन एक्युजमेन्ट एसोसिएसन** बनेको पाइन्छ । यसैगरी सन् १९१३ मा नै कर्साङमा **गोर्खा जनपुस्तकालय**को स्थापना हुने कार्यबाट दार्जिलिङमा नेपाली भाषाले थप प्रेरणा पाउन थाल्यो भन्ने तथ्य पुष्टि हुन्छ । तथापि यी कार्यकलापहरूले प्रत्यक्ष रूपमा विश्वविद्यालय स्थापनाको पृष्ठभूमिका सन्दर्भमा ठोस कदम चालेको भने पाइँदैन, किनकि यी संस्था न पाठ्यपुस्तक नै निकाल्थे न भाषा र साहित्यलाई केही उकास्ने कार्य नै गर्थे । केवल यी अङ्ग्रेजहरूका नामका छुट्टै प्रयोजनका लागि खोलिएका शैक्षिक संस्थाहरू थिए ।

समयको गतिसँगै प्राप्त भएको अर्को सौभाग्य हो भारतीय नेपालीहरूका लागि सामाजिक, भाषिक र शैक्षिक उपलब्धि हुने आशा जीवित हुँदै गएको यथार्थ । सन् १९१६ मा **गोर्खा समिति** स्थापना

---

[११] क इन्द्रबहादुर राई, 'खोजीमा खोज्दा' (टिपेका टिप्पणी) **इन्द्र सम्पूर्ण भाग ४** विजयकुमार राई (सम्पा.) (सिक्किम : निर्माण प्रकाशन, सन् २००४) पृ. ५९ ।

ख. प्रतापसिंह प्रधान, **पुरानो गोर्खा थूम दोर्जेलिङ उहिले र अहिले** -दार्जिलिङ : दीपा प्रंकाशन, वि. सं. २०४१) पृ. २५ ।

[१२] **ऐजन**, पृ. ७० ।

[१३] नवराज सापकोटा, **पूर्ववत्**, ।

[१४] इन्द्रबहादुर राई, **पूर्ववत्**, पृ. १ ।

[१५] रामलाल अधिकारी, पश्चिम बङगाल र सिकिक्मका शिक्षण संस्थाहरूमा नेपाली भाषा शिक्षण र शिक्षण माध्यमका रूपमा यसको प्रयोग, नेपाली अकादमी जर्नल (दार्जिलिङः भीमकाता उपाध्याय, पृ. ३५, सम्पा. उ.ब.वि. सन् १९९५/९६)

हुनु र सन् १९१७ मा कर्साङमा **हरि प्रिन्टिङ प्रेस** स्थापना हुनुमा बाह्य रूपमा भए पनि यी कार्यले गर्दा नेपाल बाहिर नेपाली साहित्य राम्ररी मौलाएर फैलिन थाल्यो । उता आसाममा पूर्वोत्तर भारतका नेपाली साहित्यका जनक अङ्ग्रेजी फौजका पल्टने लेसनायक तुलाचन आलेलाई गौरवका साथ लिने गरिन्छ भने दार्जिलिङमा वि. सं. १८३४ को सन्त ज्ञानदिल दासको **उदय लहरी** कृतिलाई दार्जिलिङको नेपाली साहित्यको बीजाधान गर्ने कृति भनिन्छ । लेसनायक तुलाचन आलेले मणिपुरको धावामा वीरतापूर्वक लडेर मणिपुरलाई अङग्रेज हुकुमतका अधीनमा ल्याएपछि लोक छन्दमा **मणिपुर लडाइँको सवाई** सन् १८९३ छापेर यस भेगमा नेपाली साहित्यको बीजारोपण गरे । त्यसको लगत्तै धनवीर भण्डारीले **अब्बर पहाडको सवाई** र **सिलाङको सवाई**, आत्माराम मगरले **नागाहिलको सवाई** तथा कृष्णबहादुर उदासले असामको **भुँइचालोको सवाई** रचना गरे । यिनीहरूले नेपाली जातिको ठेट आस्था र संस्कृतिलाई सवाई छन्दमा वर्णन गरेको देखिन्छ ।

दार्जिलिङतिर मात्रै हैन बनारसमा बस्ने पनि धेरै नेपाली विद्वान्हरूको आफ्नो अनवरत प्रयासको फलस्वरूप २४ जुलाई सन् १९१८ पछि कलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई पनि प्रवेशिका, आइ. ए. र बी. ए. का परीक्षाहरूका लागि एक विषयको रूपमा पढ्न सक्ने आदेश जारी गऱ्यो ।

यसभन्दा अघि सन् १९२० मा फोर्ट विलियम कलकत्ताबाट जे. ए. एटनले प्रथम नेपाली व्याकरण लेखेर प्रकाशित गरिसकेका थिए । यसैगरी नेपालीहरूलाई क्रिश्चियन धर्ममा लैजाने उद्देश्यले नै किन नहोस् तिनताकका शिक्षाका अधिकारी क्रिश्चियन पादरीहरूले मातृभाषामा शिक्षा हुनुपर्छ भन्ने अनुभव गरेपछि टर्न बुलले सन् १८८७ मा नेपाली व्याकरण लेखे । सन् १८१८ भन्दा अघि नेपाली विद्यार्थीहरूले हिन्दी पढ्नुपर्ने अवस्था थियो । यसबाट मुक्त भएर नेपाली पढ्न पाउनामा नेपाली भाषा साहित्य विकासका निम्ति अर्को आधारशिला तयार भयो । यस शोधप्रबन्धमा यी सबलाई विश्वविद्यालय स्थापनाको पूर्वपीठिका भनिएको छ । यसै गरी पत्रपत्रिकाको प्रकाशनलाई पनि सो पूर्वपीठिकाका रूपमा लिनु पर्छ ।

## २.२.१ सामाजिक अवस्था

परापूर्वकालदेखि सुरक्षित हुँदै आएको दार्जिलिङको इतिहास सन् १८२९ भन्दा केही अघिदेखि मात्र पैल्याउन सकिए तापनि प्रथमपल्ट दार्जिलिङमा एक युरोपियन (लेफटिनेन्ट जनरल) जि. ए. लोयडले फेब्रुअरी १८२९ मा प्रवेश गरेका थिए । सो समयमा दार्जिलिङमा थोरै मात्रामा लेप्चा र लिम्बूहरू धेरै अगाडिबाट बसोबास गरि आएका नेपालीहरू थिए । त्यस्तै अरु नेपालीहरूको पनि केही मात्रामा प्रविष्टि देखिन्थ्यो । यस भेगमा मानवबस्तीको स्थापना भएदेखि नै पूर्वीय हिमाली प्रान्तका मङ्गोलमूलका जनजातिहरू भोटे, लेप्चा र नेपालीको बसोबास हुन थालेको हो अनि यी जनजातिको मूलथलो पनि नेपाल, तिब्बत र सिक्किम नै थियो भन्ने स्पष्ट हुन्छ । सन् १९३५ मा ब्रिटिस भारतको अधीनमा आउनुभन्दा पहिले दार्जिलिङ भेगमा यिनै विभिन्न जनजाति समूहको एउटा मिस्रित समाज स्थापित भइसकेको पाइन्छ ।[१६] यस कथनबाट उठेको ऐतिहासिक सापेक्षतालाई खोतल्दा सन् १७७४ देखि सन् १८१५ सम्म दार्जिलिङ नेपाल अधीनस्थ रहेकाले लड्न गएका नेपाली सिपाहीहरू केही सङ्ख्यामा उतै बसोबास गर्न थालेको पाइन्छ । यसरी दार्जिलिङमा नेपालीहरूको बसाइको निश्चित टुङ्गो सन् १९७४ देखि देखिन थालेको हो ।[१७] तैपनि त्यसभन्दा पहिले देखि नै नेपालीहरू त्यहाँ बस्तथे भन्ने कुराको तथ्य- नेपालका लिम्बूवानतिरका मानिस र सिक्किम शासकघरानाका बीचमा हुने वैवाहिक सम्बन्धले स्पष्ट पार्दछ ।[१८] यस विषयमा एक शोधकर्ताको कथनमा-कति नेपालीहरू तुलसीबहादुर छेत्री दार्जिलिङ भारतको अङग बन्नुभन्दा पहिले नै यहाँ थिए र कति तिनीहरूका शाखा सन्तान र परिवारका मानिसहरू आफ्नो उज्वल भविष्यको सपना देख्दै त्यहाँ गए र कति नेपालीहरूको अज्ञान, अशिक्षा र उत्पीडनबाट फुत्कनलाई उतातिर गए ।[१९]

---

[१६] प्रतापचन्द्र प्रधान, **पुरानो गोर्खा थूम दोर्जेलिङ उहिले र अहिले**, (दार्जीलिङ : दीपा प्रकाशन, वि. सं. २०४१), पृ. १७ ।

[१७] कुमार प्रधान, **पूर्ववत्**, पृ. ८६ ।

[१८] महानन्द पौड्याल, **पाँडे काजी नेपाली पाठ सङ्ग्रह,** (कलकत्ता : पश्चिम बङ्गाल माध्यमिक परिषद्, सन् १९८२), पृ. ७१ ।

[१९] तुलसीबहादुर छेत्री, **नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान**, (काठमाडौँ : त्रि. वि. नेपाली केन्दीय विभागद्वारा स्वीकृत शोधप्रबन्ध, वि. सं.), १, पृ २५ ।

सन् १८१५ तिर किल्लाकाङ्गडा, सतलज र नालापानीमा नेपाली सेना र अङ्ग्रेजका बीच भएको युद्धमा गोर्खाली नेपालीहरूको साहसपूर्ण बहादुरीपन र देशप्रेम देखेर चलाख अङ्ग्रेजहरूले नेपाली जातिलाई गैरकानुनी तरिकाबाट नै सन् १८१६ देखि आफ्नो ब्रिटिस-भारतका सेनामा भर्ती गर्न थाले । यो सिपाही भर्नाक्रम लगभग १८८४ सम्म नै कायम रह्यो । त्यसपछि सन् १८९० देखि चाहिँ नेपाल सरकारकै अनुमति पाएर औपचारिक रूपबाटै नेपालीहरू भर्ती हुन लाहुर जान थाले ।[२०] कतिपय नेपाली मुलका नेपालीहरू भारतीय फौजमा भर्ना हुन थालेपछि भारतका विभिन्न प्रान्तमा रहेका कोइला र तेलखानी तथा चियाबगानको कामका लागि दार्जिलिङ लगायतका ठाउँहरूमा नेपालीहरू छरिएर बस्न थाले । सन् १९३५ मा दार्जिलिङ सिक्किम राज्यबाट कम्पनी सरकार (इस्ट इन्डिया कम्पनी) लाई हस्तान्तरण गरेपछि दार्जिलिङलाई यहाँको जनसङ्ख्या वृद्धि गरी यसको विकास गराउन सन् १९३९ मा मिस्टर क्याम्पवेललाई दार्जिलिङ पठाइयो ।[२१] पूर्वी नेपालको सीमा दार्जिलिङसँग जोडिएकाले क्याम्पवेलको आह्वानमा पूर्वी भेगका नेपालीहरू ठूलो सङ्ख्यामा दार्जिलिङ पसे । नेपालीहरू बसोबास, व्यवसाय र रोजगारीका लागि भारतको दार्जिलिङ, आसाम, मणिपुर, देहरादून, गढवाल, काशी र बर्मा देशसम्म पुगेका भेटिन्छन् तर दार्जिलिङमा जस्तो अन्यत्र एकठ्ठा भई बहुसङ्ख्यामा बसोबास नभएको भेटिन्छ । तुलनात्मक दृष्टिले नेपाली भाषा दार्जिलिङमा गहिरो जरा गाड्न सफल भयो ।[२२]

घनाजङ्गलले ढाकिएको दार्जिलिङको वातावरणमा सुरुतिर बसोबास विकसित हुँदै जाँदा आजको आधुनिक सभ्यताको रूपरङग प्राप्त भएको हो । सर्वप्रथम नेपालीहरूले यहाँ उन्नत खेतीपाती सुरु गरेर, गाईबस्तु पाल्न थाले । हिंस्रक जङ्गली पशुलाई जितेर हाम्रा जियाला पुर्खाले नै यो ठाउँ आवाद गरे ।[२३]

अति पातलो पहाडीबस्तीको दार्जिलिङलाई नयाँ रूप दिन नेपालीहरूको ठूलो देन छ । फलतः आजको दार्जिलिङमा नेपाली जातिकै बाहुल्य छ । स्थानीय नेपाली भाषा, संस्कृति र मानवजातिको सामूहिक चेतनाले दार्जिलिङलाई सबल बनाएको छ । यसै कारण दार्जिलिङलाई पश्चिम बङ्गाल प्रान्तबाट अलग्याएर एउटा नेपालीबहुल प्रान्तका रूपमा रूपान्तरण गर्ने अभियान धेरै पहिले अर्थात् सन् १९४७ को भारत स्वतन्त्र हुनुपूर्वदेखि नै चल्दै आयो र यहाँका बासिन्दाहरू धेरै र सचेत रहँदै आएका छन् ।[२४] प्रायः नेपालीहरूकै बाहुल्य रहेको दार्जिलिङे समाजमा नेपाली भाषा साहित्य र नेपाली चेतनाको विकास गहिरो रूपमा भएको पाइन्छ । नेपाली राजनीति, भौगोलिक सीमाभित्रै सीमित भए पनि नेपाली समाज र नेपाली भाषा साहित्य तथा संस्कृति चाहिँ नेपाल बाहिर पनि व्यापक रूपमा फैलिएका छन् । यसको उदाहरण दार्जिलिङ पर्याप्त छ । सामाजिक, सांस्कृतिक वातावरण र जातीय भावना एवम् प्राकृतिक बनोटका दृष्टिले दार्जिलिङलाई भारतकै अंश हो भन्ने पर्यटकहरू वा अन्य कुनै व्यक्तिहरू बिरलै होलान् । दार्जिलिङका नेपालीहरूको दैनिक जीवन भारतीय राज्य व्यवस्थासँग संलग्न भए पनि यहाँका जनता भारतको राजनैतिक पर्यावरणभित्र सन्तोष मानेर बसेका छैनन् ।[२५] यहाँका जनताको स्वत्व बोध गराउने नेपाली जातिको नेपालीपनसँग आत्मिक मोह रहेको छ । त्यसैले दार्जिलिङका या सिक्किमको वा भारतका पूर्वाञ्चलका नेपालीभाषीहरूको रहनसहन, चाडपर्व एवम् सामाजिक संस्कृति नेपाली माटोसँग जोडिएरै रहेको देखिन्छ । यतिमात्र नभएर ब्रह्मपुत्र तरेर अरुणाचलदेखि बर्मासम्म नै पुगेका नेपाली भाषीहरूको सामाजिक पन आफ्नै मातृभूमि नेपालमा विकसित बनेर रहेको देखिन्छ ।

## २.२.२ राजनैतिक अवस्था

**सन्** १७७४ देखि १८१५ सम्म आफ्नो शासनको अधीनमा राखेर नेपालले दार्जिलिङलाई आफ्नै शासन व्यवस्था सञ्चालन गरिरहेको परिप्रेक्ष्यमा सुगौली सन्धिपछि सिक्किमलाई नेपालले छाड्नुपर्‍यो । त्यसपछि दार्जिलिङमा विशेष राजनैतिक स्थितिको सिर्जना हुन थाल्यो ।[२६] सो समयको इतिहासलाई ध्यान दिँदा तत्कालीन सिक्किमका शासकहरूको कुशासनले गर्दा त्रसित नेपाली मूलका लिम्बू र लेप्चाहरू नेपाल फर्केको पाइन्छ । त्यसपछि त झन् स्वास्थ्य केन्द्र स्थापना गर्नाका लागि इस्ट इन्डिया कम्पनीले

[२०] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. १८ ।

[२१] कुमार प्रधान, **पूर्ववत्**, पृ. ८७ ।

[२२] **ऐजन** ।

[२३] इन्द्रबहादुर राई, 'व्यक्ति एकचित्तका' **टिपेका टिप्पणीहरू**, (दार्जीलिङ : नेपाली साहित्य सञ्चयिका, सन् १९७६), पृ. ८६ ।

[२४] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. १९ ।

[२५] **ऐजन** ।

[२६] इन्द्रबहादुर राई, **पूर्ववत्**, पृ. ८७ ।

आफ्नो सञ्चालनमा दार्जिलिङलाई सिक्किमबाट लिएपछि दार्जिलिङमा विभिन्न इसाई मिसनरीहरूको धमाधम आगमन हुन थाल्यो । विकसित दार्जिलिङ बनाउने ध्येयले क्याम्पवेलले सोही योजनामा सामेल गराउन दार्जिलिङ आसपासका मानिसहरूलाई दार्जिलिङतिर आकर्षित गर्न थाले । सन् १८३५ बाट दार्जिलिङको जनसङ्ख्यामा वृद्धि हुन थाल्यो । चिया उद्योगको सुरुआतले झन् राजनैतिक सजगता भित्र्याइएको पाइन्छ । सोही अवधिमा दार्जिलिङमा विभिन्न सङघसंस्था, संस्थान र स्मारकहरूको गठन र निर्माण हुन थाल्यो ।

नेपालीहरूको बढ्दो सङ्ख्या र प्रभाव नेपाली भाषाको आधिपत्य, लेप्चा र हिन्दी भाषासित प्रतिस्पर्धा गर्नुपर्ने जस्ता घटनाहरूले गर्दा पनि दार्जिलिङको राजनैतिक वातावरणमा ऊर्जा थपिन पुग्यो ।[२७]

सन् १९३२ मा बङ्गालको सुशासनअन्तर्गत दार्जिलिङलाई राख्ने कि नराख्ने भनी उठेको प्रश्नका विषयमा जसरी यहाँका बुद्धिजीवीहरू विभाजित भएका थिए, त्यस घटनाले पनि यहाँका निम्ति भिन्नै विशेष राजनैतिक अवस्थाको सृष्टि गरेको थियो ।[२८] समयक्रममा "सन् १९२५ पछि दार्जिलिङलाई केही समयको निम्ति छुट्टै शासनको व्यवस्था गरियो तथा त्यसबाट पनि सन्तोष नभएकाले यहाँकै जनताको मागमा पुनः बङ्गालमा नै गाभियो" भन्छन् । यी सबै घटनाचक्रले दार्जिलिङको राजनैतिक अवस्थालाई छर्लङ्ग्याउँछ ।

बीसौं शताब्दीको सुरुमा पनि प्रायजसो दार्जिलिङे बासिन्दाहरू राजनीतिमा आफूलाई संलग्न गराउन खुबै डराउँथे भन्ने इतिहास चर्चामा छ । सरकारी कर्मचारीहरूमा त राजनीति मात्र हैन साहित्य, शिक्षा, समाज र भाषाका सम्बन्धमा कार्यकलापहरूमा समेत आफूलाई अलग राख्दथे । शिक्षित व्यक्तिहरू पनि यस विषयमा विरलै थिए । जागृति भर्खरै मात्र आउन लागेको थियो । यस्तो समयमा भाषिक आन्दोलन गर्नु नेपाली साहित्य सम्मेलनजस्ता संस्थाहरूको स्थापना गर्दै भारतीय संविधानमा नेपाली भाषालाई मान्यता दिलाउनु र विश्वविद्यालयको स्तरमा नेपाली विषयको उच्च शिक्षाको पढाइ गराउने विषयमा जुट्नु चानचुने कुरा थिएनन् । यसरी दार्जिलिङमा राजनैतिक वृत्तभन्दा साहित्यिक, सांस्कृतिक र भाषिक परिधिमा जुटेर व्यक्तिहरूले आफ्नो लक्ष्य पुरागर्ने गरेको कुरामा व्यापकता आएको देखिन्छ ।

## २.२.३ शैक्षिक अवस्था

दार्जिलिङको इतिहासलाई ध्यान दिँदा सन् १८३९ मा क्याम्पवेल दार्जिलिङ आएपछि नै यसको विकासको सूत्रपात भएको तथ्यलाई सबै विद्वान्हरूले स्विकारेका छन् । यिनै क्याम्पवेलले चियाखेती सुरु गरेर चिया उद्योगमा अरु नेपालीहरूलाई आकर्षित गरेका थिए । त्यस समयमा शिक्षाको व्यापक प्रचार नभए पनि यहाँ सबै निरक्षर भने थिएनन् । क्रिश्चियन मिसनरीहरूले प्रथमपल्ट दार्जिलिङमा खोलेका प्राथमिक पाठशालाहरूमध्ये एक गिंग कमानमा थियो । जहाँ १९ वर्षे ठिटो गङ्गाप्रसाद प्रधान एउटै विद्यार्थी थिए ।[२९] त्यहाँ धमाधम चियाकमानहरू खोलिन थालेपछि मात्र शिक्षित नेपालीहरूको ठूलो आवश्यकता भयो । सोही आवश्यकता पूर्तिका लागि हरहिसाब गर्न सक्ने सक्षम श्रमिकहरू तयार पार्न एक कमानका क्याप्टन जोर्डन्नले केही नेपाली केटाहरूलाई पढ्नका लागि पठाए ।[३०]

यिनै कुराबाट के स्पष्ट हुन्छ भने त्यस समयभन्दाअघि प्राथमिक पाठशालाहरू पनि खोलिएका थिएनन् । पादरी म्याक्फार्लेनले ६ जना किशोरहरूलाई लिएर (सन् १८७०) मा दार्जिलिङ आए । उनको उद्देश्य यहाँ प्राथमिक पाठशालाहरू खोलेर शिक्षाको विस्तार गर्ने थियो । ती छजना किशोरमध्ये एक जना गङगाप्रसाद प्रधान थिए । उनकै सहायताले प्राथमिक शिक्षाको प्रारम्भ भयो । सो समयमा केही सङ्ख्याबाहेक अरु यहाँका नेपालीहरू अशिक्षत नै थिए । १८७० देखि सन् १९२१ सम्ममा २०० जति रात्रि पाठशाला र प्राथमिक पाठशालाहरू खुलिसकेका थिए तर ती सबै पाठशालामा पढाइको माध्यम हिन्दी थियो तर पनि सन् १८६० तिर थोरै नेपालीहरूले भए पनि यता साधारण शिक्षा हासिल गरेका थिए ।

---

[२७] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. ७४ ।

[२८] ऐजन ।

[२९] एल्. बी. राई, '**पादरी गंगाप्रसाद प्रधान**, '**संगति**' (३३/१ (जुलाई ८५) पृ. १० ।

[३०] परशमणि प्रधान, **नेपाली भाषाको विकास : दार्जीलिङ जिल्लामा**, (गान्तोक : शिव प्रधान, सन् १९८४), पृ. ३०९ ।

दार्जिलिङ मात्र हैन वाराणसीका पनि धेरै नेपाली विद्वान्हरूको अनवरत प्रयासको फलस्वरूप २४ जुलाई १९१८ मा कोलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई पनि प्रवेशिकामा आइ. ए. र बी. ए. परीक्षाहरू निम्तिमा एक विषयको रूपमा पढ्न सक्ने आदेश जारी गऱ्यो । यसभन्दा अघि नेपाली विद्यार्थीहरूले हिन्दी पढ्नुपर्थ्यो । नेपालीहरूलाई क्रिश्चियनधर्ममा ल्याउने उद्देश्यले नै किन नहोस् तिनताका शिक्षाका अधिकारी क्रिश्चियन पादरीहरूले मातृभाषामा शिक्षा हुनुपर्छ भन्ने अनुभव गरेपछि टर्नवुल साहेबले सन् १८८७ मा नेपाली व्याकरण लेखे भन्ने कुरा माथि पनि उल्लेख भइसक्यो ।[३१]

पठनपाठनको औपचारिक विषय बन्नुभन्दा अघि सन् १८२० मा फोर्ट विलियम कलकत्ताबाट जे. एल्. एटनले प्रथम नेपाली व्याकरण लेखेर प्रकाशित गरिसकेका थिए । सन् १९०७-८ मा पादरी गङगाप्रसाद प्रधान लिखित नेपाली पहिलो पोस्तक र नेपाली दोस्रो पोस्तक प्रकाशन भए तथा मिसनरी पाठशालाहरूमा पनि प्रथमपल्ट नेपाली विषयको शिक्षा सुरु भयो । तर पनि शिक्षाको दृष्टिकोणले हेर्दा त्यो समय पनि दार्जिलिङको अवस्था निकै सोचनीय थियो ।

## २.२.४ धार्मिक अवस्था

उत्तरबङग विश्वविद्यालयको स्थापना पूर्व दार्जिलिङमा नेपाली भाषाको पठनपाठन शैक्षिक उद्देश्यभन्दा धार्मिक नै प्रमुख उद्देश्यको रूपमा थियो । इसाई पादरीहरूले क्रिश्चियन धर्म प्रचारमा व्यापकता अपनाए पनि भारत स्वाधीन भएपछि हिन्दू धर्मले आफ्नो पहिचानलाई राम्ररी अघि सारेको पाइन्छ । दार्जिलिङमा सन् १९९० अघि धार्मिक अवस्थामा त्यति उल्लेखनीय स्थिति थिएन । त्यस समय दार्जिलिङका मानिसहरूमा सनातन हिन्दू परम्परा र बौद्ध धर्मप्रतिको चाख एवम् श्रद्धा बढी देखिन्थ्यो तथापि क्रिश्चियन पादरीहरूले भने विभिन्न प्रलोभनमा धर्म परिवर्तन गर्नेहरूको पनि कमी थिएन । सन् १८७७ तिर जोसमनी सन्त ज्ञानदिल दास त्यहाँ गएर बसेकाले त्यस सन्त सम्प्रदायका अनुयायीहरू पनि धेरै बढे ।[३२] यो जोसमनी परम्परा हिन्दू धर्मकै एक सम्प्रदाय थियो । सन् १८३५ मा दार्जिलिङलाई सिक्किमबाट इस्ट इन्डिया सरकारले लिइसकेपछि भने मोरामिसन मिसनरीले सन् १८४१ देखि इसाई धर्म प्रचारको काम गऱ्यो । समयान्तरमा मिसनरीहरू पनि आएर धर्म परिवर्तन गराउने काममा लागिपरे । सन् १८७६ मा गङगाप्रसाद प्रधान लगायतका केही युवा इसाई धर्ममा लागेर धर्म प्रचारक इसाई पादरी बनी खटिए । गङगाप्रसादले बाइबलको नेपाली भाषामा अनुवादसमेत गरे । इसाई पादरीहरूले पनि धर्म परिवर्तनको ध्येय राखेर नेपाली भाषामा धेरै काम गर्न थाले । टर्नरले सन् १८८७ मा नेपाली व्याकरण प्रकाशन गरेको इतिहास छ । यसरी विभिन्न प्रलोभन (खाने, लाउने र शिक्षा पाउने) जालमा परेर अशिक्षित दीनहीन नेपालीहरू भोटे, लेप्चा आदि साधारण जनतामा इसाई धर्मको प्रभाव पऱ्यो ।

नेपाली साहित्य सम्मेलन हिन्दू सनातनीहरूमा परेर नेपालीहरू इसाई बने । व्यक्तिहरूले खोलेकाले पनि यसको स्थापना कालदेखि यस क्षेत्रमा स्थानीय कथ्य भाषा नेपालीमा भाषाको ठूलो प्रभाव पऱ्यो । संस्कृत भाषाको प्रभाव भएको नेपाली भाषालाई गङगाप्रसाद प्रधानले भाषा भनी अपव्याख्या गरेका थिए जुन भाषामा **चन्द्रिका** पत्रिका प्रकाशित हुन्थ्यो । जसलाई सूधपाले प्रकाशनको निर्वाह गर्थे । यसरी धार्मिक अवस्थाबाट पनि नेपाली भाषा र साहित्यले फैलिने मौका पायो ।

## २.२.५ साहित्यिक अवस्था

सन् बीसौँ शताब्दीको प्रारम्भको आसपासपछि **माधवी**, **सुन्दरी**, **चन्द्र**, **चन्द्रिका**, **गोर्खाली**, **जन्मभूमि र गोर्खासंसार**जस्ता पत्रपत्रिकाको प्रकाशनले नेपाली साहित्यमा एउटा नयाँ युगको उद्घोष गरेको पाइन्छ तथापि नेपाली साहित्यको आधुनिक युगको आरम्भकर्ताका रूपमा भने **शारदा** पत्रिकाको प्रकाशन वि.सं. १९९१ लाई साहित्यिक विद्वान् तथा समालोचक र इतिहासविद्हरूले लिने गरेका छन् ।

ब्रिटिस भारतीय सेनामा भर्ना हुन थालेका गोर्खाली जवानहरूले लगभग वर्से रच्दैथिए भनी उनीहरूले विभिन्न भूक्षेत्रमा पुगेर युद्ध लड्दाका अनुभवहरू आआफ्नै पाराले सँगालेका थिए । सन् १९१४ को विश्वयुद्धमा गोर्खाली फौजहरू विश्वका विभिन्न स्थानमा पुगे । सन् १९१९ मा युद्ध रोकिएर सन्धिहरू हुदैँ गएपछि सेवानिवृत्त गार्खा सिपाहीहरू आफ्नाआफ्ना थानथलोतिर फर्किन थाले । यही आधारशिलाबाट कैयौँ साहित्यिक सवाई र लहरी जन्मिए । उदाहरणार्थ : असामका पुरानालेखहरूलाई लिन सकिन्छ ।

---

[३१] पारसमणि प्रधान, **दार्जीलिङ जिल्लामा नेपाली भाषाको विकास टिपनटापन**, (कालेम्पोङ : भाग्यमणि प्रकाशन, सन् १९६६ (पृ. ७१ ।

[३२] जनकलाल शर्मा, **जोसमनी सन्तपरम्परा र साहित्य** (काठमाडौं : नेपाली एकेडेमी, २०२२) पृ. ७६ ।

यस किसिमको साहित्यमा युद्धको ठूलो प्रभाव देखिन्छ भने त्यसताका नेपाली साहित्यले युद्ध र विज्ञानको प्रभावबाट गुज्रनु पऱ्यो । "यस्तो प्रभाव नेपाली साहित्यमा मात्र होइन विश्वका विभिन्न साहित्यमा नै परेको छ" ।[३३]

भारतमा जनसाधारण र स्वाधीनता सङ्ग्रामको होहल्ला चलिरहेको थियो । बीसौँ शताब्दीको सुरुमा त्यतिखेरको नेपाली साहित्यमा त्यसको प्रभाव पनि सल्किएको छ । यो समय अगावै सन् १८७७ मा जोसमनी सन्त ज्ञानदिल दासको **उदयलहरी**, सन् १८९३ को बबगुनी गुरूङको **ब्रह्मतत्त्वको सवाई,** सन् १८९९ मा पं दिलूसिंह राईको **पैह्रोको सवाई**, सन् १९०९ मा रत्ननारायण प्रधानको **भक्ति प्रकाश**, सन् १८९० मै हाजिरमान राईको मीठामीठा नेपाली गीतसङ्ग्रह प्रकाशित भइसकेका थिए ।[३४]

सन् १९०१ को जनवरीदेखि पादरी गङगाप्रसाद प्रधानको **गोर्खे खबर कागज** पनि प्रकाशित हुन थालेको थियो । दार्जिलिङमा गङगाप्रसाद प्रधानको भाषालाई उनीपछिका लेखक तथा साहित्यिक सङघसंस्थाले स्तरीय रूपमा मान्यता नदिए पनि उनको गोर्खे खबर कागजको महत्त्व छ । वि. सं. १९५८ वैशाख २४ को **गोरखापत्र**को प्रथम प्रकाशन भन्दा ८ महिना कान्छो **गोर्खे खबर कागज** वि. सं. १९५८ पौषबाट सुरु भएको थियो । उनकै बारेमा कुमार प्रधान भन्छन् :

"तिनको (गंगाप्रसाद प्रधान)को विशेषता थियो । यिनी सचेत भाषासेवी थिए । तिनका पाठ्यपुस्तक र पत्रपत्रिका प्रकाशनले देखाउँछ । यो देनकै निम्ति तिनको सम्झनालाई हामीले सधैँ सम्हालेर राख्नु पर्छ । विस्मृत हुन दिनु हुँदैन" ।[३५]

यसै गरी सन् १९०१ मा नै सुखवीर तामाङले **आफ्नो भक्तिको सवाई** प्रकाशित गरे । त्यसबाहेक बाराणसीबाट सन् १९०६ मा **सुन्दरी** र सन् १९०८ मा **माधवी** साहित्यिक मासिक पत्रिकाहरूको प्रकाशन आरम्भ भएको थियो । यसरी नेपाली साहित्य सम्मेलनको स्थापनाअघि यस्तै कैयौँ साहित्यिक प्रकाशनको प्रयास भएको थाहा पाइन्छ । यद्यपि सङ्गठित रूपमा भने यस्तो कुरा हुन सकेको थिएन । अझपछि सन् १९१६ मा ग्रियर्सनले नेपाली भाषा विषयको आफ्नो अनुसन्धानको सामग्री **लिङग्विस्टिकस सर्वे अफ इन्डिया**मा प्रकाशित गरे जसमा नेपाली जाति र भाषा सम्बन्धमा  नवीन तथ्यहरू समाविष्ट गरिएका थिए । उक्त ग्रन्थमा नेपाली भाषाको यस प्रकारले छानबिन गरिएको छ :

"यो नेपाली भाषाका विविध नाउँछन् ।  अङग्रेजहरू  यसलाई नेपाली वा नेपालको भाषा भन्दछन् ।... यो त नेपालका आर्य शासकहरूको भाषा हो । ... नेपालको आर्यभाषालाई खस कुरा वा खस बोली भन्दछन् ।... नेपालका राजपूत शासकहरू गोर्खानामक स्थानबाट आएका हुनाले यसको अर्को नाम गोर्खाली अर्थात् गोर्खाहरूको भाषा भएको हो । पर्वतिया वा पर्वते पनि भन्दछन् ।... यसको अर्को नाउँ पहाडी अर्थात् पहाडको भाषा ... यसर्थ अहिले जुनभाषाको कुरा गरिँदैछ यसको नाउँ भयो पूर्वीपहाडी ।

सन् १९१६ मा लेखिएको रामनारायण प्रधानको **आनन्दलहरी**को दोस्रो भाग खरर्साङका बलबहादुर सारु मगरले लेखे ।[३६] तत्पश्चात् लहरी साहित्य क्रमशः वृद्धि हुँदै गयो । उही दिलबहादुर राई, चन्द्रमान राई, मुन्सी सुन्दरसिंह, तारामान गुरुङ, कनकवीर तामाङ, डी. बी. राई आदिले लहरी साहित्यमा ठूलो योगदान दिए ।[३७]

दार्जिलिङबाट प्रकाशन हुने अन्य साहित्यिक पत्रिकाको तुलनामा पनि दुईबर्से **चन्द्रिका** पत्रिकाले नेपाली भाषा र साहित्यको विकासमा ठूलो टेवा दिएको छ ।

प्रतिमानसिंहको मौलिक उपन्यास **महाँकाल जासुस** र भक्तवीर थापाको अनूदित कृति **ध्रुवचरित्र** हरि प्रिन्टिङ प्रेसबाट क्रमश प्रकाशित भए । लेखकको नाममा **गदाधर** उल्लिखित **बिलायत यात्रा**लाई पारसमणि प्रधानले अनुवाद गरी **चन्द्रिका** पत्रिकामा धारावाहिक रूपमा प्रकाशन हुँदै सन् १९१९ मा पुस्तकाकारका रूपमा आयो । सन् १९१६ मा पारसमणि प्रधानबाटै **हिरण्मय चरित्र** ग्रन्थावलोकन र **विद्याप्रेम नैवेद्य, पञ्चामृत, सीता वनवास, गार्हस्थजीवन, विद्या सुन्दर** (नाटक) आदि रचनाहरू पनि

[३३] लख्खीदेवी सुन्दास, 'युद्धमा जन्मेका नेपाली सवाई र साहित्य' **दीयो** (वर्ष-१५, अङ्क- ८-९, अगस्त १९७०) ।

[३४] हाजिरमान राई, **मीठामीठा नेपाली गीतको भूमिका**, (कालिम्पोङ : उपासक प्रकाशन, सन् १९८३), पृ. १७२ ।

[३५] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. ८७-८८ ।

[३६] लख्खीदेवी सुन्दास, **पूर्ववत्**, पृ. ।

[३७] अजित बस्नेत, 'भारतीकालसम्म नेपाली पत्रिकाहरूको एक झलक' **दियालो,** (वर्ष २२, अङ्क १००, सन् १९८४) पृ. १७५ ।

**चन्द्रिका**मा छापिने क्रममा छन् भनी **चन्द्रिका**को गुणगान गाएका छन् ।[३८] १९१३ मा नै स्थापित खरर्साङको गोरखा पुस्तकालयले सन् १९१९ मा आफ्नो भवनको समुद्घाटन गरिसकेको थियो । सो अवसरमा पारसमणि प्रधान र धरणीधर शर्मासँगै थिए । धरणीधरको **नैवेद्य** र **पञ्चामृत** एवम् पारसमणि प्रधानको **सुन्दर कुमार** (नाटक) काशीको हिमालयन प्रेसमा छापिए भने अन्य माथि उल्लिखित कर्साङकै हरि प्रिन्टिङ प्रेसबाट नै छापिए । सन् १९२० मा पारसमणिले आफ्नो प्रथम नेपाली व्याकरण तयार गरी धरणीधरको **नैवेद्य**सँगै प्रकाशित गराए ।

## २.२.६ भाषाले प्रक्षेपण गरेको प्रभाव

नेपाली भाषा र साहित्यको इतिहासमा मूर्धन्य प्रतिभा बनेर उदाएका आदिकवि भानुभक्त आचार्यबाट नेपाली भाषाले सशक्त हुने अवसर पायो । सन् १८१५ पछि अङ्ग्रेज र नेपालका राजनैतिक सम्बन्ध स्थापित भई ब्रिटिस-भारतको सेनामा गोर्खालीहरूको भर्तीक्रम सुरु भयो । तत्पश्चात् बहुसङ्ख्यक युवा गोर्खाली वा नेपालीहरू भारत प्रवेश गर्न थाले । यसभन्दा पूर्व सिक्किमसित हुने गरेका वैवाहिक सम्बन्धका बारेमा यथास्थानमा उल्लेख गरिएको छ । यसरी नेपालीहरू सिक्किम र दार्जिलिङमा आएर बस्नु अपेक्षित मानिन्थ्यो । यतिमात्र नभएर सन् १८३९ पछि क्याम्पवेलले नेपालीहरूलाई चियाखेतीका श्रमिकका रूपमा दार्जिलिङतिर आउन एकातर्फ आकर्षित गरे भने अर्कोतर्फ सन् १८४६ मा नेपालमा कोतपर्व रचियो । त्यसपछि नेपालमा १०४ वर्ष जारशाही एकतन्त्रीय जहानियाँ राणाशासन चल्यो । फलस्वरूप आतङक र त्रासका कारण अनेकन पीडा सहेर बाँच्नु पर्ने बाध्यता त्यागी धेरैजसो नेपालीहरू नेपाल छाडेर भारतका विभिन्न स्थानतिर जाने र घर बनाउने एवम् बसोबास गर्न थाले । यी नेपालीहरू जताजता गए त्यतात्यता भानुभक्तको रामायण मुखमुखै कण्ठस्थ पनि गरेर गए । यस कारण परापूर्व कालमा विभिन्न प्रयोजनको सिलसिलामा भारततिर प्रवेश गरेका कलकारखाना, चियाबगान आदिका श्रमजीवी एवम् खेतीपाती, पशुपालन र व्यवसाय गर्ने भारतका नेपालीहरूमा रामायण सुनेकै भरमा कण्ठस्थ भएको थियो । यसरी नै यहाँ लोकसाहित्य पनि आएको मानिन्छ । यस प्रसङ्गमा तुलसीबहादुर छेत्री भन्छन् :

"नेपाली भाषा दार्जिलिङमा लिखित भाषाका रूपमा प्रवेश गरेको थिएन । यो नेपालीहरूको जनभाषाको रूपमा कथ्यभाषा नै भई यहाँ आएको थियो" ।[३९] अर्को एउटा उल्लेखनीय विषय यस्तो छ : "रामायणका श्लोकहरूसित परिचित दार्जिलिङ नेपाली जिब्राहरूमा लोकसाहित्यले फैलिने मौका पायो । दार्जिलिङेहरू रामायणकै श्लोकसँग परिचित हुँदाहुँदै विहेवारी एवम् विभिन्न चाडपर्वमा रमाइलो गर्छन् । गाइने सिलोककामाध्यम हुँदै नेपाली साहित्य प्रस्फुटन हुँदै गयो । सोही हाराहारीमा दार्जिलिङका नेपालीहरूले झ्याउरे, सेवाई र लहरीझैँ जातीय गीत आदि पनि सुनेका थिए भन्ने प्रसङ्गलाई पुष्टि गर्छन" ।[४०]

"दार्जिलिङको नेपाली साहित्य भने लहरी साहित्यको माध्यम लिई सन्त ज्ञानदिल दासको **उदयलहरी** वि.सं. १८३४ को भक्तिरसबाट प्रारम्भ हुन्छ । त्यसपछि यो शृङ्गार रसको आनन्द लहरी र प्रेम लहरीको उत्ताउलो छाल छल्किन जान्छ । निकैपछि महानन्द सापकोटाको **मनलहरी**मा आई पूर्व साहित्यिक अनुभूति लिई मर्यादापूर्ण बनी शान्त बन्न जान्छ" ।[४१]

यस्तै अवस्थामा सन् १८२० मा जे. एन् एटनले नेपाली प्रथम व्याकरण **ग्रामर अफ् द नेपाली ल्याङ्ग्वेज** लेखी कोलकत्ताको फोर्ट विलियमबाट प्रकाशित गरे । यसरी नेपाली भाषाका शब्दलाई प्रथमपल्ट प्रोत्साहन प्राप्त भयो । यो ठूलो कुरो थियो भनी उक्त व्याकरणको किताबका बारेमा तुलसीबहादुर छेत्रीले आफ्नो अभिमत प्रकट गरेका छन् ।

ब्राइन हड्सनले सन् १९४४ पछिको एक दशकमा दाजिलिङमा बसेर नेपाली शब्द सङ्ग्रह गरेर नेपाल र नेपालीहरूको सम्बन्धमा धेरै अनुसन्धानात्मक लेखहरू लेखेका छन् । "यहाँ हामी विद्वान् शिक्षक एटनको भाषा निरीक्षण गर्ने ज्ञानशक्ति र एक राजनैतिक अभिप्रायले प्रेरित ब्राइन हड्सनको भाषा निरीक्षण गर्ने ज्ञान शक्तिमा आकाशपातालको भिन्नता पाउँछौँ । जसलाई आउँदो समयले अझ स्पष्ट पार्दै

[३८] पारशमणि प्रधान, **रमाइलो सम्झना खरसाङको**, (खरर्साङ : गोर्खाजन पुस्तकालय प्रकाशन, सन् १९६८) पृ. २४-२५ ।

[३९] तुलसीबहादुर छेत्री, **नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान**, त्रि.वि. अप्रकाशित विद्यावारिधिको शोधप्रबन्ध वि.सं **पूर्ववत्**, पृ. १५ ।

[४०] **ऐजन** ।

[४१] **ऐजन** ।

लैजानेछ ।"[४२] यसरी जेजस्ता औचित्यबाट कामहरू पूर्ण भए पनि नेपाली भाषाकै विषयमा व्यापक अन्वेषण हुँदै थियो । बहुल सङ्ख्यामा रहेका दार्जिलिङका नेपाली वासीहरूले नेपाली भाषाकै माध्यमबाट सरकारी कामकाजदेखि व्यावहारिक र हाटबजारको कामसमेत चलाउने अवसर पाएकाले नेपाली भाषा सबैले बोल्ने र बुझ्ने मानियो । नेपालीइतर जातिहरूले पनि नेपालीहरूकै संसर्गबाट दार्जिलिङमा मीठो नेपाली उच्चारण गरेको तथ्यहरू आज पनि हामी सुन्न पाउँछौँ । यो पनि एउटा भाषिक उपलब्धि हो । यसै प्रसङ्गमा नेपाली साहित्य सम्मेलनको प्रथम सभाका सभापति (हरिप्रसाद प्रधान) को अभिव्यक्तिले नेपाली भाषालाई सबैले बुझ्ने (Lingua Franca) भन्ने कुराकै उद्घोष गरेको छ । नेपाली भाषा सिकेर इसाई धर्म प्रचारकहरूले नेपाली भाषाकै सहायताले आफ्नो धर्म प्रचार गर्न थाले । परोक्ष रूपमा इसाई धर्मका प्रचारका कारणले पनि नेपाली भाषाले दार्जिलिङमा विकसित हुने सुअवसर पायो ।[४३]

दार्जिलिङ विकासको गोरेटोतिर हिड्न थालेपछि अन्य भाषाभाषीका मानिसहरू दार्जिलिङप्रति आकर्षित हुनु कुनै नौलो कुरा थिएन । ती अन्य भाषाका आगन्तुकहरूले व्यापारी कामकाजका लागि भए पनि नेपाली नै बोल्ने र लेखपढ गर्न थाले । यसरी पनि नेपाली विस्तारित हुने मौका पायो र नेपाली भाषाले विकसित हुने सुयोग प्राप्त गर्‍यो ।  नेपाली भाषाको महत्ता श्रुतिमाधुर्यता र सरल हुनुमा छ । त्यो नै नेपाली भाषाको शक्ति हो । यसर्थ नेपाली अन्य भाषाका कथ्य र लेख्य अवस्थालाई उछिनेर दार्जिलिङमा बढी प्रयोग हुन थाल्यो ।[४४] यसका शक्ति, वेग र गतिशीलतालाई अन्य भाषाका वैकल्पिक पक्षधरहले रोक्न नचाएका होइनन् तर ती सफल भएनन् ।

विभिन्न व्यवधान र अप्ठ्याराहरूबाट माथि उठेर नेपाली भाषाको प्रचारप्रसार व्यापक रूपमा हुन थाल्यो । नेपाली भाषामा कृतिहरू रचना गरिन थाले । पठन योग्य, व्यवस्थित पाठ्यपुस्तकहरू तयार हुन थाले । लिखित र अनूदित नाटकहरू रङ्गमञ्चमा मञ्चित हुन थाले । यिनै क्रमबाट नेपाली भाषा दार्जिलिङमा अग्रणी बन्न पुग्यो र पाठशाला अनि कलेजहरूमा अध्ययनको एक माध्यम र विषय बन्दै नेपाली भाषा ज्ञानको विशिष्ट क्षेत्र पनि बन्न पुग्यो ।

सुदूरपूर्वका भारतीय र बर्मासम्ममा भू-भागमा नेपाली भाषाको प्रचार कहिलेबाट प्रचलनमा आयो भन्ने कुराको समाधान प्रामाणिक रूपमा नभए पनि अन्तःसाध्यका आधारमा केही सम्भाव्य निष्कर्षहरू निस्कन्छन् । खसहरू नै नेपाली भाषाका बाहक थिए । त्यसपछि मात्र गुरुङ, राई, लिम्बूहरू पनि नेपाली भाषाको प्रचारमा सहायक भए । सुदूरपूर्वमा नेपाली भाषालाई फैलाउने कार्यमा उनीहरूकै ठूलो योगदान छ । राजा मुकुन्दसेन प्रथमका समय (वि. सं. १५७५-१६१०) मा सेन राज्य पाल्पादेखि पूर्वी तराईको मोरङ र विजयपुरसम्म फैलिएको यो भाषा सिक्किम, भूटान, असम, मेघालय, अरुणाचल हुँदै वर्मासम्म पुगेको पाइन्छ । यो राज्य विस्तारमा खस, मगर, राई, लिम्बू र सेनहरूको प्रमुख भूमिका रहेको छ । उनीहरूसँगै नेपाली भाषा पनि सत्रौँ शताब्दीको आरम्भसम्म नेपालको पूर्वी सीमा काटिसकेको स्पष्ट हुन्छ । कर्णालीदेखि गोर्खासम्म १४ औँ शताब्दी र काठमाडौँ र त्यसको अधीनस्थ कोशी प्रदेशसम्म सत्रौँ शताब्दीमा नेपाली भाषाको फैलावट यिनै खस अधिराज्यका खस, मगर, ब्राह्मण, छेत्री आदिको पूर्वी बसाइ सराइले फैलावट भएको देखिन्छ । तिनीहरूका कतिपय सैनिक जीवनबाट पूर्वी किरात प्रदेशमा सोह्रौँ शताब्दीसम्म नेपाली भाषाले अनौपचारिक रूपमा आफ्नो राष्ट्रव्यापी यात्रा पुरा गर्‍यो र समस्त नेपालीको साझा भाषा बनेर फक्रिरहेको छ ।[४५]

राष्ट्रभाषाको तहमा नेपाली भाषाको उन्नयन हुँदै राष्ट्रको आत्माभित्र राष्ट्रकै भाषा बोलिरहेको हुन्छ भन्ने महान् कुराको बोध भएका पृथ्वीनारायण शाहलाई नेपाल एकीकरणको सौभाग्य प्राप्त भएको हो भने नेपाली साहित्यका अगुवा जातीयता र आध्यात्मिक चेतनाका चम्किला नक्षत्र भानुभक्तलाई काव्यभाषा निर्माण गर्ने सुयोग प्राप्त भएको हो । अतः यस भाषालाई इतिहास र पुरातत्त्वका मनीषी र अन्वेषकहरूको सतत अध्यवसायले गर्दा नेपाली भाषा साहित्यको इतिहास सात सय वर्षभन्दा बढी लम्मिन सकेको  देखिन्छ ।[४६]

---

[४२] **ऐजन**, २/३३ ।

[४३] रूपनारायण सिंह, 'हामी र हाम्रो भाषा', **नेपाली साहित्य सम्मेलन पत्रिका** (वर्ष ६, अङ्क १, सन् १९७४ माघ) पृ. २३ ।

[४४] **ऐजन**, पृ. २६ ।

[४५] ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्यको परिक्रमा** (काठमाडौँ : साझा प्रकाशन, २०५६) पृ. १६ ।

[४६] **ऐजन**, पृ. ८ ।

यस प्रकारको ऐतिहासिक वृत्तबाट माथि उठेको नेपाली भाषाप्रेमी भारतीय नेपालीहरूलाई सुगौली सन्धिले नेपालको सीमाबाट बाहिर बस्न बाध्य पाऱ्यो । सुगौली सन्धिपछि नगण्य मात्रामा भए पनि भक्ति साहित्यको नेपाली रूप देखापर्न थाल्यो । त्यतिखेर सर्वसाधारणले सुगौली सन्धिको घटनालाई सायद बिर्सन थालेको हुन सक्छ तर अहिले पनि सम्बेदनशील मानसिकतामा तत्कालको घटनाप्रतिको पीडाबोध भइ; नै रहन्छ । तसर्थ भक्ति साहित्य छाडेर वीरकालीन साहित्य सिर्जना भएको हुनु पर्छ भन्ने कुरा अहिले पनि बहसकै विषय बनेको छ । अतः त्यस बेलाको घटनालाई कुन साहित्यिक धाराले कसरी वरण गऱ्यो भन्ने कुराको ठोकुवा गर्न ती रचनाकारहरूको मानसिक धरातलको रेखाङ्कन गरेपछि मात्र थाहा हुन्छ ।[४७] दार्जिलिङमा साहित्यिक भाषा ज्ञान दिलदासको **उदयलहरी** लहरी काव्यबाट बीजारोपण भई अघि बढेको भए तापनि सुगौली सन्धिका निकटवर्ती कवि इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, वीरशाली पन्त आदि कविमा पाइने युगबोधको स्वरूप के ? भन्ने प्रश्न जरुर उठ्छ । अतः नेपालको भाषिक र सांस्कृतिक परम्परा एक युग वा एक शताब्दीले निर्मित भएको होइन । लिच्छवीकालदेखि चल्दै आएका हाम्रा परम्परा र आस्थाले नेपालमा सांस्कृतिक प्रभावलाई जन्माएको हो भने दामुपालको अभिलेखकालबाट नेपाली भाषा अझै मौलाएर अघि बढिरहेको स्पष्ट हुन्छ ।

## २.३ भारतमा नेपाली भाषाशिक्षणको पृष्ठभूमि

### २.३.१ नेपाली भाषा शिक्षणको पूर्वरूप

आजसम्म नेपाली भाषामा प्राप्त विकासको पृष्ठभूमिमा "सबभन्दा पुरानो अभिलेख विजय स्तम्भ नजिकको राजा दामुपाल उल्लेख भएको वि. सं. १०३८ को छोटो अभिलेखदेखि नागराजका वंशज अशोक चल्ल वि. सं. १३१२ को ताम्रपत्र र वि. सं.१३१७-२७ बीचको शिलापत्र हुँदै यसै वंशजका सामन्त प्रतीत हुने अक्षय मल्ल र रिपु मल्लका क्रमशः वि. सं. १३२७ र १३३७ अभिलेख तथा राजा आदित्य मल्लको वि. सं. १३७८ को अभिलेखहरू हेर्दा ईशाको एघारौं शताब्दी नलाग्दै पूर्वीपहाडी वर्गको खस भाषाका रूपमा नेपाली भाषाको उद्‌भव भई त्यो जनभाषा र राजभाषाका रूपमा कर्णाली प्रदेशमा हुर्किई पूर्वतिर गतिवान हुँदै विक्रमको चौधौँ शताब्दीसम्ममा नै हिमाली क्षेत्र हुँदै" दार्जिलिङ, सिक्किम भूटान, अरुणाञ्चल भएर बर्मातिर अघि बढेको पाइन्छ ।[४८]

भारतमा नेपाली भाषा-शिक्षणको प्रारम्भिक प्रयास भएका प्रमुख स्थानहरूमा काशी, प्रयाग र दार्जिलिङ मानिन्छ । लिखित रूपमा नेपाली भाषाको लगभग एकहजार वर्ष पुरानो इतिहास भए पनि भाषा शिक्षणको परम्परा भने त्यति लामो छैन । काशी र प्रयाग भारतीय इतिहासमा प्राचीनकालदेखि नै शिक्षाअध्ययनका निम्ति महत्त्वपूर्ण स्थल मानिन्छन् भने दार्जिलिङमा सन् १८६० भन्दा केही पहिलेदेखि मात्र शिक्षाको प्रकाश परेको हो ।[४९] कति विद्वान्हरू सन् १८६९ मा म्याक्फर्लेन आएपछि मात्र यहाँ साक्षरताको उज्यालो दिन सुरु भएको ठान्छन् तर यसमा पूर्णसत्यता देखिँदैन । अङ्ग्रेजहरूका निम्ति त दार्जिलिङ उनीहरूको दार्जिलिङ आगमनसँगै शिक्षाकेन्द्रको रूपमा स्थापित भएको पाइन्छ । उनीहरूले स्वास्थ्य केन्द्र स्थापना गर्ने हैसियत जुटाउने क्रमसँगै शिक्षाको संस्थागत पठनपाठनको आरम्भ थालेका हुन् । प्राप्त एउटा पुरानो प्रमाणअनुसार त्यतिखेर डाकघर मन्तिर क्याम्पबेलले देशजनेटिभ) बालबालिकाहरूका लागि विद्यालय खोलिदिएका थिए । त्यहाँ एक जना अङ्ग्रेज शिक्षक पनि नियुक्त भएका थिए । यस स्कुलमा धेरै सङ्ख्यामा भने अङ्ग्रेजका बालबालिकाहरू उपस्थित हुन्थे । सन् १८६० मा सरकारी स्कुलको नयाँ बिल्डिङ्ग बनुन्जेल यसै स्कुललाई सरकारी स्कुल मानिएको थियो । अभिभावकहरू यसको नौलोपन हराउन थालेपछि उदासीन देखिन थाले र विद्यार्थीहरूको उपस्थिति पनि घट्दै गयो । हथोर्नको विवरणमा पनि यो स्कुलमा आफूले भ्रमण गरेको कुरा उल्लेख पाइन्छ । त्यस स्कुलमा मुसलमान प्रधानाध्यापकले छात्रहरूलाई जाँच गर्न लगाउँदा तिनले पृथ्वी गोलो भएका प्रमाण केके हुन् भनेर सोधेकै कुरा उल्लेख गर्दा तिनै प्रधान शिक्षकको भनाइमा

*Fancy our amazement at tha reply by a little Nepalehe youngster. " When we see a ship sailing towards us, First we see her royals, then her t' gallant sails,*

---

[४७] **ऐजन**, पृ. १०४ ।

[४८] वासुदेव त्रिपाठी, **नेपाली भाषाको उद्‌भव र विकासप्रक्रियाका आधारमा भारतमा नेपाली भाषाको प्रयोग परम्परा**, (सम्पा.( (दार्जिलिङ : नेपाली अकादमी जर्नल, सन् १९९५-९६) पृ. १६-१७ ।

[४९] कुमार प्रधान, **पूर्ववत्**, पृ. ८४ ।

*afterwards her tophails, and lastly her courses". the boy had never left his native mountains in his life, and the sea and ships were to him as fables and yet was he taught to repeat like a parrot an answer from a Geography book.* अर्थात् एउटा सानो नेपाली ठिटोको कुरा सुन्दा मलाई लागेको आश्चर्यको कल्पना गर्नुहोस् । हामीपट्टि कुनै जहाज आउँदा हामीले त्यसको पखेटा र अनि पछि त्यसको अगाडिको भाग अनि त्यसको गति देख्छौ । आफ्नो जीवनमा त्यो (नेपाली भाषी) ठिटोले कहिल्यै उसको पार्वत्य आदिभूमि छाडेको छैन । अनि समुद्र र जहाज उसको निम्ति दन्त्यकथा नै हो तथापि भूगोलको पुस्तकबाट एउटा उत्तर दिन सुगालाई जस्तै बारम्बार दोहोऱ्याउन सिकाइँदैछ । यस भनाइबाट पनि नेपालीभाषी विद्यार्थीहरू त्यहाँ पढ्थे भन्ने बुझिन्छ । सुगा रटाइ गराएर पढाउने तरिका जस्तै भए पनि सन् १८६० तिरै केही नेपालीहरू दार्जिलिङमा शिक्षित भइरहेको वर्णन उपर्युक्त कथनमा छ । शिक्षा प्रचारसँगै नेपाली भाषा र नेपाली जातीय भावनाले महत्त्वका साथ उच्चस्वर पाउन थाल्यो भने नेपाली शिक्षित वर्गको सङ्ख्या पनि अभिवृद्धि हुँदै थियो । तर शिक्षा प्रसार भने व्यापक थिएन ।

ऐतिहासिक वृत्तलाई नै ध्यान दिँदा सेन राज्यकालबाट नै मेचीपूर्व नेपाली भाषाको प्रसारक्रम थालिएको भए तापनि खास गरी गोर्खाली सेनाको सिक्किम प्रवेश र सुगौली सन्धि पूर्वका सन् १७८८-१८१४ का बीचका साढे दुई दशकमा नै सिक्किम र दार्जिलिङ क्षेत्रमा मेची र टिस्टा बीचका भू-भागमा नेपालीहरूको प्रवेश भई नेपाली भाषाको मौखिक प्रयोग परम्परा थालिएको हो र त्यसले लेख्यपरम्परालाई पनि अलिकति उत्प्रेरित गरेको अनुमान हुन्छ । सन् १८३५ देखि जुन ब्रिटिस दार्जिलिङको थालनी भई उन्नाईसौँ शताब्दीको पूर्वार्धमा दार्जिलिङका चियाकमानमा काम गर्ने र बाटाघाटा निर्माण क्रममा नेपालीहरूको सङ्ख्या बढ्दै गयो ।[५०] तापनि छरिएर बसेका नेपालीहरूको शिक्षा आर्जन प्रमुख उद्देश्य पेट पाल्नु नै थियो । अब नेपालीहरू साङ्गठनिक रूपमा एक हुन थालेपछि समाज, शिक्षा र जातीयताजस्ता कुरा माथि सोच्न थाले । मौखिक रूपमा रहेको नेपाली भाषामा दार्जिलिङका नेपाली भाषीहरूले शिक्षाग्रहण गर्ने अवसर धेरै पछिबाट पाए । सत्रौँ शताब्दीबाट शिक्षाध्ययन गर्ने कार्य प्रारम्भ भए पनि शिक्षाका माध्यममा कुनै भारतीय भाषा जस्तै- हिन्दी, बङ्गाली नभएर तिब्बती थियो र यस प्रकारको शिक्षा लामाहरूले भिक्षु बनाउने उद्देश्यले लेप्चा र भोटियाहरूलाई दिने गर्थे ।[५१] अङ्ग्रेजहरू यहाँ आएपछि मात्र बिस्तारै दार्जिलिङमा नेपाली शिक्षाको सूत्रपात भएको हो ।

## २.३.२ नेपाली शिक्षणको सूत्रपात

चियाखेतीमा पनि पढेका मान्छेको आवश्यकता बोध अङ्ग्रेजहरूलाई भयो । सन् १८२० देखि सेरामपुरका मिसनरीहरूले इसाई धर्मप्रचार हेतु नेपालीमा अनुवाद गरिएका बाइबलबाहेक त्यहाँ नेपाली भाषाका कुनै लिखित सामग्री थिएनन् । सन् १८६९ मा मिसनरी म्याक्फर्लेन दार्जिलिङमा पुगेपछि मात्र यस भेगमा शिक्षा दिने कार्य सुरु भयो । सन् १८७१ देखि अङ्ग्रेज सरकारले जिल्लाका पाठशालाहरूलाई प्रेस्बिटेरियन मिसनरी पादरी विलियम म्याक्फर्लेन पार्लोका जिम्मामा सुम्पियो ।[५२]

धर्म प्रचार र जनसाधारणको शिक्षाका निम्ति माध्यम भाषा हिन्दी छानियो । यस अभियानलाई तत्कालीन सरकारी निकायबाट स्वीकृति एवम् सहयोग मिल्यो । फलस्वरूप सन् १८७३ सम्ममा दार्जिलिङ क्षेत्रभित्र ५५ वटा प्राथमिक पाठशाला खुलिसकेका थिए ।[५३] सन् १८९५ देखि १९०५ सम्ममा यस भेगमा १४२ वटा पाठशालाहरू देखापरे ।[५४] जसमा प्राथमिक र निम्नप्राथमिक पाठशाला प्रशिक्षण स्कुल तथा मिडिल इङ्गलिस स्कुल, मिडिल भर्नाकुलर स्कुल नामका पाठशालाहरू थिए । **इन्डियन मिसनरी डाइरेक्टरी** सन् १८८१ अनुसार विलियम म्याक्फर्लेनले १८८० अघि नै तीनवटा नेपाली वर्णमाला लेखेका र बाइबलका कतिपय भागहरू अनूदित गरिएको भए पनि नेपाली पढाइदैन थियो । यसै सन्दर्भमा हिन्दी विषयबाट प्रवेशिका उत्तीर्ण गरेका पादरी गङगाप्रसाद प्रधानका कुरालाई एल् बी. राईले यसरी उल्लेख गरेका छन् :

---

[५०] वासुदेव त्रिपाठी, **पूर्ववत्**, ।।

[५१] **ऐजन** ।

[५२] कुमार प्रधान, **पूर्ववत्** ।

[५३] रजनी शर्मा, 'भारतमा नेपाली भाषा शिक्षणपरम्परा र विकास' **सन्धान** (वर्ष २, अङ्क २, २००५, सिक्किम) पृ. ५६ ।

[५४] एल्. एस्. एस. **ओमेली बङगाल डिस्ट्रिक गजेटियर्स**, (कलकत्ता : द बेङगल सेक्रेटियर बुक डिपो, जुलाई १९८५) पृ. १४ ।

"मैले हाईस्कुलमा पढुञ्जेल अर्थात् सन् १९१७ को प्रारम्भ सम्म पनि दार्जिलिङमा नेपाली भाषा पढाउने चलन थिएन । स्कुलमा सँगै पढ्ने साथीहरूले बङगला, हिन्दी, उर्दू भाषामा जाँच दिएको देख्दा मन अमिलो भइरहन्थ्यो" ।[५५]

उनको यस कथनले स्पष्ट पाई त्यस समयका नेपाली विद्यार्थीहरूमा स्वभाषाप्रति चासो थियो र स्वभाषामा नै शिक्षाग्रहण गर्ने उत्कट अभिलाषा थियो तथापि त्यहाँ नेपाली भाषा शिक्षणमा कुनै पक्षबाट पनि ठोस कार्य हुन सकेको थिएन । ईशाको उन्नाईसौँ शताब्दीदेखि नै भारतका अन्य क्षेत्रका तुलनामा दार्जिलिङका बहुसङ्ख्यक नेपालीहरू सङ्गठित हुन थाले । सोही समयमा पादरी म्याक्फर्लेन, सदरल्यान्ड, टर्नबुल र किलगोरजस्ता मिसनरीहरूले पादरी गङगाप्रसाद प्रधानको सहयोगमा बाइबलसम्बन्धी पत्रपत्रिका नेपाली भाषामा छाप्न थाले । त्यहाँका नेपाली भाषाभाषी विद्यार्थीहरूको सङ्ख्यालाई ध्यानमा राखी नेपाली भाषामा नै शिक्षा दिने विचारले टर्नबुलले **नेपाली व्याकरण** सन् १८८७ मा प्रकाशित गरे । जुन विदेशीद्वारा लिखित नेपाली भाषाको पहिलो व्याकरण मानिन्छ । सो समयमा म्याक्फर्लेनले भने जस्तै जातजाति र बोलीका भिन्नताहरू दार्जिलिङको आसपासमा थिए । त्यहाँ हिन्दी, उर्दू, अङ्ग्रेजीबाहेक फारसी पनि पढाइन्थ्यो । नेपाली पढाइदैन थियो । तर पनि नेपाली भाषा मासिएन अझ मौलाएर गयो ।[५६] यति भएर पनि दार्जिलिङमा नेपाली भाषा नपढाइनुको कारण यसको महत्त्व नबुझ्नु हो एवम् नेपाली भाषाको मानक रूप देखानपर्नु पनि हो । अर्को कारण पाठ्यपुस्तकको अभाव पनि हो । त्यति बेला प्राथमिक र उच्चप्राथमिक पाठशालाहरूको रेखदेखको भार बङ्गाल सरकारले स्कट मिसनलाई दिएको थियो । मिसनले आफ्नो इसाई धर्मको प्रचारका लागि नेपालीहरूलाई सहजसित आकृष्ट गर्न नेपाली पाठ्यपुस्तक तयार पार्ने दायित्व पादरी गङगाप्रसाद प्रधानलाई दिइयो । उनले **नेपाली पहिलो पोस्तक** सन् १९०७ र **नेपाली दोस्रो पोस्तक** सन् १९०८ लेखे । पहिलो पोस्तकले देवनागरी लिपि सिकाउने काम गऱ्यो भने दोस्रोलाई नेपाली पाठ्यपुस्तक भन्न सकिन्थ्यो ।[५७]

सन् १९१२ देखि नै नेपाली भाषालाई पनि अन्य भाषासरह पढ्न पाइयोस् भनी विभिन्न विद्वान् र संस्थाहरूले बङ्गाल सरकार र कलकत्ता विश्वविद्यालयसित लेखापढी गर्न थालेका थिए ।[५८] यसको अगुवा थिए सूर्यविक्रम ज्ञवाली । नेपालमा पनि दरबार हाइस्कुल र त्रिचन्द्र कलेजमा नेपाली विषयका पाठ्यक्रम सुरु हुँदै थियो । दरबार हाइस्कुल चल्दै थियो । त्रिचन्द्र कलेज खुल्दै थियो । यिनै प्रयासहरूका फलस्वरूप २४ जुलाई सन् १९१८ का दिन कलकत्ता विश्वविद्यालयबाट सरकारी विज्ञप्तिद्वारा नेपाली भाषालाई प्रवेशिका, आइ. ए. र बि. ए. मा नेपाली विषय मातृभाषाका रूपमा पढ्न पाउने व्यवस्था भयो भन्ने कुरा कलकत्ताको सरकारी ग्याजेटमा प्रकाशित भयो । नेपाली विषय पढाउनका लागि तत्कालीन सञ्चालित दुईवटा हाइस्कुलमध्ये कालिम्पोङको स्कटिश युनिभर्सिटीज मिसन इन्स्टिच्युशनका लागि सन् १८१९ मा पारसमणि प्रधान र दार्जिलिङ सरकारी हाइस्कुलका लागि धरणीधर कोइराला प्रथम नेपाली शिक्षकको रूपमा नियुक्त भए । सन् १८६० मा स्थापित सरकारी मिडल स्कुल र सन् १८७४ मा स्थापित भूटिया बोर्डिङ स्कुल मिलाएर सन् १८९१ म नै दार्जिलिङ सरकारी हाइस्कुल स्थापित भइसकेको थियो र सन् १९१९ मार्चदेखि हरि प्रिन्टिङ प्रेसमा रहेका कोइराला सन् १९२० बाट दार्जिलिङ सरकारी हाइस्कुलमा नियुक्त भए ।[५९] धेरै पहिलेबाट काशीतिर धर्मकर्म, व्यवसाय र शिक्षा आर्जनका उद्देश्यले नेपालीहरू पुग्न थालेका थिए । त्यतिखेर शिक्षा ग्रहणमा लाग्नेहरू नगण्य मात्रमा थिए । १९ औँ शताब्दीपूर्व संस्कृतभाषाका माध्यमबाट शास्त्रीयशिक्षा (वेद, पुराण, धर्मशास्त्र, दर्शन, ज्यातिष, साहित्य, व्याकरण आदि विषयका) प्राप्तिमा लागेका नेपाली विद्यार्थीहरूले नेपाली भाषा साहित्यको सेवा गर्न सकेको देखिँदैन । १९ औँ शताब्दीपछि शास्त्रीय अध्ययनमा लागेका विद्यार्थीहरूले नेपाली भाषा र साहित्यको विकास गर्ने भावनाले खास गरेर फारसी र अङ्ग्रेजी भाषाको समेत ज्ञान हासिल गरेका मोतीराम भट्ट (वि. सं. १९२३) ले भारत जीवन प्रेसबाट नेपाली भाषाका पुस्तकहरू प्रकाशन गर्न थालेपछि मात्र वि. सं. १९४० तिर बाट नेपाली भाषामा केही पुस्तक देखिन थालेको पाइन्छ । वि. सं. १९६३ मा रसिक समाजले **सुन्दरी** एवम् राममणि आ. दी.ले सन् १९६५ मा **माधवी** पत्रिका प्रकाशन गर्न थालेपछि मात्र काशीमा नेपाली

---

[५५] एल, बी. राई, 'पादरी गङ्गाप्रसाद प्रधान र नेपाली बाइबल एनोस्यास' **सङ्गति** (दार्जिलिङ : सन् १९८५), पृ. १४ ।

[५६] कुमार प्रधान, **पूर्ववत्**, पृ. २६ ।

[५७] रामलाल अधिकारी, **पश्चिम बङ्गाल र सिक्किमका शिक्षण संस्थाहरूमा नेपाली भाषाशिक्षण र शिक्षणमाध्यमका रूपमा यसको प्रयोग नेपाली अकादमी जर्नल** (दार्जीलिङ : भीमकान्त उपाध्याय, सम्पा. ब.उ.वि., सन् १९९५-९६) पृ. ३१ ।

[५८] पारसमणि प्रधान, **आफ्नोबारे,** (ललितपुर जगदम्बा प्रकाशन, वि. सं २०१८ ) पृ. ११७ ।

[५९] **ऐजन** ।

भाषाको औपचारिक शिक्षा आर्जनतर्फ चासो बढ्न थालेको बुझिन्छ । यही कालको ऐतिहासिक दस्तावेज पल्टाउँदा भेटिने नेपालबाट निर्वासित भएका प्रधानमन्त्री देवशमशेरले काशीको ब्रह्मघाटमा एउटा पाठशाला चलाउने उद्देश्यले एउटा गुठीको गठन गरी चार लाख रूपैयाँ प्रदान गरेका थिए तर उक्त पाठशाला सुचारु रूपमा चल्न नसकेको थाहा पाइन्छ । यस्तै राममणि आ. दी.ले सन् १९०५ मा इलाहावाद विश्वविद्यालयमा नेपाली भाषालाई म्याट्रिक तहको परीक्षाका निम्ति भारतीय शिक्षा विभागका विभिन्न अधिकारीसँग भेटी एवम् विभिन्न विद्वद्जनसँग सरसल्लाह गरी सन् १९०६ को २१ सेप्टेम्बरका दिन प्रयाग पुगेर विश्वविद्यालयका डाइरेक्टर जनरल लडिल्पोसँग कुराकानी गरेपछि सन् १९०६ को मई महिनामा इलाहावादबाट विश्वविद्यालयले नेपाली भाषामा प्रवेशिका परीक्षाका लागि स्वीकृति दिँदै अधि सूचना जारी गरेको थियो । यसरी नेपाली भाषालाई भर्नाकुलरका विषय मानेर औपचारिक जाँच दिन पाइने मञ्जुरी प्राप्त भयो । तथापि भाषा शिक्षणको औपचारिक व्यवस्था हुन सकेन । विद्यार्थीहरूले स्वाध्यायनकै भरमा जाँच दिनुपर्ने बाध्यता थियो । यस प्रकार नेपाली भाषाले भारतका शैक्षिक संस्थामा पाठ्यक्रमका माध्यमबाट अघि बढ्ने बाटो पहिल्यायो ।

## २.३.३ भारतमा नेपाली भाषा पठनपाठनको प्रक्रिया र विस्तार

भानुभक्तीय रामायणको प्रकाशन वि. सं. १९४२ मा भएपछि नै व्यक्तिगत एवम् अनौपचारिक रूपमा नेपाली भाषा सिक्ने र सिकाइने क्रम चलेको पाइन्छ । औपचारिक रूपमा पढ्ने तथा लेख्ने काम चाहिँ वि. सं.१९६४ देखि मात्र सुरु भएको हो । औपचारिक रूपमा नेपाली भाषा शिक्षण कार्य नेपालबाहिर दार्जिलिङबाट नै अघि बढेको देखिन्छ । अहिलेसम्म भारतमा मुख्य गरेर ११ वटा राज्यमा नेपाली भाषा साहित्यको शिक्षण परम्परा कायम छ । तिनीहरूलाई क्रमैलै उल्लेख गर्दा आसाम, उत्तरप्रदेश, उत्तराञ्चल, नागाल्यान्ड, पश्चिम बङ्गाल, मणिपुर, मिजोरम, मेघालय, बिहार, सिक्किम प्रमुख रूपमा देखापर्दछन् भने अरुणाचलदेखि तिरहुत बर्मासम्म नेपाली भाषा साहित्यको पठनपाठन केही मात्रामा देखापर्दछ । यीमध्ये विशेष रूपमा भारतमा नेपाली भाषा शिक्षण भएका स्थानहरूको चर्चा निम्न प्रकारले गर्न सकिन्छ :

### २.३.३.१ पश्चिम बङ्गाल (दार्जिलिङ)

दार्जिलिङमा नेपाली भाषाको पठनपाठनको सुरुवातका सन्दर्भमा कलम चलाउँदा दार्जिलिङमा नेपाली भाषाको प्रयोग १८ औं शदातब्दीबाट हुँदै अए पनि १९ सौं को पूर्वावार्द्ध तिर पादरी म्याकफर्लेलनले हिन्दी भाषाको माध्यमद्वारा स्थानीय मानिसहरूलाई शिक्षा दिने काम गरे तापनि नेपाली भाषाभाषीको संख्या बढी भएकाले पादरी टर्नबुलको व्याकरण प्रकाशन भएपछि मिसनरी स्कुलहरूमा नेपाली भाषाका माध्यमद्वारा भर्नाकुलर रूपमा पढ्न पाउने कुराको सोच पश्चान सन् १९०७ बाट नै नेपाली पढ्न पढाउन थालिएको पाइन्छ ।[टण] लोचनगर दार्जिलिङमा पादरी म्याक फर्लेनले एउटा प्रेस चालु गरेर बाइबलका पुस्तक र पत्रिका नेपाली भाषामा प्रकाशित गरेपछि यसैलाई गोर्खे प्रेस भनिन थालियो जहाँबाट गंगाप्रसादले गोर्खे खबर कागज प्रकाशन गर्थे ।

दार्जिलिङ्गमा नेपाली भाषाभाषीको संख्यामा क्रमशः बृद्धि हुँदै जाँदा नेपाली विद्यार्थीहरूको संख्यापनि बढ्दै गयो । त्यसैले सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान प्रभृत्ति विद्वान एवम् नेपाली भाषा साहित्यप्रेमी र भाषासेवीहरूले दार्जिलिङका विद्यालयहरूमा नेपाली भाषा पठनपाठन सम्बन्धी विषयलाई लिएर बङ्गाल सरकार एवम् कलकत्ता विश्वविद्यालयसगँ सम्पर्क गर्दै जाँदा २४ जुलाई सन् १९१८का दिन बङ्गाल सरकारले प्रवेसिका आइ.ए. बि.ए को परीक्षासम्म नेपाली भाषा साहित्य पढ्न पाउन कुरा सरकारी विज्ञप्तीद्वारा घोषित गरिएपछि कलकत्ता विश्वविद्यालयले यही मान्यतालाई स्वीकृति दिएको देखिन्छ । फलस्वरूप दार्जिलिङमा सन् १९१९ देखि सरकारी महाविद्यालयमा नेपाली पढाउनका लागी पारसमणि प्रधान र धरणीधर कोइराला नियुक्त भएको देख्छि । यसरी नै दार्जिलिङमा नेपाली भाषा साहित्य पढन पाउने औपचारिक कामको थालनी भएको हो ।[टज्ञ]

यो राज्य उत्तरी भेग बहुशः नेपाली भाषीहरूको कर्मथलोका रूपमा चिनिन्छ । नेपालबाहिर नेपाली भाषा र साहित्य तथा संस्कृति एवम् रहनसहनका आधारमा मूल्याङ्कन गर्दा अत्यधिक नेपाली

[टण] नेसास 'दियालो' वर्ष ९ हाँगो २५ सन् १९६९ ।

[टज्ञ] रामलाल अधिकारी 'निर्माण' पत्रिका पवन चाम्लिङ (सम्पा.) वर्ष २५ अङ्क २७ सिक्किम निमार्ण प्रकाशन जुन २००२, पृष्ठ १९६ ।

भाषीहरूको बसोबास दार्जिलिङ जिल्लामा परापूर्वकालदेखि नै रहिआउको छ । दार्जिलिङ जिल्लाका विशेष गरेर दार्जिलिङ, कर्साङ, कालिम्पोङ, सिलगढी तथा जलपाइगुढी जिल्लाको डुवर्स इलाकामा नेपाली भाषा शिक्षणको सामान्य व्यवस्था भएको पाइन्छ ।

पश्चिम बङ्गाल सरकारको शिक्षा विभागद्वारा प्राथमिक स्कुलहरूका लागि नेपाली भाषामा लेखिएका नेपाली पाठ्यपुस्तक निर्माण गर्ने १६६५ अधि सूचना प्रकाशित १६ नोभेम्बर १९२० गरियो । पाठ्यपुस्तक तयार पार्ने जिम्मा पारसमणि प्रधानले पाए । उनले नेपाली साहित्य, इतिहास, भूगोल, गणित, स्वास्थ्य र शिक्षा एवम् कथाहरूको किताब निर्धारित पाठ्यतालिकाअनुरूप तयार गरे । ती पाठ्यपुस्तकहरू १९२६ मा स्वीकृत भए । सन् १८७४ मा ब्रिटिस भारतको अनुसूचित जिल्ला कानुनअन्तर्गत रहेका पहाडका नेपालीहरू सन् १९२० देखि (एक्सक्ल्युडेट एरिया) छुट्टै क्षेत्रमा परे । कलकत्ता विश्वविद्यालयले यस क्षेत्रको प्रमुख भाषा नेपालीलाई प्राथमिकदेखि बी. ए. सम्मका शिक्षणका निम्ति मान्यता दिएको अवस्थामा नै पश्चिम बङ्गाल सरकारको अधिसूचना नम्बर ४२२, ८ जनवरी १९२६ मा उल्लेख भएअनुसार नेपाली बङ्गाली, उर्दू र हिन्दी त्यस प्रान्तका प्रमुख भाषा मानिन्छन् ।[६२]

छुट्टै क्षेत्र भएकै बखत सन् १९२० मा पारसमणि र शेषमणि प्रधानले नेपाली व्याकरण र धरणीधर कोइरालाले **नैवेद्य** प्रकाशनमा ल्याए ।

सन् १९१८ मा नेपाली भाषाले शिक्षाका विभिन्न तहमा मातृभाषाका रूपमा मान्यता प्राप्त गरेपछि नेपाली भाषाप्रेमी बुद्धिजीवी वर्गले नेपाली भाषा शिक्षाको माध्यमका रूपमा मान्यता पाउनुपर्छ भन्ने माग राखेपछि सन् १९२९ मा तत्कालीन ब्रिटिस सरकारले एउटा टेक्स्ट बुक कमिटि बनायो । त्यतिखेरसम्म पनि प्राथमिक शिक्षाको माध्यम हिन्दी नै भए पनि स्कट मिसनद्वारा सञ्चालित कालिम्पोङ र दार्जिलिङका केही पाठशालाहरूमा प्राथमिक शिक्षाको माध्यम नेपाली नै हुन थालिसकेको थियो । उक्त टेस्टबुक कमिटिमा दार्जिलिङका तत्कालीन डेपुटी कमिस्नर पी. जे. ग्रिफितबाहेक सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, मोतीचन्द्र प्रधानलगायतका चौध सदस्यहरू थिए । उनीहरूले ११ दिने सभा बसी साउँ अक्षर देखि शिशुबोधिनीसम्म २१ वटा पाठ्यपुस्तक तयार पारे । फलस्वरूप यसको परिणामस्वरूप शिक्षा विभागबाट सरकारी विज्ञप्ति प्रकाशित भई सन् १९३३ को अप्रिल महिनादेखि दार्जिलिङ जिल्लाका सम्पूर्ण पाठशालाहरूमा शिक्षाको माध्यम नेपाली भाषा हुन थाल्यो । यस्तै सन् १९४९ देखि बहुसङ्ख्यक नेपालीहरू भएका जिल्लामा प्राथमिक विद्यालयहरूमा नेपाली भर्नाकुलर लगायत अन्य विषय इतिहास, भूगोल, नागरिक शास्त्र, गणित आदि नेपाली माध्यममा पढाउन सन् १९३९ देखि निम्न उच्च विद्यालय तहसम्मका निम्ति नेपाली भाषा शिक्षाको माध्यमका निम्ति सरकारी विज्ञप्ति प्राप्त भयो र सन् १९५३ मा नेपाली भाषा प्रवेशिकाको स्तरसम्म स्वीकृत भयो । यसरी प्रवेशिकासम्म नेपाली भाषाले शिक्षाको माध्यम पाएपछि १९८६ सम्मका प्राथमिक पाठशालाहरू ६००, निम्न उच्च विद्यालय र उच्चतर विद्यालयको सङ्ख्या ८३ रहेको पाइन्छ । यस बेलामा मिसन अधीनस्थ पाठशालाहरू २०० जति थिए जहाँ नेपाली भाषालाई भर्नाकुलर विषयको रूपमा पढाए पनि शिक्षाको माध्यम चाहिँ हिन्दी नै थियो । यही बेला नेपाली भाषीहरूले सरकार समक्ष नेपाली भाषा शिक्षाको रूपमा हुनुपर्छ भन्ने माग गर्न थाले तर नेपाली शिक्षाको माध्यम हुन नदिनुमा पाठ्यपुस्तकको अभाव नै प्रमुख कारण मानियो ।[६३] यस पूर्व नै १९२९ मा बङ्गाल प्रान्तका गभर्नरद्वारा नेपाली भाषाका निम्ति गठित पाठ्यपुस्तक समितिले १९३१ मा नेपाली पाठ्यपुस्तक जाँचबुझ बङ्गाल शिक्षा निकेतनसमक्ष प्रस्तुत गरेपछि ४ जनवरी १९३५ मा शिक्षा विभागबाट दार्जिलिङ जिल्लाका सम्पूर्ण प्राथमिक पाठशालाहरूमा शिक्षाको माध्यम नेपाली हुने अधिसूचना प्रकाशित भइसकेको थियो । अझ त्यसभन्दा पहिले नै स्कट मिसनद्वारा सञ्चालित प्राथमिक पाठशालाहरूमा भने गैरसरकारी तवरबाट मात्र नेपाली भाषा शिक्षणका रूपमा माध्यम भाषा नेपालीको नै प्रयोग भइरहेको थियो भन्ने उल्लेख पाइन्छ ।[६४] यस्तै दार्जिलिङमा सन् १९४३ मा डम्बरसिंह गुरुङको नेतृत्वमा भारतीय गोर्खालीगका गठन भएपछि डुवर्सतिर पनि लिगको शाखा खोलियो । सन् १९४७ मा लिगका भाषाप्रेमीहरूले आफ्नै प्रयासमा कतिपय चियाकमानका स्कुलहरूमा नेपाली माध्यमका प्राथमिक पाठशालाहरू बनाए । यी काम गैरसरकारी रूपमै भए पनि नेपाली माध्यममा भाषा साहित्यको

---

[६२] रजनी शर्मा, **पूर्ववत् सन्धान** -वर्ष १, अङ्क १, २००५, सिक्किम) पृ. ५७ ।

[६३] दिवाकार प्रधान,'दार्जिलिङ जिल्लाअन्तर्गत नेपाली भाषा शिक्षणमा पारसमणि प्रधानको योगदान' **आह्वान** (सिलगढी : राजेन तामाङ, अक्टोबर १९९२), पृ. ६० ।

[६४] क. पारसमणि प्रधान, **पाँच पौरखी पुरुष रत्न**, (कालिम्पोङ : भाग्यलम्क्ष्मी प्रकाशन, सन् १९६९) पृ. ३२ ।
ख. पारसमणि प्रधान, **रोचक संस्मरण** (कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन, सन् १९८३) पृ. १६३ ।

पठनपाठन गराउन थालिएको पाइन्छ ।[६५] अतः पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा नेपाली भाषा पठनपाठनको प्रक्रिया र विस्तार यसरी नै अघि बढेको पाइन्छ । दार्जिलिङ जिल्लाका साथै जलपाइगुढी जिल्लाअन्तर्गतको डुवर्स त्यस्ता इलाकाहरू हुन् जहाँ भारतका अन्य क्षेत्रमा भन्दा बढी नै शिक्षाको माध्यमका रूपमा नेपाली भाषा प्रयोग गरिएको छ । तर पनि जहाँ नेपाली जातिको बाहुल्य छ त्यस्ता भारतका अन्य कतिपय राज्यमा आंशिक रूपमा भए पनि नेपाली भाषा शिक्षणको व्यवस्था गरिएको पाइन्छ । अतः ती राज्यहरूमा नेपाली भाषा शिक्षणको कस्तो व्यवस्था छ, तिनीहरूलाई सामान्य दिग्दर्शनका रूपमा यहाँ चर्चा गरिएको छ । सर्वप्रथम विश्वविद्यालय स्तरमा नेपाली भाषा पठनपाठनको सूत्रपातको सामान्य अवस्थाबारे उल्लेख गर्नु सान्दर्भिक हुनेछ । तत्पश्चात् डुवर्सको विषयलाई अगि सारिएको छ ।

**क) विश्वविद्यालय स्तरमा**

२० अप्रिल, १९५३ को कलकत्ता ग्याजेटमा कलकत्ता विश्वविद्यालयको प्रवेशिका परीक्षाका निम्ति प्रमुख भाषाको रूपमा नेपाली भाषालाई स्वीकृति दिएको अधिसूचना प्रकाशित भयो । यसै आधारबाट दार्जिलिङका बहुसङ्ख्यक नेपाली विद्यार्थी भएका स्थानमा प्रवेशिका अर्थात् उच्चतर माध्यमिक विद्यालयहरूमा नेपाली प्रमुख भाषाका रूपमा पठनपाठन गर्न पाउने व्यवस्था भयो । तर यसभन्दा धेरै पहिले नै औपचारिक रूपमा २४ जुलाई १९१८ मा कलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई म्याट्रिकुलेसन, इन्टर मिडिएड र बी. ए.को अध्ययन स्वभाषा विषयको रूपमा मान्यता पाएपछि कालिम्पोङ स्कटीज युनिभर्सिटिज मिसन इन्स्टिच्युटमा १६ फेब्रूअरी १९१९ देखि, त्यस्तै दार्जिलिङ सरकारी हाइस्कुलमा १ अप्रिल १९२१ देखि नेपाली भाषाको औपचारिक शिक्षण प्रारम्भ भएको पाइन्छ तर अचानक १९६० मा कलकत्ता विश्वविद्यालयबाट नेपाली विद्यार्थीहरू उक्त सुविधा वञ्चित गरिएबाट यस विषयमा नेपाली साहित्य सम्मेलन र दार्जिलिङका अन्य व्यक्तिहरूले कलकत्ता विश्वविद्यालयका पदाधिकारीसँग सरसल्लाह र पत्राचार गर्दै प्रचार गर्ने क्रम बढाए र बङ्गालका प्रमुख मन्त्रीहरूलाई पुरानो व्यवस्थाा फर्काउन आग्रह गर्दै रहे । फलस्वरूप दुई वर्ष पनि बित्न नपाउँदै सन् १९६२ मा दार्जिलिङ जिल्लाको राजा राममोहनपुरमा उत्तरबङ्ग विश्वविद्यालयको स्थापना भयो ।

**ख) डुबर्स क्षेत्र**

जलपाइगुढीको डुवर्स इलाकामा सन् १९३२ बाट नेपाली विषय स्वतन्त्र रूपमा पठनपाठन गर्न पाइने कुराको उल्लेख पाइन्छ । सन् १९३४ मा अमृतबहादुर राईले व्यक्तिगत रूपमा विद्यार्थीहरू भेला गरी नेपाली भाषामा शिक्षा दिने सुरुआत गरेका थिए । त्यसपछि रत्नकुमारी प्रधानले सन् १९४० मा इलेनबारी चिया कमानमा एउटा पाठशाला खोलिन् । यसरी डुवर्स क्षेत्रमा नेपाली भाषा पठनपाठन गराउने कार्यको औपचारिक सुरुआत भएको हो । यसरी सन् १९५५ मा आइपुग्दा डुवर्सको हेमिल्टन गन्जमा खोलिएको नेपाली माध्यमको निम्नउच्चतर (छैटौँ श्रेणीसम्मको) विद्यालय पहिलो नेपाली माध्यमको सरकारी मान्यता प्राप्त विद्यालय बन्यो ।[६६] हाल यो विद्यालयमा प्राथमिक स्तरसम्म मात्रको पठनपाठन सञ्चालन भइरहेको छ । सन् १९९४ सम्म डुवर्सका नेपाली बहुल क्षेत्रमा नेपाली माध्यमका एघार वटा माध्यमिक विद्यालयहरू सञ्चालन भएका देखिन्छन् तर उच्चतर तहमा पढ्न चाहने विद्यार्थीलाई भने माध्यम भाषाको रूपमा नेपालीको सुविधा देखिँदैन । उच्चतर माध्यमिक स्तरको पाठ्यक्रममा निर्धारित २०० को पूर्णाङ्को भर्नाकुलर नेपाली पनि पढ्न नपाएर सिलगढी र दार्जिलिङतिरै धाउनु पर्ने बाध्यता डुवर्सका विद्यार्थीहरूलाई थियो ।[६७]

## २.३.३.२ सिक्किम

सन् १९७५ मा भारतमा विलय भई पुनः २२ औँ प्रान्तका रूपमा स्थापित भएको सिक्किम राज्यमा नेपाली भाषाभाषीहरूको सङ्ख्या अधिक भए पनि धेरै जसो विद्यालयहरूमा शिक्षण माध्यमको भाषा अङ्ग्रेजी नै छ । यो प्रस्तुत शोधकार्य तयार भएको बेला सम्मको कथन हो । नेपाली

---

[६५] क. इन्द्रबहादुर राई, **दार्जिलिङ जिल्लाको नेपाली भाषामा प्राथमिक शिक्षाको प्रारम्भ**, (दार्जिलिङ : सेन्ट रोवर्स सैन्टभियर्स सन् १९६८) पृ. २९ ।
ख. रजनी शर्मा, **पूर्ववत्**, ५९ ।

[६६] जस योञ्जन 'प्यासी' भारतमा नेपाली भाषा र साहित्यको उत्थानमा पारसमणि प्रधानले गरेका योगदानको विश्लेषणात्मक मूल्याङ्कन अप्रकाशित शोधप्रवन्ध (दार्जिलिङ : उत्तरबङ विश्वविद्यालय, सन् १९९९-६-२१) पृ ४/१५५ ।

[६७] रजनी शर्मा, **पूर्ववत्**, पृ. ५८ ।

निम्नमाध्यमिक र उच्चमाध्यमिक स्कुलका बोर्ड समितिहरू छैनन् । नेपाली भाषालाई भर्नाकुलरका रूपमा पढाउने व्यवस्था छ । सिक्किममा सर्वप्रथम नेपाली विषयको शिक्षा दिन सन् १९२० मा सिक्किम शिक्षा विभाग स्थापना भएपछि मात्र सन् १९२० बाट अनौपचारिक रूपमा प्रारम्भ भएको हो ।[६८] यसै साल गान्टोकका श्यामप्रसादले आफ्नो डेरामा बालबालिकालाई नेपाली पढाउन थाले, फलस्वरूप यो पठनपाठन सन् १९२२ मा नेपाली बोर्डिङ स्कुलमा रूपान्तरण भयो । सन् १९२५ मार्चमा नेपाली बोर्डिङ र भोटिया बोर्डिङ स्कुल एकै ठाउँमा सम्मिलित भए पछि सरटासी नामग्याल हाइस्कुल नामान्तरित भयो । त्यसपछि मात्र व्यवस्थित र औपचारिक ढङ्गबाट नेपाली भाषाले पठनपाठनका माध्यमबाट अघि बढ्ने अवसर पायो । त्यस बेला नेपाली बोर्डिङ स्कुलका प्रिन्सिपल रश्मिप्रसाद आलेलाई नेपाली विद्यार्थीलाई हिन्दी र अङ्ग्रेजी माध्यममा पढाउनु पर्दा अति दुःख लागेको थाहा पाइन्छ ।[६९] सन् १९२१ बाट आफ्नै बोर्डिङमा नेपाली भाषा प्रकाशिनी समितिद्वारा तयार गरिएका नेपाली पाठ्यपुस्तकहरू झिकाई पढाउन सुरु गरे । सन् १९२२ सालदेखि नेपाली भाषामा लेखिएका पुस्तकहरू प्रायः सबै विद्यार्थीहरूलाई पढ्न कर लाग्यो । तिब्बतियन पाठ्यपुस्तक नभएकाले तिब्बतिमूलका विद्यार्थीले पनि नेपाली नै पढे । सिक्किममा भाषा र साहित्यको शैक्षणिक प्रयोग स्नातक तहसम्म हुने गर्छ । राज्य भाषाको रूपमा मान्यता प्राप्त यस भाषालाई आजसम्म माध्यम नबनाउनु दुःख लाग्ने कुरा हो ।[७०] तथापि सन् २००३ को शैक्षिक सत्रदेखि परिमल स्मृति महाविद्यालय माल बजारमा ऐच्छिक नेपाली र प्रमुख भारतीय भाषाको रूपमा नेपाली पढाउने व्यवस्था सुरु भएको छ । २००५ को शैक्षिक सत्रदेखि पीरपाडा कलेजमा भारतीय भाषाकै रूपमा नेपाली पढाउने व्यवस्था मिलाइएको छ । अहिले नाम्ची र रिनोकमा पनि सरकारी विद्यालय र महाविद्यालयहरूमा नेपाली विषयको पठनपाठन हुन थालेको छ । पाक्किममा निजी महाविद्यालय खोलिएको जानकारी गराइन्छ जहाँ नेपाली विभाग पनि खोलिएको छन् ।[७१] त्यहाँको सिक्किम सरकारी महाविद्यालय भने उत्तरबङ विश्वविद्यालयमा समाहित भएकाले नेपाली भाषामा परीक्षा लेख्न पाइने व्यवस्था छ । कलेज शिक्षण माध्यमको रूपमा नेपाली भाषाको प्रयोग नगरिए पनि बहुसङ्ख्यक नेपाली भाषी भएकाले आजभोलि सक्किमेलीहरू विश्वविद्यालय स्थापनाका निम्ति जोडतोडले लागेका छन् ।[७२] सिक्किममा साहित्यको सेवामा त्यहाँका मुख्यमन्त्री पवन चाम्लिङको प्रमुख योगदान छ । अगमसिंह गिरी, पारिजात, इन्द्रबहादुर राईहरूद्वारा लिखित थुप्रै नेपाली साहित्यका पुस्तकहरू निर्माण प्रकाशनलगायतका सिक्किमका अन्य प्रकाशनहरूबाट प्रकाशित भएका छन् । यो पनि नेपाली भाषा साहित्यको उत्थानका लागि गरिएको एउटा महत्त्वपूर्ण कार्य हो ।

### २.३.३.३ आसाम

भारतको पूर्वाञ्चल राज्यमध्ये गोरखा पाठशाला त्यहाँको हाईस्कुल (सन् १८७६ को अप्पर मै प्रेम सिलाङ) भन्दा पहिले खोलिएको हो । यस बाहेक सन् १९२२ मा सिलाङमा नै गोरखा पाठशाला, सन् १९३६ मा डिगबोईमा बङ्गोलाई गोरखा प्राइमरी स्कुल, सन् १९४६ को गोरखा एल्. पी. एण्ड एम्. स्कुल पाटन बजार गोहाटीमा सन् १९४७ मा डिबावोईमा आसाम आयल कर्पोरेसन नेपाली एम्. ई. स्कुलजस्ता नेपाली भाषाका स्कुलहरू नेपालीहरूकै प्रयासमा खोलिए । यी स्कुलहरूमध्ये गोरखा एलम्पीठ पछिका स्कुलमा नेपाली भाषाका माध्यमका रूपमा नै पठनपाठन निम्न उच्च विद्यालयका रूपमा हुन थालेको छ ।[७३]

सन् १९१८मा कलकत्ता विश्वविद्यालयबाट बङ्गालभित्र नेपाली माध्यमका स्कुलहरू पाएको मान्यतालाई नै आधारमानी पूर्वाञ्चलका उक्त पाठशालाहरू खोलिएका हुन् अनि नेपाली भाषाले पूर्वाञ्चलमा पनि स्वीकृति पायो । सन् १९४६ मा गोहाटी विश्वविद्यालयको स्थापना भएपछि आसामका कलेजहरूमा भारतीय भाषाका रूपमा सो अध्ययनद्वारा परीक्षा दिन पाइने व्यवस्था भयो तर

---

[६८] के. आर. चत्रवर्ती, **एजुकेसन्स माइल्स टुङगो**, (न्यू दिल्ली : एन् राम फन्ट लाइन, ११ : २५, जुलाई १६-२९ सन् १९९४), पृ. ७५ ।

[६९] रश्मिप्रसाद आले, 'सिक्किममा नेपाली शिक्षाको शिलान्यास तथा प्रचारप्रसार', **दियालो** (वर्ष ४, अङ्क १६, सन् अक्टुवर १९१६) पृ. ७० ।

[७०] रजनी शर्मा, **पूर्ववत्**, पृ. ५९-६० ।

[७१] महानन्द पोड्याल र अन्य, **सन्धान** (वर्ष २, अङ्क २ सन् २००६ सिक्किम) पृ. ६० ।

[७२] धनश्याम नेपालसँगको प्रत्यक्ष अन्तर्वार्ताबाट जानकारी भएअनुसार, मिति २०६३-१२-१४ गते, नेपाली विभाग ।

[७३] भीमकान्त उपाध्याय, **आँखीझ्यालबाट हेर्दा**, (सिलगढी : नेपाली लेखक सहकारी समिति, सन् १९९४) पृ. ५ ।

उच्चमाध्यमिक स्तरमा भने नेपाली भाषालाई आसाम सरकारले शिक्षाको माध्यमको रूपमा मान्यता नदिएकाले उच्च माध्यमिक तहमा पनि सो अध्ययन गरी परीक्षा दिन सकिन्छ ।[७४]

गौहाटी सबै डिब्रुगढ विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूमा स्नातक तहमा आधुनिक भारतीय भाषाका रूपमा नेपाली पठनपाठन भए तापनि ऐच्छिक विषयको रूपमा मात्र स्वीकृति छ तर ती विश्वविद्यालयहरूले स्नातकोत्तर तहको पाठ्यक्रम चालु गरेका छैनन् । आसामका यस दरङ कलेज, डेकियाचुली कलेज, विश्वनाथ चारआली कलेज (तेजपुरमा) मा स्नातक कक्षाको ऐच्छिक विषयका रूपमा पढ्न पाइन्छ । अतः नेपाली विषयमा आसामका यस गोहाटी विश्वविद्यालयमा, डिब्रुगढ विश्वविद्यालयमा र तेजपुर विश्वविद्यालयमा नेपाली (एम्. आइ्. एल्.) को ऐच्छिक रूपमा पठनपाठन देखिन्छ ।

### २.३.३.४ मेघालय

भारतको पूर्वाञ्चलमा पर्ने अर्को राज्य मेघालयमा सन् १९३३ मा गोरखा पाठशालको स्थापना भएपछि कक्षा ८ सम्म मात्र शिक्षाको माध्यम नेपाली छ । यो उच्च मा. वि. बने पनि नेपाली भाषालाई पूर्ण महत्त्व दिइएको छैन । सुगौली सन्धिपछि त्यहाँ पुगेका नेपालीहरूका माझ सन् १८६७ मा अप्परप्रेम सिलाङमा राधाकृष्ण मन्दिर स्थापित गरिएको छ र मन्दिरकै एक कोठालाई लाइब्रेरी स्कुल भनी खोलिएको छ । सन् १८६७ मै गोरखा पाठशालामा परिणत गरिएपछि मेघालयमा नेपाली भाषाको औपचारिक पठनपाठन थालिएको हो ।[७५] पछि बन्द भएको उक्त स्कुललाई मणिसिंह गुरुङले सन् १९२८ मा सरकारसँग माग गरी एम् इ. स्कुलको दर्जा दिलाएर नेपाली भाषाका माध्यमबाट शिक्षण व्यवस्था मिलाइएको जानकारी पाइन्छ ।[७६] सन् १९४८ मा त्यहाँ गोर्खा एल्. पी. स्कुल पनि खोलियो । यी कार्यका प्रतिफलस्वरूप मेघालयमा सञ्चालित नेपाली विषय पढाइने कलेजहरूमा सिलाङको सेन्ट एन्थोनी कलेज, शङ्करदेव कलेज मुख्य हुन् । यी कलेज नर्थ इस्ट नै हिल युनिभर्सिटी अन्तर्गत पर्दछन् । यसै विश्वविद्यालयका अन्य कलेजमा मदर इन्डियन ल्याङग्वेजको रूपमा स्वीकृत भई पठनपाठन चल्दै आएको छ । खासगरी मेघालयमा बहुसङ्ख्यक नेपालीहरूको बसोबास भएको ठाउँमा सिलाङ, तुरा र बडापानी नै अगाडि छन् । अतः नेपाली भाषा महाविद्यालय उत्तर पूर्वाञ्चलीय पार्वत्य विश्वविद्यालय (नर्थ इस्टर्न हिल युनिभर्सिटी) हरूमा नेपाली भाषासाहित्यको पठनपाठन उन्नतितिर गएको पाइन्छ ।[७७]

### २.३.३.५ मणिपुर

पूर्वाञ्चलकै अर्को राज्य मणिपुरमा सन् १९७५ देखिको बोर्ड अफ सेकेन्डरी एजुकेसन, मणिपुरको पाठ्यक्रमअनुसार त्यहाँका नेपाली विद्यार्थीहरूले प्रथम भाषाका रूपमा नेपाली पढ्दै आएको कुरा जानकारी पाइन्छ । यस अघि कलकत्ता विश्वविद्यालयले पूर्वाञ्चलका महाविद्यालयहरूको परीक्षा सञ्चालन गरेको बेलामा पनि एउटा भाषा नेपाली लिएर पढ्न पाउने व्यवस्था थियो । कालपहाड गोर्खा हाइस्कुल तथा इम्फालको आसाम राइफल्स स्कुलमा प्राथमिक-माध्यमिक स्तरमा एउटा विषय नेपाली प्रथम भाषाका रूपमा पढाइन्छ भने डि. एम्. कलेज र जी. पि. वुमेन कलेजमा समेत नेपाली प्राध्यापकहरू नियुक्त गरी पढाउने व्यवस्था भइसकेको देखिन्छ ।

हरिप्रसाद गार्खा राईको सक्रियतामा नागाल्यान्डको चाँदमारीमा एउटा नेपाली विद्यालय खोलिएको छ भने मिजोरमतिर पनि त्यस्ता केही काम पक्कै भएका छन् । यसरी मूलरूपमा विवेचना गर्दा पूर्वाञ्चलमा महाविद्यालयस्तरसम्म प्रमुख भारतीय भाषाहरूको रूपमा एक विषय नेपाली लिन पाइने व्यवस्था भए पनि समग्र रूपमा निम्नमाध्यमिकभन्दा माथि उठ्न सकेको स्थिति छ ।

**छ) उत्तराञ्चल**

सन् १९१६ देखि गोर्खा एसोसिएसन नामक सामाजिक संस्थाले हिमाञ्चल प्रदेशमा भाक्सूमा नेपाली भाषालाई संरक्षण दिन थाल्यो । सन् १९३२ मा बहादुरसिंह बरालले **बरालको आँसु, औंठी गगल्स झूल** लेखेपछि केही कदम चलेको पाइन्छ । मास्टर मित्रसेन थापाले सन् १९३३ देखि समाज सुधारका गीत भ्याउरे छन्दमा रची गाउँदै हिड्न थालेका थिए र उनले नै रेडियो नाटक तयार गर्ने र अरुलाई

[७४] रजनी शर्मा, **पूर्ववत्**, पृ. ६० ।

[७५] पुरुषोत्तम उपाध्यय, **मेधालय**, (सिलाङ : सेन्टेनरी शिलोङ गोर्खा एसोसिएसन, सन् १९८६), पृ. ६ ।

[७६] मणिसिंह थापा, 'शिलाङको एक परिचय', **नेपाली** (पूर्णाङ्क १९, बैशाख-असार, वि. सं. २०२१) पृ. ४४ ।

[७७] भीमकान्त उपाध्यायसँग प्रत्यक्ष अन्तर्वार्ताबाट जानकारी भए अनुसार मिति २०६३-१२-१३ गते अपरण ६ बजे सिलगुडी ।

पनि सम्मिलित गराएर नाटक खेलाउने कार्य गरी नव युगीन चेतना फैलाउने काम गरे । यी कारणकै प्रतिफलस्वरूप सन् १९६४ देखि भाक्सूमा इटवा हायर सेकेन्डरी स्कुलमा नेपाली भाषालाई अतिरिक्त एवम् ऐच्छिक विषयका रूपमा स्वीकृति दिई अध्ययन अध्यापन हुन थालेको पाइन्छ । यसै गरी सन् १९८६ बाट त्यहाँका केही कलेजहरूले महत्त्व दिएर नेपाली एक भाषाको रूपमा अध्ययन गर्ने व्यवस्था मिलाएको पाइन्छ । हालको उत्तराञ्चल राज्यमा पर्ने देहरादूनमा नेपाली भाषाको प्रसारप्रचार भई नै रहेको छ । यस कुरामा भाक्सू पनि सक्रिय छ ।[७८]

**ज) उत्तरप्रदेश**

भारतमा नेपाली भाषालाई सबभन्दा पहिला हाईस्कुल स्तरमा मान्यता दिएको पहिलो राज्य उत्तरप्रदेश हो । उत्तरप्रदेशमा धर्मकर्म, विद्याआर्जन एवम् राजनीतिक सन्दर्भमा परापूर्वकालदेखि पुग्ने गरेको नेपाली जाति र नेपाली संसारका लागि काशीको भूमिका महत्त्वपूर्ण रहिआएको छ । यस्ता कतिपय कारण र त्यस क्षेत्रको नेपालसँग राम्रो सम्बन्ध भएका कारणले नै राममणि आ. दी. को प्रयासबाट सन् १९११ देखि त्यस बेलाको संयुक्त प्रदेश हालको उत्तरप्रदेशमा हाईस्कुलसम्मको पाठ्यक्रममा नेपाली मान्यता प्राप्त गरेको थियो । पछिबाट बाराणसीको राजकीय महाविद्यालय (क्वीन्स कलेज) वाराणसेय संस्कृत विश्वविद्यालय (वर्तमानको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय) एवम् काशी विद्यापीठमा नेपाली भाषा शिक्षणको व्यवस्था मिल्यो । बनारस हिन्दू युनिभर्सिटी (वि.एच्. यू.) ले नेपाली विषयका लागि विशेष चाख दियो । फलस्वरूप आज त्यहाँ नेपाली विषयमा स्नातक, स्नातकोत्तर तहको पठनपाठन र विद्यावारिधि तहको अनुसन्धान पनि चल्दै छ ।

विश्वविद्यालय स्तरबाट नेपाली भाषालाई म्याट्रिक परीक्षाका निम्ति उत्तरप्रदेशमा प्रयाग विश्वविद्यालयले सन् १९०९ मा स्वीकृति दिएको पाइन्छ । तथापि देहरादूनमा गोर्खाफौजका नानीहरूका लागि छाउनीभित्र स्थापित गोर्खा स्कुलबाट नेपाली भाषामा पठनपाठन भएको मानिन्छ ।[७९] बी. एच्. यू. ले सन् १९३० मा प्रवेशिका र आइ. ए.का परीक्षाका लागि नेपाली विषय भनी सरकारी विज्ञप्ति प्रकाशित गरे पनि सन् १९४२ देखि मात्र आइ. ए.को पढाइ थालिएको हो । यस्तै बी. एच्. यू.ले सन् १९३८ मा बी. ए. परीक्षाका लागि नेपाली भाषालाई स्वीकृत दिए पनि सन् १९७२ बाट मात्र अध्ययनअध्यापन सञ्चालन गरेको पाइन्छ ।[८०]

कक्षा १२ सम्म परीक्षा दिन पाउने व्यवस्था सन् १९५६ बाट उत्तरप्रदेशमा चल्यो । सन् १९६० बाट (हालको उत्तराञ्चल भित्रपर्ने) देहरादूनको गोर्खा इन्टर कलेजमा मात्र नेपाली भाषा माध्यममा अध्ययन अध्यापन चले पनि यो सुक्दै गयो ।[८१] बी. एच्. यू. ले सन् १९८१-८२ को शैक्षिकसत्रदेखि नेपाली स्नातकोत्तर पाठ्यक्रम स्वीकृत गरी अध्ययनअध्यापन चलाउँदै गयो भने वर्तमानमा सन् १९९२ पछि विद्यावारिधि तहको अनुसन्धान कार्य पनि चलाईरहेको छ । भर्खरै मात्र एम् फिल. को पाठ्यक्रम निर्माण गरी सो तहको पठनपाठन पनि आरम्भ गरेको पाइन्छ ।

यस्तै बिहार पटना विश्वविद्यालयबाट सन् १९६५ अघिदेखि नै नेपालीमा बाह्य (प्राइभेट) परीक्षा दिन पाइने व्यवस्था गरिएको छ । यस कार्यका लागि राममणि आ. दी.र रुद्रराज पाण्डेको महत्त्वपूर्ण योगदान छ । उनीहरूले नेपाली भाषालाई पनि प्रवेशिकादेखि बी. ए. सम्मको विषयको रूपमा ऐच्छिक स्वीकृत दिलाए विषयकै रूपमा भएपनि । पछि पटना मगध र राँची विश्वविद्यालयबाट समेत बाह्यपरीक्षाका रूपमा नेपाली भाषामा स्नातकोत्तर दिन पाइने व्यवस्था गरिएको पाइन्छ । दिल्लीस्थित जवाहरलाल नेहरू विद्यालयअन्तर्गत अन्तर्राष्ट्रिय भाषा अध्ययन स्कुलमा पनि नेपाली भाषा शिक्षण गर्ने व्यवस्था छ ।

## २.३.४ निष्कर्ष

माथि वर्णित यिनै सारगत उपलब्धिसित पूर्ववर्णित पठनपाठन एवम् अनुसन्धानकार्यमा विगतका दाँजोमा वर्तमान धेरै अगाडि छ तर प्रारम्भको जस्तो उत्साही पन कम छ । तसर्थ पूर्वकथित आधारबाट

---

[७८] मगन पथिक, 'उत्तराञ्चल : भाषा आन्दोलन र भाक्सू' **प्रक्रिया** (वर्ष ७, अङ्क ११, सन् १९९३), पृ. १५ ।

[७९] शैलेन्दुप्रकाश नेपाल, **माधवी** ।

[८०] डिल्लीराम तिम्सिना, **बाणीसाधना** (वाराणसी : वर्ष २, अङ्क ३, वि. सं २०४०) पृ. २ ।

[८१] घनश्याम नेपालसँग प्रत्यक्ष अन्तर्वार्ताबाट पूर्ववत् ।

सारगत रूपमा व्यक्त गर्दा प्राथमिक पाठशालादेखि निम्नउच्चविद्यालय, उच्चतर विद्यालय हुँदै महाविद्यालयसम्मको एउटा श्रेणी छ भने स्नातक तहको नेपाली विषयमा अनर्स र साधारण (ऐच्छिक नेपाली) को अर्को श्रेणी र स्नातकोत्तर तथा एम्. फिल्को उच्चत्तर श्रेणी एवम् विद्यावारिधिको गवेषणात्मक गहन कार्यमार्फत भए गरेका कार्यहरूलाई विचार्दा नेपाली भाषा साहित्यले क्रमिक रूपबाट अगाडि बढ्दै गएको देखिन्छ भन्ने कुरा ऐतिहासिक सन्दर्भबाट समेत महत्त्वपूर्ण उपलब्धि रहिआएको छ ।

**शैक्षिक क्षेत्रमा प्राप्त उपलब्धिः**

शैक्षिक क्षेत्रमा प्राप्त उललब्धिलाई सूत्रात्मक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

१. मान्यताप्राप्ति पश्चात् सङ्घीय लोकसेवा आयोगअन्तर्गत I, A, S, J, P, S आदि परीक्षामा समेत एक विषय ऐच्छिक नेपाली, वैकल्पिक नेपाली लिने व्यवस्था सुरु भएको छ । यस अतिरिक्त इतिहास र राजनीतिशास्त्र विषयमा नेपाली माध्यममा पनि परीक्षा दिन पाउने व्यवस्था छ ।

२. मान्यताप्राप्ति पश्चात् पश्चिम बङगाल, असम, सिक्किम, मेघालय, मणिपुर, हिमाञ्चल प्रदेश र उत्तराञ्चल इत्यादि राज्यहरूमा शैक्षिक क्षेत्रमा अध्ययन, अध्यापनमा थप बल पुगेको छ । यद्यपि पश्चिम बङ्गालमा अघिदेखि नै प्राथमिक स्तरदेखि वर्तमान स्नातकोत्तर हुँदै अझ शोधअनुसन्धान स्तरसम्म कायम रहेको छ । नेपाली भाषाको शैक्षिक प्रचारप्रसारका निम्ति पश्चिमबङ्गाल नै अग्रणी छ ।

३. सिक्किम राज्यमा पनि धेरै अगाडिदेखि नेपाली भाषा विषयको पठनपाठन थियो र हालमा प्रत्येक गाउँगाउँका प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्चमाध्यमिक विद्यालयहरूमा नेपाली भाषा विषय पढाइन्छ । यसै गरी त्यहाँ तीनवटा सरकारी महाविद्यालय र दुई वटा निजी महाविद्यालयहरूमा नेपाली सम्मान (दुई वटा महाविद्यालयहरूमा) ऐच्छिक नेपाली र प्रमुख भारतीय भाषा (एम्. आइ. एल्.) को रूपमा नेपाली पढाइ हुन्छ ।

४. उत्तरबङ्ग विश्वविद्यालयअन्तर्गतका १६ वटा महाविद्यालयहरूमा (सिक्किमलाई छाडेर) नेपाली पठनपाठनको व्यवस्था छ । तीमध्ये नौवटा कलेजमा नेपाली अनर्स (ऐच्छिक र एम्. आइ. एल्. लगायत) पढाइन्छ भने जलपाइगुढी जिल्लाका दुईवटा कलेजमा मात्र ऐच्छिक र एम्. आइ् एल्.) नेपाली पढाइ हुन्छ । यसका अतिरिक्त उत्तरबङ्ग विश्वविद्यालय र दार्जिलिङ सरकारी महाविद्यालयमा नेपाली विषयमा स्नातकोत्तर तहको समेत अध्ययन अध्यापन हुन्छ ।

५. उत्तरबङग विश्वविद्यालयले सञ्चालन गरेको दूर शिक्षा कार्यक्रममा बी.ए. जनरल, ब्रीजकोर्स र एम्. ए. तहमा नेपाली भाषा साहित्य अध्ययन गर्ने व्यवस्था छ ।

६. यसै गरी असमको गौहाटी विश्वविद्यालय र डिब्रुगढ विश्वविद्यालयले पनि स्नातक तहमा प्रमुख भारतीय भाषा (एम्. आइ. एल्.) को रूपमा नेपाली ऐच्छिक र अनर्ससम्मको मान्यता लिई पाठ्यक्रमसमेत तयार गरी पठनपाठन हुन थालेको छ । हालमा त्यहाँका चारपाँच महाविद्यालयमा ऐच्छिक नेपाली र लगभग अठारवटा जति महाविद्यालयमा एम्. आइ. एल्. नेपाली पढाइ हुन्छ तर नेपाली अनर्स चाहिँ सुरु भइसकेको छैन ।

७. शिलाङको पूर्वोत्तर पार्वत्य विश्वविद्यालय (एन् इ. एच्. यू.) मा ऐच्छिक नेपाली र एम्. आइ. एल्. नेपालीको पाठ्यक्रम निर्धारित भएको छ । त्यहाँको बुद्ध भानुस्मृति कलेजमा पढाइ पनि हुन्छ तर शिलाङकै सन्त एन्थोनी कलेजमा एक जना स्थायी नेपाली शिक्षकको अवकास ग्रहण पश्चात् त्यहाँ नयाँ शिक्षकको नियुक्ति अझै नभएको हुँदा उक्त पद नै हराउने त्रास छ । त्यहाँका केही विद्यालयमा नेपाली विषय पढाइन्छ ।

८. मणिपुर विश्वविद्यालयले पनि एम्. आइ. एल्. नेपाली पढाउने व्यवस्था गरेको छ र त्यहाँका दुई वटा कलेजमा नेपाली पढाइन्छ । त्यसै गरी मणिपुर मिजोरम, नागाल्यान्डजस्ता पूर्वोत्तर राज्यका केही विद्यालयमा मातृभाषाको रूपमा नेपाली पढाउने व्यवस्था छ ।

९. हिमाञ्चल प्रदेश र उत्तराञ्चलमा प्राथमिक तह र माध्यमिक तहसम्म नेपाली भाषाले मान्यता पाएको छ र त्यहाँ पठनपाठनको काम सुरु भएको छ ।

१०. राष्ट्रिय मुक्त विद्यालयअन्तर्गत कक्षा १० को परीक्षामा पनि एक विषय नेपाली लिन पाउने व्यवस्था छ ।

११. केन्द्र सरकारको मानव संसाधन विकास मन्त्रालयबाट परिचालित जवाहर नवोदय विद्यालय समितिले पनि विद्यालयस्तरमा नेपाली पढाउने व्यवस्था गरेको छ । हालमा सिक्किम (चारवटा) मिरिक, उत्तरकाशी (उत्तराञ्चल), बक्सार (बिहार) र शिलाङ र देवघर (झारखण्ड) का जवाहर नवोदय विद्यालयमा कक्षा १० सम्म नेपाली भाषा साहित्यको पठनपाठनको व्यवस्था छ ।

१२. कलकत्ता विश्वविद्यालयअन्तर्गत दुइवटा कलेजमा एम्. आइ. एल्.को रूपमा नेपाली पढाउने व्यवस्थाको अनुमोदन भएको छ । यद्यपि यी दुईवटा कलेजमा नेपाली विषय शिक्षकको नियुक्ति भने भएको छैन ।

१३. विश्वविद्यालय अनुदान आयोगको तत्वावधानमा नेपाली विषयका लेक्चरल र रिडरहरूका लागि उत्तर बङग विश्वविद्यालयको नेपाली विभागको तत्परतामा अहिले दुई वटा पुनश्चर्या पाठ्यक्रम (गोष्ठी) सम्पन्न गरेको छ ।

१४. विश्वविद्यालय अनुदान आयोगले सञ्चालन गर्ने राष्ट्रिय शिक्षा परीक्षा (NET) को Junior Research Fellow र Corthreship को परीक्षा नेपाली रहेको छ । यसै गरी सिक्किमको SLET मा पनि नेपाली विषय रहेको छ ।

१५. केन्द्र सरकारअधीनस्थ केन्द्रीय भारतीय भाषा संस्थान, मैसूरको पूर्वोत्तर शाखा डिसपुर ( भुवनेश्वर) असममा अनेपालीलाई नेपाली सिकाउने कक्षा परिचालित छ ।

१६. आठौँ अनुसूचीमा मान्यता पाउन अघिदेखि नै CBSE/JCSE बोर्डका कक्षा बाह्रौसम्म दोस्रो भाषा नेपाली पढाउने व्यवस्था कायम छ अपितु मान्यताप्राप्ति पश्चात् यस्ता विद्यालयको सङ्ख्यामा धेरै वृद्धि भएको छ जहाँ नेपाली पढाइन्छ ।

१७. उत्तर प्रदेशको गोरखपुर विश्वविद्यालयअन्तर्गत लगभग चारवटा कलेज (पडरौना महाविद्यालय, पडरौनामा ६०० अङ्कको नेपाली पढाउने व्यवस्थामा नेपाली पढाइन्छ ।

यी राज्यमा चलिरहेको भाषाको शैक्षणिक परम्परालाई त्यस प्रकारका गतिविधिले थप सहयोग पुऱ्याएको छ । २० अगस्त १९९२ मा नेपाली भाषाले भारतको संवैधानिक मान्यता प्राप्त गर्छ । संवैधानिक मान्यता प्राप्त भाषालाई कानुनी तवरले संबर्द्धन र संरक्षण गरिने प्रावधानअनुरूप भारतका जति पनि सेवा आयोगहरू छन्, तिनले लिने परीक्षा आफ्नै भाषामा लेख्न पाउने सुविधा विकसित हुँदैछ । केन्द्र सरकारद्वारा सञ्चालित राष्ट्रिय नवगठित विद्यालयहरूमा नेपाली भाषा शिक्षण प्रारम्भ भएको छ ।

भारतको नेपाली विषयको पठनपाठन प्रक्रियालाई हेर्दा प्राथमिकदेखि विद्यावारिधि स्तरसम्म नेपाली भाषा, साहित्य र लोकसाहित्यको शिक्षण व्यवस्था भएको पाइन्छ । यद्यपि नेपाली भाषा साहित्यबाहेक अन्य विषयमा चाहिँ एम्. ए. स्तरमा पुगेर नेपाली माध्यमबाट लेख्न पाउने सुविधा छैन । मातृभाषा माध्यमको शिक्षा लिएरमात्र र उच्च शैक्षिक उपाधि हासिल गरेर मात्र उद्देश्य हासिल हुँदैन । भाषाले मान्यता पाएपछिका उपलब्धिहरूसँग त्यस्ता मूल्यहरू खोजिनुपर्छ । विभिन्न अवसरहरूको खोजी गरी सरकारी सुविधाको उपभोग गर्दै भावी पिढीका लागि अझै विस्तृत क्षेत्र तयार पार्नु पर्ने देखिन्छ । विविध क्षेत्रमा भागीदारी बढाई सुविधाहरूको खोजी गर्दै नेपाली भाषा र साहित्यलाई दिलोज्यानले सेवा गर्न सकेमात्र मातृभाषा माध्यमको शिक्षा ग्रहण गरिनुका औचित्य ठहर्ने छ । यस परिप्रेक्ष्यबाट नियाल्दा नेपाली भाषाका बारेमा सदैव जागरुक चेतना रहिरहनुपर्छ । नेपाली भाषाको व्यापक प्रचारका निम्ति नेपाली भाषाभाषीलाई बाहेक नेपाली इतर भाषाभाषीलाई पनि यो भाषामा शिक्षण गर्नुपर्छ भन्ने कुराको बोध दार्जिलिङलगायतका भारतका क्षेत्रमा र स्वयम् नेपालकै क्षेत्रमा बसोबास गर्ने नेपालीहरूमा हुनुपर्ने देखिन्छ ।

## तेस्रो परिच्छेद

# नेपाली भाषासाहित्यको विकासमा विश्वविद्यालय स्थापनापूर्वको प्राक्चेष्टा

पृष्ठभूमिगत आधारबाट हेर्दा उत्तरबङ्ग विश्वविद्यालय स्थापनापूर्वको प्राग्चेष्टाका रूपमा सन् १९६२ सम्मलाई लिएको छ । यस अवधिमा भाषा साहित्यसम्बन्धी भए गरेका कामहरूलाई सङ्क्षेप रूपमा प्रस्तुत गर्न प्रयत्न गरिएको छ ।

## ३.१ दार्जिलिङमा नेपाली भाषा (मानव सभ्याता, संस्कृति र जीवनचर्या)

भाषा मानव सभ्यताको द्योतक हो । भाषाभित्र संस्कृति र जीवनचर्या अक्षुण्ण भएर रहेको हुन्छ । जातिका लागि भाषाले सार्वजनीन प्रतिनिधित्व गर्दछ । विश्वका विभिन्न जाति र संस्कृतिहरूका बीच नेपाली जाति, भाषा र संस्कृतिको छुट्टै पहिचान रहेको देखिन्छ तथा नेपाली जाति र संस्कृतिलाई जीवन्त राख्ने नेपाली भाषा विश्वका भाषामा महत्त्वपूर्ण देखिन्छ । नेपाली भाषाको उद्गम स्थल मानिएको सिन्जा प्रान्तबाट पहाडी परिवृत्त हुँदै भारतको उत्तरपूर्वका पहाडी भेगमा नेपाली भाषाले गति लिएको देखिन्छ । नेपालको भौगोलिकता मधेश, पहाड र हिमाली संरचनामा निहित छ । विशेष गरेर पहाडका नेपालीहरू पशुपालन, छुट्टै क्षेत्रको बसोबास एवम् रोजगारीका हिसाबले दार्जिलिङतिर पसेका देखिन्छन् । अठारौँ शताब्दीपूर्वबाट त्यतातिर नै कथ्यभाषाका माध्यमले नेपाली भाषा प्रयोगमा आउन थालेको देखिन्छ । मानव सभ्यतालाई शाश्वत् तुल्याउन जुन कुनै जातिको  स्वभाषा र स्वसंस्कृतिले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ । नेपालको राष्ट्र भाषाभन्दा भारतको राष्ट्र भाषाका रूपमा नेपाली भाषाले आफ्नो पनलाई जीवित राख्दै आएको देखिन्छ । पूर्वेली भाषिकाबाट अघि बढेको दार्जिलिङतिरको नेपाली भाषामा भोटबर्मेली भाषा परिवारका प्रभावले पनि केही हदसम्म गाजेकै देखिन्छ तर पनि भारतको उत्तरपूर्वी क्षेत्रका नेपाली भाषा एक किसिमले समृद्ध बन्दै गएको बुझिन्छ । आजभन्दा तीनसय वर्ष पहिले नै कन्काइदेखि टिष्टा बीचको भू-भागसम्म (वर्तमानको कुचविहार र डुवर्ससम्म) कामतपुरी क्षेत्रका नामबाट नेपाली भाषाले हुर्किने मौका पाएको देखिन्छ । त्यसपछि टिष्टादेखि सिक्किम, जलगढपूर्व तेजपुरदेखि ब्रह्मपुत्रसम्म नेपालीहरूको प्रवेश भई दुईसय वर्ष पहिले नै असम, मणिपुर हुँदै इरावतीसम्म नै नेपाली भाषा नेपाली जातिका माध्यमबाट फैलिएको देखिन्छ । इरावतीबाट पर्शुराम कुण्ड हुँदै लगभग एक सय पचास वर्ष पूर्व नै नेपाली भाषाले त्यहाँ प्रवेश पाइसकेको देखिन्छ । अतः प्रथम विश्वयुद्ध पूर्व ठूलो सङ्ख्यामा नेपालीहरू त्यतातिर गएर बसोबास गरेको देखिन्छ । व्यवसायका हिसाबले पशुपालन गर्न रुचाउने नेपालीहरूले बर्मामा उतैका जातिहरूसँग मिलेर पारिवारिक जीवन चलाउन थालेको इतिहास बुझिन्छ । अहिले पनि बर्मामा बुद्ध धर्मलाई महत्त्व दिइन्छ तर त्यहाँ नेपाली भने पढ्न पाइँदैन । बर्माका नेपालीहरूले पहाडी बस्ती स्याउले झुपडीमा बुद्ध धर्मसम्बन्धी किताब पढेको हो भनेर अनौपचारिक रूपबाट नै नेपाली पढने पढाउने चलन चल्दै आएको देखिन्छ । यी उपर्युक्त आधारबाट दार्जिलिङतिर नेपाली भाषा र स्वजाति  र संस्कृतिप्रति अनौठो मोह झल्किएको प्रतीत हुन्छ । संस्कृतिप्रतिको लगाउ जीवनचर्याका लागि गरिने क्रियाकलाप र नेपाली जातिहरूको जमघटले समेत त्यतातिर नेपाली भाषाले झागिने मौका पाएको देखिन्छ । समाजबाट मानिसले भाषाको आर्जन गर्दछ । साच्चै नै दार्जिलिङमा छरिएर बसेका नेपाली जातिको संसर्गबाट बङ्गाली, हिन्दी, उर्दू एवम् तिब्बती भाषीहरूले समेत नेपाली सहजै बोल्ने र बुझ्ने गरेका भेटिन्छन् ।

दार्जिलिङको सामाजिक युगीन पृष्ठभूमिको अध्ययनबाट दार्जिलिङका नेपाली जातिको बसोबास कम्तीमा पनि अठारौँ शताब्दी भन्दा पहिले भएको देखिन्छ । विश्वको राजनैतिक घटनाक्रम तथा सीमापरिवर्तनबाट दार्जिलिङका नेपाली पनि प्रभावित रहेको पाइन्छ । दार्जिलिङको विकासमा अङ्ग्रेजको आगमनले ठूलो भूमिका निर्वाह गरेको देखिन्छ । अङ्ग्रेजहरूको आगमनपछि नै दार्जिलिङमा नेपालीहरूको आवादी बढेको देखिन्छ । नेपाली जातिको गठनप्रक्रियामा छेत्री, बाहुन, कामी, दमाइँ, राई, लिम्बू, नेवार, गुरुङ, तामाङ आदि जातिहरूको सहभागिता रहको देखिन्छ भने दार्जिलिङका सबै नेपालीहरूले नेपाली भाषालाई मातृभाषाका रूपमा अङ्गीकार गरेको देखिन्छ । दार्जिलिङको नेपाली संस्कृति लचिलो तथा धार्मिक सहअस्तित्वमा रहे तापनि नेपालीहरूले मौलिक सांस्कृतिक विशेषतालाई आत्मसात् गर्दै आएको देखिन्छ । दार्जिलिङमा नेपाली जातित्वको भावना सिर्जना गर्नामा त्यहाँको इतिहास तथा युगीन परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । वास्तवमा दार्जिलिङमा नेपाली भाषाले राम्ररी नै झाँगिन पाएका  प्रशस्त उदाहरणहरू छन्  । त्यसैले दार्जिलिङे समाजमा नेपाली भाषा सधैंभरि साश्वतरूपमा

रहने देखिन्छ । मानवसभ्यता र जीवनचर्याका लागि दार्जिलिङमा नेपाली भाषासंस्कृतिको परिचायक बनेर फैलिएको देखिन्छ । त्यसैले त भाषा समाजको यस्तो एउटा देन हो जसले समाजका व्यक्ति र वर्गलाई आत्मनिर्भरताको सन्देश दिन्छ । भाषा बिना हामी विचार गर्न सक्दैनौं । कल्पना गर्न पनि सक्दैनौं तथा हाम्रा हरेक पल भाषामा निहित हुन्छ । भाषाद्वारा मानवीय मूल्यहरूको उद्घाटन हुन्छ । चिन्तन मनमा गर्ने, बहस गर्ने र समाजनीति, राजनीति, धर्मनीति एवम् अर्थनीति आदिलाई प्रकट गर्ने माध्यम भाषा नै हुन्छ । मानिसका लागि बौद्धिक एवम् नैतिक विकास भाषाद्वारा नै अभिव्यक्त हुन्छ । भाषा अभिव्यञ्जनाको भाव प्रकाशनको अर्थपूर्ण माध्यम हो । भावको आदानप्रदान एवम् प्राप्ति र प्रकाशमा दक्षता ल्याउन सक्नु भाषाको मुख्य काम हो । भाषाले शारीरिक संवेदना प्रकट गर्छ । हर्ष र विषादका मानवीय संवदेनाका स्वरहरूभन्दा त्रास र साहसका आवाजहरू नै भाषाका मूल प्राण हुन् जसबाट शब्दहरूका उत्पत्ति भएर अन्तमा वाक्यको सृजना हुन्छ । मानिसका यिनै भावनात्मक वेगद्वारा साहित्यको निर्माण हुन्छ । विश्वसाहित्यका उत्कृष्ट एवम् उन्नतशील भाषाहरू यसैले सर्वप्रिय मानिन्छन् किनकि भाषाले मानवीय संवेदनालाई छोएर विशेष रूपले प्रभावित पार्दछ । त्यसैले त मानिसहरू स्वाभाविक देशभक्तिका गीतहरू रुचाउँछन् । सुखान्त, दु:खान्त, प्रेम र आनन्दका कृति पढेर उस्तै प्रकारका भावनात्मक अनुभूतिमा रम्छन् । विद्रोह र रहस्यपूर्ण आख्यान पढेर रोमाञ्चित हुन्छन् । मानवमा मात्र हैन । पशुपंक्षीका कलरव र कीटपतङगका तानमा पनि गान पाइन्छ । मनुष्य इतर प्राणीमा पनि मानवमाझैं संवेदना लुकेकै हुन्छन् । भोकलाग्दा कराउने पीडा हुँदा रुने सुखीहुँदा झुम्ने प्राणीले पनि गर्छन् । त्यतिमात्र हो उनीहरूको भाषा मान्छेले आकलन गर्न नसक्नुमा नै भिन्नता हुन्छ । तसर्थ समाज र परिवेशलाई उजागर गर्ने भाषा सुरसङ्गीतझैं मनलाई कहिले उत्साह थप्दै त कहिले द्रवीभूत पार्दै अन्तर्भावना र परिवेशको द्योतक बनेर दीर्घजीवी भएको छ । मानवीय कल्पना ! विपनासपनाको जन्म थलो एवम् सांस्कृतिक सम्पदा र सभ्यता नै भाषा हो । भाषाबाट तर्क गर्नको अलवा यसमा र जीवनका अनुभव, अन्तर्वेग र उद्वेगका लयात्मक बुट्टेदारी चित्रहरू देखिन्छन् । भाषामा व्यक्तिपरक गरिमा प्रत्यक्ष भएको हुन्छ । यसको अभिव्यक्तिमा मानवका नवीन उन्मेषहरू मौलाउँछन् । मानिस भाषाभित्रै संस्कारबद्ध हुन्छ । शिशुको रुवाइ निरर्थक मानिँदैन । आफ्ना आवश्यकता र इच्छा पूरागर्ने साधन भाषा भएकाले पारस्परिक परिवेशको घेराभित्र बसेर मानिस साहित्य, कला, सभ्यता अनि संस्कृति नीतिको संरचना गर्छ अनि सशक्त र उज्ज्वल व्यक्तित्वको निर्माणमा सहयोग थप्छ । भाषाका माध्यमले जातीयताको उद्घोष गर्छ र एकताका सूत्रमा बाँधिन्छ त्यसैले त भाषामा प्राण छ, अन्तर्प्रेरणा छ । आन्तरिक आकर्षण छ । यिनै भाषाका अमूल्य तत्त्वलाई टिपेर हास्ने दार्जिलिङबासी नेपालीहरूमा भाषाप्रतिको मोह अधिक छ ।

## ३.१.१ दार्जिलिङ्मा नेपाली भाषाको प्रयोग र परम्परा

भारतमा नेपाली भाषाको प्रयोग हुने मुख्य क्षेत्र सिक्किम राज्य, पश्चिम बङ्गाल राज्यका दार्जिलिङ जिल्लाका तीन पर्वतीय इलाका र जलपाइगढी (डुवर्स) जिल्ला तथा भारतको उत्तरपूर्वाञ्चलका असम, मेघालय, मणिपुर आदि राज्यहरू हुन् । सेनराज्यकालमा नै मेचीपूर्व नेपाली भाषाको प्रचारप्रसारक्रम थालिएको कुरा दोस्रो परिच्छेदमा चर्चा भइसकेको छ । यसै क्रमबाट नेपाली भाषा अघि बढ्दै जाँदा गोर्खाली सेनाको सिक्किम प्रवेश र सुगौली सन्धिपूर्वका सन् १७८८ देखि १८१४ का बीचका साढे दुई दशकमा नै सिक्किम र दार्जिलिङ क्षेत्र मेची र टिस्टाका बीचका भूभागमा नेपालीहरूको ( गोर्खालीहरूको) प्रवेश भई नेपाली भाषाको मौखिकपरम्परा थालियो र त्यसले लेख्यपरम्परालाई पनि अलिकति उत्प्रेरित गरेको बोध हुन्छ ।[८२] वास्तवमा नेपाली भाषाको कथ्य र लेख्य मानक रूप सत्रौं शताब्दीको अन्यतिरबाट नै सुरु भएको मानिएको छ । सन् १८१७ को सुगौली सन्धिपछि चाहिँ दार्जिलिङ सिक्किममा समावेश भए पनि सन् १८३५ देखि स्वास्थ्यकेन्द्र स्थापना गर्ने वहानामा ब्रिटिस शासन दार्जिलिङको भूभागमा थालनी भएको पाइन्छ ।

उन्नाईसौं शताब्दीमा दार्जिलिङमा सुरक्षाको व्यवस्थापन र बाटाघाटाका निर्माणका क्रमले नेपालीहरूलाई आकर्षित गर्दै चियाकमानका श्रमिक हुने लालसा बढाइएको पाइन्छ । दार्जिलङका पर्वतीय गाउँ र नगरहरूका संरचना चियाकमान र नवआवादी बसोबासका क्रममा त्यहाँ जनभाषा र सम्पर्क भाषाका रूपमा नेपालीको प्रयोग परम्पराको आरम्भ भयो । यसै क्रममा सन् १८१७ तिर क्रिश्चियन मिसनरीका धर्मप्रचारका सन्दर्भमा यहाँ नेपाली भाषामा पनि पर्चा एवम् पुस्तिका बाँड्ने प्रयास भयो र हिन्दी भाषाका माध्यमकै परीपाटीमा पनि सहायक रूपमा नेपाली भाषाको धेरथोर उपयोग हुँदै गयो ।

[८२] वासुदेव त्रिपाठी, **पूर्ववत्**, जर्नल पृ. १६ ।

सन् १८७७ मा सन्त ज्ञानदिल दासद्वारा रचित **उदयलहरी**ले दार्जिलिङमा साहित्यिक सिर्जना परम्पराको शुभारम्भको सूचना दियो तर सिक्किम र दार्जिलिङतिरका ग्रामीण बस्तीमा नेपाली लोकसाहित्यको प्रवाह भने त्यहाँ नेपालीहरूको प्रवेश भएदेखि नै सल्बलाउन थालेको भेटिन्छ । दार्जिलिङमा दिलुसिंह राईको **छपन्न सालको पैरोको सवाई** सन् १८९९ र हाजिरमान राईको **मीठामीठा नेपाली गीत** सन् १८९९ ले नेपाली लोकछन्द र गीतको परम्परा उन्नाईसौँ शताब्दीसम्म दार्जिलिङ भेगमा राम्ररी नै प्रवाहित भइ सकेको कुरा प्रमाणित हुन आउँछ ।[८३]

उन्नाईसौँ शताब्दीमा दार्जिलिङ-जलपाइगढीतर्फ, सिक्किम-भूटानतर्फ र असम-बर्मातर्फ नेपालीहरूको बसोबास र रोजगारको खोजीमा बढ्दै गएको शृङ्खलाले यी भूक्षेत्रमा जनभाषा र लोकसाहित्य कथनको भाषाका रूपमा नेपाली भाषाको प्रयोग र परम्परा स्थापित भयो । त्यसको बहुआयामिक विस्तार चाहिँ बीसौँ शताब्दीमा दार्जिलिङ क्षेत्रमा नै देखापर्‍यो । यस बेला दार्जिलिङमा नेपाली पत्रकारिताको क्रम बढ्यो र नेपाली भाषाको शैक्षिक मान्यताको क्रमसमेत सुरु भयो । नेपाली जातीय भाषाका स्तरमा नेपाली भाषालाई अँगाल्न र हुर्काउने अनि पर्वते भाषा, खस कुरा वा गोर्खाली भाषा भनिने यस भाषालाई नेपाली नाम दिने प्रक्रिया पनि यस शताब्दीमा दार्जिलिङमा नै आरम्भ भयो । मुख्य गरेर ने. सा. स. को स्थापना र सूधपाको नेतृत्वमा यहीँ नेपाली भाषा र नेपाली विषयमा शिक्षा दिन साहित्यिक पत्रपत्रिका तथा पाठ्यपुस्तक एवम् बौद्धिक लेखन र अन्य ग्रन्थहरूको प्रकाशन शृङ्खलालाई अगाडि बढाउन थालियो । मानक नेपालीको संस्थापन तथा सम्बर्द्धनसमेत गर्ने कार्यको थालनी भयो । भारत स्वाधीन भएपछिका दिनहरूमा यहाँका पर्वतीय राजनीतिमा नेपाली भाषाको भूमिकामा अझै बृद्धि भयो । औपचारिक रूपमै र भारतीय भाषाका सरकारी कामकाजको रूपमा यहाँका प्रान्तहरूमा नेपाली भाषाले भाषाका स्तरका  रूपमा मान्यता पाउँदै गयो । ऐच्छिक विषयको रूपमा र शैक्षिक माध्यमका रूपमा नेपाली भाषाको प्रयोग गरिन थालियो फलस्वरूप वैकल्पिक शैक्षिक माध्यमका रूपमा यहाँ नेपाली भाषाको प्रयोग र परम्परा माध्यमिक स्तरसम्म प्रसारित भयो । क्रमशः उच्चशिक्षाका माध्यमका रूपमा स्नातकतहसम्म वैकल्पिक रूपमा स्वीकृत भयो । यस्तै स्नातक तहमा सम्मान (अनर्स) र साधारणको अनिवार्य पठनपाठन यहाँ हुँदै आएको छ । उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागको स्थापनापश्चात् नेपाली भाषा साहित्यको स्नातकोत्तर तह र एम्. फिल्. को पठनपाठन तथा विद्यावारिधि अनुसन्धानको क्रम पनि अघि बढिरहेको पाइन्छ ।

भारतीय आकाशबाणीको कर्साङकेन्द्र, नेपाली दैनिक पत्रिकाको प्रकाशन आरम्भ र नेपाली चलचित्रका निर्माणका प्रयासबाट सञ्चारक्षेत्रमा पनि यहाँको नेपाली प्रयोग  परम्परा  विकाशशील देखापर्छ । अहिले एफ्. एम्. हरूको सञ्चालनले समेत नेपाली प्रयोगपरम्परालाई बढाउँदै लगेको पाइन्छ । नेपाली भाषाका व्याकरण, शब्दकोश, पाठ्यपुस्तक, साहित्यिक लेखन र अध्ययन-अध्यापनका सन्दर्भमा पत्रपत्रिकाको प्रकाशनले नेपाली साहित्यमा विधागत तथा धारागत वैविध्यसहित सिर्जना पक्षको व्यापकता र स्तरीयता आउनामा दार्जिलिङको देन महत्त्वपूर्ण देखिन्छ । परिमाणगत आधारमा अमर स्रष्टा र अमर कृतित्वका गुणस्तरका दृष्टिले पनि सर्वाधिक रहँदै आएको छ । नेपाली भाषाको नाट्य रङ्गमञ्चको परम्परा पनि यहीँबाट उठेको मानिन्छ । नेपाली भाषामा साहित्येतर ज्ञानविज्ञान र प्रविधि आमन्त्रणका क्रममा दार्जिलिङ अग्रणी रहेको छ । यहाँ नेपाली पारिभाषिक तथा प्राविधिक शब्दावली निर्माणका प्रचेष्टा थालिइँदै साहित्येतर नेपाली वाङ्मय पत्रपत्रिकागत लेख, शोध र ग्रन्थ तथा पाठ्यपुस्तकका सन्दर्भमा पनि स्तरीयता देखिँदैछ । मुख्यतः यिनै सिर्जनात्मक र बौद्धिक प्रकृतिका प्राज्ञिक प्रयासबाट नै सन् १९७५ मा नेपाली विभाग स्थापना हुनुपूर्व भारतीय साहित्य अकादमीबाट नेपाली भाषालाई मान्यता प्राप्त हुन सकेको देखिन्छ । यसमा भारतका दार्जिलिङइतर अन्य नेपालीहरूको बसोबास गर्ने क्षेत्रद्वारा गरिएको आआफ्नो योगदानको अंश भने पक्कै छ । (एन.वि.यू.) को नेपाली एकेडेमी पनि यस परिप्रेक्ष्यमा स्मरणीय नै छ । भारतीय संविधानको आठौ अनुच्छेदअन्तर्गत नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउने सङ्घर्षमा पनि दार्जिलिङको अग्रणी भूमिका रहेको देखिन्छ । त्यसैले दार्जिलिङ (भारतमा) नेपाली भाषाको प्रयोगपरम्पराको एक मुख्य गढ देखापर्दछ ।[८४]

यसरी दार्जिलिङमा नेपाली भाषाको प्रयोग र परम्परा अघि बढेको मानिन्छ तर दार्जिलिङमा नेपाली भाषालाई व्यापक पार्ने काम चाहिँ कुनै मनस्वीले गरेको होइन भन्ने कुराको पुष्टि हुन्छ । यहाँका

---

[८३] **ऐजन** ।

[८४] **ऐजन** ।

जनसाधारणहरूबाटै नेपाली भाषा सर्वप्रिय र व्यवहार उपयोगी हुन सकेको हो । भारतका नेपालीइतर जातिहरूले समेत बाहिरी बजार र भित्री घरमा पनि नेपाली भाषा नै बोलिरहेका भेटिन्छन् । यहाँ नेपाली भाषालाई यसरी स्वीकृत गराएको कुनै विद्वान् वा कुनै लेखकले होइन । नेपाली जनसाधारणहरूको प्रयासबाट नै यो यहाँ फिजिएको हो । जसरी दार्जिलिङ नेपालमा छँदा नै नेपाली भाषा जानेबुझेका नेपाली जातिका जनसाधारणहरूको दार्जिलिङ प्रवेशले नै यहाँ नेपाली भाषा फैलिएको हो । नेपाली भाषा आज नेपाली जातिहरूमै मात्र सीमित छैन, अनेक रूप र उप जातिमा पनि प्रसारित छ, गृहित छ ।[८५] तसर्थ नेपाली भाषाको प्रयोगपरम्परा दार्जिलिङको अलवा सिक्किम, उत्तरपूर्वाञ्चलका असम, मेघालय, मणिपुर र उत्तराञ्चलको देहरादून अनि बनारस आदि क्षेत्रमा पनि यो परम्परा अघि बढेको पाइन्छ । भारत (दार्जिलिङ)का नेपाली जातिहरूमा स्वभाषाको प्रयोगपरम्परा बृहत् नेपाली जातिको सन्दर्भमा भारतीय नेपालीहरूका सचेता ऐक्यवद्धता र सिर्जनात्मक एवम् बौद्धिक सहभागितामा आधारित भावी सत्प्रयासका शृङ्खला बृद्धि हुँदै जाँदा नेपाली भाषाको भविष्य समुज्वल हुने देखिन्छ । यही नेपाली भाषा प्रयोगपरम्परालाई बढावा दिन, नेपाली भाषालाई व्यवस्थितीकरण गर्न र नेपाली भाषा सार्वजनीन भएर पठनपाठनका माध्यममा रहिरहनु पर्छ भन्ने ध्येयले दार्जिलिङमा नेपाली जाति, संस्कृति र भाषा साहित्यको संरक्षण र सम्बर्द्धन गरिएको पाइन्छ । यसै सन्दर्भमा दार्जिलिङेहरूले आफ्नो पनलाई माथि उठाउन थुप्रै भाषा आन्दोलनहरू गरे । भाषा आन्दोलनको प्रसङ्गलाई पछि औँल्याइने छ । अहिले जातीय चेतनाबारेमा केही आँकलन गरिएको छ ।

## ३.१.२ दार्जिलिङमा जातीय चेतना

भारतमा स्वाधीनता सङ्ग्रामसँगै जातीयताको विकास पनि अगाडि बढेको हो तर दार्जिलिङमा अर्थात् भारतमा नेपाली भाषीहरूको जातीयताको विकास अझै पनि हुन सकेको छैन । जातीय चेतनाको विकसन अवस्था भने उन्नाइसौं शताब्दीको प्रथम प्रहरदेखि नै मानिएको छ ।

दार्जिलिङमा नेपाली जातीय भावनाको विकासप्रक्रियालाई लेखाजोखा गर्दा रोमान्टिक इतिहास लेख्ने पृथ्वीनारायण शाहले आफ्नो खुँडाको बलले सिर्जेको मुलुकमा चारवर्ण छत्तीसजातको साझा फूलवारीको रूपमा नेपाली जाति बनेको हो भन्ने अभिव्यक्ति दिएको पाइन्छ भने भानुभक्तले त्यसमा पृथ्वीनारायण शाहको एकीकरणको प्रयासलाई नेपाली भाषाको टेवा दिएर त्यो जातीयतालाई सुदृढ पारेको देखिन्छ । इतिहास तरवारको तमासा होइन, प्रत्येक घटना र ऐतिहासिक परिणति सामाजिक शक्तिहरूका अन्यान्य क्रियाका प्रतिफल हुन्छन् । यस भनाइको अभिप्राय इतिहासमा व्यक्तिको भूमिका एकदमै नगण्य हुन्छ भन्न खोजिएको होइन तर जातिकै महान् प्रभावशाली जुन कुनै व्यक्ति पनि उसको स्वीकार्य स्वेच्छा सामाजिक सम्बन्धद्वारा नै परिभाषित भएको हुन्छ ।[८६] नेपालको राजनीतिक एकीकरणले नेपाल राष्ट्र निर्मित भएको हो तर सुसङ्गठित नेपाली जाति त्यति चाँडै बनेन जति चाँडै विशाल नेपाल बन्यो । विभिन्न जाति, जनजाति र भाषामा विभाजित समाजमा सामाजिक एकता सुरुआत भइहालेन । साझा शासनले र साझा पहिचानले साझा भाषाका लागि राष्ट्रिय एकताको भावनालाई बढावा दिन र जातीयताको भावनाको सूत्रपात भई विकास नहुन अरु थुप्रै कारणहरू जन्मिएका हुन्छन् । नेपाली जाति सामरिक विजय र सङ्गठनले आवश्यक पारेर नेपालभरि राष्ट्रियता बोकी विस्तृत भएका हुन् । तत्कालीन टुक्रिएका सामन्ती राज्यहरूमा राष्ट्रियता अथवा केही परिणामभित्र नेपाली जातीयताको प्रारम्भ खोज्न सकिन्छ तर नानाप्रकारका जाति र उपजाति भएका राष्ट्र र देशहरूमा जातीयताको विकासप्रक्रिया बहुआयाामिक रहेको हुन्छ भन्ने कुरा बुझ्नु पर्दछ । त्यस्ता समाजमा विभेदहरू अनुप्रस्थ र अनुलम्ब किसिमका हुन्छन् । अनुप्रस्थ विभेद जाति धर्म, भाषा, रीतिरिवाजको हुन्छ भने अनुलम्ब विभाजन श्रेणी ठूलो र सानो जातको हुन्छ । नेपालमा अनुलम्ब विभाजनले पनि जातीयताको प्रश्न उठाएको पाइन्छ । नेपालमा यस्ता विभाजनहरू अशक्त थिएनन् । यस्तो अवस्थामा नागरिकको भक्तिभाव राष्ट्रप्रति मात्र नभएर आफ्नै विभिन्न जात, जाति र भाषिक एकप्रति रहेको थियो । मानव आफ्ना आद्य भावनाप्रति सदैव धेरै हुने गर्छ ।[८७] तसर्थ आफ्ना आद्य भावनाप्रति नेपाली जाति सदैव अडीक रहेको पाइन्छ । दार्जिलिङमा पनि यही प्रविधिको जातीय भावना विकसित भएको पाइन्छ । उन्नाईसौं शताब्दीबाट नेपालमा ठूलो जनसङ्ख्याको निर्गमन भएको थियो । नेपालभित्र व्यापक तीव्रता हुँदै गएको सामन्ती प्रथाको शोषणमा

---

[८५] इन्द्र सम्पूर्ण, **साहित्य सामाजिकतामा**, **पूर्ववत्**, पृ. ४१२ ।

[८६] कुमारप्रधान, **अधीति केही** (सिलगढी : पूर्णिमा प्रधान, सन् २००५) पृ. ११४ ।

[८७] ऐजन ।

नेपालबाट हजारौँहजारको सङ्ख्यामा मानिसहरू रहरले होइन बाध्यताले बाहिरिए । तिनमा धेरै जसो दार्जिलिङ पसेर त्यहाँका स्थायी बासिन्दा भए ।

सुगौलीसन्धि अघिसम्म नेपालभित्र दार्जिलिङ पर्दथ्यो । अङ्ग्रेजले सिक्किमलाई दिएपछि यसको सौन्दर्यको महत्त्वले आकृष्ट भएर जसोतसो यसलाई हात पारेपछि ब्रिटिस भारतमा यसको आधुनिक विकास हुन थाल्यो र चियाको उद्योग फस्टाउन थालेपछि नेपालबाट त्यस भू-क्षेत्रले धेरैलाई तान्यो तर यो आकर्षक तत्त्वले पुर्खादेखिको धर्ती छाडेर हजारौँ मानिसहरू निर्गमन भए भन्ने कुराको व्याख्या मिल्दैन । नेपालभित्र नै सामन्ती व्यवस्थाको विभाजनकारी नीतिले र राणाहरूको जहानियाँ शासनको अत्याचारले धेरै नेपालीलाई प्रवासी हुन धकेलिएका उदाहरणहरू प्रशस्त पाइन्छन् । नेपाल राष्ट्रमा राजनैतिक एकीकरणले सामाजिक, सांस्कृतिक र पारस्परिक क्रियाकलापलाई महत्त्व दिँदै जाँदा नेपालको पूर्वी क्षेत्र विजयपुरदेखि अझ पूर्व कामतापुरीतिरबाट बसोबास गर्न दार्जिलिङ पसेका राई, लिम्बू, तामाङ, मगर, गुरुङ, बाहुन, छेत्री, दमाईं, कामी, सार्की आदि मिलेर नै नेपाली समाज सुरुदेखि नै निर्मित हुन थालेको देखिन्छ । फलस्वरूप दार्जिलिङमा उपर्युक्त जातिले आ-आफ्ना मातृभाषालाई भन्दा नेपाली भाषालाई पूर्ण प्राथमिकता दिएर व्यवहार गर्न थालेको बुझिन्छ । त्यतिखेर सबैले बुझ्ने र व्यवहार गर्न सकिने एउटै भाषा नेपालीलाई रोजेर नै भारतीय नेपाली समाजमा जातीय चेतनाको अभिवृद्धि हुँदै गएको पाइन्छ ।

सन् १८३५ देखि १९०७ सम्मको अवधिभित्र ब्रिटिसमा भारतको कम्पनी सरकारले प्रशासनिक सुविधाका दृष्टिले दार्जिलिङलाई चार हमकुमा (इलाका) मा विभाजन गऱ्यो । सन् १८८६ मा कालेम्पोङ र सन् १८९१ मा खरसाङ एवम् सन् १९०७ मा सिलगढी, कालेम्पोङ तथा दार्जिलिङ सदरका रूपमा दार्जिलिङ जिल्लाका अलगअलग महकुमा बनेका हुन् । यसरी विभाजित गरिनुमा अर्को कारण जातीय चेतना थियो । बङ्गालसँगको अमिल्दो सांस्कृतिक तथा राजनैतिक वातावरणमा घुलमिल हुन नसक्दा असन्तोषका कारणले सामूहिक अस्तित्वको चेतना पैदा भएर जातीय जागरणका लागि भारतीय नेपाली सल्बलाउन थालेको पाइन्छ । बङ्गालभित्र रहँदा आफ्ना जातीय तथा सामूहिक अस्तित्वको संरक्षण हुन नसक्ने ठानी त्यसताका सचेत नेपालीहरूले तत्कालीन ब्रिटिस भारत सरकार समक्ष दार्जिलिङ जिल्लालाई बङ्गाल प्रान्तबाट अलग्याएर भारतको एक छुट्टै राज्यका रूपमा दार्जिलिङलाई उभ्याईर बाँच्ने सङकल्प र सङ्घर्ष धेरै पहिलेदेखि हुँदै आएको हो । यस्तो स्वअस्तित्वको स्थितिलाई अठोट गर्नामा बङगाली संस्कृति, परिवेश र सोचाइसँग मेल नखानु नै देखिन्छ । आफ्नै पारामा पहाडी बस्ती बसाएर जिउन चाहने दार्जिलिङका नेपालीहरू स्वजाति र स्वभाषालाई आत्मसात् गरी सदैव अघि बढ्न चाहन्थे । सोही चाहनाअनुरूप दार्जिलिङेहरूमा सांस्कृतिक चेतना परापूर्वदेखि अधुनातनसम्म लोप नभई अघि बढिरहेको पाइन्छ । त्यस भेगलाई अधरले चुमेर नयनले नियाल्ने हो भने धेरै कुरा थाहा हुन्छ । सिलगढी मास्तिरका मेथीवारिदेखि दार्जिलिङ पुग्दासम्म देखिने घैयाबारी, तीनधारे, महानदी, कर्साङ, सुनदह आदि क्षेत्रका ससाना नेपालका पहाडेबस्तीतिरका घर एवम् बस्तीजस्तै त्यहाँका ग्रामीण बस्तीका नाम एवंम् बनोटले जो कोही नेपालीलाई नेपालभित्रै छु भन्ने अनुभूतिको भाव जगाइ दिन्छ । आफ्नोपन र भाषाप्रति औधी मोह राख्ने दार्जिलिङे नेपालीहरूलाई स्वतन्त्र राज्यमा बाँच्ने चाहना अझै मरेको छैन; जाग्रत हुँदो छ । वीर जातिका सन्तति नेपालीका यस किसिमका अमोघ चाहनालाई विस्तारवादी अङ्ग्रेजहरूले वास्तै गरेनन् नत वर्तमान भारतीय शासकहरूले तापनि त्यहाँका नेपालीहरूको चाहना दिनप्रतिदिन बढ्दै गएको देखिन्छ । फलस्वरूप सन् १९०७ मा स्थानीय पहाडी जनताको हकहित र कल्याण एवम् जातीय अस्मिताको संरक्षणका लागि एउटा सामाजिक संस्था **हिलमेन्स एसोसिएसन** खडा भयो । त्यसमा दार्जिलिङका नेपालीहरूलाई भोटे र लेप्चाहरूले सङ्गठित भएर सहयोग गरे । सो संस्थाका तत्कालीन सभापति हरिप्रसाद प्रधानको उपस्थितिमा बसेको वैठकद्वारा पारित प्रस्तावका आधारमा ८ नोभेम्बर १९१७ का दिन तत्कालीन बङ्गाल सरकारका मुख्य सचिवलाई स्मरण पत्र लेखेको पाइन्छ । सो पत्रको मूल आधार भाषा नै भएकाले दार्जिलिङ जिल्ला बङ्गालको अङग हैन वा हुन सक्दैन भन्ने कुराको पुष्टि हुन्छ ।[८८] त्यतिखेर त्यहाँका सचेत जनता र साहित्यकारहरूले हाम्रा अदालती र विद्यालयको भाषा हिन्दी हो भनिनामा दार्जिलिङमा सरकारी कामकाजको भाषा एवम् शिक्षाको माध्यम भाषा हिन्दी थियो भन्ने स्पष्ट हुन्छ । यसले पनि बङ्गालसँगको अमिल्दो स्थिति दर्साउँछ अतः ब्रिटिस भारत सरकारबाट सधैँ रित्तै

[८८] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. २३ ।

"Linfuisticaiiy we have no alliance with the rest of Bengal . Even the ling lingua- faranca of courts an schools is Hindi and not Bengali ".

फिर्नु परेर दिक्क भएका दार्जिलिङे नेपालीले सन् १९४७ मा भारत स्वतन्त्र भएपछि खुसीको सास फेरे । फलस्वरूप सन् १९५२ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहारलाल नेहरूलाई स्मरण पत्र पठाए । यसबाट पनि ठोस उत्तर पाएन । लामो समयको आशा निरासामा बदलियो । यसभन्दा अघि नै सन् १९४२ को मईमा बङ्गालमा एउटा छुट्टै राजनैतिक पहिचान बोकेर अखिल भारतीय गोर्खालीगको स्थापना भएको थियो ।  यस लीगले जातीयताको सवालमा केही कदम चाल्दै गयो ।

दार्जिलिङ जिल्लामा पहाडी स्वायत्त शासनका निम्ति जातीय सङ्घर्ष झन् चर्किन थाल्यो । बङ्गालको विधानसभामा ७ अगस्त १९५२ का दिन वीरेन बेनर्जीले

> *"जो जसले जुन भाषा बोल्दछन्, ती भाषाभाषीका लागि तिनीहरूकै भाषाअनुकूलको स्वतन्त्रता दिनुपर्छ । ... शोषित जातिका उन्नतिका लागि पश्चिम बङ्गालका नेपाली भाषाभाषीको नेपाली जातिले स्वायत्त शासन माग्छन् भने हामीले किन दिँदैनौं ?"*

भनी एउटा प्रस्ताव पेस गरेको थिए ।[८९] यस प्रसङ्गबाट नेपालीका आवाज कुनै बङ्गालीले पनि सहजै उठाइदिँदो रहेछ भन्ने बोध हुन्छ । यसले पनि नेपाली जातिको सङ्घर्षमय भाषिक चेतना स्वायत्त शासनको मागभित्र नै फक्रिँदै थियो भन्ने ज्ञात हुन्छ त्यसैले त नेपाली भाषा, साहित्य र संस्कृतितर्फ प्राधान्य रहेको दार्जिलिङका गाउँबस्ती र सहरमा नेपाली जातिकै बोलीवचन आजसम्म गुञ्जिरहेको छन् । सुगौली सन्धिपछि भूमिसितै ब्रिटिस भारतको भूगोलभित्र पर्न आएका नेपालीहरूलाई भारत सरकारले नै विदेशी नेपाली भनिदिँदा साह्रै नमीठो अनुभूति हुन्छ । प्रवासी वा आदिबासी हामी नेपालीहरूको राष्ट्रिय चिनारी वा नागरिकता के हो ? भन्ने सन्दर्भमा रूपनारायण सिंहको जुलाइ १९४१ को **खोजी** पत्रिकाको सम्पादकीयमा :

> *"भारतमा हामी लाखौंको सङ्ख्यामा छौं...... तर हाम्रो अवस्था साह्रै गएबितेको छ ......। भारतमा हाम्रो न घर छ न द्वार छ । हामी हौं नदीले बगाएर ल्याएका र बगरमा थुपारेका मैला कसिङ्गरझैं । स्वदेशका मान्छे हामीलाई मुगलाने भनी हेला गर्छन् । भारतका मान्छे हामीलाई पहाडिया भनी घृणाका दृष्टिले हेर्छन्...... । भारतको जतीय जीवनमा हामी रमिता हेर्ने मानिस मात्र हौं । भारतका शासनका विधानमा हामीलाई स्थान छैन । ......यहाँ हामी के गर्दै छौं ? हाम्रो आर्थिकअवस्था कस्तो छ ? यसको उत्तर कत्तिले दिनसक्छन्.....। प्रवासमा बसेका नेपालीहरूलाई यस्तो अवस्थादेखि कसरी उद्धार गर्ने !"* । भनेर उल्लेख गरेका छन् । यस कथनबाट सायद संसार भरि छरिएर रहेका नेपालीको मनपनि विक्षिप्त भएको हुनुपर्छ ।

वास्तवमा यहाँ लेखकको हृदय मात्र हैन सारा भारतका नेपालीहरूको हृदय बोलेको छ । दार्जिलिङे समाजलाई सहरिया भौतिक सुविधाभन्दा परतिर भाषा र व्यवहारमा पछाडि पारिएका थिए भन्ने कुरा पनि स्पष्ट हुन्छ । यसै गरी तेन्जिङ नोर्गे शेर्पाको अभिव्यक्तिलाई यहाँ उठान गर्नु सान्दर्भिक ठानिएको छ । तेन्जिङले कुनै दिन भनेथेँ भनी मातृकाप्रसाद कोइरालले **कोशीको कथा** वि. सं. २०४६ को निबन्धसङ्ग्रहमा उल्लेख गरेका छन् ।

> *"मेरो रगत र हाड नेपाली माटो र पानीले बनेको हो । म आफूलाई कसरी नेपाली नभनु ? तर खाने बाटो र जीविका भारतमा छ । अनि भारतको हैन कसरी भनूँ ?"* । यसबाट पनि प्रबासिएका नेपालीहरूका दुर्दान्त कथा बुझ्न बाध्य हुनुपर्छ । जातीय सवालका प्रसङ्गमा यो कथनलाई सारा भारतीय नेपालीका प्रतिनिधिमूलक उद्गारको रूपमा यहाँ उल्लेख गरिएको हो ।[९०]

**अखिल भारतीय नेपाली भाषा समितिले** नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गर्ने प्रस्ताव तत्कालीन भारतीय प्रधानमन्त्री मोरारजी देशाई समक्ष पेस गर्दा पनि उनले विदेशी नेपाली भनेका थिए । यस्तो लाञ्छना लगाउँदा कुन नेपाली भाषीलाई दुःख दिने र यी यस्तै विषयलाई आधार मानेर सन् १९८१ को अप्रिल महिनामा गठित **गोर्खा राष्ट्रिय मुक्ति मोर्चा**ले नेपाली जातिकै राष्ट्रिय चिनारी र राजनैतिक हकहितका लागि गोर्खा ल्यान्डको छुट्टै प्रान्तीय माग अघि सारे पनि दार्जिलिङका नेपालीहरूको राष्ट्रिय चिनारी अझैं स्पष्ट हुन सकेको छैन । बरु गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले नेपाली

---

[८९] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. २४ ।

[९०] पेशल पोखेल, 'गौहाटी र दार्जिलिङतिरको नेपाली समाज, पहिचान त नेपाली राम्रो' **हिमाल खबरपत्रिका** ( वर्ष १६, अङ्क ३१ असोज, वि. सं. २०६३) पृ. ५४-७३ ।

भाषा र गोर्खाली भाषाका पखेटा झिकी भारतमा नेपाली साहित्यकारका गोष्ठीहरूलाई समेत अर्कै नजरले हेर्ने गरेको पाइन्छ । नेपाली जातिकै उत्थानमा लागेका राजनीतिक पार्टीले नेपाली भाषा साहित्यप्रेमीलाई परकोझैँ व्यवहार गर्दा दुःख लागेको कुरा हो भन्ने विषयमा दार्जिलिङमा अद्यावधि मुटु मिचेर चर्चा गरेको पाइन्छ ।[९१] भाषा साहित्यलाई बेवास्ता गर्दा जातीयता बाच्दैन भन्ने बुझ्नु जरुरी देखिन्छ ।

**गोर्खा राष्ट्रिय मुक्ति मोर्चा**का राम्रा काम पनि छन् । डिसेम्बर १९१५ को सुगौली सन्धि, १० फेब्रुअरी १८१७ को तितलिया सन्धि, ११ नोभेम्बर १९६५ को सिञ्जुला सन्धि र २१ डिसेम्बर १९२३ को नेपाल-अङ्ग्रेजका बीचको सन्धि र ३१ जुलाई १९५० को नेपाल र भारतको सन्धि तथा ३० अक्टुबर १९५१ को सन्धिहरूलाई गम्भीर छानबिन गरी पुनः शंसोधन हुनुपर्छ भनी भारत र नेपाल सरकारलाई घच्घच्याइरहेको छ । यसो गर्नाको मुख्य कारण चाँहि मोर्चाको उद्देश्य अङ्ग्रेजहरूले दार्जिलिङ छाडेर जाँदा दार्जिलिङ न भारतको न नेपालको भनी निश्चित रूपमा टुङ्गो नलगाई दिएकाले पनि आफ्नो पन खोज्न इतिहास साक्षी बनाएर नेपाली भाषालाई र यो जातिलाई उज्यालो दिन खोजिएको हो । यी कार्यले जातीय चेतनालाई नै बढवा दिएका छन् । घुमाइफिराई जसरी भए पनि नेपाली भाषाभाषी र सोजातिकै चर्चा अद्यावधि भइरहेको पाइन्छ । अतः जातीयताको सवालमा दार्जिलिङका विभिन्न साङगठित दल एवम् विभिन्न भाषिक साँस्कृतिक र साहित्यि सङ्घ संस्थाहरूले अटूट रूपमा आवाज उठाइरहेको पाइन्छ ।

## ३.१.३ दार्जिलिङको भाषासाहित्यमा भाषामान्यता आन्दोलनले पारेको प्रभाव

नेपाली भाषामान्यता आन्दोलनको क्रियाकलाप इतिहासमा सर्वप्रथम वर्तमान उत्तराञ्चल राज्यको देहरादून गढीकेन्टबाट सन् १९५६ मा **जाग्रत गोर्खा**को प्रकाशनसँगै सुरु हुन्छ । यसका सम्पादक आनन्दसिंह थापाको नेतृत्वमा नेपाली भाषाले पनि भारतको संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त गरिनु पर्छ भन्ने माग लिएर केही बुद्धिजीवीहरूका हस्ताक्षर गराएर तत्कालीन राष्ट्रपति समक्ष पत्र पेस गरेका थिए तर यसको उत्तरमा नेपाल एउटा स्वतन्त्र देश छ अतः त्यो देशको भाषालाई संविधानको आठौँ अनुसूचीमा गाभिँदैन भनी राज्यभाषा आयोग भारत सरकारका अध्यक्ष वी. जी. खरेलले लेखेका थिए तर यस प्रकारको उत्तरले भारतीय नेपाली भाषीलाई सन्तुष्ट पारेर राख्न सकेन । यो माग अझ चर्केर गएको देखिन्छ । कञ्चनजङ्घाको स्वर्णिम चुचुरो नछोएसम्म भारतीय नेपालीले कम्मर कसेर नै लागि परिरहेको भेटिन्छ ।

सन् १९५५ मा तत्कालीन राजभाषा आयोगको प्रतिवेदनका सदस्य भाषाविद् सुनीतिकुमार चटर्जीले भाषासम्बन्धी गरिएको विचारलाई यसरी व्यक्त गरेका छन् :

*"कुनै पनि भाषाको महत्त्व बुझी ती भाषा सम्बन्धी लेखनको इच्छाअनुसार यो आठौँ अनुसूचीमा अरुभाषाजस्तै सिन्धी र नेपाली पनि गाभिनुपर्छ"* ।

फलस्वरूप यसै बेलादेखि रामजेठ मलानी र आचार्य कृपालामलानीहरूजस्ता कुशल नेतृत्वले सिन्धी भाषालाई भारतको संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त गराउने सशक्त आन्दोलन गरे । यस प्रयासले गर्दा सन् १९६७ मा सिन्धीभाषाले संवैधानिक मान्यता पायो ।

नेपाली भाषा आन्दोलनको प्रतिफलस्वरूप १९६१ मा बङ्गालको विधानसभाले दार्जिलिङ जिल्लाको तीन पहाडी महकुमा नेपाली भाषालाई सरकारी भाषाको रूपमा मान्यता प्राप्त गऱ्यो । यतिले मात्र नेपाली आवाज बन्द भएन । दार्जिलिङमा राजनैतिक पार्टीले पनि यो मागलाई माथि बढाउँदै लैजान थाले । नेपाली भाषा आन्दोलन झन्झन् चर्किन थाल्यो । सन् १९६२ मा दार्जिलिङमा उत्तरबङ्ग विश्वविद्यालयको स्थापना भयो तर नेपाली स्नातकोत्तर कक्षा सञ्चालन हुन सकेन । सन् १९६६ मा **नेपाली भाषा सङ्घर्ष समिति** गठन भयो । यसले **आवाज** पाक्षिक समाचार पत्रको माध्यमद्वारा सन् १९६८ मा दार्जिलिङ पहाडी क्षेत्रमा बसोबास गर्ने समस्त जनताप्रति निम्नलिखित अपिल गरेको थियो ।

*१. नेपाली भाषा दार्जिलिङ जिल्लाका कर्साङ, कालेम्पोङ, र दार्जिलिङ तिनै महकुमा सरकारी भाषाको रूपमा मान्यता प्राप्त भएकाले सारा सरकारी तथा अर्द्धसरकारी र गैरसरकारी*

[९१] अन्तर्वार्ताका क्रममा जानकारी प्राप्त (नेपाली साहित्य सम्मेलनका व्यक्तित्वहरू कुमार प्रधान, मोहन पी. दाहाल, लख्खीदेवी सुन्दास, इन्द्रबहादुर राई र कतिपय शोधार्थी एवम् स्नातकोत्तरका विद्यार्थीहरू । २०६३, १२, १०-१९ गतेसम्मको अध्ययनभ्रमणका क्रममा (दार्जिलिङ)

*अफिसहरूमा दर्खास्त, लेखापढी, चिठ्ठी आदि सबै नेपाली भाषामा लेख्नुहोस् र जवाफ पनि नेपाली मै माग्नुहोस् ।*

*२. आफैँ आफ्ना महत्त्वपूर्णस्थलहरूको संरक्षण गर्नहोस् ।*

*३. नेपाली पत्रपत्रिका र पुस्तकपुस्तिका किनेर पढ्नुहोस् ।*

*अन्तमा हामी समस्त भारतीय नेपाली एकबद्ध भई उच्चस्वरले एउटै आवाज बुलन्द गर्छौं । हाम्रो मातृभाषा नेपाली भारतीय संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त हुने नै छ ।*

यसरी भाषा आन्दोलनको अभियान जोडतोडले चल्न थाल्यो । १९६९ मा दार्जिलिङमा अर्को शाखा नेपाली भाषाप्रयोग र अभियान समिति गठन भयो । यो समितिको मूल उद्देश्य पनि नेपाली भाषा सङ्घर्ष समितिको जस्तै नै थियो । यो समितिले पनि उसरी नै दोकान, घर, संघसंस्था, बाटाघाटा आदिको नाम नेपालीमै लेख्नु, गाडीको नम्बर, सूचना तथा विज्ञप्तिहरू पनि नेपाली भाषामा नै लेखिनु पर्छ भन्ने अपिल सबै पहाडी क्षेत्रमा बसोबास गर्ने विभिन्न भाषाभाषी जनसमूहलाई गरिएको पाइन्छ ।

नेपाली भाषालाई संविधानको आठौँ अनुसूचीमा अन्तर्भूक्त गराउने मागको आवाज बुलन्द हुँदै गयो । अन्य प्रायशः सङघसंस्था, बुद्धिजीवीहरू तथा राजनैतिक दलहरूले पनि यो मागलाई सशक्त बनाउन लागि परिनै रहे । १९५७ मा विषेश चुनाउको समयमा पनि नेपाली भाषाको यो मागलाई सशक्त बनाए र सन् १९६० बाट उग्ररूप देखापर्न थाल्यो । सबै बुद्धिजीवी, संघसंस्था, राजनैतिक दल एवम् जनताले व्यक्तिगत रूपमा पनि भारतका राष्ट्रपतिलाई टेलिग्राममार्फत् पत्र आदि पनि पठाउन थाले ।

*भाषा हाम्रो प्राण हो* भन्ने चेतना भारतभरि छरिएर बसेका नेपाली भाषी जनतामा आइसकेको थियो । ठाउँठाउँबाट जुलुसहरू निस्कन थाले । त्यस जुलुसमा सहभागी प्रायस नेपालीहरू नै हुन्थे । सबै स्कुल, कलेजका विद्यार्थी, व्यापारी र रोजगारी गर्ने मजदुरहरू, गैरसरकारी संस्थामा कार्यरत कर्मचारीहरू सबै सङ्घसंस्था, एसोसिएसन आदिले भाग लिएका थिए । सन् १९६९ मा **नेपाली साहित्य सम्मेलन** (सन् १९२४) दार्जिलिङ र १९७० मा गोर्खा **दुःख निवारण सम्मेलन** दार्जिलिङबाट पनि नेपाली भाषाले भारतको संविधानमा अन्तर्भुक्त हुनुपर्छ भन्ने माग गर्दै तत्कालीन राष्ट्रपति समक्ष पत्र पठाएका थिए । **भाषा प्रयोग गर अभियान समिति**ले सन् १९७१ मा रतनलाल बाह्मणले तत्कालीन **लोक सभा**का ७४ जना संसद्हरूका हस्ताक्षर गराएर प्रधानमन्त्री इन्दिरा गान्धीलाई स्मरण पत्र पेस गरेका थिए । सोहीताका रतनलाल ब्राह्मणले भारतीय सदनमा नेपाली भाषामा नै शपथ ग्रहण पनि गरेका थिए ।

सन् १९७२ मा के. बी. सिंहको अध्यक्षतामा र मन्त्री (सचिव) श्री प्रेमकुमार आलेलगायतका सदस्यहरूको तत्परतामा **नेपाली भाषा समिति** एउटा स्वतन्त्र मञ्चको गठनले भाषालाई अन्तर्भुक्त गराउने प्रचेष्टा मात्र थियो । स्वतन्त्र रूपमा उठाइ सकेको मागलाई राष्ट्रव्यापी प्रचार गर्दै बुलन्द आवाज दन्किन थाल्यो । विविध सङ्घसंस्था र समितिहरू पनि यसै मञ्चमा सम्मिलित भए फलस्वरूप यो समितिको शाखा-प्रशाखा समितिहरू भारतका विभिन्न ठाउँहरू- मेघालय, मणिपुर, असम, हिमाञ्चल प्रदेश, दिल्ली, पञ्जाब, नागाल्यान्ड, मिजोरम, अरुणाचल, कलकत्ता, सिक्किम आदि राज्यहरूमा खोलिए । यसको वृहत् रूप **अखिल भारतीय नेपाली भाषा समिति** भनी गठन भयो ।

यसै समितिमार्फत् भारतमा छरिएर बसेका नेपाली भाषी जनताहरू एकजूट भएर भाषा आन्दोलनलाई सफल तुल्याउने काममा अग्रसर भए । यसरी **नेपाली साहित्य सम्मेलन** दार्जिलिङबाट **अखिल भारतीय नेपाली भाषा समिति** तथा **नेपाली साहित्य परिषद्** सिक्किम, **नेपाली साहित्य अध्ययन समिति**, **गोर्खा जनपुस्तकालय** कर्साङ आदिले **साहित्य अकादमी**मा पनि नेपाली भाषालाई अन्तर्भुक्त गराउन जोडतोडले कदम चलाइरहेका थिए ।

दिल्ली साहित्य एकेडेमी भारतका अन्य मान्यता प्राप्त भाषाहरूझैँ नेपाली भाषालाई पनि समावेश गराउन सकियो भने भाषिक आन्दोलन अझ दरिलो हुँदै जान्छ भन्ने सोद्देश्यले सबै सङ्घसंस्था र बुद्धिजीवीहरूले अझ जोड दिएका थिए । फलस्वरूप नेपाली साहित्य सम्मेलन दार्जिलिङको ५० औँ वर्षको स्वर्ण जयन्तीको उपलक्ष्यमा सन् १९७४ मा तत्कालीन साहित्य अकादमीका सचिव प्रभाकरलाई पनि बोलाइयो । उक्त दिन १८ अक्टोबर १९७४ भव्य स्वागत पनि गरियो । उनले उक्त समारोहको भाषणमा भनेका थिए :

*"यस्तो महत्त्वपूर्ण कार्यक्रममा उपस्थित हुन पाएँ । यो मेरा लागि ज्यादै सौभाग्यको कुरो हो । आज हामी जसरी यसको स्वर्ण जयन्ती मनाइ रहेका छौं । यति मात्र होइन । १०० वर्ष गाँठ पनि हामी मनाउँछौं" ।*

यस कथनबाट पनि भाषा साहित्य सेवी सङ्घसंस्थालाई अपार माया अनेपालीहरूद्वारा गरेकै ठर्हछ ।

*"संसारका जस्तासुकै तागतले पनि मातृप्रेम र आफ्नो भाषा बदलिँदैन । भानुभक्तले सुरु गरेका भाषालाई महाकवि देवकोटाले कैयौं अमूल्य रत्नहरूले भरिपूर्ण पारेका हुन् । यो भाषा साहित्यको सधैँसधैँ विकासहोस् भन्ने कामना गर्दछ ।"*

(हाल दार्जिलिङमा भानुमञ्च भवन कम्तिमा पनि ५० करोडको लागतमा निर्माण हुन लागेको छ । उत्तरबङ्ग विश्वविद्यालयमा रवीन्द्र भानुमञ्च पनि राम्रै ढङ्गमा रहेको छ) एकेडेमी स्वीकृतिबारे अनि भारतका अरु विकसित भाषासरह नेपाली भाषालाई पनि एकेडेमीले मान्यता दिनेछ भन्ने प्रभाव परेको सो भाषणको ऐतिहासिक महत्त्व छ । फलस्वरूप २६ फरवरी १९७५ मा साहित्य अकादमी दिल्लीले नेपाली भाषालाई भारतको आधुनिक भाषाको रूपमा पनि स्वीकृति प्रदान गऱ्यो । नेपाली भाषामा लेखिएका कृतिले पनि अब अकादमी पुरस्कार पाउने निश्चित भयो । फलस्वरूप इन्द्रबहादुर राईजस्ता भाषा सहित्यसेवी स्रष्टाहरूले पनि सो पुरस्कार प्राप्त गर्दै आएका छन् । अहिलेसम्म साहित्य अकादमी पुरस्कार पाउने भारतका नेपाली साहित्यकारहरू यस प्रकार देखिन्छन :

१ इन्द्रबहादुर राई, मेथीबारी, दार्जिलिङ ।
२ शरद् छेत्री, श्रीकुञ्ज, अच्छाराई रसिकपथ, दार्जिलिङ ।
३ आर. पी. लामा, सम्मेलन भवन १५, सोनाम वाङदी रोड, दार्जिलिङ ।
४ मोहन ठकुरी, भानुटोल, दार्जिलिङ ।
५ लक्खीदेवी सुन्दास, शताब्दी भवन, सिलगढी ।
६ जीवन नाम्दुङ, सुनदह, दार्जिलिङ ।
७ सानु लामा, जीवनथिङ मार्ग, सिक्किम ।
८ लीलबहादुर छेत्री, गौहाटी, आसाम ।
९ गिर्मी शेर्पा गोपर्मा, डाँडा गाउँ, तादुङ, सिक्किम ।
१० नरेन्द्रमणि प्रधान, दार्जिलिङ ।
११ रामलाल अधिकारी, दार्जिलिङ सरकारी महाविद्यालय, दार्जिलिङ ।

यसै गरी साहित्य एकेडेमी दिल्लीले **नेपाली साहित्य सम्मेलन**, **नेपाली साहित्य अध्ययन समिति**, कालेम्पोङ, **नेपाली साहित्य प्रचार समिति**, सिलगढी, **गोर्खा जनपुस्तकालय**, कर्साङ, **नेपाली साहित्य परिषद्**, शिलाङ, **नेपाली साहित्य परिषद्**, गौहाटी, **नेपाली साहित्य परिषद्**, सिक्किम, आदि मान्यता प्राप्त नेपाली भाषा साहित्य संस्था भनेर ससम्मान मान्यता दिएको छ । एकेडेमीले मान्यता दिएपछि झन् भाषा आन्दोलन दरिलो बन्दै गयो । भारतभरिका नेपाली भाषी जनताले एउटै नाराको उद्घोष गरे **"हाम्रो भाषा प्राण हो भाषा हामी लिन्छौंलिन्छौं"** ।

विभिन्न सङ्घसंस्था, स्कुल, कलेज, विश्वविद्यालय, विद्यार्थी, बुद्धिजीवीहरूले बारम्बार प्रधानमन्त्री र राष्ट्रपतिसँग भेट्न थाले । लगातारको भेटवार्ता, स्मारकपत्र, ज्ञापनपत्र, टेलिग्राम तथा भोक हडताल, अवरोध आदि विविध कार्यक्रमहरू बढ्दै गए र उ.ब.वि. मा नेपाली विभागको स्थापना भएको १५ वर्ष पछि मात्र २० अगस्त १९९२ नेपाली भाषा भारतको आठौं अनुसूचीमा अन्तर्भुक्त भएको छ ।

दार्जिलिङ समष्टिबाट रतनलाल ब्राह्मणले संसद् भवनमा भाषामान्यतासम्बन्धी आवाज गुञ्जाउँदा भारतको संसद सदनले त्यसको जोडतोडले विरोध गरेको पाइन्छ तर कसैको विरोधले पनि सो मागलाई कुल्चन सकेन । हामीले भाषामा धेरै सङघर्ष गर्दागर्दै दिल्ली साहित्य अकादमी १९७५ मा नेपाली भाषालाई राष्ट्रिय भाषाको सूचीमा समाविष्ट गरिसकेको थियो । यो महान् सङ्घर्षपूर्ण कार्यगत एकतामा भारतबासी नेपाली जनताको भूमिका नै ठूलो मान्नुपर्छ ।

### ३.१.४ नेपाली भाषाको विकासमा दार्जिलिङे पत्रपत्रिका पुस्तक एवम् व्यक्ति तथा विभिन्न सङ्घसंस्थाको भूमिका

उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा दार्जिलिङमा इसाई मिसनरी जोशमनि सम्प्रदाय, आर्य समाज, ब्राह्म समाज, हिमाद्री हरिसभाजस्ता संस्थाहरू पनि स्थापित भइ सकेका थिए । बीसौँ शताब्दीको प्रथम दशकदेखि दार्जिलिङमा ग्रीक, अङ्ग्रेजी, हिन्दी, उर्दू भाषाका नाटक मञ्चित हुन थालेको जानकारी पाइन्छ । यिनै संस्थाहरूको गतिविधिद्वारा प्रत्यक्ष वा परोक्ष रूपमा प्रेरित भएर दार्जिलिङमा केही पुस्तकालय र केही सामाजिक, शैक्षिक संस्थाहरू स्थापना भएको देखिन्छ । गोर्खा युनियन लाइब्रेरी सन् १९०५, गोर्खा नेसनल थियट्रीकल पार्टी सन् १९०९, चिल्ड्रेन एक्युजमेन्ट एसोसिएसन सन् १९१०, हिमालय एक्युजमेन्ट एसोसिएसन सन् १९११, कर्साङको गोर्खा लाइब्रेरी सन् १९१३, हिमालय एन्ड चिल्ड्रन्स एड्मान्मेन्ट एसोसिएसन सन् १९१५, हिलमेन्स एसोसिएसन सन् १९१७, कर्साङको दि हिमालयन्स अमेच्यर ड्रामाटिक एसोसिएसन सन् १९१८, गोर्खा समिति १९१९ जस्ता संस्थाहरू स्थापित भएका थिए । तिनीहरूले सामाजिक, सांस्कृतिक क्षेत्रका महत्त्वपूर्ण कार्यहरू गरेर दार्जिलिङको जनजीवनमा गुणात्मक प्रभाव पार्न सकेका थिए । यसै गरी पहलमान सिंह स्वारको नाटक मञ्चित भएपछि मात्र विभिन्न नाट्यसंस्थाहरूले नेपाली भाषामा अनेक अनुदित र मौलिक नाटक मञ्चन गराउन थालेको जानकारी पाइन्छ ।[९२] दार्जिलिङमा स्थापित गोर्खेप्रेस दार्जिलिङ सदर एवम् हरिप्रिन्टिङ प्रेस कर्साङजस्ता मुद्रणालयले नेपाली भाषामा पत्रपत्रिका साहित्य एवम् साहित्येतर पुस्तकहरू र पाठ्यपुस्तकहरू प्रकाशित गरेको पाइन्छ । यसैगरी सन् १९२४ को नेसासले नेपाली भाषा साहित्यको विकासमा महत्त्वपूर्ण र बहुमुखी भूमिका लिएको पाइन्छ ।

दार्जिलिङमा आख्यानको थालनीका सन्दर्भमा सन् १९१५ मा **हिरण्मयी चरित्र** र सन् १९१९ मा **राधारानी** पारसमणि प्रधानले अनुवाद गरेका कृतिहरूबाट अनुदित आख्यान साहित्यको थालनी भएको देखिन्छ भने मौलिक भन्न रुचाइएको प्रतिमानसिंह लामाको सन् १९१८ को **महाकाल जासुस** प्रारम्भिक कालीन औपन्यासिक कृति हो । रूपनारायण सिंहको भ्रमर सन् १९२६ आधुनिक काल प्रारम्भ गर्ने कृतिको रूपमा देखापर्दछ । त्यसपछि देखापरेका आख्यानात्मक कृतिहरूमा **विजुली**, **अपूर्ण** सन् १९४९, सन् १९१८ को धर्म रत्न बौद्धको समाजको एउटा झलकमा, लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (सन् १९४८), **माइतघर** सन् १९४९, **लङ्गडाको साथी** सन् १९५१, अच्छा राई रसिकको **घरज्वाइँ** अपूर्ण रचनाकाल सन् १९४८, **दोभान** १९४४, **लगन** १९५५ कृतिहरू पर्दछन् भने त्यस्तै शिबकुमार राईको **डाकबङगाला** सन् १९५९, सुभद्रा सुब्बाको **बाल महाभारत** सन् १९५६, कृष्णसिंह मोक्तानको **चरणधूली** सन् १९५७ र देखा पर्दछन् भने इन्द्र सुन्दासको **मङ्गली** सन् १९५८ मा प्रकाशित भएका आख्यानात्मक कृतिहरू हुन् । तत्पश्चात् उत्तरबङग विश्वविद्यालयको आरम्भपछि कृष्णसिंह मोक्तानको सन् १९६४ को **अशेष यात्रा** भने विश्वविद्यालय स्थापनापश्चात्मात्र प्रकाशित भएको हो । नरबहादुर दाहालको **मध्यरातको तारा** सन् १९६४ र नारदकुमार छेत्रीको **वियोग** सन् १९६३ पछि मात्र इन्द्रबहादुर राईको **आज रमिता छ** सन् १९६४ मा प्रकाशित भएका देखिन्छन् । यी आख्यानात्मक कृतिहरूको पृष्ठभूमिबाट दार्जिलिङमा नेपाली भाषाको दरिलो स्वरूप अग्रगमन हुँदै अगाडि बढदै गयो भन्ने कुराको बोध हुन्छ भने दार्जिलिङमा साहित्यिक चेतनाको विकास सन् १९६२ को उ.वि. स्थापनासम्मका राम्ररी नै हुन सकेको देखिन्छ । अतः नेपाली भाषाको विकासका दृष्टिले दार्जिलिङलाई मुख्य क्षेत्र मानिन्छ । सन् १८८७ मा पादरी टर्न बुलले नेपाली व्याकरण **नेपाली ग्रामर एन्ड इङ्गलिस नेपाली, नेपाली इङलिस भोकाबुलरी** (नेपाली व्याकरण र अङ्गेजी नेपाली तथा नेपाली अङ्ग्रेजी शब्दकोश) प्रकाशन गरेपछि नै दार्जिलिङमा नेपाली भाषाको प्रचारप्रचारको श्रीगणेश भएको हो । पादरी गङ्गाप्रसाद प्रधानले **बाइबल**को अनुवाद नेपाली भाषामा गरे । सन् १९०१ मा दार्जिलिङको स्थानीय भाषामा **गोर्खे खवर कागज** पत्रिका पनि प्रकाशन गरे । सन् १९१८ मा पारसमणि प्रधानले खरसाङबाट **चन्द्रिका** मासिक पत्रिका सम्पादन गरे । **गोर्खे खवर कागज**पश्चात् भारतका विभिन्न स्थानबाट प्रकाशनमा आएर नेपाली भाषा साहित्यलाई बढवा दिने नेपाली पत्रपत्रिकाहरूमध्ये **उपन्यास तरङगिणी** (मासिक, बनारस, १९०२), **सुन्दरी,** (मासिक, बनारस २००६), **माधवी** (मासिक, बनारस, १९०८), **गोर्खा साथी** (कलकत्ता, १९१२), **चन्द्र** (मासिक, बनारस १९१५), **गोर्खाली** (साप्ताहिक, बनारस, १९१४), यो भारतको पहिलो साप्ताहिक नेपाली पत्रिका हो । **चन्द्रिका** (मासिक, कर्साङ, १९१८) **जन्मभूमि** (मासिक, बनारस, १९२६), **गोर्खा संसार** (साप्ताहिक,

---

[९२] कुमार प्रधान, पूर्ववत्, प. १०१-१३५ ।

देहरादून, १९२६) **तरुण गोर्खा** (साप्ताहिक, कालेम्प्पोङ, १९२८), **आदर्श** (मासिक, देहरादून, १९२८) र ने. सा. स. को स्थापनापश्चात् **नेपाली सम्मेलन पत्रिका** (त्रैमासिक, दार्जिलिङ, १९३२), **गोर्खा सेवक**, ( शिलाङ, १९३५) आदि उल्लेखनीय छन् । यी पत्रपत्रिकाहरूको प्रकाशनले नेपाली भाषा साहित्यलाई निकै उपलब्धिमूलक बनाएको प्रतीत हुन्छ । सन् १९२४ मा नेपाली साहित्य सम्मेलन स्थापित भयो । सर्वप्रथम त नेपाली साहित्य सम्मेलनकै माध्यमद्वारा भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह भएको छ । त्यसो त दार्जिलिङका विभिन्न भाषिक र साहित्यिक सङघसंस्था पत्रपत्रिकाहरूले नेपाली भाषाको विकासमा महत्त्वपूर्ण टेवा दिएका छन् । सन् १९३२ मा नेपाल साहित्य सम्मेलनको मुखपत्र **साहित्य सम्मेलन पत्रिका** पद्मप्रसाद प्रधानको सम्पादकत्वमा प्रकाशित भएको पाइन्छ । सन् १९१६ मा कर्साङमा गोर्खा जनपुस्तकालयको स्थापना हुन्छ । त्यसैले अधुनातन नेपाली भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिइरहेकै छ । सोही अवधिमा सन् १९३० मा शेषमणि प्रधानको सम्पादनमा आदर्श मासिक पत्रिका, सन् १९३३ मा अगमसिंह गिरीको सम्पादनमा गोर्खाली एवम् सन् १९३५ मा केडी प्रधानको सम्पादनमा **नेबुला** पत्रिकाहरू प्रकाशित हुन थाले । यसैगरी सन् १९३९ मा शेषमणि प्रधानको सम्पादनमा **गाउँसुधार** पत्रिका, सन् १९४५ मा रूपनारायण सिंहको सम्पादनमा **खोजी** र १९४५ मा नै अखिल भारतीय गोर्खालीगको मुखपत्र सानुमति राई र महानन्द पौड्यालको सम्पादनमा **नवप्रभात** सन् (सन् १९५४) पारसमणि प्रधानको सम्पादनमा **भारती** सन् १९४९ पत्रिका प्रकाशन भएर नेपाली भाषा र साहित्यलाई अग्रगमन तुल्याएको स्पष्ट हुन्छ । नेपाली साहित्य सम्मेलनको **दियालो,** कमल शर्माको **हाम्रो कथा,** सुनकेशरीको सम्पादनमा **शिक्षा पत्रिका** मासिकहरूले पनि नेपाली साहित्यको विकासमा अतुलनीय योगदान पुऱ्याएका छन् । सन् १९८२ सम्म भारतबाट असंख्य सावधिक र समायिक नेपाली पत्रपत्रिकाहरू प्रकाशमा आएका देखिन्छन् तर त्यस समय ६० लाख भन्दाबढी नेपाली भाषी जनसंख्या भएको भारतबाट नेपाली भाषामा एउटै दैनिक समाचार पत्र प्रकाशनमा आउन नसकिरहेको स्थितिमा उत्तर बंङग विश्वविद्यालय नेपाली विभागमा कार्यरत गुरुहरू तुलसीबहादुर क्षेत्री (विभागाध्यक्ष) लक्ष्मीकान्त शर्मा, भिमकान्त उपाध्याय र विद्यावारिधिका अनुसन्धाता मोहन पी. दाहालहरूको संयुक्त प्रयासमा १२ फेब्रुअरी १९८२ मा 'हिमाली आभा' नामक नेपाली दैनिक पत्रिका प्रकाशनमा ल्याएको देखिन्छ । प्रस्तुत कार्यपनि नेपाली भाषा साहित्यकै योगदानमा सक्रिय रहेको हो भन्ने मत रहेको छ ।[९३]

### ३.१.४.१ व्याकरणहरूको लेखनले भाषाको विकासमा पारको प्रभाव

सन् १९३२ मा पारसमणि प्रधानको **नेपाली व्याकरण,** सन् १९४४ मा नरेन्द्रमणि प्रधान र अमरमणि प्रधानको **प्राथमिक नेपाली व्याकरण**, सन् १९७० मा पारसमणि प्रधानकै **भाषा प्रवेश नेपाली व्याकरण** प्रकाशनमा आएपछि नेपाली भाषागत साहित्यले बीजाङकुरण हुने सुयोग प्राप्त गऱ्यो । सन् १९२० मा लेखिएको पारसमणि प्रधानको **नेपाली व्याकरण** नेपाली भाषामा लिखित पहिलो नेपाली व्याकरण हो ।[९४] जसलाई प्रकाशन गर्दा **सजिलो नेपाली व्याकरण** भनेर प्रकाशन गरेका पाइन्छ । सन् १९६९ मा एल्. पी. शर्मा, के. पी. शर्मा र जे. के. छेत्रीको संयुक्त प्रयासमा **माध्यमिक नेपाली व्याकरण** प्रकाशित भएको पाइन्छ ।[९५] यी व्याकरणगत लेखनले भाषाको व्यवस्थितिकरणका लागि स्तरीय र मानक भाषा बनेर नेपाली भाषा अगाडि जाओस् भन्ने उद्देश्य बोकेको पाइन्छ ।

सन् १९७८ मा लेखिएको राजनारायण प्रधानको **सरल नेपाली व्याकरण**, सन् १९७६ को भाइचन्द्र प्रधानको **आधुनिक नेपाली व्याकरण**, सन् १९८५ को भाइचन्द्र प्रधान र मनबहादर प्रधानको **सुगम नेपाली व्याकरण** र निबन्धरचनाहरू नेपाली भाषाको विकासमा महत्त्वपूर्ण मानिन्छन । दार्जिलिङमा नेपाली भाषाको विकासमा व्याकरण लेखी साहित्यलाई व्यवस्थित तुल्याउने काममा थुप्रै व्यक्तिहरूको सहयोग छ । सन् १९७६ मा नेपाली भाषा साहित्यको मुहानदेखि लेख्ने एच्. बी. राई र शान्तिराज शर्मा, त्यस्तै १९८४ को **जोर कि विजोर** लेख्ने शिवराज शर्मा, सन् १९८६ मा **विकासप्रक्रिया : नेपालीका सर्वनाम र अव्यय शब्द** शर्माको कृति हो । त्यस्तै सन् १९७८ मा प्रकाशित गुमानसिंह चामलिङको **मौलो**मा सङगृहीत नेपाली व्याकरणगत एकीकरण वा मानस्तरीकरणको समस्याजस्ता व्याकरणात्मक लेख

---

[९३] मोहन पी. दाहाल, **हिमाली आभा एक चर्चा**, 'सन्धान' वर्ष १, अंक १ समसामयिक साहित्य सङ्कलन महानन्द पौड्याल (सम्पा.), सिक्किम, सन् २००५, पृ. ६ ।

[९४] दयाराम श्रेष्ठ र अन्य, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (काठमाडौ : साझा प्रकाशन, वि. सं. २०३४) पृ. २२६ ।

[९५] जस योञ्जन 'प्यासी', 'नेपाली भाषास्रोतदेखि दार्जिलिङसम्म देखिएका विकास र विकृतिहरू' **सन्धान** (वर्ष २, अङ्क २ सन् २००६, सिक्किम) पृ. ३० ।

ग्रन्थहरू नेपाली भाषा साहित्यको उत्थानमा उपलब्धिमूलक व्याकरणहरू मानिन्छन् ।[९६] अतः यी व्याकरणगत लेखन र प्रकाशनले भाषाको उत्थानमा खेलेको भूमिका सर्वातीशायी नै छ । तथापि ५० को दशकदेखि वर्तमानकालसम्म निरन्तर नेपाली भाषा र साहित्यको सम्बर्द्धन गर्ने दिशामा नेसासको प्रमुख पत्रिका **दियालो** र त्यसपछिको सशक्त साहित्यिक आन्दोलन **तेस्रो आयाम** र **लीलालेखनको स्थापना** अनि कर्साङको गोर्खा जनपुस्तकालयबाट प्रकाशित् **माध्यम** उ.ब.वि. नेपाली विभागको स्थापनापश्चात् कालिम्पोङको नेपाली साहित्य अध्ययन समितिबाट **साहित्य सङ्केत**, कर्साङको अरुगि साहित्य संस्थानबाट **अरुगि**, देवकोटा सङ्घ सिलगढीबाट **बाडुली** आदि साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन र **सुनचरी** तथा **हिमालदर्पण**जस्ता दैनिक पत्रपत्रिकाले समेत नेपाली भाषा साहित्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपाली भाषालाई राष्ट्रिय मान्यता गराउनाका लागि **अखिल भाषा समितिको** स्थापना र सन् १९६२ मा स्थापित उत्तरबङ्ग विश्वविद्यालयको **एन्. बी. यू. नेपाली अकादमी**, सन् १९७०-७२ मा सुगठित संस्थाबाट र १९७७ मा स्थापित उ.ब.वि.को नेपाली विभागबाट संयुक्त रूपबाट प्रकाशित हुन् **एन्. बी. यू. नेपाली जनरल**को पनि नेपाली भाषा साहित्यको सेवा र विकासमा ठूलो देन प्राप्त भएको देखिन्छ । स्वयम् नेपाली विभागको पनि आफ्नै प्रकारको योगदान छ । विभागद्वारा पनि भाषासम्बन्धी केही काम गरेको देखिन्छ । विभागका गुरुज्यूहरूबाट उ.ब.वि. का उपकुलपति एवम् कुलपतिमार्फत् नेपाली भाषाले भारतीय संविधानमा मान्यता पाउनुपर्छ भनेर केन्द्रसरकारलाई बिन्तीपत्र पेस गरेको पाइन्छ ।[97] यसरी नेपाली भाषाले दार्जिलिङलगायतका क्षेत्रका राम्ररी नै फक्रिने अवसर पाउँदै गएको छ भन्ने कुराको बोध हुन्छ ।

### ३.१.४.२ भाषामान्यताका लागि क. ब्राह्मणको भूमिका

सन् १९४६ मा दार्जिलिङबाट चुनिए र कलकत्ता एसेम्बीलमा पुगेपछि नेपाली भाषामा बोल्ने प्रयास गरे तर असफल भए । भारत स्वाधीन भएपछि दार्जिलिङ आएका पहिलो गभर्नर जेनरल राजगोपाल चारी समक्ष नेपालीहरूका निम्ति स्वशासन र नेपाली भाषालाई कम्युनिस्ट पार्टीले मान्यता दिनुपर्छ भन्ने दाबी गऱ्यो । २० मई १९५५ मा यस आयोगलाई पेस गरेको कम्युनिस्ट पार्टीको स्मारकपत्रमा दार्जिलिङमा अङ्ग्रेजी र बङ्गालीको साटो नेपालीलाई सरकारी भाषा बनाउने कुरा नै उठाइएको पाइन्छ । सन् १९६० मा कलकत्ता विश्वविद्यालयले डिग्री कोर्समा स्वभाषा (भर्नाकुलर)का रूपमा दिल्ली नेपाली भाषालाई दिई आएको मान्यता खोस्ने दुर्नीति तत्कालीन बङ्गाल सरकारले अपनायो । त्यसपछि **दार्जिलिङ जिल्ला भाषा मान्यता समिति**को गठन भयो । त्यसैले सबै नेपाली भाषीलाई एकै ठाउँमा आबद्ध भई सहयोग जुटाउन थाले । फलतः १९६१ सितम्बरमा पश्चिम बङ्गाल विधानसभाले ऐन पारित गरी नेपाली भाषालाई दार्जिलिङका पहाडी तीन इलाकाका सरकारी भाषा स्वीकार गऱ्यो । त्यस्तै सन् १९६६ तिर *कम्युनिस्ट पार्टी मार्क्सवादी*का राज्यसभा सदस्य धिरेन घोषले सिन्धी भाषालाई भारतको संविधानको आठौँ अनुसूचीमा दर्ता हुनुपर्छ भन्ने प्रसङ्गमा नै उनले संसदमा नेपाली भाषा पनि संविधानमा अन्तर्भुक्त हुनुपर्छ भन्ने कुरा जोडदार रूपमा दाबी गरेका थिए । त्यसपछि ब्राह्मणले सन् १९७१ देखि संसद्भित्र र बाहिर पनि नेपाली भाषाको मान्यताको निम्ति सामूहिक साङगठनिक एवम् व्यक्तिगत रूपमा सहयोग लिई आफ्नो बुता र वर्खनले भ्याएसम्म गर्जीरहेको थिए । डिसेम्बर १९७१ मा ब्राह्मणले ७४ जना एम्. पी. हरूको हस्ताक्षर गराई एउटा स्मारक पत्र तयार गरेर तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धी कहाँ पेस गरे । प्रियरञ्जन दास मुन्सी लगायतका ४ जना सत्ताधारी कङ्ग्रेसी सांसदहरूको हस्ताक्षर गराएका थिए भन्ने पाइन्छ ।[९८] उनी दिल्लीबाट दार्जिलिङ फर्केपछि दार्जिलिङ सरकारी महाविद्यालयका इतिहास विषयका प्राध्यापक कुमार प्रधान र वुद्धिजीवी अन्य साथीहरूसँग मिलेर संसद्मा उठाएका कुराको चर्चा चलाए ।

*तीव्र आन्दोलन गरेर मात्र हामीले भाषालाई मान्यता दिलाउन सक्छौँ भन्ने अठोट गऱ्यौँ । सन् १९७२ मा भाषा समिति गठन गऱ्यौँ । यसभन्दा अघि नै* सन् १९७१ मा दार्जिलिङमा नेपाली भाषा समिति गठन भइसकेको पाइन्छ ।[९९]

---

[९६] जस योञ्जन 'प्यासी' **एन् बी. यू नेपाली अकादमी जनरल** (दार्जिलिङ : उ. वि., सन् १९९५-९६), पृ. ४६ ।

[९७] लक्ष्मीकान्त शर्मासँगको प्रत्यक्ष अन्तर्वार्ताबाटप्राप्त सन् ।

[९८] प्रेमकुमार आले "नेपाली भाषा समितिका तत्कालीन मूल सचिबको प्रतिवेदन" **हाम्रो भाषा** स्मारिका (वर्ष २, अङ्क २ सन् १९७४), पृ. ४० ।

[९९] ऐजन ।

*"हाम्रा लागि कम्युनिस्ट पार्टी नेपाली इतर साथीहरू ज्योतिर्मय बोस, चित्त बसु, समर मुखर्जीहरूले दिल्लीको संसद्भित्र नेपाली भाषाका मान्यताका निम्ति उठाइदिएका कदमहरूको सराहान नगरी सकिँदैन'* ।[१००] अतः भारतीय केन्द्र सरकारले भाषालाई सहजै संवैधानिक मान्यता दिँदैन भन्ने कुरा ब्राह्मणले बुझेका थिए । **असम गोर्खा सम्मेलन** ग्वालपाडा जिल्ला कमिटिका सहसचिव भक्तबहादुर भण्डारी छेत्रीले ३ अप्रिल १९७२ मा लेखिएको पत्रोत्तरमा पनि तत्कालीन कङ्ग्रेस सरकारले सजिलोसँग हाम्रो माग स्वीकार गर्न चाहँदैन । भारतमा छरिएएर बसेका पचास लाख नेपालीले ठूलाठूला सङ्घर्ष गर्न तयार हुनुपरेको छ भनी उल्लेख गरेका थिए ।

सङ्ग्रामी चेतनाका धनी ब्राह्मण निवेदन बिन्ती पत्र दिएर मात्र हुँदैन । जन आन्दोलनद्वारा नै नेपाली भाषालाई मान्यता दिलाउन सकिन्छ भन्ने कुरामा विश्वस्त थिए । उनी **नेपाली भाषा समिति**लाई सक्रिय तुल्याउन चाहन्थे तर समितिका साथीहरूले पत्राचार मात्र गर्न रुचाउँदा आक्रोश प्रकट गरेका थिए ।[१०१] फलस्वरूप दार्जिलिङका तीन पहाडी महकुमाहरूमा नेपाली भाषालाई सरकारी मान्यता दिलाउन दार्जिलिङ जिल्ला भाषा मान्यता कमिटि गठन भएपछि अझ जनचेतना बढ्दै गयो । फलस्वरूप सर्वदलीय र सर्वसङ्घीय ऐक्यबद्धताको आन्दोलन चलेको पाइन्छ ।[१०२] साङ्गठनिक शक्तिमा अटल विश्वास राख्ने ब्राह्मण जीवनको अन्तिम समयसम्म पनि भाषा समितिबाट पूर्णतः निरास भएका थिएनन् । मृत्युवरण गर्नु केही महिना अघिसम्म उनी व्यक्तिगत, दलगत भावनाभन्दा माथि उठेर नेपाली भाषा समितिलाई परिष्कृत तुल्याइ वृहत् सङ्ग्राममा ओर्लने पक्षमा थिए तर समयले साथ दिएन । ब्राह्मण नेपाली जातिका भएकाले आफ्नो मातृभाषाप्रति कटिबद्ध थिए । धरणीधर शर्मा कोइरालाले जातीय चेतनासम्बन्धमा जगाइदिएको प्रेरणाले झन् दृढ बने । उनी आबद्ध सङ्घसङ्गठनमा नेपाली भाषाको पक्षमा नै नीति तथा कार्यक्रमहरू बन्दथे । ४० को दशकमा *(भारतीय) कम्युनिस्ट पार्टी*ले नेपाली भाषाका विषयमा प्रमुख दुई कुरा उठायो ।

१ नेपाली भाषालाई प्रमुख मातृभाषा (भर्नाकुलर) का रूपमा गणना गरी म्याट्रिक र आइ. ए. मा नेपाली भाषालाई सम्मिलित गराउनु,

२. नेपाली पाठ्यपुस्तक लेख्ने र अनुवाद गराउने व्यवस्था गर्नुपर्छ ।[१०३]

यी विषयलाई यहाँ प्रसङ्वश उठाउन आवश्यक ठानिएकाले अतः भाषा शिक्षाको क्षेत्रमा रतनलाल ब्राह्मणले अथक परिश्रम गरी काम गरेको देखिन्छ । सन् १९६० मा कलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई डिग्री कोर्सको भर्नाकुलर (स्वभाषा) का रूपमा दिएको मान्यतालाई खोस्ने दुर्नीति बङ्गालको काङ्ग्रेस सरकारले अपनाएपछि दार्जिलिङका जनताहरू यसका विरुद्ध क्षुब्ध भएर आन्दोलनमा उत्रिए । फलस्वरूप कम्युनिस्ट पार्टीका वुद्धिजीवी र सो पार्टीका सभापति गणेशलाल सुब्बा र रतनलाल ब्राह्मणको अगुवाइमा **दार्जिलिङ जिल्ला भाषा मान्यता समिति** खोलिएको थियो । यसै प्रसङ्गमा ब्राह्मणले तलका कुराहरू व्यक्त गरेको पाइन्छ :

*"वास्तवमा आफ्नो जातिप्रति सबैलाई मायामोह हुन्छ र हुनुपर्छ तर कट्टरता र अन्धताले जातिलाई सधैँ हानि पुऱ्याउँछ । आफ्नो जातिलाई माया गर्नु र अन्य जातिलाई घृणा गर्नु साम्प्रदायिक दुःस्भावना उब्जाउनु होइन । भारतजस्तो बहुजातीय देशमा जातीय समन्वयात्मक विकास जरुरी छ"*

अतः आफ्नो भाषा साहित्यको उत्थानका लागि दार्जिलिङका (भारत) का नेपालीहरूले आफ्नै मौलिकताबाट आन्दोलन गर्नु जायज हुन्छ । अन्य भाषा र जातिहरूलाई कुनै किसिमको असर पर्नु हुँदैन भन्ने कुरा स्पष्ट हुन्छ भन्ने ब्राह्मणले बी. एच् यू. को नेपाली पठनपाठन सम्बन्धमा खरो भएर उत्रिएको प्रमाण पाइन्छ ।

भारतको उत्तरप्रदेशको वाराणसीस्थित काशी हिन्दू विश्वविद्यालयको भारतीय भाषा विभागअन्तर्गत नेपाली विषयको पठनपाठनका लागि एउटा शाखाका रूपमा मात्र स्थान दिइएको थियो । नेपाली भाषा र नीतिका प्रसङ्गमा बनारस हिन्दू विश्वविद्यालय नेपाली विषयको अध्ययनअध्यापन

---

[१००] रतनलाल ब्राह्मण, "भाषाको संवैधानिक मान्यता जातिको राष्ट्रिय चिन्हारी" **हिमालचुली** (वर्ष ७, सङ्ख्या १६७, १२ सितम्बर सन् १९८८) पृ. ५९-६३ ।

[१०१] ऐजन, पृ. ६२ ।

[१०२] मोहन पी. दाहाल, **नेपाली भाषा आन्दोलनमा रतनलाल ब्राह्मणको भूमिका** (सिलगढी : प्रतिमा प्रकाशन, सन्

[१०३] कम्युनिस्ट पार्टी जिल्ला कमिटिका कार्यक्रम सचिव, एल् बी सुब्बाद्वारा प्रकाशित विज्ञप्ति, दार्जिलिङ : सन् १९४५) पृ. ४८-४९ ।

गराउने विश्वविद्यालयका रूपमा प्रतिष्ठापित भएको छ । यस विश्वविद्यालयमा सन् १९३० तिर नै मराठी र बङ्गाली भाषाका साथै नेपाली भाषाको पाठ्यक्रमको मस्यौदा तयार गरिएको बुझिन्छ ।[१०४] त्यसपछि सन् १९३७ मा प्रवेशिका परीक्षा आइ. ए. र बी. ए. को नेपाली पाठ्यक्रम बनेको पाइन्छ । यसैगरी सो पाठ्यक्रम निर्माण प्रक्रिया क्रमिक रूपले अघि बढ्दै जाँदा सन् १९४२-४३ बाट बी. ए. कक्षामा नेपालीको पठनपाठन सुरु भएको र सन् १९७० पछि मात्र बी. ए. मा साहित्यिक नेपाली पढाउन थालिएको बुझिन्छ । तर पनि त्यहाँ नेपाली भाषा साहित्य पठनपाठन हुने छुट्टै स्वतन्त्र विभाग स्थापना नभएर सन् १८७४ बाट नै नेपाली भाषालाई विदेशी भाषाभित्र नै राखी सामान्य रूपमा ग्रहण गरिएको पाइन्छ ।[१०५] सोही अवधिमा सन् १९७४ को अन्यतिरबाट अचानक रूपमा बी. ए. कक्षामा नेपाली पढाउने उक्त सामान्य अवसर पनि हटाइएपछि बि. एच्. यू. का नेपाली विद्यार्थीहरूले विश्वविद्यालयका प्रशासनसमक्ष र सरकार समक्ष उक्त असुहाउँदो कार्यनीतिप्रति प्रतिवाद व्यक्त गरे र भारतीय लोकसभामा पुगेका ब्राह्मणलाई समेत विश्वविद्यालयले गरेका यस किसिमका क्रियाकलापको बारेमा जानकारी गराए । सो कुरा थाहा पाएपछि संसद्भित्र नै नेपाली भाषाको संवैधानिक मान्यता प्राप्तिका लागि सङ्घर्षरत ब्राह्मणले बि.एच् यू.को उक्त स्थिति र सरकारको नेपाली भाषा विरोधी नीतिलाई संसद्भित्र आवाज उठाउँदै प्रधानमन्त्रीसमक्ष पनि आक्रोस व्यक्त गरेका थिए ।[१०६] फलस्वरूप तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले विश्वविद्यालयका तत्कालीन उपकुलपतिलाई बि. ए. मा नेपाली भाषा साहित्यको अध्ययनअध्यापन गर्ने व्यवस्थालाई यथावत् राख्ने निर्देशन दिएपछि मात्र यो समस्या समाधान भएको बुझिन्छ ।[१०७]

सन् १९७४-७५ बाट नै सो विश्वविद्यालयले नेपाली भाषालाई भारतीय भाषा विभागअन्तर्गत राखी निकटवर्ती कालमा बि. ए. मा अनिवार्य नेपाली अनर्स र केहीपछि नेपालीमा एम्. ए. को अध्ययन अध्यापन तथा त्यसपछि पी. एच्. डी. का निम्ति शोधकार्य गर्न सकिने व्यवस्था पनि मिलाएको छ । यसो हुनुमा नेपाली भाषाभाषीका अध्ययन कर्ता र अन्य व्यक्ति समुदाय तथा सङ्घसंस्थाहरू एवम् संसद्सदस्यका हैसियतले रनतलाल ब्राह्मणको प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यति हुँदाहुँदै पनि आजसम्म बनारसको बि. एच्. यू. मा स्वतन्त्र र पूर्णाङ्क नेपाली विभाग स्थापना भएको पाइदैन । त्यहाँ नेपाली भाषा साहित्यको एउटा शाखा भारतीय भाषा विभागअन्तर्गत मात्र सीमित छ ।

वास्तवमा भाषा र नेपाली शिक्षाप्रेमी ब्राह्मणलाई कवि भवानी घिमिरेले साच्चिकै भाषाप्रेमी ब्राह्मण भनेर प्रशंसा गरेका छन् ।

*“ब्राह्मणले नेपाली भाषामा सदनमा सपथ लिन लाग्दा नेपालीमै बोल्न तत्पर भए तर उनलाई त्यसो गर्न दिइएन र हिन्दी बोल्न बाध्य गराइयो”* ।[१०८]

तथापि ब्राह्मणले आफ्नो अठोटलाई अझ जागरुक बनाउँदै लगे । सन् १९९० का तत्कालीन दार्जिलिङ गोर्खा पार्वत्य परिषद्का अध्यक्ष सुवास घिसिङले पनि राजनीतिमा -त्याग र तपस्वी ब्राह्मण आदर्श राजनीतिज्ञ हुन् भनेर मानेका छन् । २२ मार्च सन् १९७१ मा संसद सदस्यका हैसियतले लोकसभाको सपथ लिँदा नेपाली भाषाकै वाक्य उच्चारण गर्दा ब्राह्मणलाई देखेर इन्दिरा गान्धीदेखि लिएर अन्य सदस्यसमेत तीन छक्क परेका थिए तर लोकसभा अध्यक्ष जी.एस् ढिल्लनले ब्राह्मणलाई नेपाली भाषामा सपथ लिन रोक लगाएपछिको ब्राह्मणको कथन यस्तो थियो :

> *“अन्य भाषामा बोल्दा म सत्यता पाउँदिन । यसर्थ अरुलाई म मान्यता दिन सक्दिन । जन्मदेखि नै मैले यो भाषा बोलेर आएको हुँ । यसैमा मात्र मेरो भाव प्रकट गर्न सक्छु । आज पचास लाखभन्दा ज्यादा छरिएर भारतमा बसेका नेपालीहरूको आवाज यस भवनमा बोल्न पाइएँन । यो हक यहाँ चाँडै दिइयोस्”* ।[१०९]

---

[१०४] वेदनाथ लम्साल, काशीसित हाम्रो चीरकालको सम्बन्ध, जूही पूर्णाङक २२, झापा, २०४५ । पृ. २८ ।

[१०५] मोहन पी. दाहाल, **नेपाली भाषा आन्दोलनमा रतनलाल ब्राह्मणको भूमिका** (सिलगढी : प्रतिमा प्रकाशन, सन् २०००) पृ. २० ।

[१०६] **ऐजन** ।

[१०७] **ऐजन** ।

[१०८] भवानीप्रसाद घिमिरे,, **भानुविचार** (सम्पा.) (विराटनगर : भानुप्रकाशन, वि. सं. २०३४) पृ. १६३ ।

[१०९] तुलसीबहादुर छेत्री, **दियालो** (सम्पादक) (वर्ष ११, अङ्क ४१, अप्रिल १९७१) पृ. ४९ ।

यस्ता अडिक जुझारू नेपाली भाषाप्रेमी नेता ब्राह्मणलाई हिन्दीमै सपथ ख्वाउन बाध्य पार्नु एउटा भाषामाथि ज्यादती भयो । अतः यिनै विविध उतारचढावका सफल काल सन् १९९२ मा आएर मात्र सिद्ध भयो । यो व्यक्ति, समूह, सम्प्रदाय वा राजनीतिक दल निर्वेशेष संयुक्त रूपमा गरिएको दीर्घकालीन आन्दोलनको सफल उदाहरण हो । कम्युनिस्ट रतनलाल ब्राह्मणलाई भारतीय नेपाली समाजमा बडो सम्मानका साथ हेर्ने गरिन्छ । ब्राह्मणले १५-१९ फेब्रुअरी १९७२ मा असमको भ्रमण गरे । असमका नेपालीहरूको निमन्त्रणाद्वारा नै उनलाई त्यहाँ स्वागत समितिले भव्य स्वागत गरेका थियो र त्यतिखेर उनलाई निम्न वचनले प्रशंसा गरिएको थियो :

"नेपाली भाषाका सेनापति *विप्लवी वीर आजीवन सङ्ग्रामी* नेता बनी सम्मान गरिएको पाइन्छ ।[११०]

त्यसपछि ब्राह्मण कतै भ्रमणमा गएको भेटिँदैन । भ्रमणबाट उनले असममा *गणतन्त्रप्रेमी* नेपाली भाषी जनतामा भाषा र जातीय चेतनाको जाग्रत उद्देश्य रहेको कुरा उल्लेख गरिएको पाइन्छ ।

*"हाम्रा आँखा खुलेछन्. क्यार ! समाजका शत्रु र मित्र छुट्ट्याउन हामीलाई गारो नपर्ने भयो । जातीय सांस्कृतिक, गणतान्त्रिक सङ्ग्राममा प्रकृतबन्धुको रहेछ भन्ने पनि हामीले उपलब्ध गर्न सक्यौं"* ।[१११]

त्यसैले त यो ब्राह्मणको एक मात्र अवदान हो भनिन्छ । सन् १९७१ को अगस्त महिनामा ब्राह्मणले नेपाली भाषालाई संवैधानिक मान्यता दिनुपर्छ भन्ने कुराको भारतको गृह मन्त्रालयले एक विज्ञप्ति जारी गरी सो कुराको विरोध गरे तापनि नेपाली भाषालाई भारतको एक राष्ट्रिय भाषाको रूपमा स्विकार्न कर लाग्यो यस बेलासम्म नेपाली भाषालाई विदेशी भाषा भनिरहने भारतसरकारले यस भाषालाई भारतीय भाषा भनेर स्वीकार गर्नु नै हामी नेपाली भाषाभाषीको एक अभूतपूर्व विजय हो साथै भारतीय कम्युनिस्ट पार्टी माक्सवादीको वैज्ञानिक दृष्टिकोण र प्रचेष्टाको यो सफल परिचय पनि हो । यी विविध कारण र उनको सङ्घर्षशील उपलब्धि नै २० अगस्त १९९२ मा भारतको संविधानको आठौँ अनुसूचीमा नेपाली भाषाले समाविष्ट हुने सुअवसर पाउनु हो ।

यस्ता सङ्ग्रामी जातीय चेतनाका हस्ती एवम् भाषा साहित्य र शिक्षाप्रेमी ब्राह्मण आफू आबद्ध भएको *मार्क्सवादी कम्युनिस्ट पार्टी*को तेह्रौं महासम्मेलनमा सहभागी भएर त्रिभेन्द्रम, केरलाबाट फर्किँदै गर्दा रेल यात्रामा नै आन्द्रप्रदेश नजिक विजयवाडा भन्ने ठाउँमा ४ जनवरी १९८९ का दिन यिनी दिवङ्गत भए ।

### ३.१.४.३ भाषा साहित्यको उत्थानमा पारसमणि प्रधानको योगदान

दार्जिलिङमा विश्वविद्यालय स्तरमा नेपाली भाषा साहित्यको पठनपाठनमा कदम चाल्नुपर्छ भनेर अघि सदैव बढ्ने पारसमणि प्रधानको भाषामान्यता र साहित्यको उत्थानका सन्दर्भमा एवम् शिक्षा प्रचारप्रसारको सन्दर्भमा स्मरणीय नै रहन्छन् । पारसमणि प्रधान नेपाली भाषीहरूका बीचमा मात्र नभएर नेपाली भाषा साहित्यमा रुचि राख्ने नेपाली इतर भाषीहरूका बीचमा समेत परिचित नाम हो । पारसमणिले भारतमा खास गरेर उत्तरबङ्गालमा नेपाली भाषा साहित्यलाई फुलाउने र फलाउने काममा नेपाली भाषालाई पश्चिम बङ्गालमा सरकारी मान्यता प्रधान गराउने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेर आफैँ शिक्षक बनेर पठनपाठन व्यवस्थामा समेत अथक परिश्रम गर्न पुगे । उनले लेखेका नेपाली भाषाका पाठ्यपुस्तकहरू उपलब्धिमूलक नै बने । उनले साहित्य एकेडेमी दिल्लीबाट नेपाली भाषा साहित्यलाई मान्यता गराउने कार्यमा एवम् भारतको संविधानको आठौँ अनुच्छेदमा नेपाली भाषालाई समावेश गराई यसलाई राष्ट्रिय मान्यता दिलाउने कार्यमा लागिपरेका उदाहरणहरू पारसमणि प्रधानका जीवनबाट स्पष्ट हुन्छन् । त्यसैले त प्रधानको यो योगदान स्मरणीय रहेको छ ।[११२] सन् १९१८ बाट **चन्द्रिका** जस्तो सशक्त साहित्यिक पत्रिका प्रकाशन गर्ने पारसमणि विश्वविद्यालय अध्ययन कक्षदेखि लिएर नेपाली भाषा साहित्यमा चासो राख्ने व्यक्तिका रूपमा आफ्ना कृति र कार्यले सुपरिचित छन् ।[११३] प्रधानले नेपाली भाषालाई शैक्षिक मान्यता दिलाउन र प्राथमिक पाठशालादेखि महाविद्यालय, विश्वविद्यालयमा

---

[११०] मोहन पी. दाहाल, **पूर्ववत्**, पृ. १३ ।

[१११] रतनलाल ब्राह्मण, **पूर्ववत्**, पृ.५९-६३ ।

[११२] भीमकान्त उपाध्याय, **नेपालीभाषा साहित्यका समुत्थानमा पारसमणि प्रधानले गरेका योगदाको विश्लेषणात्मक मूल्याङ्कन**, शोधनिर्देशकको मन्तव्य, (उ.ब.वि. : अप्रकाशित शोधप्रबन्ध, सन् १९९९) । पृ. ग ।

[११३] जस योञ्जन प्यासी, **नेपालीभाषा साहित्यको समुत्थानमा पारसमणि प्रधानले गरेका योगदाको विश्लेषणात्मक मूल्याङ्कन**, (उ.ब.वि. : अप्रकाशित शोधप्रबन्ध, सन् १९९९), पृ. ९० ।

नेपाली भाषा साहित्यको पठनपाठन तथा अध्ययन अध्यापनका निम्ति प्रशस्त प्रचार गरी सुनियोजित व्यवस्था मिलाउनामा पश्चिमबङ्गाल राज्यमा नेपाली भाषालाई राज्य भाषाको रूपमा उपस्थापित गर्न लागि परे । यस्तै उनले भारतीय संविधानमा नेपाली भाषालाई प्रविष्ट गराउनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरे ।[११४] आफूमात्र सिर्जनशील नपुग्ने ठानी सूधपाको सामूहिक नेतृत्व लिएर पारसमणि प्रधान अगि बढेका देखिन्छन् । भारतीय नेपालीहरूको शिक्षाको माध्यम नेपाली भाषा बनाइ त्यसलाई चाहिने सामग्री जुटाउन यिनले आफ्नो सारा जीवन अर्पण गरे । प्रवासमा नेपाली भाषा साहित्यको राँको बाल्ने सूधपामध्ये अग्रज स्रष्टा हुन् यिनी ।[११५]

यसैगरी सूधपाका सूर्यविक्रम ज्ञवाली र धरणीधर कोइरालालाई समेत उनको साथले नेपाली भाषा साहित्यको उत्थानमा महत्त्वपूर्ण कार्य गर्न गराउनामा प्रेरणा मिलेको पाइन्छ । धरणीधर कोइराला सुस्ताइरहेको नेपाली जातिलाई व्युँताउन चाहने समाज सुधारक, शिक्षा प्रचारक कवि हुन् । उनले कुव्यसनको नियन्त्रण भएर नव समाजको निर्माण हुनुपर्छ । वि. सं. १९७७ को **नैवेद्य** र वि. सं. २००४ को **स्पन्दन**जस्ता साहित्यिक ग्रन्थ पस्किएर सुप्त नेपाली समाजलाई जागा गराई क्रान्ति एवम् सुधारको बाटोमा लाग्न प्रेरणा दिने सन्देश फैलाएका छन् । नैतिक चेतना र जातीयका स्रष्टा भएर यिनले भारतमा बसेर नेपाली भाषा साहित्यको योगदानमा ठूलो भूमिका निर्वाह गरे । भाषा साहित्यको जागरण ल्याउने सफल स्रष्टा बने । धरणीधरले शिक्षा प्रचारको आवाज ठूलो पार्ने र नेपालमा चन्द्र शमशेरको स्वदेश घातिको नीतिको निन्दकको रूपमा आफ्नो चिनारी दिलाएका छन् भने सूधपाका सूर्यविक्रम ज्ञवाली नेपाली साहित्यलाई समृद्ध तुल्याउने कार्यमा भानुभक्त स्मारक ग्रन्थको सम्पादन गरी प्रवासमा बसेर नेपाली साहित्यलाई अग्रगमन तिर लैजाने व्यक्ति हुन् । लेखनाथ पौडेललाई देवकोटा र सिद्धिचरणको प्रतिभालाई भारतमा चिनाउँदै आफू पूर्ववर्ती मोतीराम भट्टले चलाएका साहित्यिक समालोचनाको परम्परालाई फैलाउन सफल भए ।[११६] यी कार्यबाट पनि प्रत्यक्ष परोक्ष रूपमा नेपाली भाषाले फस्टाउने अवसर पायो । यी उल्लिखित व्यक्तिहरूबाहेक पनि दार्जिलिङका भाषा साहित्य सेवकहरू रूपनारायण सिंह, पारिजात, लैनसिंह बाङ्देल, अगमसिंह गिरी, हरिभक्त कटुवाल, इन्द्रबहादुर राई, लक्खीदेवी सुन्दास र कुमार प्रधानआदिहरूले पनि नेपाली भाषा मान्यताको सङ्घर्षमा पक्कै पनि कलम चलाएका छन् भने नेपाली भाषा साहित्यलाई दरिलो एवम् भण्डारलाई भरण गर्नामा यी साहित्यिक हस्तीहरूको महत्त्वपूर्ण देन रहेको देखिन्छ । यहाँ उल्लेख गरिए भन्दा इतरका अन्य विभिन्न पेसा एवम् सङ्घसंस्थामा आबद्ध भएका र राजनैतिक वृत्तबाट अघि बढेका पार्टीका नेतृत्व र कार्यकर्ताले तथा अन्य सर्वसाधारणले पनि नेपाली भाषामान्यताका सवालमा धेरै योगदान दिएका छन् । तिनीहरूलाई उल्लेख गर्न आवश्यक नठानिएकाले यहाँ उल्लेख गरिएको छैन ।

### ३.१.४.४ विभिन्न सङ्घसंस्थाहरूले भाषा मान्यताका लागि खेलेको भूमिका

भाषा मान्यताका सिलसिलामा सन् १९२४ मा स्थापित (नेसासले) नेपाली साहित्य सम्मेलन दार्जिलिङले दार्जिलिङका तीन पहाडी इलाकामा सरकारी भाषाकै रूपमा नेपाली भाषालाई पनि मान्यता दिनुपर्छ भन्ने अत्युत्तम मागलाई अगाडि सारेर सम्मेलनका प्रतिनिधि मण्डलहरूले १९ अप्रिल् १९६१ का दिन भारतका पूर्वप्रधानमन्त्री जवाहरलाल नेहरू र पश्चिम बङ्गालका मुख्यमन्त्री विधानचन्द्र रोयसित दार्जिलिङको ग्रीष्मकालीन राजभवनमा बिन्तीपत्र चढाएको पाइन्छ ।[११७] नेपाली भाषाको संवैधानिक माग गर्दै नेसास दार्जिलिङले संवैधानिक आधारमा मान्यताका लागि नेपाली भाषालाई सक्रिय तुल्याउने काम गर्दै भारतका राष्ट्रपतिलाई १६ नोभेम्बर १९६९ मा स्मारक पत्र चढाएको इतिहास पनि भेटिन्छ । सन् १९७२, १९७३ र १९७५ मा सम्मेलनबाट प्रतिनिधि गई प्रधानमन्त्री इन्दिरा गान्धीलाई भाषासम्बन्धी स्मारक पत्रहरू पेस गरेका पाइन्छ ।[११८] त्यस्तै सन् १९७७ मा सम्मेलनबाट मोरारजि देशाइ, त्यसपछि एल्. के. अडवानी, चरण सिंह, अटलबिहारी बाजपेयीसमेत लाई स्मारकपत्रहरू लेखेको पाइन्छ । १७ मई १९७८ मा नेसासको निजी भवनको शिलान्यास भई निर्मित भयो । १ अक्टुवर १९७८ मा सरकारी भाषासम्बन्धी एक संसदीय समिति ओम मेहताको नेतृत्वमा दार्जिलिङ भ्रमणमा आएको बखत सम्मेलनले

---

[११४] जग छेत्री, **नेपाली साहित्य सम्मेलन, सूधपाको योगदान**, (दार्जिलिङ : श्याम प्रकाशन, सन् १९९३), पृ. ३८ ।

[११५] वारुदेव त्रिपाठी, 'पारसमणि प्रधानको सम्झना', (सम्पा.मनदेव भट्टराई) **रत्नश्री** (२४ : २, वि. सं. २०४३) पृ. ४३ ।

[११६] रत्नध्वज जोशी, **नेपाली साहित्यको झलक**, (काठमाडौँ : साझा प्रकाशन, वि. सं. २०३९), पृ ८-९ ।

[११७] आर पी. लामा र अन्य, (सम्पादकीय) **दियालो** (वर्ष ३३, हाँगो ११८-१९ सन् १९९१)

[११८] **ऐजन** ।

नेपाली भाषासम्बन्धी कुरा लिखित रूपमा पेस गरेको थियो । यसले मात्र पनि नेसासको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

यसै गरी २६ फेब्रुअरी सन् १९७५ मा साहित्य अकादमी दिल्लीद्वारा नेपाली भाषालाई मान्यता प्रदान गरिएको पाइन्छ । यो अवधि विश्वविद्यालयको स्थापना भइसकेको तर नेपाली विभागको स्थापना नभइ सकेको समय हो । यसै गरी कतिपय सङघसंस्थाहरूले भाषा मान्यताका लागि आआफ्नो क्षेत्रगत आधारबाट अवश्य भूमिका निर्वाह गरेको हुनुपर्छ । **अखिल भारतीय गोर्खालीग**लगायत १९९१ सम्मका नेपाली भाषा साहित्य प्रेमी राजनैतिक पार्टीहरूले एवम् नेसासबाहेक **गोर्खा दुःख निवारण सम्मेलन**जस्ता साहित्यिक सङ्घसंस्थाहरू नेपाली भाषा मान्यताका लागि कदम चालेको हुनै पर्छ । तथापि यस शोधकार्यको प्रसङ्गमा सबै भाषा मान्यताका बारेमा भएका विषयवस्तुहरूलाई उठान गर्नु सान्दर्भिक ठानिएन । केही मात्रामा मात्र उल्लेख गरिएको छ । दार्जिलिङ सरकारी महाविद्यालयमा पढाउँदै गर्दा गोर्खा दुःख निवारक सम्मेलनको भवनमा सन् १९७२ मा भाषा समितिको भेला हुँदा रु २५ तिरी साधारण सदस्यता लिएरका कुमार प्रधान, लक्ष्मीकान्त शर्मा, प्रेम आले अधिवक्त बलदेवान आदि सबै पक्षका व्यक्तिहरू मिलेर भाषा मान्यताका लागि कदम चाल्ने अठोट गर्दै हाम्रो भाषा नामक मासिक पत्रिका निकालेको कुरा व्यक्त गरिएको पाइन्छ ।[ज्ञज्ञढ] यसरी दार्जिलिङमा भाषा मान्यता र स्वअस्तित्वका लागि सन् १९८६ को मार्च महिनामा **गोर्खा ल्याण्ड**को आन्दोलन भएको पाइन्छ । **नेपाली साहित्य सम्मेलन** दार्जिलिङले सन् १९३४ मा बङ्गाल सरकारले नेपाली भाषा प्राथमिक शिक्षाको माध्यम भयो भनी घोषणा गरियो भन्ने कुराको भर्त्सना सन् १९३५ मा सार्वजनिक भयो । यस घटनालाई दार्जिलिङको शिक्षा विकासको इतिहासमा एवम् नेपाली भाषालाई मर्यादा दिलाउने काममा एउटा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । यो कार्य गराउनामा नेपाली साहित्य सम्मेलनको महत्त्वपूर्ण भूमिका थियो । १७ मार्च सन् १९७८ मा नेसासको आफ्नै भवनको शिलान्यास भएको पाइन्छ । उक्त सम्मेलनको समितिमा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, मोतीचन्द्र प्रधानहरू थिए । त्यतिखेर उनीहरूले नेपाली भाषामा प्राथमिक पाठशाला स्वीकार गरिएको उपलक्ष्यमा उत्सव मनाउनु पर्छ भन्ने कुराको उद्घोष गरे र एउटा खुसीको अवसर मानेर दार्जिलिङमा प्राथमिक पाठशालामा नेपाली भाषाको रूपमा आएको खुसीयालीको उत्सव मनाइयो । २२ नोभेम्बर १९३९ मा नेसासले कलकत्ता विश्वविद्यालयमा नेपाली भाषालाई प्रवेशिका माथिका शिक्षामा सहभागी गराइयोस् भनी रवीन्द्रनाथ टैगोरसमक्ष पुगी सम्मेलनका सभापति नरभूप राईले उल्लेखनीय काम गरे । अतः नेसासले नेपाली भाषालाई महाविद्यालय, र विश्वविद्यालयमा उपस्थित गराउनु पर्छ भन्ने कुरामा जोड दिएको पाइन्छ ।[१२०]

नेसासजस्तै 'गोर्खा दुःख निवारण सम्मेलन र अन्य साहित्यिक सङ्घसंस्था एवम् गोर्खालीगजस्ता राजनीतिक संघसङ्गठन एवम् विभिन्न सामाजिक संघसंस्थाहरूले नेपाली भाषा मान्यताका सवालमा आवाज उठाएका उदाहरणहरू भेटिन्छन् । तिनीहरूको टिप्पणी पूर्व नै सङ्क्षेपमा गरिएकाले प्रस्तुत शोधकार्यमा शोधक्षेत्र इतर हुने त्रासले नेपाली भाषा साहित्यका सम्बन्धमा सक्रिय संस्थागत विषय प्रसङ्गलाई मात्र यहाँ उठान गरिएको छ र अरु संघसंस्थाका भाषा मान्यताका सवालहरूलाई नकेलाई यही बिट मारिएको छ ।

### ३.१.४.५ केन्द्रीय शिक्षा बोर्डद्वारा भारतका केन्द्रीय विद्यालयहरूमा नेपाली भाषालाई मान्यता

६ नोभेम्बर १९९० मा केन्द्रीय शिक्षा बोर्डले नेपाली भाषालाई भारतका केन्द्रीय विद्यालयहरूमा अध्ययनको एकविषय रूपमा मान्यता प्रदान गर्‍यो । भारतीय अकादमीद्वारा मान्यता प्राप्त नेपाली साहित्य सम्मेलनले ३० अगस्त १९९० का दिन (पत्र सङ्ख्या नेसास २९९/९) केन्द्रीय माध्यमिक शिक्षा बोर्डलाई पत्र पठाएको थियो ।[१२१] यो समयसम्म भारतका केन्द्रीय विद्यालयहरूमा मात्र नेपाली भाषालाई पढ्ने पढाउने सुविधा थियो तर अन्य राज्यहरूअन्तर्गत केन्द्रीय बोर्डले सञ्चालन गरेका कुनै पनि पाठशालामा यस्तो मौका नेपाली भाषी विद्यार्थीहरूलाई थिएन । अतः जहाँ त्रिभाषासूत्र (Three Language Formula) ले गर्दा साहित्य अकादमीद्वारा मर्यादा प्राप्त गरेका भारतीय भाषाहरूमध्येका नेपाली भाषाको अधिकार सिक्किमबाहेक अरु राज्यहरूमा हनन भएको छ भनी सो पत्रमा उल्लेख गरिएको पाइन्छ । । यस कारण यी नेपाली भाषीहरूलाई अरु प्रान्तमा पनि बराबरी हिसाबमा नेपाली भाषा पठनपाठन गर्न सुविधा प्राप्त

---

[ज्ञज्ञढ] लक्ष्मीकान्त शर्मा, दोस्रो अन्तर्वार्ताका क्रममा कदमतोलाः दार्जिलिङ ।

[१२०] जग छेत्री, पूर्ववत्, पृ. ८३ ।

[१२१] मोहन पी. दाहाल, **पूर्ववत्**, पृ. १३ ।

हुनुपर्छ ।[१२२] यसरी नेसासले नेपाली भाषा साहित्यको प्रचारप्रसारका सम्बन्धमा ठूलो देन दिएको छ । फलस्वरूप ६ नोभेम्बर १९९० मा बसेको केन्द्रीय शिक्षाबोर्डले नेपाली भाषालाई भारतीय भाषाहरू सरह केन्द्रीय विद्यालयमा मान्यता प्रदान गरेको छ । यो सहुलियत अब उपरान्त सिक्किम राज्यमा मात्र सीमित रहने छैन । यस उपलब्धिले नेपाली भाषाले एकपछि अर्को माइलखुट्टी पारगर्दै भारतको संविधानिक मान्यतातर्फ बढिरहेको थियो भन्ने स्पष्ट हुन्छ । भाषाका लागि यति लामो सङघर्ष भारतका अरु कुनै भाषाभाषीले गरेका छैनन् । दार्जिलिङलाई केन्द्रबिन्दु बनाई नेपाली भाषा मान्यताका अभियानमा सङ्घर्षरत भारतका विभिन्न क्षेत्रमा बसोबास गर्ने नेपाली लेखक कवि, वुद्धिजीवी, समाजसेवक, कलाकार, वकिल, चित्रकार, मूर्तिकार, शिल्पी, श्रमजीवी, सङगीत साधक आदि तमाम भारतीय नेपालीले आआफ्नो क्षेत्रबाट भाषामान्यताको सङ्घर्षलाई सशक्त तुल्याउन बल पुऱ्याए । हजारौँहजारको सङ्ख्यामा जुलुस, धर्ना, नारा, पर्चापम्प्लेटिङ, विज्ञापन, स्मारकपत्र, चिठीपत्र, तार, लेख नाटक, कविता, सभा, संसद, विधानसभा, चर्चा, साक्षात्कार, प्रतिमण्डल आदिका माध्यमबाट भाषा मागको आवाज बुलन्द गर्ने प्रयास गरियो । यस सम्बन्धमा विभिन्न राजनीतिक दलहरूले उठाएका कदमहरू र दर्साएका सहानुभूति पनि उत्तिकै उल्लेखनीय छ ।[१२३] सन् १९७२-७७ मा बङ्गालका मुख्यमन्त्री सिद्धार्थशङ्कर रोयका पार्वत्य सचिव हुँदै गर्दा नेपाली भाषाको चर्कोस्वरूप दार्जिलिङमा उठिरहेको बेला विभिन्न संघसंस्थाका प्रतिनिधिलाई लिएर इन्दिरा गान्धीलाई भेट्न गएको कुरा पाइन्छ ।

> *"त्यतिखेर हामीले आफ्ना कुराहरू प्रमुख रूपमा उठायौँ । त्यतिखेर नेपाली भाषालाई भारतीय संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त गराउनु पर्छ भन्ने चेत दार्जिलिङका र समग्र भारतका नेपाली भाषीहरूमा चेत पसिसकेको थियो । दार्जिलिङका जनतामा कलकत्ताभन्दा फरक किसिमको नेपाली भाषा साहित्य बोकेर सदैव गतिशील रूपमा दौडिनु पर्छ भन्ने धारणा थियो । सोही विचार सबै अग्रगामी शिक्षित र नेतृवर्गमा उठिरहेको थियो. त्यतिखेर नै तुलसीबहादुर छेत्री हामीसँग हुनुहुन्थ्यो । हामीले नेपली विषयको पठनपाठन स्नातकोत्तर तहमा हुनुपर्छ भन्ने कुरा पनि उठाएका थियौँ । हाम्रो समूहमा साठी जना जति थियौँ र त्यसलाई अन्य राजनीतिक पार्टी र स्वयम् काङ्ग्रेसहरूले पनि सकारात्मक टिप्पणी गरेका थिए । त्यसपछि बङ्गालको चिफ मिनिस्टर विधानचन्द्र रोयले उनकै बेलामा पश्चिम बङ्गालको विधान सभामा नेपाली भाषाले मान्यता पाएको सन्दर्भ त्यहाँ विधान सभामा पनि उठाए र सोही सन्दर्भमा नेपाली भाषाको विश्वविद्यालय हुनुपर्छ अथवा उत्तरबङ्ग विश्वविद्यालयमा अविलम्ब नेपाली विभाग खोलिनु पर्छ भन्ने आवाजकै परिप्रेक्ष्यमा ऐच्छिक एक विषयको रूपमा स्नातक तहसम्म चल्दै आएको नेपाली भाषा माध्यमभाषाकै रूपमा एम्. ए. तहको पठनपाठन हुनुपर्छ भन्ने हाम्रो माग थियो"* ।[१२४]

यसै गरी भारतमा थुप्रै नेपाली भाषीहरूले नेपाली भाषा मान्यताका क्षेत्रमा आआफ्ना पक्षबाट सङ्घर्ष गरेको बुझिन्छ । यसरी भाषा मान्यताको सन्दर्भमा भारतका नेपाली साहित्यका उज्याला नक्षत्रहरू एवम् जातिप्रेमीहरूको ठूलो योगदान छ । भाषा आन्दोलनमा अधिकांश साहित्यकारहरू नै अग्रणी भूमिकामा रहे पनि साहित्येतर जातिप्रेमी जनताहरू नै सक्रिय रूपमा सहभागी थिए तर पनि नेपाली भाषालाई भारतीय संविधानमा अन्तर्भुक्त गराउन राजनीतिक पार्टीहरूभन्दा पृथ जाति र भाषाप्रेमीहरूकै उल्लेख गर्नुपर्छ । यस सन्दर्भमा भारतीय नेपाली भाषा परिषद्का कुमार प्रधानहरूको योगदान पनि विर्सिनसक्नुको छ । यसै गरी आर. पी. राई र दिलकुमारी भण्डारी पनि सम्झन लायक छन् । आफ्नोआफ्नो स्तरमा रहेर चरममुखी भाषा आन्दोलनमा सबैको सहभागिता भयो । नेपाली इतर पनि यस सन्दर्भमा उभिए । कतिपय बङ्गाली विशिष्ट कर्मचारीहरू पनि सहभागी थिए । पश्चिम बङ्गालका तत्कालीन राज्यपाल ए. एल्. डायसले पनि सहयोग गरेका थिए । भारतका राजनीतिक दलले धेरै मात्रामा सहयोग गरेका भए पनि दार्जिलिङकै केही आञ्चलिक दलहरूले चाहिँ नेपाली भाषालाई मान्यता दिलाउन समर्थन गर्न सकेनन् ।[१२५] यसरी दार्जिलिङमा विश्वविद्यालय स्थापना पश्चात् नेपाली भाषाको मान्यताले चरम चुचुरो सन् १९९२ मा चुमेपछि नेपाली भाषा दरिलो भएर अगाडि बढेको पाइन्छ र नेपाली साहित्यले अगाडि बढ्दै जाने अझ मौका पाएको देखिन्छ । विभिन्न पत्रपत्रिकाहरू,

---

[१२२] रामलाल अधिकारी, **दियालो** (सम्पादकीय) (वर्ष ३३, हाँगो ११८-११९ मई १९९१), पृ. ५७ ।

[१२३] ऐजन ।

[१२४] लख्खीदेवी सुन्दाससँग औपचारिक अन्तर्वार्ताबाट मिति २०६३/१२/०९ गते, दिवा ०३ : ०० वजे, शताब्दी भवन, दार्जिलिङ ।

[१२५] मोहन पी. दाहालसँग औपचारिक भेटवार्ताअनुसार, मिति २०६३/१२/१४ गते, दिवा ११ :४६ वजे, उ. वि. नेपाली विभाग, दार्जिलिङ, ।

साहित्यिक लेखरचनाहरू, कृतिलेखन र प्रकाशन, साहित्यिक संघसंस्थाको स्थापना, विभिन्न व्यक्तित्वबाट पुऱ्याएको योगदानबाट आज दार्जिलिङमा नेपाली भाषा साहित्यले निकै मौलाउने अवसर पाएको देखिन्छ ।

## ३.१.५ दार्जिलिङको भाषासाहित्यमा शिक्षाले पारेको प्रभाव

बीसौं शताब्दीदेखि दार्जिलिङबाट  नेपाली भाषामा समाचारपत्रको प्रकाशन प्रारम्भ भएको देखिन्छ । सन् १९०१ मा गङ्गाप्रसाद प्रधानको सम्पादकत्वमा **गोर्खे खबर कागत**को प्रकाशन सुरु भएको थियो ।[१२६] यही दशकदेखि नेपाली भाषामा सवाईहरू देखापरेका थिए भने गङ्गाप्रसाद प्रधानले नेपाली भाषामा पाठ्यपुस्तकहरू तयार पारेका थिए । दार्जिलिङमा नेपालीहरूले नेपाली भाषालाई पहिलो भाषा तथा भर्नाकुलर भाषाका रूपमा पठनपाठनमा राख्नु पर्ने मागको सुरु पनि यसै दशकदेखि गरेका थिए । फलस्वरूप दार्लिजिङमा नेपाली भाषीको सङ्ख्या सर्वाधिक रहेको र दार्जिलिङमा बसोबास गर्ने सबै जातिको साझा सम्पर्कको भाषाका रूपमा नेपाली भाषा रहेको देखेर कलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई उच्च माध्यमिक स्तरदेखि स्नातकसम्म भर्नाकुलरका रूपमा मान्यता दिएको थियो । यसरी सरकारी विद्यालयहरूमा एउटा भाषाका रूपमा नेपाली भाषालाई पढाउन सुरु गरिएको थियो भने सन् १९२१ देखि मिसनरी स्कुलहरूमा पनि नेपाली भाषाको पठनपाठन सुरु भएको थियो ।

सन् १९२० को दशकमा पारसमणि प्रधान, धरणीधर शर्मा र सूर्यविक्रम ज्ञवाली तथा अन्य बुद्धिजीवीहरूले शिक्षाको माध्यम नेपाली भाषा हुनुपर्ने कुरामा जोड दिन थालेको देखिन्छ । यस विषयमा दार्जिलिङमा स्थापित सङ्घसंस्थामा पनि चर्चा भएको देखिन्छ । यस कुराको प्रमाण २५ मई सन् १९२४ मा 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङको सभाका प्रारम्भमा धरणीधर शर्माले सुनाएको निम्नलिखित कविताबाट प्राप्त हुन्छ :

**"सुन सुन भला पञ्च आजको सभा यो ।**
**जाति भाषा उन्नतिलाई भेला हो भयाको ॥**
**नेपालीका ठूलासाना सबै मिली बोल्ने ।**
**बोली जुन् हो त्यसलाई जाति भाषा भन्ने ॥**
**अज्ञानको नाश गर्न केटाकेटी हाम्रा ।**
**पाठशाला पढ्न जान्छन् बुद्धि लिन हाम्रा ॥**
**तर आफ्नो भाषा नपाई अक्कबक्क पर्छन् ।**
**चार दिनमा जान्ने कुरा वर्षदिनमा सिक्छन् ॥**
**धेरै कष्ट थोरै शिक्षा त्यो पनि अड्दैन ।**
**यसो हुँदा नेपालीमा विद्या क्यै बढ्दैन ॥**
**मातृभाषाद्वारा शिक्षा हुँदा छिटो हुन्छ ।**
**बल बाँच्छ बेला बाँच्छ पैसा थोरै लाग्छ ॥**
**यसै निम्ति पनि सज्जन ! आफ्नै भाषा चाहियो ।**
**यही कुरा खल गर्न सबै यहाँ आयौँ" ॥**

उपर्युक्त कविताले दार्जिलिङ जिल्लामा नेपाली भाषामा शिक्षाको अध्ययन तथा अध्यापन हुनु पर्छ भन्ने विषयमा बुद्धिजीवीहरू सचेत बन्दै गएको देखिन्छ । फलस्वरूप सन् १९२९ मा तत्कालीन ब्रिटिस सरकारले दार्जिलिङमा 'नेपाली टेक्स्ट कमिटी' गठन गरेको थियो । सन् १९३० देखि दार्जिलिङका कतिपय प्राथमिक विद्यालयहरूमा शिक्षाको माध्यम नेपाली भएको थियो ।[१२७] (यस प्रसङ्गको विस्तृत चर्चा पूर्व परिच्छेदमा नै गरिएको छ) । यसरी विद्यालयहरूमा नेपाली भाषामा पठनपाठन र परीक्षामा लेख्न पाउने भए तापनि पाठ्यपुस्तकको अभावका कारण नेपाली विषयबाहेक अन्य विषयहरू अङ्ग्रेजीमा नै पठनपाठन हुँदै आएका थिए । दार्जिलिङमा नेपाली जातिको गठनप्रक्रियाले नेपाली भाषालाई आफ्नै विशेषता दिएको देखिन्छ । प्रारम्भमा भोटबर्मेली बोलीहरू प्राथमिक भाषा लिएर आएका भए पनि नेपाली भाषाले प्राथमिकता पाएपछि भोटबर्मेली भाषाका केही विशेषताहरू नेपालीमा अवश्य परे तर यहाँको नेपाली भाषा अरू नेपालीले नबुझ्ने विदेशी भाषाजस्तो भएन ।[१२८]

---

[१२६] कुमार प्रधान, **पूर्ववत्** पृ. ५६ ।

[१२७] इन्द्रबहादुर राई, **लेखहरू र झ्याल**, (गान्तोक : डा. शोभाकान्ति थेगिम लेप्चा, सन् २०००), पृ. ५७ .

[१२८] कुमार प्रधान, **पूर्ववत्**, पृ. ३६ ।

दार्जिलिङमा विभिन्न जातजातिले स्विकारेको मातृभाषा नेपाली संस्कृतनिष्ठ शुद्ध पनि छैन । लोकभाषाकै रूपमा यो विकसित भएको छ । यहाँ दार्जिलिङमा राजदरबारहरू भएनन् र मौसूफहरू थिएनन् त्यसैले यहाँ बोलिने दार्जिलिङे नेपाली भाषामा व्याकरणिक विचलन देखिन्छ जस्तैः नोकर आयो, मालिक आयो, राजा आयो ।[१२९] दार्जिलिङको नेपाली भाषामा सबै नेपाली जातिहरूको सहभागिता देखिन्छ । नेपालका प्रारम्भिक र माध्यमिक कालीन कवि र रचनाकारहरूको नाउँ हेऱ्यो भने प्रायः सबैजसो बाहुन-छेत्रीवर्ग र काठमाडौँका नेवारहरू पाइन्छन् भने दार्जिलिङमा राई, तामाङ, गुरुङ, लिम्बूहरूबाट नेपाली साहित्यलेखनको प्रारम्भ भएको देखिन्छ । दार्जिलिङमा गङ्गाप्रसाद प्रधान र पारसमणि प्रधानले धेरै पुस्तकहरू लेखे तथा अनुवाद गरे तर उनीहरूले एउटा पुस्तक पनि नेवारीमा लेखेनन् । त्यसरी नै डाकमान राई, प्रतिमान लामा, दिलुसिंह राई, बचगुनी गुरुङ, तारामान गुरुङ, नरवीर गुरुङ, धरमसिंह चाम्लिङदेखि लिएर शिवकुमार राई, अच्छा राई 'रसिक', लैनसिंह वाङ्देल आदिले उनीहरूको जातभाषाका रूपबाट एउटै पनि रचना लेखेको पाइँदैन भने नेपाली भाषामा उनीहरूले सवाईदेखि लिएर उपन्याससम्म लेखेको पाइन्छ । यसरी भारतको परिप्रेक्ष्यमा दार्जिलिङको नेपाली जातिमा एउटै भाषिक चेतनाको जागृति गराउनामा भारत देशका अरू भाषा-भाषीहरूको अगाडि नेपाली भाषाको अस्तित्व र एकताको भावनासँग पनि जोडिएको देखिन्छ । नेपालबाट ठूलो सङ्ख्यामा दार्जिलिङ पसेका नेपालीहरू नेपालमा छँदा आफ्नोआफ्नो भाषा र बोलीकै माध्यमले व्यवहार चलाउँथे तर दार्जिलिङमा आएपछि यो सम्भव हुन सकेन । नेपालबाट गएका छेत्री, बाहुन, तामाङ, राई, लिम्बू, मगर, गुरुङ, थामी, कामी, दमाईं, सार्की आदिहरू दार्जिलिङको बदलिँदो सामाजिक परिवेशमा एकै ठाउँमा बसेर जीवन निर्वाह गर्न थालेपछि नेपालमा छँदाझैँ आफ्नाआफ्नै बोलीको माध्यमले व्यवहार नचल्ने भयो । उनीहरूको दैनिक जीवननिर्वाहका समस्याहरू साझा भएपछि भाषा पनि साझा हुन करै लाग्यो । यसरी भारत तथा दार्जिलिङमा नेपाली जातीय चेतनाको आधार नै भाषा हुन गयो नत्र दार्जिलिङमा नेपाली जातिको प्रयोगको भाषा हिन्दी अथवा बङ्गाली हुने थियो । दार्जिलिङ आइपुग्दा जुन परिस्थितिमा हाम्रा पुर्खाले आफूलाई पाए त्यसले गर्दा उनीहरूले नेपाली भाषा अँगाल्नु पऱ्यो ।[१३०] यसरी दार्जिलिङको नयाँ परिवेश र परिस्थितिमा स्वतः नेपाली भाषा सबै नेपालीहरूको मातृभाषा हुनपुगेको देखिन्छ ।

उन्नाइसौँ शताब्दी नभित्रिदै दार्जिलिङमा नेपाली भाषा साझा भाषाको रूपमा विकसित भइसकेको थियो भने दार्जिलिङमा जन्मी बढेका सबै नेपालीहरूका निम्ति भने नेपाली भाषा मातृभाषा भइसकेको छ । बीसौँ शताब्दीको प्रारम्भदेखि भने सम्बन्धवाचक नामहरूमा मात्र आफ्नोआफ्नो पुरानो बोलीका अवशेष पाइन्छन् ।[१३१] विभिन्न जातका व्यक्तिहरूले साइनोसित बोल्दा लिम्बूहरू थेवा, युमा ( बाजे, बज्यै), तामाङहरूले नाना, जोजो (दिदी, दाजु), नेवारहरूले पाजु, मलेजु (मामा, माइजू), राईहरूले नाना, पुसै (दिदी, फुपाजु) भन्नेसम्ममा मात्र प्रायः सीमित छन् । यसरी वर्तमान दार्जिलिङमा नेपाली भाषा नै नेपाली जातित्वको मूल अडान छ र पछिसम्म पनि मूल अडान यही रहने छ ।[१३२] वर्तमानमा कोही बूढापाकाहरूलाई आफ्नो जातबोली याद होला तर युवापुस्ताले भने एउटा वाक्य पनि आफ्नो जातबोलीमा व्यक्त गर्न सक्तैन । यसरी दार्जिलिङका सबै नेपाली जातिहरूको मातृभाषाका रूपमा नेपाली भाषा रहेको बुझिन्छ । यस सन्दर्भमा कुमार प्रधानको भनाइ उल्लेखनीय छ :

> *"नेपालको सन्दर्भमा नेपाली भाषा राष्ट्रभाषा कहलिन्छ, हामी दार्जिलिङका बाहुन, छेत्री, कामी, दमाईं, सार्की, राई, लिम्बू, तामाङ, मगर, गुरुङ, नेवार, थामी, सुनुवार जम्मैको नेपाली भाषा मातृभाषा हो"।*[१३३]

दार्जिलिङको भाषिक इतिहास र त्यहाँको परिस्थितिका कारण सबै नेपाली जातिको मातृभाषा नेपाली रहेको देखिन्छ । यिनै आधारबाट हुर्केको नेपाली भाषामा साहित्यका विभिन्न विधागत कृतिहरू लेखिँदै गए । सामान्य जनजीविकाबाट पनि साहित्य जन्मिन्छ तर साहित्यका लागि नेपाली मातृभाषाको पठनपाठनले साहित्यलेखनमा ठूलो टेवा पुऱ्याउँदै गयो । सो समयका साहित्यकारहरूले सिर्जना गरेका थुप्रै कृतिहरू भाषा अध्ययन र भाषा प्रतिको ममताबाट नै अभिप्रेरित भएर साहित्य लेखिएको पाइन्छ ।

---

[१२९] इन्द्रबहादुर राई, सामाजिक पहाड र खोला, (दार्जिलिङ : ग्रन्थकार सहकारी समिति, १९९३) पृ. २ ।

[१३०] लेखवीर गुरुङ, **भारतमा जातीयताको उद्भव परिचय**, (दार्जिलिङ : जन्मभूमि प्रकाशन, १९७९).पृ. १३ ।

[१३१] कुमार प्रधान, **पूर्ववत्**, पृ. ३६ ।

[१३२] इन्द्रबहादुर राई, **पूर्ववत्**, पृ. २ ।

[१३३] कुमार प्रधान, **पूर्ववत्** पृ. ३२ ।

लोकभाषाका रूपमा नेपाली भाषा विकसित भएकाले र सबै जाति नेपाली भाषाको निर्माणमा सहभागी रहेकाले यस भाषाका कतिपय शब्दहरूमा भोटवर्मेली परिवारका शब्दहरू पाइन्छन् । त्यसरी नै मारबाडी, बङ्गाली, बिहारी आदिहरूले पनि साझा भाषाका रूपमा दार्जिलिङमा नेपाली भाषाको प्रयोग गरिएकाले उनीहरूका भाषाको केही प्रभाव पनि नेपाली भाषामा रहेको देखिन्छ । यहाँको नेपाली भाषामा अङ्ग्रेजी, बङ्गाली, बिहारी, मारबाडी आदि भाषाका आगन्तुक शब्दहरूको पनि प्रशस्त प्रभाव रहेको देखिन्छ । दार्जिलिङका नेपाली भाषीहरूले बोलेको वा लेखन आदिमा प्रयोग गरेको भाषाबाट नै विद्वान्हरूले यो भाषा दार्जिलिङको नेपाली भाषा हो भनेर छुट्याउन सक्दछन् । दार्जिलिङको नेपाली भाषाको छुट्टै विशिष्टता भए तापनि नेपाली भाषा बुझ्न सक्ने सबै नेपालीहरूले दार्जिलिङको नेपाली भाषा बुझ्दछन् । यसरी विचार तथा भावसम्प्रेषणको माध्यम रहेको भाषाले गर्नुपर्ने कार्यको सम्पादन दार्जिलिङको नेपाली भाषाले गर्दै आएको छ साथै यस भाषाका माध्यमबाट नेपाली साहित्यसिर्जनामा पनि योगदान आएको देखिन्छ ।

दार्जिलिङमा सबै जातिले नेपाली भाषालाई मातृभाषाका रूपमा स्विकारेका छन् र मातृभाषाको सेवाकै रूपमा यहाँका साहित्यकर्मीहरू नेपाली भाषामा साहित्यसिर्जना गर्दै आएका छन् । उनीहरूले हालसम्ममा आआफ्ना मातृभाषामा साहित्यिक कृति लेखिएको पाइँदैन भने नेपाली भाषामा धेरै कथा, कविता, नाटक, उपन्यास र लेखहरू लेखिसकेबाट दार्जिलिङको भाषिक पृष्ठभूमिको प्रभाव रहेको देखिन्छ । आख्यानमा अङ्ग्रेजी, हिन्दी आदि भाषाका शब्दहरूको प्रयोगमा पनि दार्जिलिङको भाषिक पृष्ठभूमिको प्रभाव परेको देखिन्छ । भारतमा नेपाली भाषाको मान्यताको प्रसङ्गमा **नेपाली साहित्य परिषद्** खोलेर इन्द्रबहादुर राईले आफू अध्यक्ष भई नेपाली भाषा साहित्यको उत्थानका लागि आयामिक विधालाई निम्त्याएर ठूलो योगदान पुऱ्याएको देखिन्छ । यस्तै अन्य साहित्यकर्मीहरूको लेखनमा दार्जिलिङको युगीन नेपाली भाषाको भूमिका रहेको देखिन्छ । यसरी उनीहरूमा साहित्यलेखनदेखि लिएर सामाजिक तथा राजनीतिक कार्यहरूमा समेत दार्जिलिङको भाषिक पृष्ठभूमिको प्रभाव परेको पाइन्छ । यस्ता साहित्यका सिर्जनाहरू पाठ्यक्रममा समाविष्ट हुँदै जानु र तिनीहरूलाई पठनपाठनका माध्यममा नेपाली भाषीहरूले स्विकार्नुले पनि दार्जिलिङमा भाषा साहित्यका क्षेत्रमा शिक्षाले आफ्नै किसिमको प्रभाव जमाएको देखिन्छ । दार्जिलिङ क्षेत्रमा रहेका लगभग एक दर्जन जति कलेजहरूले नेपाली विषयको स्नातक (सम्मान र साधारण) को अध्ययनबाट नेपाली साहित्य आफ्नै किसिमले फस्टिदै थियो भन्ने कुरा स्पष्ट हुन्छ । विभाग स्थापनापूर्व शिक्षा क्षेत्रमा जेजति कार्यहरू भए ती सबैले नेपाली भाषा साहित्यलाई टेवा दिएको पाइन्छ । यी विषयवस्तुलाई विभाग स्थपनाको मुख्य पृष्ठभूमिका रूपमा स्वीकार गरिएको छ ।

## ३.२ साहित्यिक पृष्ठभूमि

साहित्यलेखनको सन्दर्भमा दार्जिलिङको नेपाली साहित्यको पृष्ठभूमि भन्नाले सन् १९६२ उ.ब.वि. स्थापना पूर्वको सन्दर्भ र दार्जिलिङको नेपाली साहित्यको गतिविधि भन्ने बुझिन्छ । दार्जिलिङीय साहित्य लेखनका क्षेत्रमा- सामान्य जनजीवनका विषय बस्तु, त्यताका श्रमिकका जीवनचर्या, मुलुक बाहिर बस्नु पर्दाको स्थिति र अन्य जातीसँग रहनसहन गर्नुपर्दाको अमिल्दोपन र असमन्जस्यताको चित्रण भित्रपनि प्रबुद्ध चिन्तन, भाषा, समाज र जीवन दर्शन एवम् बौद्धिकताका विषयहरूलाई प्रस्तुत गरिएको पाइन्छ । यी यस्ता अवस्थाका साहित्यिक बर्णनलाई सामाजिक यथार्थ भित्र नै देखेर जीवनप्रतिको दृष्टिकोणलाई चुमेर वर्णन गर्न पुग्नु स्वाभाविक हुँदा हुँदैपनि साहित्य लेखनमा कठीन नै प्रतीत भएको देखिन्छ ता पनि साहित्यिक स्रष्टाले चित्रणगर्ने समाज र परिवेशको भावभूमिलाई उजिल्याउदै साजसज्जा गर्नु स्वाभाविक नै देखिन्छ । ग्रमीण जीवन जहाँ मादल, डम्फू, मारुनी जस्ता लोक संस्कृति एवम् चाडपर्व बाँचेका छन् त्यही बाँचेको हुन्छ हामीले गर्व गरेको संस्कृति अनि त्यही समृद्ध बनेर नेपाली भाषा र साहित्य गतिशील भएको हुन्छ ।

उन्नाईसौं शताब्दीको अन्तसम्म पनि दार्जिलिङ जिल्लामा नेपाली भाषामा साहित्यलेखन र शिक्षाको व्यवस्था भइसकेको थिएन । फलस्वरूप सरकारी पक्षबाट प्राथमिक स्तरमा यस अवधिसम्म नेपाली भाषाको अध्ययन र अध्यापन भएको पाइँदैन । पादरी गङ्गाप्रसाद प्रधानको प्रयासबाट लेखिएका नेपाली भाषाका पाठ्यपुस्तक र इसाई धर्म प्रचारको उद्देश्यले लेखिएका तथा अनुवाद गरिएका पुस्तकहरू एकाध भए तापनि सार्वजनिक रूपमा पुस्तक उपलब्ध हुन सम्भव थिएन । सन्त ज्ञानदिल दासले सन् १८७७ तिर **उदयलहरी** लेखे तापनि प्रकाशनमा आएको थिएन । सन्त कविहरूद्वारा रचिएका भजनहरू पनि मौखिक परम्परामै सीमित थिए । उन्नाईसौं शताब्दीको अन्त र बीसौं शताब्दीको प्रारम्भसम्म

दार्जिलिङमा शिक्षाको क्षेत्रमा हिन्दी र अङ्ग्रेजी भाषा नै प्रमुख रूपमा रहेको हुनाले नेपाली भाषामा साहित्यिक कृति लेख्न वा प्रकाशित गर्न सम्भव थिएन ।[१३४]

बीसौँ शताब्दीको प्रारम्भतिर साहित्यका रचनाहरू खास गरी लहरी, सवाई लेखिएबाट दार्जिलिङमा साहित्यको पूर्वाधारको प्रारम्भ भएको पाइन्छ । बीसौँ शताब्दीको प्रारम्भमा जति पनि सवाई, लहरी र गीत लेखिए तथा रचिए ती सबैको पृष्ठभूमि तत्कालीन दार्जिलिङको अविकसित सामाजिक अवस्थासित सम्बन्धित रहेको देखिन्छ । दार्जिलिङमा चियाको खेतीसितै बढ्दै गइरहेको नेपाली जातिको बाक्लो आवादी, दैनिक कार्यप्रणाली र जीविकाको रूपमा अँगाल्नु परेका व्यवसाय तथा तत्कालीन श्रमजीवी समाजले जङ्गल फाँड्दा, रोडा पेल्दा, पहाड खनेर बाटो बनाउँदा कथेका गीत र चियाबारीमा काम गर्दा लोकलयमा अभिव्यक्त मनोदशाको अभिव्यक्ति नै मूलतः लहरी र सवाई रचनाको उद्गम स्थल रहेको देखिन्छ ।[१३५] यसै गरी सन् १९१४ को पहिलो विश्वयुद्धमा लड्न जाने नेपालीहरूले रचेका नेपाली सवाई र चियाकमानमा ऋणमा डुबेर शोषित र गरिबी जीवन बिताउनु पर्दा भक्कानो फुटेर निस्केका भावप्रवाह, सासूबुहारीको शीतयुद्धजस्ता सामाजिक कारणहरूबाट पनि दार्जिलिङमा काव्यसाहित्यको पूर्वाधार मानिने सवाई र लहरी साहित्यको जन्म हुन गएको देखिन्छ ।[१३६] बीसौँ शताब्दीको प्रारम्भिक दशकदेखि नै दार्जिलिङमा छापखानाहरूको स्थापना भएको देखिन्छ । यही परिवेशमा सन् १९०१ मा सुरवीर गुरुङको **भक्तिको सवाई**, डाकमान राईको **पैरोको सवाई**, बृषध्वज सिंहको **अमृत लहरी** देखापर्दछन् । सन् १९०३ मा बचगुनी गुरुङको **ब्रह्मतत्त्वको सवाई** र प्रतिमान सिंह लामाको **राजा भरथरीको सवाई** देखापर्दछ । १९०८ मा हाजीरमान राईको **मीठामीठा नेपाली गीत** र दिलुसिंह राईको **५६ सालको पैराको सवाई** देखापर्दछन् । सन् १९११ मा रत्ननारायण प्रधानले **प्रेमलहरी** लेखेपछि उनीद्वारा लेख्न सुरु गरिएको **आनन्दलहरी**को आठौँ भागसम्म दिलबहादुर राई, तारामान गुरुङ, नरवीर तामाङ र डी. बी. राई मिलेर सन् १९१२ देखि सन् १९१७ सम्म लेखिएको पाइन्छ ।[१३७] यसपछि सन् १९१५ मा प्रसादसिंह चामलिङले **मायालहरी** लेखेको पाइन्छ । यसरी दार्जिलिङमा सवाई र लहरी साहित्यको प्रवाह सन् १९०१ देखि सन् १९१९ सम्म प्रवाहित भएको देखिन्छ ।

बीसौँ शताब्दीदेखि दार्जिलिङमा नाटकहरूको मञ्चन पनि प्रारम्भ भएको देखिन्छ । सन् १९०९ मा दार्जिलिङमा चिल्ड्रेन्स एक्युजमेन्ट एसोसिएसनको स्थापना भएकै वर्ष पहलमानसिंह स्वाँरको **अटलबहादुर** नाटक सर्वप्रथम मञ्चन भएको थियो । कर्साङमा सन् १९१३ मा गोर्खा पुस्तकालयको स्थापना भएकै वर्ष दार्जिलिङमा हिमालयन एक्युजमेन्ट एसोसिएसनको पनि स्थापना भएको थियो । यस संस्थाले दार्जिलिङमा **कञ्जुसको धन, थिमिकुदिन**, **राजा हरिश्चन्द्र**, **सुन्दर कुमार**, **बुद्धचरित्र** आदि नाटक मञ्चन गरेको थियो । यसरी दार्जिलिङमा स्थापित सङ्घसस्थाहरूले नेपाली नाटकको मञ्चन गरेर नेपाली भाषासाहित्यमा योगदान पुऱ्याएको देखिन्छ ।

बीसौँ शताब्दीको दोस्रो दशकदेखि दार्जिलिङ जिल्लाबाट साहित्यप्रधान पत्रिकाको प्रकाशन पनि प्रारम्भ भएको देखिन्छ । सन् १९१८ मा पारसमणि प्रधानको सम्पादकत्वमा खार्साङबाट साहित्यप्रधान पत्रिका **चन्द्रिका**को प्रकाशन सुरु भएको थियो । यसभन्दा अघि पनि सन् १९०१ देखि **गोर्खेखबर कागज** पादरी गङ्गाप्रसाद प्रधानको सम्पादनमा प्रकाशित भइसकेको थियो तर यस पत्रिकामा साहित्य विषयक एउटा पनि सामग्री थिएनन् र यसलाई साहित्यिक पत्रिका अथवा साहित्यिक कृति वहन गर्ने पत्रिका भन्न सकिँदैन । **चन्द्रिका** पत्रिकाको विषय तथा ध्येय साहित्यिक भएको हुनाले दार्जिलिङमा नेपाली साहित्यको प्रारम्भिक काल सन् १९१८ देखि अथवा **चन्द्रिका**को प्रकाशनदेखि सुरु भएको थियो भन्ने रामकृष्ण शर्माको भनाइ रहेको छ ।[१३८] यसरी साहित्यिक पत्रिकाको माध्यमबाट हेर्दा दार्जिलिङमा **चन्द्रिका** पत्रिकाबाट नेपाली साहित्यको लेखन तथा प्रचारप्रसार सुरु भएको देखिन्छ । आफ्नो प्रकाशनकालको पहिलो वर्ष (सन् १९१८) मा **चन्द्रिका** पत्रिकामा गद्य-पद्य मिलाएर ३५ वटा साहित्यिक सामग्री प्रकाशित भएका थिए ।[१३९] आफ्नो दुई वर्षको प्रकाशन अवधिमा **चन्द्रिका**ले जम्मा १४० वटा साहित्यिक सामग्री

---

[१३४] जीवनकुमार नामदुङ, **अगमसिंह गिरीका कविताको अध्ययन र विश्लेषण** (अप्रकाशित शोधप्रबन्ध), (वि. सं. २०५२), कीर्तिपुरः त्रि.वि, पृ. ५८ ।

[१३५] जीवनकुमार नाम्दुङ, **पूर्ववत्**, पृ. १९ ।

[१३६] लक्खीदेवी सुन्दास, '**युद्धामा जन्मेका नेपाली सवाई र साहित्य**', 'दियो'. दार्जिलिङ, (वर्ष १६, अङ्क ९, अगस्त सन् १९७०). पृ. ७-८. ।

[१३७] जीवनकुमार नाम्दुङ, **पूर्ववत्**, पृ. ६० ।

[१३८] रामकृष्ण शर्मा, '**दार्जिलिङ क्षेत्रमा नेपाली साहित्यको पृष्ठभूमि र जन्म**', **हाम्रो कुलैनबारी**. (वर्ष ७, अङ्क ६/७, १९८४) पृ. ११८ ।

[१३९] जीवनकुमार नाम्दुङ, **पूर्ववत्**, पृ. ६१ ।

प्रकाशित गरेर तत्कालीन दार्जिलिङको नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । यस पत्रिकाको प्रकाशन १९२० देखि बन्द भएपछि सन् १९३२ सम्म दार्जिलिङबाट उल्लेखनीय साहित्यप्रधान पत्रिका प्रकाशन भएन । सन् १९१८ मा नेपाली भाषा पठनपाठनका निम्ति सरकारबाट स्वीकृत भएपछि **चन्द्रिका**का सम्पादक पारसमणि प्रधान पाठ्यपुस्तक लेखन, अनुवाद र प्रकाशनमा व्यस्त भएका देखिन्छन् । यसै बीच सन् १९२४ मा 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङको स्थापना भएको थियो तर यस संस्थाबाट साहित्यिक पत्रिकाको प्रकाशन सन् १९३२ बाट मात्र सुरु भएको देखिन्छ ।

दार्जिलिङ जिल्लामा नेपाली भाषाको अध्ययन तथा अध्यापन सुरु भएपछि सन् १९२० मा दार्जिलिङमा सरकारी उच्च माध्यमिक विद्यालयको नेपाली शिक्षकका रूपमा धरणीधर शर्मा नियुक्त भएका थिए । दार्जिलिङमा उनको आगमनले नेपाली भाषा तथा साहित्यको विकासमा ठूलो टेवा पुगेको थियो । दार्जिलिङ बजारमा हाट भर्न आउने जनसमुदायलाई शर्मा कविता पाठ गरेर सुनाउँथे । यसरी उनले दार्जिलिङमा नेपाली साहित्यको वातावरण तयार गर्नमा ठूलो भूमिका निर्वाह गरेको देखिन्छ । सन् १९२० देखि सन् १९५० सम्म दार्जिलिङमा सर्वाधिक लोकप्रिय पुस्तक **नैवेद्य** नै थियो । विद्यालयको पाठ्यपुस्तकमा समावेश भएको तथा एक व्यक्तिले एउटै पुस्तक अनेकपल्ट पढेको, किनेको, हराएको, मागेर पढेको पुस्तक यही **नैवेद्य** थियो ।[१४०] सन् १९२३ मा सूर्यविक्रम ज्ञवाली दार्जिलिङ आइपुगेपछि दार्जिलिङमा 'सूधपा' को साहित्यिक युग प्रारम्भ भएको पाइन्छ । यिनीहरूको सचेततामा सन् १९२४ मा दार्जिलिङमा 'नेपाली साहित्य सम्मेलन' जस्तो ऐतिहासिक संस्थाको गठन भएको देखिन्छ । 'नेपाली साहित्य सम्मेलन'ले सन् १९२४ मा धरणीधर शर्माको **नैवेद्य**को दोस्रो संस्करण प्रकाशित गरेको पाइन्छ । 'नेपाली साहित्य सम्मेलन' गठन भएपछि यस संस्थाबाट **नैवेद्य** (सन् १९२४) र महानन्द सापकोटाको **मनलहरी** (सन् १९२६) प्रकाशित भएका थिए । उक्त संस्था गठन भएको आठ वर्षपछि सन् १९३२ देखि **नेपाली साहित्य सम्मेलन** पत्रिका (**दियालो**) को प्रकाशन प्रारम्भ भएको थियो । दार्जिलिङमा नेपाली साहित्यको जागरणकालीन पृष्ठभूमि माथि विचार्दा **चन्द्रिका**पछि **नेपाली साहित्य सम्मेलन** पत्रिकाको महत्त्वपूर्ण भूमिका देखिन्छ ।[१४१] यस पत्रिकामार्फत् सामाजिक जागृतिको चेतना जगाउने पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा, रूपनारायण सिंह आदिका लेखहरूबाट समाजका सबै वर्गका पाठक लाभान्वित भएका देखिन्छन् । शिक्षाको माध्यम मातृभाषा (नेपाली) हुनु पर्छ भन्ने तथ्यलाई सर्वसम्मत रूपले निर्णय दिएर त्यसमा जनसहभागिताको दायित्वबारे व्यापक रूपमा विवरण दिइएका लेखहरू 'हामीहरू औ हाम्रो भाषा', 'नेपालीको मातृभाषाप्रति' र 'कर्तव्य'जस्ता लेखहरू यसै पत्रिकामा प्रकाशित भएका थिए । साहित्यलेखनका निम्ति साहित्य अध्ययनको आवश्यकता बोध तथा नेपाली जाति, समाज, भाषा, संस्कृति र इतिहास विषयका खोजपूर्ण लेखहरू प्रकाशित गर्ने क्रममा यस पत्रिकाको विशेष महत्त्व रहेको देखिन्छ । साहित्यको सैद्धान्तिक पक्ष र जातीय जीवनमा साहित्यको महत्त्वलाई पाठकसमक्ष परिचय गराउने दिशामा प्रशस्त लेखहरू यस पत्रिकामा प्रकाशित भएका थिए । यसरी **चन्द्रिका** पत्रिकाले शिलान्यास गरेको साहित्यको घडेरीलाई नेपाली **साहित्य सम्मेलन पत्रिका**ले विकसित गर्दै ल्याएको देखिन्छ ।

**'नेपाली साहित्य सम्मेलन'** दार्जिलिङले पत्रिका प्रकाशनसहित रूपनारायण सिंहको **भ्रमर** (सन् १९३७) र **कथाकुसुम** (सन् १९३७) प्रकाशन गरेको थियो भने सन् १९४९ मा दार्जिलिङको चौरस्तामा भानुभक्तको सालिक स्थापना गरेर भानुजयन्ती मनाउने परम्परा बसाएको पाइन्छ । यस संस्थाले समयानुकूल साहित्यिक गोष्ठीको आयोजना गरेर युवावर्गमा साहित्यप्रति उत्सुकता जगाउने कार्य पनि गर्दै आएको देखिन्छ । त्यसरी नै शोभायात्राको आयोजना गरेर, नेपाली जातिका सांस्कृतिक झाँकीहरूको प्रदर्शन गरेर तथा नेपाली जातिको जातीय पहिचानलाई सम्वर्द्धन तथा विकास गर्ने दिशामा पनि उक्त संस्थाले धेरै काम गरेको देखिन्छ ।

**'नेपाली साहित्य सम्मेलन'** संस्थाले दार्जिलिङे साहित्यिक गतिविधिलाई प्रोत्साहन दिइरहेको समय सन् १९३२ मा दार्जिलिङमा '**गोर्खा दु:ख निवारक सम्मेलन**' को स्थापना भएको थियो । साहित्यिक कृतिहरूको प्रकाशनभन्दा पनि नाटकहरूको मञ्चन गर्नु र सामाजिक विषयका कार्यक्रम गर्नु नै यस सम्मेलनका मुख्य उद्देश्य थिए । यस संस्थाबाट **अत्याचारी कंश**, **प्रेम बलिदान**, **कलियुगको नसा**, **शकुन्तला**, **नेपाली युवती**, **अनाथ**, **सीता** आदि नाटकहरू मञ्चन भएका थिए । यस संस्थाले सन् १९४०

---

[१४०] इन्द्रबहादुर राई, **पृष्ठपृष्ठ**, (गान्तोक : सिक्किम साहित्य परिषद्, १९९५) पृ. १५ .

[१४१] जीवनकुमार नाम्दुङ, **पूर्ववत्**, पृ. ६२ ।

देखि आफ्नो मुखपत्रको रूपमा **खोजी** पत्रिकाको प्रकाशन आरम्भ गरेको थियो । यस पत्रिकामा दार्जिलिङका स्थानीय परिवेशमा आधारित कथाहरू प्रकाशित भएका थिए । रूपनारायण सिंह, हीराकुमार सिंह, डी.बी. परियार, इन्द्र सुन्दास आदिका कथाहरू यस पत्रिकामा प्रकाशित भएका पाइन्छन् । कथासहित यस पत्रिकामा 'स्त्री शिक्षा', 'स्त्रीहरूले पढेर के गर्नु', 'प्राथमिक पाठशाला', 'हामी बेकारी किन', 'अझ हामी पछि नै छौँ किन' जस्ता सामाजिक लेखहरू प्रकाशित भएका पाइन्छन् । यसरी सामाजिक सङ्गठन भए तापनि 'गोर्खा दुःख निवारण सम्मेलन'ले साहित्यिक पत्रिकाको प्रकाशन गरेर दार्जिलिङका नेपालीहरूमा साहित्यप्रति आकर्षण गराउनामा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ ।

उत्तरबङगविश्वविद्यालयको स्थापनापूर्व **चन्द्रिका**, **नेपाली साहित्य सम्मेलन** पत्रिका **गोर्खा दुःख निवारक सम्मेलन** पत्रिका र **खोजी** आदि पत्रिकाहरूको प्रकाशन भएको देखिन्छ । सो समयमा रूपनारायण सिंहको **भ्रमर** (१९३६) र **कथा नवरत्न** (१९५०); शिवकुमार राईको **फ्रन्टियर** (१९५१) र **डाकबङ्ला** (१९५५), लैनसिंह बाङ्देलका **मुलुक बाहिर** (१९४८), **माइतघर** (सन् १९४५) र **लङ्गडाको साथी** (१९५१) अनि अच्छा राईको **लगन** (१९५५) र प्रकाशित भएका पाइन्छन् । इन्द्रबहादुर राईको **आज रमिता छ** (१९६४) औपन्यासिक कृति चाहिँ विभागको स्थापना भएपछि मात्र प्रकाशित भएको पाइन्छ । यस्तै कविता विधालाई बनारसको **गोर्खाली** (१९१५-१६) र कर्साङको **चन्द्रिका** (१९१८-१९) ले अगाडि बढाएको पाइन्छ । धरणीधर कोइरालाको **नैवेद्य**, **स्पन्दन** एवम् अगमसिंह गिरीको **युद्ध र योद्धा** भने विश्वविद्यालयको स्थापना पश्चात् सन् १९७० को सेरोफेरोमा प्रकाशन भएको देखिन्छ । सिक्किमका तुलसीराम कश्यपको आँकुरा कवितासङ्ग्रह पनि सन् १९६५ मा उ.ब.वि. को स्थापनापछि नै प्रकाशित भएको पाइन्छ । त्यसैगरी नाटक, एकाङ्कीमा टीकाराम शर्माको दोस्ती (१९४५) र गनुसिंह गुरुङको मसिनेको झड्का (१९५२)हरू प्रकाशित भइसकेको पाइन्छ भने सन् १९३९ मा प्रकाशित जब पूर्व चाहिँ औ पश्चिम चाहिँ पूर्व हुन्छ (एकाङ्की) बाबु नाम गरेका व्यक्तिद्वारा लेखिएको पाइन्छ ।

मुख्यतयाः उपर्युक्त आख्यानात्मक र कवितात्मक कृतिहरू नै नेपाली साहित्यका फाँटमा दार्जिलिङले दिएको अनुपम कृतिहरू मानिएका छन् जुन विश्वविद्यालय स्थापना हुनुपूर्वको अवस्थासँग पनि जोडिएका छन् ।

उपर्युक्त साहित्यिक पृष्ठभूमिमा भारतीय नेपाली आख्यानकारहरूमा इन्द्रबहादुर राई, लैनसिंह वाङ्देल, पारिजात, अच्छा राई रसिक र शिवकुमार राईको समाजको यथार्थलाई साहित्यमार्फत् प्रस्तुत गर्ने प्रवृत्तिको प्रभाव रहेको देखिन्छ । उपर्युक्त आख्यानकारहरूको समाज दार्जिलिङ नै देखिन्छ र भेटिन्छ पनि । दार्जिलिङको साहित्यलाई आख्यानले नै माथि पुऱ्याएको देखिन्छ । वास्तवमा नेपाली आख्यानको विकासमा दार्जिलिङले अर्थात् भारतीय नेपाली आख्यानले ठूलो छलाङ मारेको पाइन्छ । दार्जिलिङ्गीय साहित्य क्षेत्रमा सामान्य जनजीवनका विषयवस्तु श्रमिकका जीवनचर्या, मुलक बाहिर रहनु पर्दाको बाध्यात्मक स्थिति र विभाषीहरूको बीचमा बाँचेर आफ्नो भाषा र सस्कृतिलाई जगेर्ना गर्नुपर्ने अवस्थाको चित्रणको अमिलो पनका विवरणहरू भित्र प्रबुद्ध चिन्तन, भाषा समाज र जीवनदर्शन एवम् बौद्धिकतापूर्ण विषयलाई प्रस्तुत गरिएको पाइन्छ । यस्ता अवस्थाका साहित्यिक वर्णन सामाजिक यथार्थभित्र नै देखेर जीवनप्रतिको दृष्टकोणलाई चुम्न पुग्नु स्वभाविकै देखिन्छ । ग्रामीण जीवन जहाँ मादल, डम्फु, मारुनीजस्ता लोकसस्कृति एवम् चाडपर्व बाँचेको हुन्छ । हामीले गर्व गरेको संस्कृति अनि त्यही नेपाली भाषा र साहित्य समृद्ध बनेर अघि बढेको पाइन्छ ।

भारतको बहुभाषी तथा बहुजातीय समाजमा नेपालीहरूको छुट्टै पहिचान र अस्तित्व कायम गर्नाका निम्ति दार्जिलिङका नेपालीहरूले धेरै सङ्घर्ष गर्नु परेको देखिन्छ । आधुनिक दार्जिलिङको निर्माणमा लामो समयदेखि पसिना बगाउँदै आएका नेपालीहरू भारतका अन्य जातिबाट शोषित रहनु परेको देखिन्छ । दार्जिलिङका नेपालीहरूको आफ्नो राज्य नहुँदा उनीहरू आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक रूपमा पछाडिनु परेको देखिन्छ । उत्तरबङग विश्वविद्यालय दार्जिलिङ सहरमा नै स्थापित हुन सकेको भए दार्जिलिङको शैक्षिक इतिहास अझ महान हुने थियो तर पनि दार्जिलिङ जिल्ला भित्र नै विश्वविद्यालय स्थापना भइदिनुले नेपाली भाषा साहित्यले पठनपाठनको माध्यमबाट झाँगिने सुयोग पाएको देखिन्छ । साहित्यिक हस्तीहरू लेख्दै जान्थे । सोही अनुरूपको चेतना फैलिदै जान्थ्यो र जातिप्रेमी दार्जिलिङेहरूमा नेपाली भाषा र साहित्य क्रमैले बढ्दै गयो र उत्साही भएर आफ्नै परिवेशका साहित्य पढ्दै आफ्नै क्षेत्रमा उच्चतर शिक्षाको खाँचो टार्ने संस्थाको स्थापना होस् भन्ने चाहनामा सधैँभरि लागि पर्थे तर सन् १९६२ मा विश्वविद्यालय स्थापना हुँदा नेपाली भाषालाई वेवास्ता गरिएको हुनाले पनि दार्जिलिङेहरूमा एक किसिमको निरासा जन्मिएको पाइन्छ । त्यहाँका आम नेपाली भाषीहरूले नेपाली

भाषा साहित्यलाई आफ्नो अस्तित्वको द्योतक ठानी सोही अनुरूपको क्रियाकलापका लागि लागिपर्दै विश्वविद्यालय एवम् महाविद्यालयहरूमा नेपाली भाषा साहित्यको पठनपाठनका लागि जोडतोडले लागेका थिए ।

समयको अन्तरालमा दार्जिलिङको पहिचान र विकासका अलवा साहित्यिक गोरेटाहरू प्रशस्त खोले र आआफ्ना बीजाङकुरण हुँदै र हुर्किदै र झाँगिँदै गए । वास्तवमा दार्जिलिङलाई नसम्झदा मात्र नेपाली साहित्य अधुरो र अपुरो प्रतीत हुन्छ । दार्जिलिङले आफ्नो स्वरूपाकृति पाएपछि मात्र लोकसाहित्यले प्रवाहित हुने मौका पाएको कुरा पहिले नै चर्चा गरिसकिएको छ । अतः दार्जिलिङमा भाषिक चेत र साहित्यिक चेतनाभित्र जातीयताको उद्घोष यत्रतत्र गरेको पाइन्छ । स्व निजत्वका लागि दार्जिलिङेहरूको भाषा साहित्यप्रतिको प्रेम मुटु र माटोको जस्तो रहेको छ । आफ्नो पुर्ख्यौली थलो र नेपाली जातिको उज्वल भूमि नेपाल छाडेर अन्यत्र बस्दाको छट्पटीलाई लुकाएर पनि दार्जिलिङेहरूले नेपाली भाषा साहित्यलाई सदैव आफ्नो शीरको ताज मानी पहिरिरहेका भेटिन्छन् ।

दार्जिलिङका नेपाली भाषा साहित्य र शिक्षाको थालनी तथा प्रसारप्रसार एवम् विकासका कार्यहरूलाई विवेचन गरेर हेर्दा त्यसबाट प्राप्त उपलब्धिलाई सङ्क्षेप रूपमा यहाँ यसरी वर्णन गरिएको छ ।

इसाई मिसनरीहरूले धर्म प्रचार शिक्षा प्रसारका निम्ति गरेका वा गर्न लगाएका अनुवाद कार्य एवम् व्याकरण र कोश आदि निर्माण गर्ने कार्यले दार्जिलिङमा नेपाली भाषाले विकास गर्ने अवसर पाउन सकेको देखिन्छ । लोक परम्परा प्रचलित अलिखित एवम् लिखित लोक साहित्य र धार्मिक गीत आदिबाट नै यस क्षेत्रमा साहित्यको थालनी हुन सकेको देखिन्छ । यहाँ सक्रिय रहेका विविध धार्मिक पन्थ र सम्प्रदायहरूका मतमतान्तरमा भिन्नता देखिए पनि सबैले नेपाली भाषामा नै आफ्नाआफ्ना धर्मप्रचार, विचारप्रचार र शिक्षा प्रचार गर्ने कार्य गरिएकाले दार्जिलिङमा नेपाली भाषा साझा भाषा हुन सकेको हो भन्ने कुराको बोध हुन्छ । ज्ञानदिलदासमा पाइने क्रान्तिकारी सामाजिक चेतना, गङ्गाप्रसाद प्रधानमा पाइने शैक्षिक, भाषिक एवम् धार्मिक चेतना, दिलुसिंह राईमा पाइने शैक्षिक, सामाजिक, सांस्कृतिक चेतनाको समष्टिबाट उठेको नेपाली साहित्य दार्जिलिङमा अद्यावधि चलिरहेको साहित्यको पृष्ठभूमिगत परिवृत्त हो ।

नेपाली भाषामा **बाइबल** सत्यार्थ प्रकाश र वैशेषिक दर्शनजस्ता धार्मिक एवम् दार्शनिक ग्रन्थहरूको अनुवाद हुनु, सवाई र लहरी काव्यका प्रशस्त पुस्तकादि रचिन थालिनु तथा अनेक मौलिक र अनुदित नाटकहरू लेखिनु एवम् मञ्चित हुनाले पनि भाषाका विविध भाव अभिव्यक्तिका निम्ति सक्षम भएर नेपाली भाषा लोकप्रिय पनि भएको हो भन्ने प्रमाणित हुन आउँछ । दार्जिलिङमा नेपाली साहित्यको लेखनको प्रारम्भ भएको लगभग ६० वर्से युगमा परवर्ती भाषिक एवम् साहित्यिक गतिविधिहरूको प्रत्यक्ष वा परोक्षप्रभाव र परिणाम स्वरूप सन् १९२४ मा 'नेपाली साहित्य सम्मेलन'को स्थापना भयो । यस संस्थाले दार्जिलिङमा मात्र नरहेर समग्र भारतमा नेपाली भाषा साहित्यको विकासका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकेको देखिन्छ ।

**भारतमा नेपाली भाषाले संबैधानिक मान्यताप्राप्त पश्चात् सार्वजनिक क्षेत्रमा रहेका उपलब्धिहरू :**

१. भारतीय मुद्राहरूमा नेपाली भाषा पनि अङ्कित छ ।
२. ज्ञानपीठ पुरस्कार गुठी र विरला पाउन्डेसन जस्ता उच्च प्रतिष्ठित संस्थामा नेपाली भाषा सामेल गरिएको छ र ती संस्थाहरूमा नेपाली भाषा परामर्श समिति पनि कायम रहेको छ ।
३. साहित्य अकादमी, नयाँ दिल्लीले नेपाली भाषालाई आठौं अनुसूचीको भाषा भनी स्थान दिएको छ । मान्यता पाउनु अघि विकसित भाषा भनी साहित्य अकादमीले सान्त्वनाको निम्ति मात्र नेपाली भाषाका कृतिहरूलाई पुरस्कार दिँदै आएको थियो ।
४ नेसनल बुक स्ट्रटजस्तो संस्थामा नेपाली भाषा सामेल छ र यसको उच्च स्तरीय साहित्यिक कृतिलाई अरु जम्मै मान्यताप्राप्त भाषामा अनुवाद गर्ने र भाषाको आदानप्रदान गर्ने योजना छ । यद्यपि यसमा सन्तोषजनक कार्य भने हुन सकेको छैन र यसका लागि हाम्रा सुयोग्य साहित्यसेवीहरूले बढी चासो लिनुपर्ने देखिन्छ ।
५. नागरिकता ऐन, १९५५ को तेस्रो अनुसूचीअनुसार नागरिकता प्राप्त गर्न आवेदकलाई आठौं अनुसूचीमा भएको कुनै एउटा भाषाको पर्याप्त ज्ञान हुनुपर्छ । आज भारतीय नेपाली भाषीले यो सुविधा पाएको छ ।

६. लोकसभा, राज्यसभा, विधानसभा, जिल्ला परिषद् वा त्यस्ता सरकारी कार्यमा नियुक्त हुने सदस्यले नेपाली भाषामा सपथ लिने गरेका छन् ।
७. केन्द्रीय भारतीय भाषासंस्थान, मैसूरले नेपाली भाषा सम्बन्धमा धेरै प्राज्ञिक कार्य सम्पन्न गरिसेकेको छ । यी मध्ये केही प्रमुख कार्यहरू यस प्रकार छन् :
   क. यसले दसवटा जति नेपाली भाषा विषयमा सङ्गोष्ठी र कार्यशाला सम्पन्न गरिसकेको छ । गत वर्ष सोनादाको सालेसियन कलेजमा नेपाली भाषा र भाषाविज्ञान विषयमाथि सङगोष्ठी सम्पन्न गऱ्यो ।
   ख. गोकुल सिन्हा र श्यामला कुमारीको सम्पादकत्वमा नेपाली भाषाइतरकालाई  नेपाली सिकाउने पुस्तक तयार भइसकेको छ ।
   ग. यसले नेपाली पुस्तक र साहित्यिक पत्रिका प्रकाशनका निम्ति आर्थिक अनुदान सहायता दिइआएको छ ।
   घ. हालमा सांस्कृतिक शब्दकोश र नेपाली ध्वनितत्त्व प्रकाशोन्मुख छन् ।
   ङ. यसले नेपाली लोकसाहित्य कार्यशाला पनि सम्पन्न गरेको छ ।
८. पूर्वीय क्षेत्रीय भाषा संस्थान, भुवनेश्वरले पनि नेपाली भाषामाथि कार्य गरिरहेको छ । हालमा नेपाली कथाको बङ्गला अनुवादको परियोजना सम्पन्न गरेको छ ।
९. नयाँ दिल्लीस्थित क्याविनेट सचिवालयमा नेपाली अनुवादकको नियुक्ति भएको छ ।
१०. संसद भवनमा पनि नेपाली दोभासेको पद रहेको छ तर उक्त पदपूर्ति चाहिँ भएको छैन ।
११. तिलक राईको नेतृत्वमा सूचना अनि संस्कृति विभाग, पश्चिम बङ्गाल सरकारले पनि भारतीय संविधानको नेपाली अनुवाद प्रकाशित गरेको छ । यद्यपि यस भन्दा अघि श्री कुवेरचन्द्र दाहालले पनि भारतीय संविधानको नेपाली अनुवाद गरिसकेका छन् जो निजी तवरमा प्रकाशित भएको पाइन्छ ।
१२. अमेरिकाको World Bible Translation Centre ले भारतका प्रमुख भाषाहरूमा आफ्नो Easy to Read Version बाइबल योजनाअन्तर्गत अनुवाद कार्य गरेको छ जो नेपाली भाषामा पनि भएको छ र यसका संयोजक र अनुवादक गोकुल सिन्हा हुन् ।
१३. भारतीय भाषासंस्थान मैसूरले नेपाली भाषाका शब्दलाई कम्प्युटरको शब्दकोश पनि तयार गर्दै छ । यी यस्ता उल्लेख हुन नसेकेका या कतिपय बाँकी रहेका कुराको यस किसिमले भारतमा नेपाली पठनपाठन कार्यक्रममार्फत नेपाली भाषा साहित्यको समुत्थानमा सुयोग योगदान प्राप्त भएको हुन्छ ।

अझ हुनबाँकी रहेकाकार्यहरूलाई सुझावात्मक रूपमा यहाँ दिइएको छः-

१. अमेरिकाका विस्कन्सिन विश्वविद्यालय र अर्को एउटा विश्वविद्यालय, लन्डन स्कूल अफ् ओरिएन्टल स्टडीजमा एक विषय नेपालीमा डिप्लोमा गर्न पाइन्छ भने भारत देशको जवाहर नेहरू विश्वविद्यालय, कलकत्ता विश्वविद्यालय र विश्वभारती विश्वविद्यालयमा नेपाली पठनपाठनको व्यवस्था हुनुपर्छ ।
२. काशी हिन्दू विश्वविद्यालयमा नेपालीमा बी. ए., एम्. ए. र शोध-अनुसन्धान तहसम्म अध्ययन-अध्यापन हुन्छ तर त्यहाँ पूर्णाङ्गी नेपाली विभाग चाहिँ छैन र त्यहाँ नेपाली विभाग अलग बनाइने पहल गरिनु पर्ने देखिन्छ ।
३. प्रधानमन्त्री कार्यालय, राष्ट्रपति भवन कार्यालयतिर नेपाली अनुवादकको व्यवस्था हुनुपर्छ तर त्यसभन्दा अघि नेपाली नेपाली भाषी जनताले नेपाली भाषा नै बिन्तीपत्र वा अन्य लेखापढी गर्ने बानी बसाल्नुपर्छ ।
४. सम्पूर्ण सरकारी आदेश, ऐन, अध्यादेश नेपाली अनुवाद गर्ने व्यवस्था हुनुपर्छ ।
५. नेपालीभाषी बहुल भएको क्षेत्रमा सरकारी र गैरसरकारी विद्यालयमा मातृभाषाको रूपमा नेपाली विषय पढाउने व्यवस्था हुनुपर्छ ।
६. बागडोगरा कलेज, मालबजार कलेज, वीरपाडा कलेज, जयगाउँ कलेज, अलिपुरद्वार कलेज, सूर्यसेन कलेज, सिलगढीमा नेपाली अनर्स खोलिनुपर्छ ।
७. राष्ट्रिय पुस्तकालय, कोलकत्तामा छुट्टै नेपाली प्रभात खोलिनुपर्छ र त्यहाँ धेरै मात्रामा नेपाली पुस्तक हुनुपर्छ ।
८. दूरदर्शन केन्द्रबाट छुट्टै नेपाली च्यानल हुनुपर्छ ।

९. मसुरीस्थित लोकसेवा आयोगबाट नियुक्त अधिकारीलाई भाषा सिकाउने शिक्षकको नियुक्ति भएको छैन तर भट्टै त्यहाँ व्यवस्थापन गरि स्थायी भाषा शिक्षकको नियुक्ति हुनुपर्छ।

यसरी भारतीय संविधानको आठौँ अनुसूचीमा स्थान पाएपछि नेपाली भाषाले धेरै उपलब्धि हासिल गरेको छ। यद्यपि अझै धेरै कुरा हासिल गर्नु बाँकी नै छ। यसका लागि सर्वप्रथम नेपाली भाषीले हीनताबोध नगरी आफ्नो मातृभाषाको माया गर्न सके धेरै उपलब्धि हासिल हुने नै छ।

# चौथो परिच्छेद

# उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विभागको स्थापना र विकास

## ४.१ उत्तरबङ्ग विश्वविद्यालयको सूत्रपात

भारतमा नेपाली भाषासाहित्यको उत्थानका सन्दर्भमा केकस्ता कार्यहरूले भूमिका खेल्दै गए र ती कार्यहरूका माध्यमबाट नेपाली भाषासाहित्य केकसरी समृद्धि बन्दै गयो भन्ने विषयमा सर्वप्रथम त शिक्षा र शिक्षासम्बन्धी सङ्घसंस्थातिरै घोइरिनु पर्ने हुन्छ । साहित्यिक-सांस्कृतिक सङ्घसंस्थाले पनि भाषालाई समृद्ध तुल्याउँदै लगेको हुन्छ भन्ने कुरा यसभन्दा अगाडिका परिच्छेदहरूमा चर्चा गरिसकिएको छ । यसै सन्दर्भमा स्कुल र कलेजहरूको प्रसङ्ग पनि कोट्याइएको छ । सोही कुरालाई अग्रगति दिँदै जाँदा विश्वविद्यालयको खोजी गरिनु आवश्यक ठानिएकैले उत्तरबङ्ग विश्वविद्यालयलाई उठान गरिएको हो । विद्याको मन्दिरजस्तो पवित्र संस्थाको स्थापना दार्जिलिङमा हुनु त्यति सहज थिएन । तथापि पूर्ववर्णित अवस्था परिस्थिति जन्य पृष्ठभूमिबाट उत्तरबङ्ग विश्वविद्यालय जन्मन सफल भएको हो । नेपाली भाषा र साहित्यका निम्ति नेपालीहरूबाट जेजति क्रियाकलापहरू भए तीभन्दा पृथक् नेपालीइतर इसाई पादरीहरू र मिसनरीहरूबाट पनि नेपाली भाषा साहित्यका निम्ति महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । यसैगरी गङ्गाप्रसाद प्रधानहरूजस्ता नेपाली पादरीहरूबाट समेत **बाइबल**को नेपालीमा अनुवाद गरिएको पाइन्छ । **गोर्खे खबर कागज**को प्रकाशन, व्याकरणलेखन र प्रकाशनले आंशिक महत्त्वको भूमिका निर्वाह गरेको छ । पादरी गङ्गाप्रसाद प्रधानले **गोर्खे खबर कागज** लगायत अठ्ठाईसवटा कृतिहरू रचना गरे भन्ने पाइन्छ ।[१४२]

विश्वविद्यालयको स्थापनको सूत्रपातमा लहरी साहित्य एवम् सवाईहरूको लेखन, प्रचारप्रसार र प्रेसको स्थापना, नाटक लेखन तथा रङ्गमञ्चीय प्रदर्शन, नेपाली साहित्यिक पत्रपत्रिकाको प्रकाशन, साहित्यिक र सामाजिक सङ्घसंस्थाहरूको स्थापना एवम् सामाजिक र नाट्यसंस्थाहरूको स्थापनाले महत्त्वपूर्ण प्रारूप तयार पारिदिएका थिए भन्ने कुरा बुझिन्छ । यसैगरी ठाउँठाउँमा प्राथमिक र माध्यमिक पाठशालाहरूमा नेपाली विषयको पठनपाठन एवम् पुस्तकालयहरूको स्थापनाले पनि महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । कलकत्ता विश्वविद्यालयबाट नेपाली विद्यार्थीहरूले प्रवेशिका आइ. ए. र बि. ए. मा नेपाली एक विषय लिएर पढ्न पाउने अवसर प्राप्त हुँदै गयो । भारतमा बसोबास गर्ने नेपाली साहित्यकारहरूको साहित्यिक कृतिहरूको सिर्जना र प्रकाशन गर्ने क्रम पनि बढाए । यी कार्यले विश्वविद्यालयको स्थापना हुनामा महत्त्वपूर्ण पूर्वपीठिका निर्माण गरिदिए । यसै परिप्रेक्ष्यमा भाषिक आन्दोलन भए र जातीय गरिमाका सवालमा सङ्घर्षहरू चलि नै रहे । यी सबै घटनाहरूको पृष्ठभूमिमा उच्चतर शैक्षिक जमातको निर्माण गरी नेपाली भाषा साहित्यलाई दीर्घजीवी बनाउनु पर्छ भन्ने सोच विकसित भएर नै दार्जिलिङ्मा विश्वविद्यालयको स्थापना भएको देखिन्छ । शिक्षण संस्था स्थापनाका लागि धेरै अघिदेखि विभिन्न प्रयासहरू हुँदै आए । नेपाली भाषा साहित्य संस्कृति, समाज र जातिका निम्ति केही गरौं भन्ने पवित्र भावना मुखरित हुँदै जाँदा अन्य भाषाभाषी समुदायहरूले गरेका विकासका कार्यहरूप्रति लक्षित भई नेपाली हृदयहरूमा भाषाप्रेमप्रति जुर्मुराएका भावनाले सङ्गठित रूप लिन प्रयास गर्दै थियो तर सम्भव भएको थिएन । त्यसताका दार्जिलिङमा जागरूक नागरिक र बुद्धिजीवीहरू विस्तारै उठदै थिए । शिक्षाप्रेमी एवम् भाषा साहित्यका हिमायती पारसमणि प्रधानजस्ता समाजसेवी र साहित्यानुरागी व्यक्तिहरूले त्यहाँ केही हौसला थप्दै गए । त्यतिखेर पारसमणि प्रधानले हरि प्रिन्टिङ प्रेसको रेखदेख गर्दै **चन्द्रिका** मासिक पत्रिका सम्पादन गर्दै नाटक लेखी प्रकाशन गर्न थाले र ती नाटकहरूलाई मञ्चन गराउनु, अनुवाद साहित्य प्रकाशन गराउनु, पाठ्यपुस्तक एवम् नेपाली भाषा साहित्यका पुस्तक तयार पार्नु र भाषा साहित्यको प्रचारप्रसारमा नेपालीहरूलाई प्रेरणा दिनु, हौस्याउनु र लेख्न लगाउनुजस्ता कार्यले पारसमणिहरू कहिल्यै एक्लिएनन् । सूधपाको गठन एवम् नेसासको स्थापना गर्नाले पनि भाषा साहित्यप्रति थप उत्साह प्रेरणा मिल्दै गयो ।

हस्तलाल गिरी, हरिसिंह थापाहरूले गोर्खा समिति स्थापना गरी सामाजिक र सांस्कृतिक क्रान्तिहरू भित्र्याए । हरिप्रसाद प्रधान, पद्मप्रसाद प्रधान, शेषमणि प्रधान आदिले उच्च शिक्षा हासिल गरी

---

[१४२] जय धमला, '**गङ्गाप्रसादका सम्झनलायक कार्यहरू**' '**सङ्गति**' (वर्ष २३, अङ्क ७-८, जुलाई १९७५), पृ. ५ ।

बौद्धिक नेतृत्व लिए पनि दार्जिलिङमा विद्याको अनुपम उच्च तीर्थस्थल विश्वविद्यालय स्थापना गर्ने निश्चित दिशाबोध भने दिन सकेनन् ।

दार्जिलिङमा **छप्पन सालको पहिरोको सवाई**, महर्षि कणादको **वैशेषिक दर्शन**को अनुवाद र चार वटा बालशिक्षाका सर्जक आर्य समाजी दिलुसिंह राई र सन्त कवि ज्ञानदिल दासजस्ता सुधारक र धार्मिक विचारका परिपोषकहरू पनि थिए तथापि नेपाली भाषा र साहित्यका क्षेत्रमा ठोस कार्य गर्ने एवम् उच्चतर शिक्षा दिलाउने संस्थाको स्थापना गर्ने सफल प्रयत्न गर्न नसकेको पाइन्छ ।

यी साहित्यानुरागी समाजसेवी र भाषा जातिप्रेमी दार्जिलिङे व्यक्तिहरूका साथमा पारसमणि प्रधानलगायत अगमसिंह गिरी, धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली, धनप्रकाश शाह, दलबहादुर गिरी, हर्कजित देवान, के. डि. प्रधान, धनसिंह क्षेत्री, कालुसिंह पिटस, मोतीचन्द्र प्रधानजस्ता व्यक्तित्वहरूको सत्प्रयासको नतिजास्वरूप समाज सुधारका विभिन्न प्रकारका कार्य हुन थाले । ती जातीय उत्थानका कार्यहरूले माटो मलिलो त भयो तर सार्थक रूप दिएर उच्च शैक्षिक संस्था जन्मिन सकेन । त्यसका लागि केही पृष्ठभूमिको संरचना तयार भयो । धरणीधर शर्मा कोइराला सन् १९१८ नोभेम्बरमा हरि प्रिन्टिङ प्रेस कर्साङमा पुगेपछि १९१९ मार्चदेखि दार्जिलिङ सरकारी स्कुलमा नेपाली भाषा शिक्षकको रूपमा नियुक्ति पाए र पढाउन थाले । त्यसपछि सूर्यविक्रम ज्ञवाली पनि दार्जिलिङ पुगे । १० जुलाई १९२३ मा पारसमणि प्रधान एस्. यु. एम्. आइ. कालेम्पोङ सरकारी स्कुलमा नेपाली भाषा शिक्षक बनेर पुगिसकेका थिए । त्यसको केही समयपछि पारसमणि प्रधान दार्जिलिङमा शिक्षा उपरिक्षक पनि बने । यी महत्त्वपूर्ण घटनाले कलकत्ता विश्वविद्यालयमा नेपाली भाषा पढ्न पाउने अवस्था भइ सकेको थियो । त्यस्तै अर्को खुड्किलो स्वभाषा र स्वजातिको प्रस्फुटन हुन लागेको बेलामा यी सूधपा तीन हस्तीहरूको देन ठूलो रह्यो । सन् १९२४ मा नेपाली साहित्य सम्मेलनको स्थापना हुन पनि सक्यो ।

सन् १८६९ पछि कालेम्पोङ र दार्जिलिङमा प्राथमिक पाठशाला पादरी म्याक्फार्लेनको नेतृत्वमा सुरुबाटै शिक्षाको माध्यम अङ्ग्रेजी र हिन्दी रहँदै सन् १९१८ सम्म आयो । १९२० को दशकमा नेपाली भाषा शिक्षाका निम्ति अनेक असुविधा सहँदै पाठ्यपुस्तक तयार भए तैपनि हिन्दी विषयलाई हटाएर नेपाली भाषागत पुस्तकको माध्यम बनाउन नसकेको स्थिति बुझिन्छ । पारसमणि प्रधानले समेत हिन्दी भाषामै प्रवेशिका पास गरेको पाइन्छ । प्रधानसँग  मिसनरीहरूको अधीनमा दार्जिलिङका त्यतिखेरका बत्तीस वटा पाठशालाको निरीक्षण गर्न जाँदासमेत नेपाली विद्यार्थीहरूले उनीहरूसँगको भेटघाटमा हिन्दी नै बोल्नु पर्ने बाध्यात्मक स्थिति थियो । यिनै बाध्यात्मक स्थितिबाट उम्कन बर्सौको अनवरत प्रयासले कलकत्ता विश्वविद्यालयले नेपाली विषयलाई स्वीकार गऱ्यो । त्यहाँका नेपालीहरूले ठूलो विजयोत्सव गरे । भाषिक आन्दोलन गर्ने इतिहासको बीजाङ्कुरण त्यहीँबाट भयो । नेपाली भाषा साहित्यको शिक्षा पाउने लालचामा वृद्धि हुँदै गयो । दार्जिलिङका मानिसमा यी विषयप्रति जोश, जाँगर र उमङ्ग सञ्चारित हुँदै आए । फलस्वरूप प्राथमिक पाठशालादेखि उच्चतर कलेजहरूमा नेपाली भाषा साहित्यको पठनपाठन हुन सकेको देखिन्छ ।

प्राथमिक पाठशालाहरूमा नेपाली भाषाले शिक्षाका माध्यमका रूपमा मान्यता पाएको सात वर्षपछि सन् १९३९ देखि नै प्रवेशिका परीक्षासम्म नै शिक्षणको माध्यम नेपाली भाषा होस् भन्ने मागहरू उठ्न थालेका थिए । यी मागका विषयमा अग्रणी भएर काम गर्ने व्यक्तित्वहरूमा सूधपा, मोतीचन्द्र प्रधान, डम्बरसिंह गुरुङ, धनवीर मुखिया, हरिप्रसाद प्रधानहरू थिए ।[१४३] यसरी एक दशकको अथक परिश्रम र मागका आवाजले भारत स्वतन्त्र भएको दुई वर्ष पछि २ जुलाई १९४९ का दिन शिक्षा विभागको विज्ञप्ति प्रकाशित भयो । त्यसमा पहिलेदेखि नै नेपाली भाषाको प्रयोग हुँदै आएको दार्जिलिङ जिल्लामा प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूमा शिक्षणको माध्यम नेपाली बनाउने तर हिन्दी तथा बङ्गाली भाषाभाषीहरूको सङ्ख्या उल्लेख्य मात्रामा भए उनीहरूका लागि शिक्षण माध्यम फरक हुन सक्ने सहमति कायम भयो भन्ने कुरा सूचना पत्रमा उल्लेख गरिएको छ । (परिशिष्ट)

यसै गरी सन् १९५० तिरबाटै दार्जिलिङमा विश्वविद्यालय स्थापनाका लागि अभियान जुटाउन नेसास, दार्जिलिङ स्टुडेन्ट एसोसिएसन र अन्य सङघसंस्था पार्टी एवम् व्यक्तिहरूबाट पनि प्रयत्न हुँदै थियो । यसै क्रममा **शिक्षा प्रचार समिति**को तत्त्वावधानमा दार्जिलिङमा नेपाली पढ्न पाउनु पर्छ भन्ने

[१४३] रामलाल अधिकारी, **पूर्ववत्**, पृ. २७-४२ ।

कुरामा जोड दिन थालियो । फलस्वरूप सन् १९५४-५५मा शिक्षणको माध्यम नेपाली भाषा बनेर माध्यमिक शिक्षाले गति लिन थाल्यो ।[१४४]

सन् १९६० पछि भाषिक आन्दोलनको तीव्ररूप देखा पर्न थाल्यो । बङ्गाल सरकारले बङ्गाली भाषा मात्र मान्नु पर्छ भन्ने नीति अघि सारेकाले त्यसको सर्वत्र विरोध हुन थाल्यो । इन्द्रबहादुर राईज्यूको नेतृत्वमा सो विधेयकको विरुद्धमा विद्रोह बढ्दै गयो । सन् १९६१ मा जवहारलाल नेहरू प्रधानमन्त्री भएपछि दार्जिलिङ, कर्साङ र कालेम्पोङमा नेपाली भाषालाई मान्यता दिइयो । सरकारी कामकाजको भाषाको रूपमा नेपाली भाषा अगाडि आयो ।[१४५] त्यसपछि मात्र दार्जिलिङमा विश्वविद्यालय हुनुपर्छ भन्ने मागले सफलता पायो । सन् १९६१ डिसेम्बरमा आएर दार्जिलिङमा विश्वविद्यालय त जन्मियो तर मदेशमा ।[१४६] बहुसङ्ख्यक नेपालीहरू नभएको ठाउँमा सिलगढीमा विश्वविद्यालयको स्थापना हुँदा दार्जिलिङका नेपाली भाषीहरूमा खिन्नताको तुँवालो हटेन । आंशिक सान्त्वना मात्र मिल्यो । त्यसमा पनि स्नातकोत्तर नेपाली जन्मिन सकेन र विश्वविद्यालयको स्थापनाले पुराना पीडालाई मलम पट्टी लगाउन भ्याएन । दार्जिलिङेहरू किंकर्तव्य विमूढ बने तर पनि आफ्ना सतत प्रयासलाई जारी राखेर अघि बढ्न थालेको बोध हुन्छ ।

## ४.२ उत्तरबङ्ग विश्वविद्यालयको स्थापना

पश्चिम बङ्गाल राज्यको उत्तरी जिल्ला दार्जिलिङमा उच्च शिक्षा अध्ययन अध्यापन गर्ने कार्यको प्रयोजनका लागि विश्वविद्यालयको संस्थापना हुनुपर्छ भन्ने विकसित सोचका कारण एफिलेटेड विश्वविद्यालय स्थापना र व्यवस्थाका निम्ति १५ डिसेम्बर १९६१ मा कलकत्ता गजेटमा एउटा सूचना प्रकाशित भयो । पश्चिमबङ्गाल व्यवस्थापिकाबाट पारित गरिएको पश्चिमबङ्गाल अधिनियम (एक्ट) सन् १९९१ डिसेम्बरमानै प्रकाशित भएको पाइन्छ । यही अधिनियम अनुरूप सन् १९६१ मा नै उत्तरबङ्ग विश्वविद्यालयको स्थापना भएको हो । सुरुका दिनमा ६ वटा विभाग, सीमित भवन थोरै शिक्षक अर्थात् प्राध्यापक एवम् अशिक्षक कर्मचारी वर्गको न्यूनतम उपस्थितिगत सेबाबाट विश्वविद्यालयको शुभारम्भ भएको हो । थोरै सानो भए पनि राम्रो काम महत्त्वपूर्णको हुन्छ । आँखाको नानीभैँ सानो चीजको महत्ता कत्ति ठूलो मानिन्छ । दार्जिलिङमा (उत्तर बङ्गालमा) विश्वविद्यालय स्थापना हुनु आवश्यक थियो र सोही अनुरूप उपस्थापित पनि भयो ।

उत्तरबङ्ग विश्वविद्यालय स्थापना हुनु पूर्वबाट नै नेपाली विषयको पठनपाठन हुँदै आएका सन्दर्भमा नेपाली भाषा र साहित्यगत इतिहासलाई पल्टाउँदा भारतमा नेपाली भाषालाई म्याट्रिक तहको परीक्षाका निम्ति स्वीकृति दिँदै सन् १९०९ को मई महिनामा कलकत्ता विश्वविद्यालयद्वारा अधिसूचना जारी गरिएको पाइन्छ । फलस्वरूप सन् १९११ बाट नेपाली भाषालाई एउटा स्थानीय भाषाका रूपमा इलाहावाद विश्वविद्यालयले पहिलोपल्ट नेपाली भाषा पढाउन आरम्भ गरेको पाइन्छ । यसैगरी यो शुभारम्भ भएको एकवर्ष पछि अर्थात् सन् १९१२ देखि नै नेपाली भाषालाई पनि अन्य भाषा सरह मातृभाषाका रूपमा पढ्न पाइयोस् भनी विभिन्न विद्वान् एवम् सङ्घसंस्थाहरूले बङ्गाल सरकार र कलकत्ता विश्वविद्यालयसित लेखापढी गर्न थालेको पाइन्छ । यसरी लेखापढी गर्ने व्यक्तिहरूमध्ये सूर्यविक्रम ज्ञवालीको नाम उल्लेखनीय छ ।[१४७] यस्तै अर्को पृथक् प्रसङ्गमा दार्जिलिङका सरकारी हाइस्कुलका नेपाली भाषी कतिपय विद्यार्थीहरूले सन् १९१६ मा स्कुल परिप्रदर्शनका निमित्त दार्जिलिङ आएका कलकत्ता विश्वविद्यालयका तत्कालीन उपकुलपतिलाई नेपाली भाषामा पढ्न पाउने एउटा यस्तो सुयोग मिलाइयोस् भनी विन्तिपत्र पेस गरिएको पाइन्छ ।[१४८] यस प्रसङ्गलाई दोस्रो परिच्छेदमा चर्चा गरिए पनि यहाँ प्रसङगवश केही मात्रामा उठान गरिएको छ । यसरी नेपाली भाषासाहित्य सेवी विद्वद्जन एवम् भाषा जाति र साहित्यप्रेमी अन्यान्य व्यक्ति समुदाय तथा सामाजिक सङघसंस्थाहरूले समेत नेपाली विषयको पठनपाठन हुन पाउन पर्दछ भनी आवाज उठाएको पाइन्छ । अतः साहित्य प्रेमी विभिन्न महानुभाव, विद्यार्थीजमात र विभिन्न सङघसंस्थाले गरेका अथक प्रयासका क्रियाकलापस्वरूप सन् २४

---

[१४४] कुमार प्रधान औपचारिक अन्तवार्ता, प्रधाननगर सिलगढी : मिति २०६३-१२-१२ गते सोमवार बिहान ७:४७ बजे ।

[१४५] **ऐजन** ।

[१४६] **ऐजन** ( प्रधान उत्तरबङ्ग विश्वविद्यालय स्थापनाहुँदा कलकत्ता विश्वविद्यालयमा इतिहास स्नातकोत्तरका नियमित विद्यार्थीहरू ।

[१४७] रामलाल अधिकारी, '**पश्चिमबङ्गाल र सक्किममा सङघसंस्थाहरूमा नेपाली भाषा शिक्षण र शिक्षण माध्यमका रूपमा यसको प्रयोग**', '**नेपाली अकादमी जर्नल**' (वर्ष -१, अङ्क २, भीमकान्त उपाध्याय, पृ. २७-४० ।

[१४८] पारसमणि प्रधान, **टिपनटापन** (कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन, सन् १९६९), पृ. १२० ।

जुलाई १९१८ को शुभ दिनमा कलकत्ताबाट सरकारी विज्ञप्तिद्वारा नेपाली भाषा प्रवेशिका, आइ. ए. र बि. ए. तहमा मातृभाषाका रूपमा पढ्न पाइने घोषणा भयो । म्याट्रिक परीक्षाका निम्ति पाठ्यपुस्तकका रूपमा कलकत्ता विश्वविद्यालयले निम्न लिखित पुस्तकहरू स्वीकृत गरेको थियो ।

१) **गोर्खा व्याकरण बोध विश्वविद्यालय** मणि आ. दी. गोर्खा भाषा प्रचार मण्डली, मुम्बई ।
२) **शाकुन्तलो पाख्यान** हरिहर आ. दी. गोर्खाभाषा प्रचार मण्डली मुम्बई ।
३) **विदुला पुत्र संवाद**, गोर्खा भाषा प्रचारक मण्डली, मुम्बई ।
४) **मेरिना चित्र** प्रभाकर कम्पनी ।
५) **सङ्क्षिप्त रामायण** राममणि आ. दी. ।
६) **भारतवर्षको इतिहास** (नेपाली भाषामा) लेखक ।
आर. सी मजुमदार । अनुवादक विज्ञान विलास ।

उपर्युक्त पुस्तकहरूलाई सर्वप्रथम दार्जिलिङको कालिम्पोङ, हाई स्कुलमा सन् १९१९ बाट पारसमणि प्रधानले पढाउन थाले भने सन् १९२१ देखि मात्र दार्जिलिङ सरकारी हाईस्कुलमा बङ्गाली र हिन्दी कै बोलबाला कर्मचारी तन्त्र भएकाले ढिलासुस्ती पूर्वक नियुक्ति भएका धरणीधर शर्मा कोइरालाले नेपाली भर्नाकुलर पढाउन थालेको पाइन्छ ।[१४९]

सन् १९१८ देखि नेपाली भाषा मातृभाषाका रूपमा पढ्न पाउने सरकारले प्रदान गरेको उक्त सुविधा अकस्मात् सन् १९६० को अगस्त महिनाबाट नेपाली र तिब्बती तीन वर्से डिग्री कोर्सका लागि विश्वविद्यालयबाट अनुमोदन नभएको हुँदा महाविद्यालयहरूमा पढ्न पढाउन पाइदैन भन्ने कलकत्ता विश्वविद्यालयको रजिष्ट्रारको अधिसूचनाले बन्द गरिएको पाइन्छ ।[१५०] नेपाली भाषालाई तीनबर्से स्नातकोत्तर तहको शिक्षाको पाठ्यक्रमका लागि औपचारिक भाषाका रूपमा कलकत्ता विश्वविद्यालयको अधिकारीहरूले पहिले नै उल्लेख गरिएको छ । तर केही समयपछि पुनः नेपाली भाषीहरूको आवाज गुञ्जिन थालेपछि कलकत्ता विश्वविद्यालयले आफ्नो सो निर्णयलाई फिर्ता लिएको पाइन्छ ।[१५१] यसका निमित्त नेसास दार्जिलिङ, जिल्ला भाषा मान्यता कमिटि दार्जिलिङ तथा हिमाञ्चल छात्र सङ्घ कलकत्ताको भूमिका महत्वपूर्ण देखिन्छ ।[१५२] यिनै सङ्घर्षका सत्प्रयासमा भारतको शिक्षा क्षेत्रमा नेपाली भाषासम्बन्धी भएका विविध उपलब्धिलाई सरसर्ती केलाउँदै जाँदा सन् १९३५ मा पटना विश्वविद्यालयमा नेपाली भाषालाई म्याट्रिक तहदेखि बि. ए. सम्म एक विषय परीक्षाका निम्ति लागू गरिनु पर्छ भनेर सङ्घर्ष गर्ने अम्बिकाप्रसाद अधिकारी उपाध्याय र रुद्रराज पाण्डेका सफल प्रयासले गर्दा स्वीकृति प्राप्त भएको जानकारी पाइन्छ ।[१५३] यसले भारतमा नेपाली भाषा शिक्षणका क्षेत्रमा पनि एउटा महत्त्वपूर्ण खुड्किलो सावित कायम गरेको पाइन्छ । यसैगरी नेपाली भाषा साहित्यको विकासका निम्ति काशी हिन्दू विश्वविद्यालयको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ । यस विश्वविद्यालयले म्याट्रिक र आइ. ए. परीक्षाका निम्ति सन् १९३० तिर नै एक विषय नेपाली भाषा साहित्यको अध्ययन गर्न पाइने सरकारी विज्ञप्ति प्रकाशित गरिए तापनि सन् १९४२ देखिमात्र आएर कक्षाको पठनपाठन थालिएको पाइन्छ । त्यस्तै बि. ए. परीक्षाका लागि सन् १९३८ मा नै स्वीकृति दिए पनि सन् १९७२ देखि मात्र पठनपाठन आरम्भ गरिएको पाइन्छ ।[१५४]

यस किसिमबाट भारतमा नेपाली भाषा शिक्षण परम्पराको बीजाङ्कुरण हुँदै बढ्दै र फैलिँदै अगाडि बढेको परिप्रेक्ष्यमा दार्जिलिङमा नर्थ बङ्गाल युनिभर्सिटीको स्थापना सन् १९६१ मा हुनाले एउटा ठूलै छलाङ मारेको देखिन्छ ।

स्नातकोत्तर नेपाली विभाग स्थापना पूर्वका समयावधिमा एन्. बि. यू. (उ.ब.वि.) ले नेपाली भाषा साहित्यका विकासका निम्ति थुप्रै कामहरू गरेको पाइन्छ । उत्तरबङ्ग विश्वविद्यालय स्थापित भएपछि यसअन्तर्गत नेपाली भाषाले कलेज स्तरका शिक्षामा मातृभाषाका रूपमा आरम्भदेखि नै स्थान

---

[१४९] रामलाल अधिकारी, **पूर्ववत्**, पृ २७-४० ।

[१५०] इन्द्रबहादुर राई, **टिपेका टिप्पणीहरू**, (दो. सं.) दार्जिलिङ : नेपाली साहित्य संचयिका, सन् १९७६ । पृ. १३७ ।

[१५१] पूर्णप्रकाश यात्री, काठमाडौं : एकताबुक्स डिस्ट्रीब्युटर्स प्रा. लि. थापाथली वि. सं. २०५३ । पृ. ३०६ ।

[१५२] इन्द्रबहादुर राई, **पूर्ववत्**, पृ. १३९ ।

[१५३] पारसमणि प्रधान, **पूर्ववत्**, पृ. १५० ।

[१५४] जस योञ्जन प्यासी, **पूर्ववत्**, पृ. १६५ ।

प्राप्त गरिरहेको छ । यसै विश्वविद्यालयअन्तर्गत समयको निरन्तर प्रक्रियासँगै नेपाली भाषा र साहित्यमा ऐच्छिक विषय (इलेक्टिभ सब्जेक्ट) र सन् १९६९ देखि बि. ए. सम्मान (अनर्स) को मान्यता प्राप्त भएको देखिन्छ ।[१५५] नेपाली भाषा साहित्यका लागि विश्वविद्यालयले गरेका सबभन्दा महत्त्वपूर्ण कार्य चाहिँ यस विश्वविद्यालय अन्तर्गतका महाविद्यालयहरूमा नेपालीको स्नातक कक्षामा ऐच्छिक एवम् सम्मानको पठनपाठन आरम्भ गराउनु हो ।

सन् १९६९ देखि नै अनर्सको अध्ययन अध्यापन प्रारम्भ भएको उल्लेख दियालोले समेत गरेको पाइन्छ । यसै गरी विभाग स्थापनापूर्व एकेडेमीको स्थापनाका निम्ति उ.ब.वि. ले अर्को महत्त्वपूर्ण कार्य गर्न सफल भयो । नेपाली भाषा साहित्यको समुत्थानका सन्दर्भमा १४ सेप्टम्बर सन् १९७० को दिनदेखि नेपाली भाषा साहित्यको विकासका निम्ति गरिएका सत्प्रयासले गर्दा सन् १९७२ मा लेडेनला रोड दार्जिलिङमा एन्. बि. यू. नेपाली अकादमीको स्थापना भएको देखिन्छ । उ.ब.वि. को यस कार्यलाई इतिहास सदैव सम्झनु पर्ने बनाउँदछ ।

यसका निम्ति विश्वविद्यालय कार्यकारिणी परिषद्को उपसमितिका सदस्यहरू श्री आनन्दमय भट्टाचार्य, प्रलयकुमार मजुमदार, अशोक रोय र देवेश रोयको भूमिका अविस्मरणीय रहन गएको छ ।

उ.ब.वि.मा स्नातकोत्तर नेपाली विभाग स्थापनापूर्व एकेडेमीद्वारा गरिएका र भाषा साहित्यको उत्थानका निम्ति एकेडेमीले गरेका कार्यहरू महत्त्वपूर्ण देखिन्छन् । यसले १२ मई १९७३ का दिन दार्जिलिङमा बृहत् कवि गोष्ठी सुसम्पन्न भयो । जनवरी १९७४ मा जर्नल नेपाली अकादमीको पहिलो अङ्क प्रकाशन गर्‍यो । सन् १९७६ मा अकादमी निबन्धावली समेत प्रकाशनमा ल्याइएको पाइन्छ । एकेडेमीले यी लगायतका थुप्रै सकारात्मक कामहरू गरेको छ । जसलाई निम्न रूपमा चर्चा गरिएको छ ।

## ४.३ नेपाली विभाग स्थापनापूर्वका प्राक्चेष्टाहरू

पृष्ठभूमिगत आधारबाट हेर्दा उत्तरबङ्ग विश्वविद्यालयमा स्नातकोत्तर नेपाली विभाग स्थापना पूर्वको प्राग्चेष्टाका रूपमा सन् १९७७ सम्मलाई लिइएको छ । यस अवधिमा शिक्षासम्बन्धी भए गरेका कामहरूलाई सङ्क्षेप रूपमा प्रस्तुत गर्न प्रयत्न गरिएको छ ।

भारतमा ब्रिटिस शासन व्यवस्थाको लामो अध्याय समाप्त भएर नवयुग प्रारम्भ भएको १४-१५ अगस्त १९४७ को मध्यरातपछि भारतीय नागरिक अधीनस्थ शासन व्यवस्थासँगसँगै सल्बलाएका जातीय अस्तित्वका टड्कारा पक्षहरूलाई भारतमा बसोबास गर्दै आएका नेपालीहरूले आफ्ना भाषिक एवम सांस्कृतिक पहिचानलाई उच्च बनाउन उच्चतर शिक्षाकै खाँचो हुन्छ भन्ने ठानी सो दिशातर्फ पाइला चालेको पाइन्छ ।

पश्चिम बङ्गाल सरकारका पहिलो राज्यपाल राजगोपालाचारीले दार्जिलिङको शैक्षिक गतिविधिलाई नजिकबाट नियाल्दै सन् १९४८ को मई महिनामा सन्त जोसेफ कलेजलगायतका अन्य स्कूल र कलेजहरूको परिभ्रमण गरेका थिए । त्यस समय पहाडका भारतीय नेपाली विद्यार्थीहरूलाई सन्त जोसेफ कलेजमा भर्ना पाउन कठीन पर्थ्यो । हुनेखानेले मात्र त्यहाँ पढ्न पाउँथे । झन् दार्जिलिङ्का नेपालीका छोरीहरूले त्यस कलेजका विद्यार्थी बन्ने अवसर पनि पाएका थिएनन् । केही पैसा हुनेहरूले आफ्ना सन्ततिलाई कलकत्तातिर पढ्न पठाउथे ।[१५६] त्यतिखेर एउटा उदाहरणीय काम गर्न तम्सेका उक्त कलेजका विद्यार्थीहरू बुद्धिबहादुर राई, होमबहादुर छेत्री, जयबहादुर गुरुङहरूले गोर्खा दुःख निवारक सम्मलेन भवनमा अभिभावक, शिक्षाप्रेमी महानुभावहरू र नेपाली विद्यार्थीहरूको भेला गराइ दार्जिलिङमा सरकारी कलेज स्थापना गरिनु पर्छ भन्ने निर्णय गरेर पर्शुराम रोकाको नेतृत्वमा स्मारक पत्र तयार पारी ३० मई १९४८ का दिन स्थानीय राजभवन दार्जिलिङमा तत्कालीन राज्यपाललाई ती विद्यार्थीहरूको समूहले भेट गर्‍यो । त्यहाँ सरकारी उच्च विद्यालयका प्रधानाध्यापक धरणीधर कोइरालाले ३५ जना विद्यार्थीहरूको समूह बनाएर पठाएका थिए । त्यस अवसरमा भूतपूर्व सैनिक सङ्गठन र अभिभावकहरूको पनि उपस्थिति थियो । उनीहरूले पूर्णाङ्ग स्नातक तहसम्मको कलेज हामीलाई दिनु पर्छ भन्ने माग पत्र पेस गरेको पाइन्छ

[१५५] भीमकान्त उपाध्याय, **सरसर्ती पढ्दा**, (गोहाटी : नयाँ घुम्ती प्रकाशन, सन् १९८३) पृ. २ ।

[१५६] जीवन लावर, '**दार्जिलिङसरकारी महाविद्यालय स्थापना सम्बन्धी केही तथ्य**', '**अर्द्ध शताब्दी**' १९४८-९८, (दार्जिलिङ : युवा साहित्यिक मञ्च, सन् २००१, फरवरी, पृ. १-११ ।

झण्डै एक शताब्दीसम्म ब्रिटिस भारतले पहाडवासीलाई उच्चतर शिक्षा प्रदान गर्न कुनै उत्साह देखाएको पाइँदैन थियो ।[१५७] दार्जिलिङ्का पहाडी भेगमा राजनीतिक चेतना पलाउन थालेपछि एउटा पूर्णाङ्ग स्नातकस्तरसम्मको कलेजको माग हुन थालेको थियो । त्यसबेला यहाँ सक्रिय राजनीतिक दलहरूका सालेनी पारित हुने प्रस्तावहरूमा पढ्न पाइन्थ्यो । भूतपूर्व सैनिक सङ्गठन, छात्र सङ्गठन र अन्य अन्यले समेत भारतको स्वाधीनतासँगै ती भाका टिपेर सोहीअनुरूप आवाज उठाउँदै आएकाले त्यस ताकाका केही सचेत अनि उत्साही तरुण, बुज्रुकवर्ग साहित्यिक व्यक्तित्वहरूसमेत सङ्गठित भई ब्रिटिस भारतको वार्षिकी हुन नपाउँदै शिक्षाको लागि उदाहरणीय काम गरेको पाइन्छ । पश्चिम बङ्गालका तत्कालीन राज्यपाल राजगोपालाचारीले स्नातक कक्षाको आवश्यकता महसुस गरिएको आश्वासन दिएको केही महिनापछि ५ अगस्त १९४८ मा दार्जिलिङ्मा सरकारी स्कुलको स्थापना भयो । सन् १९०४ मा युरोपियन विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने ध्येयले स्थापित गरिएको St. Michael's Diocesan Girl's School कै भवनमा दार्जिलिङ् सरकारी महाविद्यालय (स्कुल) को शिलान्यास भएको हो ।[१५८] यसरी दार्जिलिङ्मा शिक्षाको क्षेत्रमा एउटा उदाहरणीय उपलब्धि हासिल भयो । यस महाविद्यालयमा नियमित पठनपाठनभन्दा इतर रूपमा भएगरेका विशेष कार्यहरूलाई उतार्ने जमर्को गरिएको छ । यसको बढोत्तर गतिलाई नै स्नातकोत्तर नेपाली विभाग स्थापना हुन प्रारूप तयार गरिदिने माध्यम मानिएको छ ।

दार्जिलिङ सरकारी महाविद्यालयको प्रारम्भमा दस जना विद्यार्थीहरू मात्र थिए । संस्थापक प्राचार्य एस्. के. मजुमदारले त्यसताका पहाडमा म्याट्रिक पास गरेर घर बसेकाहरूलाई खोजीखोजी ल्याएर भर्ना गराउथे ।[१५९] यो महाविद्यालय पूर्णतः पहाडी विद्यार्थीहरूका निम्ति स्थापना भएको हो भन्ने कुरा कलकत्ता विश्वविद्यालयको प्रोस्पेटक्समा उल्लेख गरिएको छ ।[१६०] स्थानीय जनताको मागले नै पहाडका शैक्षिक पछौटे वर्गका निम्ति उच्च शिक्षा प्रदान गर्न यो महाविद्यालय स्थापना भएको हो । यस पछि सन् १९५२ मा यस महाविद्यालयले भानु जयन्ती मनाउँदा प्रमुख अतिथि बनेर आएका बङ्गालका तत्कालीन राज्यपाल कैलाशनाथ काटजूले आदिकाव्य रामायण र भानुभक्तीय रामायणमाथि केही प्रकाश पारेका थिए । उनले दार्जिलिङ गभर्मेन्ट कलेजबाट शिक्षा आर्जन गरी जानेले आउँदो पिडीलाई समेत आदर्श मार्ग हुने केही काम गर्नेछन् भन्ने कुरा व्यक्त गरेका थिए ।[१६१] त्यतिखेर अध्ययनका क्रममा जुन कुनै विषयको अनुशिक्षण कक्षा हुने गर्थ्यो यसले गर्दा शिक्षक विद्यार्थीमा आत्मीय भावको अभिवृद्धि गरेका पाइन्छ । सन् १९५४ मा जन गल्सवर्दीको अङ्ग्रेजी नाटक **द जस्टिस** सोही कलेजमा मञ्चित भएको थियो । त्यस नाटकमा प्राध्यापक र विद्यार्थीहरूले साझा अभिनय गरेका थिए । महाविद्यालयमा नेपाली विभागका पहिलो प्राध्यापकका रूपमा ईश्वर बराल त्यसपछि तुलसीबहादुर छेत्री थिए । बरालमा दार्जिलिङमा छँदा नै लेखेका **हिमालचुली** र **झ्यालबाट** नेपाली कथा र कविता साहित्यको प्रारम्भिक सङ्ग्रहगत गहन कृति हुन् । गभर्मेन्ट हाईस्कुलमा कार्यरत सूर्यविक्रम ज्ञवालीले पनि महाविद्यालयका प्रांरम्भिक दिनहरूमा कक्षा चलाई सहयोग गरेका थिए । कलेजको रङ्गमञ्चमा सन् १९५४ को नोभेम्बर महिनामा नेपाली साहित्यका त्रिरत्न मध्येका एक बालकृष्ण सम, पत्नी मन्दाकिनी सम, कलाकार छोरा जनार्दन समलगायत अन्य कलाकारहरू दार्जिलिङ पुगेर सेक्सपियरको **जुलियस सिजर** नाटकको मार्क एन्टानीको लामो भावपूर्ण संवाद मौलिक अङ्ग्रेजीमा र मुकुन्द इन्दिराको इतिहास प्रसिद्ध मुकुन्दको संवादमा अभिनय प्रस्तुत गरेका थिए ।[१६२] स्नातक परीक्षाको फाइनलमा अन्तर्वार्ता अनिवार्य गरिएको थियो । पछि सो व्यवस्था पनि हटाइएको पाइन्छ ।[१६३] यस्तै सन् १९५३ मा महाविद्यालयद्वारा तत्कालीन राज्यपाल एस्. सी. को मुख्य उपस्थितिमा प्राचार्य डी. के. घोषको सभापतित्वमा सगरमाथा विजयारोहण

---

[१५७] कुमार प्रधान, **'दार्जिलिङ सरकारी महाविद्यालय'**, **'अर्द्ध शताब्दी'** १९४८-९८, (दार्जिलिङ : युवा साहित्यिक मञ्च, सन् २००१, फरवरी, पृ. २० ।

[१५८] जीवन लावर, **पूर्ववत**, पृ. १-११ ।

[१५९] Darjeeling government college owes its origin to insistent local demand for an institution imparting higher education to meet the needs of the education ally backward hill tribes although primarily meant. (युनिभर्सिटी अफ कलकत्ता, द क्यालेन्डर १५-३६) पार्ट १, पेज ८७६, नं. ५९, दार्जिलिङ गभर्मेन्ट कलेज, नर्थ बङ्गाल १९५० ।

[१६०] लक्खीदेवी सुन्दास, **'महाविद्यालय आगतदेखि अनागतसम्म'**, **अर्द्ध शताब्दी** १९४८-९८, (दार्जिलिङ : युवा साहित्यिक मञ्च, सन् २००१, फरवरी, पृ. १३-१९ ।

[१६१] **ऐजन** ।

[१६२] **ऐजन** ।

[१६३] विमल छेत्री, (सम्पा.) **'दार्जिलिङ सरकारी महाविद्यालय'**, **अर्द्ध शताब्दी** १९४८-९८, (दार्जिलिङ : युवा साहित्यिक मञ्च, सन् २००१, फरवरी, पृ.१३-१९ ।

गर्ने तेन्जिङ नोर्गे शेर्पालाई अभिनन्दन गरिएको इतिहास पाइन्छ ।[१६४] सन् १९५२ को स्वतन्त्र भारतको प्रथम आम निर्वाचन जस्तै गणतान्त्रिक प्रक्रियाद्वारा महाविद्यालयका विद्यार्थी, सङ्गठन निर्माण हुन्छ । त्यसको नेतृत्व जगमोहन प्रधानले सम्हाल्छन् । त्यतिखेर दार्जिलिङमा विद्यार्थीहरूको अधिकार र कर्तव्यका लागि त्रिकोणीय (गोर्खालीग, कम्युनिष्ट र कङ्ग्रेस) राजनीति परिवेशबाट विद्यार्थीहरूको सहभागिता र प्रभाव बढेको देखिन्छ । सन् १९६९ मा बनेको स्वतन्त्र विद्यार्थी सङ्गठन (युनियन) (गणतान्त्रिक छात्र सङ्घ भारत S.F.I.) छात्र परिषद् र संयुक्त विद्यार्थी सङ्घहरूले अखिल भारतीय भाषा समितिलाई जातीय आन्दोलन गर्न बल दिएका थिए । यी कुराले नेपाली भाषालाई महत्त्व दिँदै साहित्य सिर्जनागर्ने कार्यमा लाग्नु र आफ्नो सांस्कृतिक धरातललाई अक्षुण्ण राख्नु दार्जिलिङ बासीहरूको आफ्नै प्रकारको पन कायम हुँदै थियो भन्ने बुझिन्छ ।

सन् १९६० को दशकमा जीव विज्ञानमा सबैभन्दा पुराना स्नातकोत्तर पठनपाठन हुने संस्थाहरूमध्ये यो महाविद्यालय एक थियो । यो बेलासम्म उत्तरबङ्गालमा यो सुविधा दार्जिलिङमा मात्र थियो । त्यसैले यसलाई तराईमा सार्न सन् १९६२ मा स्थापना भएको उ.ब.वि. ले ठूलो षडयन्त्र गऱ्यो । आम दार्जिलिङ बासीहरूको एउटै आवाजले जीव विज्ञानलाई सार्न सकेन । उतै कोर्स सुरु गर्ने काम भयो ।[१६५] सन् १९६९ बाट यस महाविद्यालयले **हिमाल** पत्रिकाको नेपाली भाषा साहित्यलाई टेवा दिने कार्यका लागि भित्ते पत्रिकाका रूपमा सुरु गऱ्यो । यसका संरक्षकमा तुलसीबहादुर छेत्री र कुमार प्रधान थिए । पछि यो १९८९ सम्म निरन्तर रूपमा निस्कियो । त्यस्तै ५ अगस्त १९५२ देखि महाविद्यालयको प्राज्ञिक, शैक्षिक, सांस्कृतिक, साहित्यिक एवम् प्रशासनिक विषयवस्तुहरूको संयुक्त प्रस्तुति पाइन्स एन्ड केमिलियाज वार्षिक मुखपत्र निरन्तर रूपमा प्रकाशित हुँदै आएको छ । सन् १९५४ देखि लगातार हिन्दीमा कविता लेख्ने तुलसीबहादुर छेत्री 'अपतन' को प्रथम नेपाली कविता 'कविता को कस्को ?' सन् १९६१ मा प्रकाशित भएको देखिन्छ । त्यस्तै गुमानसिंह चामलिङको **नेपाली साहित्य और महाकवि देवकोटा** हिन्दी भाषामा यसै केमिलियाजमा सन् १९६३ मा प्रकाशित भएको पाइन्छ । यस लेखले समेत नेपाली साहित्यप्रतिको मोह हिन्दी भाषाकै माध्यममा भए पनि व्यक्त गरेर नेपाली इतर भाषीहरूलाई बुझ्न लायक बनाउनु पनि महत्त्वपूर्ण काम नै हो । यिनै 'अपतन'को एक किसिमको प्रयासले उनी उ.ब.वि. मा नेपाली विभागको प्राध्यापक भएर अगाडि बढेका छन् । यस महाविद्यालयले उत्पादन गरेका समाजका प्रतिष्ठित व्यक्तित्वहरूमा नरबहादुर भण्डारी, सुभाष घिसिङ, भीम दाहाल चक्र बास्तोला (पूर्व परराष्ट मन्त्री, नेपाल) दावा छिरिङ भोटिया, (विदेशमन्त्री, भूटान) जस्ता नेताहरू, तिलविक्रम नेम्बाङ, जनकलाल शर्मा, जस योञ्जन 'प्यासी', जीवन नाम्दुङ, मोतीवीर राई, कुमार प्रधान, मनबहादुर मुखिया, प्रेम शेर्पा 'विरोकी', गुमानसिंह चाम्लिङ, रामलाल अधिकारी, बी. एच्. यू. का प्राणी विभागका वैज्ञानिक टीकाराम शर्मा जस्ता स्रष्टा साहित्यकारहरू गोपाल योञ्जन, नारायण गोपाल, अरुणा लामा, देविका प्रधानजस्ता ख्यातिप्राप्त सङ्गीत साधकहरू एवम् विभिन्न क्षेत्रमा पुगेका अन्य व्यक्तित्वहरू छन् । यसरी यस महाविद्यालयले उत्पादन गरेका विभिन्न व्यक्तिहरूले नेपाली भाषा साहित्यलाई अगाडि बढाउनामा प्रत्यक्ष र परोक्ष रूपमा भूमिका निर्वाह गरेको बुझिन्छ । यसै महाविद्यालयबाट नेपाली स्नातक अनर्सको सुरुआत भएको देखिन्छ ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेकाहरूले प्रि युनिभर्सिटी कोर्स गर्नु पर्थ्यो । जसले हाईस्कुलमा एघारौँ तह (हायर सेकेन्डरी तह ) उत्तीर्ण गर्थे । तिनीहरूले भने तीनबर्से डिग्री कोर्स सिधैँ पढ्न पाउथे । प्रवेशिका उत्तीर्ण गरेकाहरूले **पी. यू. सी.** कोर्स गरेपछि मात्र तीनबर्से डिग्री (स्नातक) कोर्स गर्न पाउथे । तीन बर्से डिग्री कोर्सको अवधिमा ऐच्छिक कोर्स लिने विद्यार्थीले पास (ऐच्छिक) कोर्स कै अवधिमा पाठ्यक्रममा संलग्न सबै विषय अध्ययन पूरा गर्नु पर्थ्यो । अनर्स कोर्स अध्ययन विद्यार्थीले परीक्षा उत्तीर्ण गर्न कठोर परिश्रम गर्नु पर्थ्यो । आज पनि अनर्स कोर्स अधिक परिश्रमबाट मात्र पढ्न सकिन्छ ।

सन् १९६७ मा शिक्षकहरूले आफ्नो माग लिएर जलपाइगढीको इन्जिनियरिङ्ग कलेजमा सभा बसिरहेको बेला लरेटो कलेजबाट गएकी शिक्षिका लक्खीदेवी सुन्दासले विश्वविद्यालयमा एम्. ए. र नेपालीमा अनर्स र ऐच्छिक नेपाली पढाउने व्यवस्था नभएको गुनासो पोखिन् । त्यो सुनेर सबै चकित परे । सभाका अध्यक्ष एम्. पी. चित्त बसु र बङ्गाली साहित्यका छोटा कथाका कथाकार देवाशिष रायले उक्त विषयलाई अझ जोड दिए र भने

---

१६४ **ऐजन** ।

१६५ हर्कबहादुर छेत्री, '**दार्जिलिङ सरकारी महाविद्यालयलाई बचाउन**' '**अर्द्ध शताब्दी**' १९४८-९८, (दार्जिलिङ : युवा साहित्यिक मञ्च, सन् २००१, फरवरी, पृ. १३-१९

**"यदि म शिक्षक प्रतिनिधिको रूपमा चुनिएर विश्वविद्यालय गए भने यस मागलाई पारित गराई छाड्नेछु"**

सभाले करतल ध्वनिसित यो कुरालाई स्वीकार गरेको गऱ्यो र १९६८ को विश्वविद्यालयको चुनाउमा शिक्षक प्रतिनिधिको रूपमा देवाशिष राय नै निर्वाचित भए र विश्वविद्यालयको कार्यकारी सभामा नेपाली विषयमा एम्. ए., बी. ए. मा अनर्स र ऐच्छिक नेपालीको पढाइ सञ्चालन गर्ने प्रस्ताव पारित भयो । १९६९ को अगस्त महिनामा विश्वविद्यालयले नेपाली विषयसम्बन्धी रूपरेखा तयार पार्न पारसमणि प्रधान, बाबुलाल प्रधान, लक्खीदेवी सुन्दासको टोली गठन भयो र सो टोलीले उ. ब. विश्वविद्यालय पुगेर विभिन्न विश्वविद्यालयहरूका हिन्दी र कलकत्ता विश्वविद्यालयको बङ्गाली र त्रिभुवन विश्वविद्यालयको नेपाली एम्. ए.को पाठ्यक्रमका आधारमा नेपाली एम्. ए. को पाठ्यक्रम तयार गरी तत्कालीन उपकुलपतिलाई बुझायो । त्यसपछि उ.ब.वि. मा एम्. ए. अनर्स र ऐच्छिक नेपालीलाई कार्यान्वयन गराउन पारसमणि प्रधान निरन्तर लागिरहे । विश्वविद्यालयलाई यस विषयका बारेमा बारम्बार पत्राचार गर्नु, पाठ्यक्रम तयार पार्ने कुरामा आफै अघि सर्नु, नेपालीका पुस्तकहरूको सूची तयार गर्नु र विश्वविद्यालयमा पठाउनु अनि कुनै सभा सम्मेलनमा जाँदा नेपाली भाषा साहित्यका पुस्तकहरू बोक्नसक्ने साथमा लिएर जानु र नेपाली इतरलाई तर नेपाली भाषा बुझ्ने र पढ्नेलाई वितरण गर्नुमा पनि पारसमणि प्रधानको नेपाली एम्. ए., बी. अनर्स र ऐच्छिक नेपालीको पठनपाठन चाँडै होस् भन्ने चाहना झल्किन्छ । सन् १९६९ मा पश्चिमबङ्गाल सरकारको शिक्षा विभागले दार्जिलिङ सरकारी महाविद्यालयमा नेपाली अनर्स र ऐच्छिक नेपालीको पढाइ आरम्भ गर्ने स्वीकृति प्रदान गरेकोले यी दुवै विषयका कक्षाहरू सञ्चालन हुने भए । समग्र नेपाली भाषाभाषी भएको ठाउँमा नेपाली विषयमा अनर्सको स्नातक पढाइ सञ्चालन गर्ने पहिलो कलेज हुनाले पनि दार्जिलिङ सरकारी महाविद्यालयको ऐतिहासिक महत्त्व रहिआएको छ ।[१६६] यसैगरी अनर्सको कक्षा सञ्चालन हुनुपर्छ भनेर विद्यार्थीहरूले आवाज उठाउन थालेपछि दार्जिलिङ सरकारी महाविद्यालयका स्वतन्त्र विद्यार्थी यूनियनका सचिव भोजप्रसाद पराजुलीको सक्रियतामा अन्य विद्यार्थीहरूले प्राचार्यलाई घेराउ गरी आन्दोलन गर्न थालेपछि उ.ब.वि.ले दुई जना शिक्षक नियुक्ति गर्ने स्वीकृति सहित अनर्स सञ्चालन गर्न अनुमति दिइएको थियो । सन् १९६९ को पहिलो अनर्सको कक्षामा किरण प्रधान, अर्जुन गुरुङ, भीम छेत्री, लक्ष्मी बंजन, शोभाकान्ति थेगिमहरू थिए भने दोस्रो सत्र सन् १९७० मा मनबहादुर मुखिया, देविका प्रधान, जस योञ्जन 'प्यासी', जस सुब्बा, भीम दर्नाल, मालती तामाङ, मिलन छेत्री आदि अनर्सका विद्यार्थीहरू थिए । अनर्स सुरुहुँदा तुलसीबहादुर छेत्री र बाबुलाल प्रधान दुई जना मात्र महाविद्यालयका नेपाली शिक्षक थिए । त्यतिखेर शिक्षकहरूको अभावमा इतिहास विषयमा कुमार प्रधानले नेपाली कविता र भाषा विज्ञान पढाएर गुन लगाए । नेपालीमा एम्. ए. गरेका व्यक्तिहरू खोज्नुपर्दा गाह्रै पर्थ्यो । गोपाल योञ्जनलाई लिन गएका विद्यार्थीले प्रमे शेर्पा 'विरोकी' र लक्ष्मीकान्त शर्मालाई ल्याएर अनर्सको कक्षा सञ्चालनार्थ नियुक्ति दिन महाविद्यालयलाई सजिलो भयो र अनर्सको कक्षा सुचारु ढङ्गमा अगाडि बढ्दै गएको देखिन्छ ।[१६७]

प्रारम्भमा अनर्सको पाठ्यक्रममा पहिलो खण्डका निम्ति चारपत्र र दोस्रो खण्डका निम्ति चारखण्ड छुट्याइएका थिए । यसका अतिरिक्त वैकल्पिक नेपालीका दुई पत्र र अनिवार्य नेपालीका दुई पत्र पढ्नु पर्ने प्रावधान थियो । पछि यस किसिमको प्रावधानमा परिवर्तन हुँदै गयो र २००६ मा अनर्सको नयाँ पाठ्यक्रम लागू भएको पाइन्छ । अनर्सको पाठ्यक्रमगत चर्चा पछि गरिने छ । यस महाविद्यालयका नेपाली विभागका विभागाध्यक्षहरू ईश्वर बराल, सूर्यविक्रम ज्ञवाली, तुलसीबहादुर छेत्री, बाबुलाल प्रधान, लक्खीदेवी सुन्दास, प्रेम शेर्पा 'विरोकी' र वर्तमानकी प्राचार्य एवम् विभागाध्यक्ष ललिता राई रहेका देखिन्छन् । उपयुक्त विवेचनको आधारबाट दार्जिलिङ सरकारी महाँविद्यालयमा भए गरेका शैक्षिक गतिविधि एवम् प्राज्ञिक गतिविधिले स्नातकोत्तर नेपाली विभाग स्थापना हुनामा सहयोगी भूमिका निर्वाह भएको बोध हुन आएको छ । तसर्थ महाविद्यालयलाई पर राखेर विश्वविद्यालयमा नेपाली विभाग स्थापना हुन सक्ने तात्त्विक आधारहरूमा ह्रास आउने निश्चितता बोध भएकाले नै यस प्रसङ्गमा विद्यालयको चर्चालाई उठाइएको हो ।

प्रस्तुत प्रसंगको उठानमा यस प्रकारको धरातलबाट दार्जिलिङ र त्यस आसपासका स्कुल र कलेजहरूबाट विकसित हुँदै आएको नेपाली भाषाले साहित्यका विभिन्न विधामा फैलिने र झाँगिने अवसर

---

[१६६] लक्खीदेवी सुन्दास, **पूर्ववत**, पृ. १२-१९ ।

[१६७] जस योञ्जन 'प्यासी' औपचारिक अन्तर्वार्ताअनुसार, सिलगढी महकुमा परिषद्, परिसर, मिति २०६३।१२। ११। दिवा २ : ४६ बजे ।

पाउनु, सोही आधारशीला संगसंगै भाषाप्रतिको मोहले नेपाली मातृभाषीहरूले भारतमा विश्वविद्यालय स्तरमा नेपाली भाषा साहित्यको अध्ययन अध्यापन हुनुपर्छ भनी विभाग स्थापना गर्ने उत्प्रेरणा जाग्नु एउटा कारण हो भने उत्तरबङ्ग विश्वविद्यालयको स्थापना दार्जीलिङ जिल्लामा नै हुनु अर्को कारक हो र दार्जीलिङ जिल्लामा नै उत्तरबङ्ग विश्वविद्यालयको स्थापना हुनु एउटा महत्वपूर्ण पक्ष पनि  हो । स्थापना भएको १५ वर्षभित्रै नेपाली विभागले प्रादुर्भाव हुनु अर्को महत्वपूर्ण पक्ष हो । उत्तरबङ्गालमा विश्वविद्यालयको स्थापनाले शिक्षामा ठूलो प्रभाव मिल्यो । यस विषयमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रमुख भाषासेवी एवं साधक जनहरूमा पारसमणि प्रधान, तुलसीबहादुर क्षेत्री, इन्द्रबहादुर राई, डिल्लीराम तिम्सिना आदि प्रत्यक्ष रूपमा देखिन्छन् भने परोक्षरूपमा वासुदेव त्रिपाठी, चुडामणि बन्धु, ठाकुर पराजुली, लख्खीदेवी सुन्दास, कुमार प्रधान एवम् दार्जिलिङ र त्यस आसपासका नेपाली राजनीतिकर्मी, समाजसेवी, भाषासेवीहरूको सहभागिता रहेको देखिन्छ ।

सन् १९६२ मा स्थापित (University of North Bengal) नामक विश्व विद्यालय (राजाराम मोहनपुर, दार्जीलिङ जिल्ला वेस्ट बङ्गाल) ले सन् १९७७ मा नेपाली विभाग खोल्ने अनुमति प्रदान गऱ्यो ।[१६८] "विविध कारणवश पाठ्यक्रम आदिको अभावमा कक्षा सञ्चालन तुरून्तै हुन सकेन लगभग १० महिनापछि मात्र पढाई सुरू भयो सन् १९७८ जनवरी १६ बाट स्नातकोत्तर तह नेपाली विषयको विधिवत् कक्षा सञ्चालय भयो ।" जहाँ विभागाध्यक्षकारूपमा १९७७ सेप्टेम्वरबाट तुलसीबहादर क्षेत्री, १९७८-१ जनवरीबाट लक्ष्मीकान्त शर्मा, १९७८-५ जनवरीबाट भीमकान्त उपाध्याय र १९७८ मे महिनाबाट श्रीमती विष्णु शर्माहरूले जागिरे जीवनको शुरूवात संगै भाषासाहित्यको सेवामा योगदान दिन थाले । यी गुरूजनहरूबाट विश्वविद्यालय स्तरमा स्नातकोत्तर तहको नेपाली विभागको जिम्मा र पठनपाठनले नेपाली भाषा साहित्यको संरक्षणमा प्रथम महत्त्वपूर्ण भूमिका निर्वाह भएको मान्नुपर्छ । यसैगरी सन् १९९६ बाट एम.फिल.को पढाई सुरु हुनुपूर्व नै सन् १९८४ मा लक्ष्मीकान्त शर्माको निर्देशनमा दिवाकर प्रधानको अन्वेषणमा "अध्यात्म चेतनात्मक आधुनिक नेपाली कविताको विश्लेषण तथा मूल्याङ्कन" शीर्षकको सोद्देश्य उपाधिमूलक विद्यावारिधिको शोधप्रबन्ध तयार हुनुले भाषा साहित्यलाई ठूलो गुण लाएको मान्नुपर्छ ।

उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विभागको स्थापनाका क्रममा पाठ्यक्रम खेस्रा निर्माण आदिकार्य गरी महत्वपूर्ण योगदान दिने मनस्वीहरूमा-पारसमणि प्रधान, डिल्लीराम तिम्सिना, वासुदेव त्रिपाठी, चुडामणि बन्धु, रामकृष्ण शर्मा, तुलसीबहादुर क्षेत्री र लख्खीदेवी सुन्दासको र इन्द्रबहादुर राई आदि प्रमुख साहित्यकार एवं भाषासेवीहरू सम्मिलित थिए ।

स्नातक तहमा ऐच्छिक विषय अध्यापन गराउने दार्जीलिङ आसपास र सिक्किममा जे जति कलेज छन् ती सबै उत्तरबङ्ग विश्वविद्यालयकै अन्डरमा छन् ।[१६९] "त्यहाँ प्राध्यापनरत नेपाली शिक्षकहरू उत्तरबङ्ग कै उपज हुन्" । दार्जीलिङ आसपासका ११ वटा र सिक्किमका ६ वटा कलेजहरूमा नेपाली स्नातकहरू बन्ने गर्छन् ।[१७०] दार्जीलिङमा १९७५ मा दार्जीलिङ गर्भमेन्ट कलेजले ऐच्छिक नेपालीको स्नातक कक्षा सञ्चालन गर्न थालेको हो । यसको प्रतिफल स्वरूप स्नातकोत्तर कक्षा सञ्चालन गर्ने महत्त्वपूर्ण कार्य भने सन् १९७८ उत्तरबङ्ग विश्वविद्यालयले गरेको पाइन्छ ।

## ४.४ नेपाली विभागस्थापनापूर्वको प्राक्चेष्टा : एकेडेमीको स्थापना

उत्तरबङ्ग विश्वविद्यालय नेपाली अकादमी (एन्. वि. यू. नेपाली एकेडेमी) सन् १९७०-७२) मा क्रमिक रूपले गठन गरिएको संस्था हो । यसले स्थापना कालदेखि नै नेपाली भाषा साहित्यको सेवामा महत्त्वपूर्ण योगदान दिइआएको छ । नेपाली भाषा संस्कृतिका हिमायती भारतमा नेपालीहरूको अवस्था एवम् नेपाली भाषा र साहित्यप्रतिको कटीवद्धताले गर्दा नै उ.ब.वि. ले नेपाली भाषा र साहित्यको अध्ययन परम्पराको थालनी गनुपरेको हो । नेपाली भाषा र साहित्यको गरिमा सदैव उच्च छ । यही भाषा र साहित्यलाई हाँक्न सामाजिक सांस्कृतिक पहिचानलाई बढवादिन एवम् नेपाली विषयका पठनपाठनमा सहयोग पुऱ्याउने उद्श्यले एकेडेमी स्थापना भएको हो ।

---

[१६८] भीमकान्त उपाध्याय, **पूर्ववत्** ।

[१६९] डा. मोहन पी. दाहाल, **श्रोताव्यक्तिका रूपमा अन्तर्वार्ता मार्फत अध्यापन** (दार्जीलिङः उत्तर वङ्गाल विश्वविद्यालय) ।

[१७०] प्रा. डा. घनश्याम नेपाल, **वर्तमान नेपाली विभागाध्यक्ष, श्रोतव्यक्तिका रूपमा अन्तर्वार्ता मार्फत् अध्यापन** (दार्जीलिङः उत्तर वङ्गाल विश्वविद्यालय) ।

नेपाली विषयको समुत्थानमा एकेडेमी किन ? उल्लेख भइरहेको छ भनेर उठ्न सक्ने प्रसङ्गलाई औँल्याउँनु पर्ने आवश्यकता बोध भएको छ । स्नातकोत्तरीय नेपाली विभाग स्थापनाको निम्ति स्वयम् विश्वविद्यालयद्वारा नै एन्. बी. यू. नेपाली एकेडेमीलाई प्रमुख महत्त्वका साथ संस्थापन गरिएको बुझिन्छ । यसर्थ यस विषयलाई यहाँ चर्चा गर्न सान्दर्भिक ठानिएको छ । विभिन्न जाति र विविध संस्कृति परम्परा एवम् स्थान आदिको यथार्थ दृश्य प्रस्तुत गरेर एउटा साझा मञ्चको रूपमा कनै एउटा अनुपम सङ्ख्या उपस्थापित हुन आवश्यक थियो । यिनै दृष्टिकोणबाट उत्तरबङ्ग विश्वविद्यालयले एकडेमीको स्थापना गरी उपलब्धिमूलक क्रियाकलापमार्फत नेपाली भाषा साहित्यको अध्ययनपरम्पराको थालनी गर्ने जमर्को गरेको हो भन्ने बुझिन्छ ।[१७१]

नेपाली साहित्यको आफ्नै पन र आफ्नै उच्च गरिमा छ । अनि नेपाली साहित्यको इतिहासमा दार्जिलिङ आदि क्षेत्रहरू विगत सयवर्ष यता महत्त्वपूर्ण स्थानका रूपमा चिनिन आएका देखिन्छन् । अतः यो भूक्षेत्रमा महान् नेपाली भाषा र साहित्यको संरक्षण र सम्बर्द्धनको खाँचो औँल्याएर १४ सेप्टेम्बर १९७० मा विश्वविद्यालय कार्यकारिणी परिषद्ले एउटा उपसमितिको स्थापना गरेको पाइन्छ । आनन्दमय भट्टाचार्यको प्रमुख नेतृत्वमा प्रलयकुमार मजुमदार, अशोक रोय र सचिवका रूपमा देवेश रोय थिए । यसै समितिले ११ डिसेम्बर १९७० का दिन दार्जिलिङको केही नेपाली भाषी विद्वद्जनहरूसँग भेटवार्ता गरी विश्वविद्यालय कार्यकारिणी परिषद्मा केही आधारभूत तथ्यहरू प्रस्तुत गरेको छ । जुन निम्न प्रकारका हुन् ।

हामी यस निष्कर्षमा पुगेका छौँ । जुन उद्देश्य लिएर विश्वविद्यालयको स्थापना भएको थियो । आजसम्मका उपलब्धिहरूलाई आधार मानेर हेर्दा यसले देशको निम्ति अझ केही ठोस कार्य गर्न सकिरहेको छैन ।[१७२]

विश्वविद्यालय स्थापना कालमा सरकारबाट विश्वविद्यालय पदाधिकारीलाई दिइएका विविध कार्य योजनाभित्र भाषा पढाउनका लागि मुख्य रूपमा जोड दिएर यी काम गर्नु भनी निर्देशन दिएको एउटा बुकलेट तत्कालीन रजिष्ट्रार डि. पलको कार्यालयमा निम्नकुरा त्यसमा विशेष रूपमा लेखिएको थियो :

> *"म एकेडेमीको सदस्यका हैसियतले काम विशेषले त्यहाँ जाँदा देख्न पाएँ । अचम्मित परेपछि त्यो लुकाइयो । हामीले यस बारेका चर्चा गर्न थाल्यौँ" ।*

बङ्गाली, हिन्दी, संस्कृत, उर्दू, नेपाली र तिब्बती यी पाँच भाषालाई पढाइको लागि व्यवस्था गर्नुपर्नेछ ।[१७३] अतः यी यस्तै विशेष रूपमा योजनाबद्ध ढङ्गले स्वीकृत भएका कार्यक्रमलाई चलाउन नसक्दा उद्देश्य हासिल हुन नसकेको हो भन्ने भनाइ स्पष्ट हुन्छ । सो समितिका अरु निर्णयहरू यस्ता छन् :

विश्वविद्यालयले आफ्नो कार्य क्षमताको विकास र विस्तार गर्ने हो भने यसले विभिन्न जातिका साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नु आवश्यक देखिन्छ । यसै सन्दर्भमा नेपाली पनि एउटा त्यस्तो भाषा हो जसका वक्ताहरू धेरै छन् र यस भाषाको आफ्नै गरिमामय विगत र वर्तमान छ । बङ्गाली भाषाबाहेक अन्यभाषाहरू मध्ये नेपाली एउटा भाषा हो जसलाई दार्जिलिङमा कार्यालयीय भाषाको रूपमा स्वीकार गरिएको छ । यसैले नेपाली भाषाका सिर्जनात्मक लेखन र अनुसन्धानात्मक कार्यका लागि नेपाली अकादमीको स्थापना अनिवार्य रूपमा गर्नुपर्ने छ ।[१७४] तत्पश्चात् उत्तरबङ्ग विश्वविद्यालय कार्यकारिणी परिषद्ले उपसमितिको यस सिफारिसलाई स्वीकार गर्दै ६ सेप्टेम्बर १९७१ का दिन नेपाली एकेडेमीका स्थापनाका लागि एउटा स्थायी समिति गठन गऱ्यो । उक्त समितिको अध्यक्षमा चारुचन्द्रा सत्याल र सचिवमा देवेश रोय नै थिए र यी दुवै प्रतिवेदन पारित गर्न सक्ने अधिकार प्राप्त पद थिए । १३ मई १९७२ मा उ.ब.वि. को कार्यकारिणी परिषद्ले पूर्वकार्य सफलताका आधारमा एकेडेमी स्थापना गर्ने विचारलाई पूर्णता दिन उपसमितिलाई पूर्ण समितिको परिषद्को रूप दिएर रु २०,०००।- समेत निकासा गरी केही पदहरू सृजना गऱ्यो । यही क्रमले एकेडेमीको स्थापना भयो । एकेडेमी सञ्चालन गर्ने बोर्डले प्रथम सङ्कल्प प्रस्ताव गऱ्यो र निम्न कामहरू गर्ने जिम्मेवारी पनि लियो ।

---

[१७१] **पूर्ववत्**, एपेन्डेक्स, १ ।

[१७२] **पूर्ववत्** ।

[१७३] लक्ष्मीकान्त शर्मा, **पूर्ववत्**,

[१७४] देवेश रोय, **पूर्ववत्**,

क) उच्चतर माध्यमिक स्नातक (सम्मान र साधारण) तथा स्नातकोत्तर तहका जम्मै पाठ्यक्रमका आधारमा सन्दर्भ ग्रन्थहरूको तयारी गरी प्रकाशनको व्यवस्था पनि अकादमीले मिलाउनु पर्नेछ ।
ख) प्राथमिक तहदेखि उच्चतर सवै तह कक्षाका पाठ्यपुस्तकका लागि बङ्गाली भाषाका पाठ्यपुस्तकहरू नेपाली भाषामा अनुवाद गर्नुपर्नेछ ।
ग) प्राथमिक तहदेखि उच्चतर दुवै तहका पाठ्यपुस्तकका लागि बङ्गाली र नेपाली दुवै भाषामा एकअर्काका विषयवस्तुलाई अनुवाद गर्नुपर्ने भयो ।
घ) नेपालीबाट अङ्ग्रेजीमा र भारतीय अन्यभाषा साहित्यलाई नेपालीमा अनुवाद गरिनु पर्ने भयो ।
ङ) नेपाली भाषाका साहित्य एवम् पत्रपत्रिका र अन्यभाषाका जर्नल र साहित्यको आदानप्रदान गर्नाका लागि प्रकाशन गरिनुपर्ने भयो ।
अ) बृहत् नेपाली साहित्येतिहास अङ्ग्रेजी भाषामा तयारी गर्नु पर्ने ।
आ) नेपाली बङ्गाली शब्दकोशको तयारी गर्नु पर्ने ।
इ) जसले भाषा साहित्यको अध्ययनको विस्तार र व्यापकतामा सहयोग पुऱ्याउँछ भन्ने हेतु लिएर तयारी र प्रकाशन गरिनु पर्ने भयो ।

सोहीबेला देखि नै परिषद्द्वारा उपर्युल्लिखित कार्य गतिविधि सुचारू रूपले सम्पन्न हुने क्रम बढ्न थाले र दार्जिलिङस्थित लेडेनला रोडमा यसको कार्यालय सञ्चालनमा ल्याइयो । अनि त्रिभाषी ( नेपाली, अङ्ग्रेजी, बङ्गाली भाषामा) जर्नल प्रकाशन गर्ने कार्यको योजना बन्यो । सो जर्नलको मुख्य उद्देश्य नेपाली भाषा र साहित्यलाई भारतव्यापी बनाउनु थियो । नेपाली र बङ्गाली भाषाका साहित्यिक सामग्रीलाई एकअर्कामा आदानप्रदान गरिनलाई एउटा साझा मञ्चको व्यवस्था पनि मिलाउनु थियो । १२ मई १९७३ मा एकेडेमीले दार्जिलिङमा विशाल कवि गोष्ठीको आयोजना गऱ्यो । उक्त कविगोष्ठी तत्कालीन सिद्धार्थ शङ्कर रोयको प्रमुख आतिथ्यमा एवम् पारसमणि प्रधानको सभापतित्वमा सम्पन्न भएको थियो । स्वागत गर्ने व्यक्तित्वमा पि. सि. मुखर्जी थिए । ३२ जना कवि कवयत्रीले आफ्ना कविता वाचन गरेका थिए सो कार्यक्रम (कर्साङले) **आकाशवाणी कर्साङ**ले प्रत्यक्ष प्रसारण गरेको थियो ।

प्रवाचन गरिएका कवितालाई पुस्तकालयको रूपमा दिने व्यवस्था मिलाउनु पर्छ भनिए पनि कार्यान्वयन भने भएको देखिँदैन । एकडेमीले नेपाली भाषाको साहित्येतिहास अनि भविष्यको सम्भावनाहरूलाई समेटेर नेपाली र बङ्गाली भाषाका सिर्जनात्मक लेखनको आदानप्रदानलाई लिएर सन् १९७४ को फेब्रुअरी सम्ममा सङ्गोष्ठी आयोजना गरिने निधो लिइयो ।

एकेडेमीले गरेका माथिका कार्यलाई विहङ्गम दृष्टिले हेर्दा के स्पष्ट हुन्छ भन्ने उ.वि. मा नेपाली विभाग स्थापनार्थ नेपाली भाषा साहित्यको विकासका निम्ति सुरुआतको कार्य थालनी गरिदिएको बुझिन्छ । त्यसको दीगोपनमा भने एकडेमीमा आबद्ध नेपालीहरूकै सक्रियता र लगनशीलतामा निर्भर रहेको देखिएको छ ।

नेसासजस्ता भाषा साहित्यसेवी संस्थाहरू मोतीचन्द्र प्रधान, पारसमणि प्रधान, धरणीधर कोइराला, इन्द्रबहादुर राई जस्ता शिक्षाप्रेमी र साहित्यकारहरू एवम् अखिल भारतीय गोर्खालीग भारतीय कम्युनिष्ट मार्क्सवादी र कङ्ग्रेस पार्टी जस्ता राजनीति पार्टीहरू तथा नेपाली भाषा साहित्य, संस्कृति र शिक्षाप्रेमी सर्वसाधारण नागरिकहरूबाट समेत दार्जिलिङमा विश्वविद्यालय स्थापनामा योगदान मिलेको पाइन्छ । यसै गरी अर्को पाटो पश्चिमबङ्गाल सरकारले कलकत्ता विश्वविद्यालयको भारलाई कम गर्नका लागि उपर्युक्त मागलाई एवम् मत्थर पार्नका लागि अध्ययनार्थीहरूलाई पढ्ने स्थल सर्वसुलभ होस् भन्नका लागि नर्थ बङ्गाल युनिभर्सिटी स्थापना गर्नु परेको हो । पश्चिम बङ्गाल भरीमा एउटा कलकत्ता विश्वविद्यालय मात्र थियो । त्यसका अधीनमा पश्चिम बङ्गालका सारा कलेजहरू थिए । यस किसिमको भारलाई कलकत्ता विश्वविद्यालयले थेग्न नसक्दा दार्जिलिङ सिक्किम र उत्तरबङ्गालका उच्चतर शिक्षाका निम्ति एन्. बि. यू. को स्थापना भएको हो ।

विश्वविद्यालय स्थापनाको मागलाई समर्थन गरेर आवाज फैलाउने दार्जिलिङ जिल्लाको त्यति बेलाको सबैभन्दा ठूलो राजनीतिक पार्टी अखिल भारतीय गोर्खालीगको ठूलो देन रहेको छ भने कङ्ग्रेस एवम् मार्क्सवादी कम्युनिष्ट पार्टीको पनि राम्रै सहयोग मिलेको पाइन्छ ।[१७५]

---

[१७५] इन्द्रबहादुर राई, औपचारिक अन्तर्वार्ता, मिति २०६३/१२/१० शनिबार दिवा २: १५ बजे मेथीबारी नीजि निवास ।

सन् १९६२ मा भारतको केन्द्रीय सरकारले दार्जिलिङमा विश्वविद्यालय दिदा यहाँको पर्वतीय इलाकामा स्थानाभावको कारण देखाई तत्कालीन राजनेताहरूले उत्तरबङ्ग विश्वविद्यालय सिलगढी र बाघडुग्रा बीचको अठारखाइ भन्ने स्थानमा पुऱ्याई त्यस क्षेत्रको नामसमेत नवीकरण गरी राजा राममोहन पुर बनाइएको पाइन्छ ।

सन् १९६२ मा लरेटो कलेजमा नेपाली विषयको प्राध्यापन गर्ने नियुक्ति पाएर दार्जिलिङमा पुग्दा लक्ष्मीदेवी सुन्दासले धेरै परिवर्तन भइसकेको महसुस गरेकी थिइन् । सन् १९६१ को दार्जिलिङको भाषा आन्दोलनले नेपाली भाषालाई दार्जिलिङका तीन पर्वतीय इलाकामा राज्यभाषाका रूपमा स्वीकृति दिइएको थियो । त्यतिखेर दार्जिलिङका कलेजमा नेपाली भाषामा बि. ए. को अनर्स र ऐच्छिक नेपालीका साथै नेपाली भाषामा एम्. ए.को पढाइ हुनुपर्छ भन्ने पनि सोही आन्दोलनले माग गरेको थियो । सन् १९६२ मा उ.ब.वि. स्थापना भएपछि नेपाली भाषामा एम्. ए. को कक्षा आरम्भ हुन सक्ला भन्ने विचारात्मक तर्क विश्वविद्यालयले प्रत्यक्ष रूपमा देखाइदियो । त्यसताका उच्च विद्यालयबाट कलेज भर्ना हुन आउनेहरूले एक वर्ष प्रि. युनिभर्सिटी पढ्नु पर्थ्यो एवम् तीनवर्षे पास कोर्स डिग्री (स्नातक) पढ्न पाइन्थ्यो । भर्खरै स्थापित विश्वविद्यालय हुनाले त्यहाँको नियम कानुन, परीक्षा अवस्था जम्मै कार्य एक्सपेरिमेन्ट (प्रायोगिक) रूपमा चल्दै थियो । उदाहरणार्थ त्यतिखेर दुई वर्से बि. ए. को अन्तिम (फाइनल) परीक्षामा अन्तर्वार्ता अनिवार्य भयो तर त्यो सजिलो माध्यम भएकाले पछि त्यसलाई छाडिसकेको देखिन्छ ।

सन् १९६२ मा दार्जिलिङ सरकारी कलेजमा पुगेका रिनाक श्यामसुन्दर शर्मा र  सिक्किमका बद्रीनारायण प्रधान टङ्कराम शर्मा, नरबहादुर तामाङ, मनीमाया राई, आदि हामीले सन् १९६३ मा नवस्थापित उ.ब.वि. को प्रि. युनिभिर्सिटी कोर्सको प्रथम परीक्षाका सम्मिलित भएका थियौं ।[१७६] भनी उल्लेख गरिएको पाइन्छ ।

विश्वविद्यालय स्तरका परीक्षामा ऐच्छिक विषयहरूका उत्तर नेपाली भाषामा लेख्न पाउनुपर्छ भन्ने मागलाई विद्वद् समुदाय विभिन्न सङ्घसंस्था एवम् विद्यार्थी वर्गले केही समय अघिदेखि अघि बढाउँदै आइएको परिप्रेक्ष्यमा उ.ब.वि. ले सो कुरालाई प्राथमिकता दिइयो । सन् १९७५ देखि उ.ब.वि. ले प्राक् विश्वविद्यालयदेखि बि. ए. र बि. एस्सी. तथा बि. कम्. (बि. बि. एस्.) सम्मका परीक्षाको उत्तरपुस्तिका नेपाली माध्यममा नै लेख्न पाउने अनुमति दिइएको जानकारी पाइन्छ । यस किसिमले उ.ब.वि. ले आफूलाई नेपाली भाषा साहित्यको अध्ययन अध्यापन स्नातकोत्तर इतर तहबाट सुरु गर्दै थियो भन्ने बुझिन्छ ।

## ४.५ उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विभागको स्थापना

एन. वि. यू. नेपाली एकेडेमीको स्थापना भए पश्चात नेपाली विभाग जन्मिने जग बनेकाले उ.ब.वि. मा स्नातकोत्तर नेपाली विभागले स्थापना हुने सुयोग पाउनु भारतमा नेपाली भाषाले पाउँदै आएको सम्मान र योगदानकै प्रतिफल हो । अतः उ.ब.वि.मा नेपाली भाषा र साहित्यले पाएको प्रश्रयलाई केलाउनु अगावै विभाग स्थापनाको तात्त्विक सन्दर्भमा यो लेखनी खर्चिएको छ ।

उ.ब.वि.मा स्नातकोत्तर नेपाली विभागको प्रादुर्भावका प्रसङ्गमा थुप्रै अड्कलबाजी गरिएका छन् । तर स्थापनाको सार्थक रूप विश्वविद्यालयको प्रक्रियागत ढङ्गबाट नै उठेको देखिन्छ । सन् १९६२ मा विश्वविद्यालय स्थापनापश्चात् एन्. बि. यू. नेपाली अकादमीको स्थापना हुनुले नै विभाग स्थापना हुनुमा एउटा महत्त्वपूर्ण खुड्किलो पार गरिसकेको कुरा स्विकार्नु नै पर्दछ । एकेडेमीले नेपाली भाषा साहित्यको शिक्षण गर्न गराउन चाहिने पाठ्यसामग्रीहरू तयार गर्ने प्रयोजनका लागि प्रारम्भ बाट नै काम गरेको देखिन्छ ।

उत्तरबङ्ग विश्वविद्यालयको विधानको चौथो उपभाग अन्तर्गतको दोस्रो खण्डको आधारमा नेपालीमा अकादमीको स्थापना गरियो । यसै अनुरूप निम्नलिखित कार्यक्रम पनि अगाडि सारियो ।

क) उच्चतर माध्यमिक स्नातक (सम्मान र साधारण) र स्नातकोत्तर तहका जम्मै पाठ्यक्रमहरूलाई समेटेर सन्दर्भग्रन्थहरूको तयारी गरी प्रकाशनको व्यवस्था अकादमीले मिलाउनु पर्ने छ ।

---

[१७६] राजीव शङ्कर श्रेष्ठ, **अर्द्ध शताब्दी**, (दार्जिलिङ : सरकारी कलेज एक स्वर्णिम युग ) पृ. १३५ ।

यस कथनबाट के स्पष्ट हुन्छ भने विश्वविद्यालयले नेपाली स्नातकोत्तरको अवधारणालाई सहजै स्वीकार गरको बुझिन्छ । (परिशिष्ट)

सन् १९६१ मा दार्जिलिङमा चलेको बृहत् भाषा आन्दोलनका प्रतिफलस्वरूप नेपाली भाषालाई दार्जिलिङका तीन पर्वतीय महकुमामा सरकारी कामकाजका भाषाका रूपमा स्वीकृत गरियो । सोही आन्दोलनले उठाएका आवाजद्वारा दार्जिलिङका कलेजहरूमा नेपाली भाषामा अनर्स र ऐच्छिक नेपालीका साथै नेपाली भाषामा एम्. ए. को पढाइ हुनुपर्छ भन्ने माग पनि गरेका थिए । सन् १९६२ मा उ.ब.वि. को स्थापना भए पनि नेपाली स्नातकोत्तर कक्षा भएन । उच्च विद्यालयहरूबाट कलेज भर्ना हुन आउने विद्यार्थीहरूले एक वर्ष प्रि युनिभर्सिटि कोर्स पढ्नु पर्थ्यो । त्यसपछि मात्र तीन वर्से स्नातक गर्न पाइन्थ्यो । यी कुराले पनि दार्जिलिङमा नेपाली एम्. ए. को पठनपाठन चाँडै हुनु पर्छ भन्ने कुराको पूर्व सूचना मिल्छ ।

विभाग स्थापना हुनुभन्दा ठीक सातवर्ष अगाडि दार्जिलिङ सरकारी महाविद्यालयमा स्नातकमा अनर्स कक्षा सुरु भएको थियो । उक्त महाविद्यालयले नेपाली विद्यार्थीहरूको आवाजलाई सुनेर अनसनमा सफलता मिलेको हो भने अव तीनै विद्यार्थीहरू एम्. ए. का लागि लागिपर्नेछन् भन्ने कुरालाई नेसासले टेकअप गरेपछि अन्य पत्रपत्रिकाले क्रमिक रूपमा आवाज उठाउन थाले लेखिदिन थाले, अनर्ससकेका केही विद्यार्थीहरूले पनि उ.ब.वि. समक्ष आफ्ना कुराहरू पुऱ्याउन थाले । विज्ञ गुरुजनहरूको सरसल्लाहले विद्यार्थीहरूलाई झन् हौसला मिल्दै गयो । कोही पढाइ सकिहाल्नुपर्छ, एम्. ए. गर्नुपर्छ भन्ने चाहनाले काठमाडौँ पसे । कोही उतै सुसेधन्दामा रहे । सन् १९७४ मा नेसासको स्वर्णजयन्तीको सप्ताह व्यापी विराट् कार्यक्रममा सूधपाको समुपस्थिति थियो । त्यतिखेर तत्कालीन पश्चिमबङ्गालका राज्यपाल ए. एल्. डायस प्रमुख अतिथिका रूपमा उपस्थित भए । त्यहाँ भाषा साहित्य एवम् नेसासका उपलब्धिमूलक चर्चाका अलवा बहुशः वक्ताहरूले नेपाली विषयको एम्. ए. को पढाइ हुनुपर्छ भन्ने प्रसङ्ग चलाए । तत्पश्चात् प्रमुख अतिथिको रूपमा सम्भाषणमा नै डायसले उद्घोष गरे ।

"म नेपाली विषय को एम्. ए. कक्षा सञ्चालन गर्ने गराउने कुरामा तपाईहरूलाई आश्वासन मात्र हैन विश्वास दिलाउन चाहान्छु" ।[१७७] आश्वासन पाएका दार्जिलिङेहरूमा उत्साह बढ्दै गयो । यस प्रसङ्गलाई रामलाल अधिकारीको कथनमार्फत् अझ स्पष्ट सकिन्छ । सन् १९७४ को नेसासको सप्ताहव्यापी स्वर्ण जयन्ती कार्यक्रममा पश्चिम बङ्गालका राज्य ए. एल्. डायसको समुपस्थितिमा नेपाली विषयमा पनि एम्. ए. स्तरको पठनपाठन गरिनुपर्छ भन्ने दीर्घकालीन माग यस सम्मेलनको सप्ताहव्यापी सम्मेलनमा पनि उठाइयो । फलस्वरूप प्रक्रिया बढ्दै जाँदा सार्थक रूप देखापऱ्यो ।परिणाम स्वरूप सन् १९७८ देखि उ.ब.वि. मा भारतमा नै सर्वप्रथम एम्. ए. स्तरमा नेपाली भाषाा साहित्यको अध्ययन अध्यापनको सुभारम्भ भयो ।[१७८]

साहित्यिक धरोहर इन्द्रबहादुर राईले नेसासको कार्यकारी सदस्य भएको बखत भाषा र साहित्यप्रति हामी समर्पित थियौँ भन्ने कुरा व्यक्त गरेको पाइन्छ । सोही अवसरमा *"नेसास कुनै जात विचारप्रति सरोकार राख्नेवाला संस्था थिएन । नेसासको आफ्नै गरिमामय विगत र वर्तमान छ । विशुद्ध भाषा र साहित्यसम्बन्धी सेवामा सवै प्रकृतिलाई ठाउँ दिने भएकाले हामीले नयाँ प्रवृत्तिलाई अँगालेर साहित्य सिर्जना गर्ने आकाङ्क्षा बढाएर सन् १९७५ मा नेपाली साहित्य परिषद् खोल्यौँ । त्यसको अध्यक्षको हैसियतमा मैले एन्. बि. यू. का कुलपति (राज्यपाल), उपकुलपतिहरूलाई एम्. ए. नेपाली विभाग खोलियोस् भनी पत्र पठाएँ" ।*[१७९]

सन् १९७५ मा लक्खीदेवी सुन्दास पश्चिम बङ्गालका मुख्यमन्त्री सिद्धार्थ शङकर रोयको पार्वत्य सचिब हुँदा सुन्दाससँगै सिद्धार्थ शङ्कर भेट्न गएका लक्ष्मीकान्त शर्माले नेपालीमा स्नातक अनर्स गरेका विद्यार्थीहरूले अब के गर्ने ? भन्ने सवाल उठाउँदै नेपालीमा एम्. ए. सञ्चालन गर्ने परिपाटी मिलाईदिनु

---

[१७७] जस योञ्जन प्यासी, औपचारिक अन्तर्वार्ताअनुसार ।

[१७८] रामलाल अधिकारी, **पश्चिम बङ्गाल र नेपाली भाषा शिक्षण र शिक्षण माध्यमका रूपमा यसको प्रयोग, पूर्ववत्** पृ. ३७ ।

[१७९] इन्द्रबहादुर राईसँग औपचारिक अन्तर्वाताअनुसार, मेथीवारी सिलगढी, मिति २०६३ । १२ । १० सनिवार, दिवा २ : १५ बजे । (यस सन्दर्भको प्रामाणिक स्वरूप भएको पत्रिका मसँग छ । त्यसलाई म पठाइदिने छु भनी शोधार्थीलाई उत्साही बनाउँदै ठेगाना लिनु भएकाले आश्वासनपूर्वक निर्धक्क भएर यो कुरा उल्लेख गरिएको हो ।

पर्छ भनेपछि मुख्यमन्त्री रोयले पनि *"अहिले सम्म पनि नेपाली विषयको एम्. ए. सञ्चालन छैन ? भनी* उल्टै जिज्ञासा राखेपछि *अब म यस विषयमा यथाशक्य चाँडै बुझेर उक्त कार्य थालनी गर्न लगाउँछु"* ।[१८०]

सन् १९७२ देखि १९७७ सम्म पार्वत्य सचिव हुँदा लक्खीदेवी सुन्दासले उ.ब.वि. मा स्नातकोत्तर नेपाली विभाग दिनु पर्छ भनेर मुख्य मन्त्री रोय र राज्यपालहरूसँग बारम्बार कुरा उठाएकी थिइन् भन्ने कुरा पाइन्छ ।[१८१]

२२ मार्च सन् १९७२ मा दार्जिलिङ सरकारी महाविद्यालयका नेपाली अनर्स पढ्दै गरेका विद्यार्थीहरूले उ.ब.वि. का उपकुलपतिलाई अगामी शिक्षासत्र (नोभेम्बर सन् १९७३) देखिनै स्नातकोत्तर नेपालीको अध्ययन अध्यापन भएको प्रारम्भ गरियोस् भनी चढाएको बिन्तीपत्र स्नातकोत्तर नेपाली विभागको स्थापनामा विशेष उल्लेखनीय रहेको छ ।[१८२]

सन् १९६२ मा स्थापित उत्तरबङ्ग विश्वविद्यालयअन्तर्गत नेपाली भाषा साहित्यले स्नातक तहका शिक्षामा आरम्भदेखि नै स्थान प्राप्त गरिरहेका भए तापनि स्नातकोत्तर तहमा नेपली भाषा साहित्यको पठनपाठनका निम्ति नेपाली विभागको स्थापना भने १९७७ को अगस्तमा मात्र भएको हो । नेपाली विभागको रजत जयन्ती समारोहमा इन्द्रबहादुर राईले आफ्नो सम्भाषणमा दार्जिलिङका विभिन्न राजनीतिक पार्टी साथै अन्य सङ्घसंस्थाहरू उत्तरबङ्ग विश्वविद्यालय दार्जिलिङमा हुनुपर्छ भन्ने माग राख्दै अनेक ज्ञापन पत्रहरू भारतका प्रधानमन्त्री साथै पश्चिम बङ्गाल सरकारसमक्ष पेस गरेपछि मात्र उ.ब.वि. दार्जिलिङमा नभएर समतलमा नै स्थापित गरियो तर विश्वविद्यालयको स्थापना भए पनि यसमा प्रथमतः नेपाली विभाग नै थिएन । धेरै वर्षको र धेरै व्यक्ति सङ्घसंस्थाहरूको अथक प्रयासपछि पारसमणि प्रधानजस्ता व्यक्तिहरूको सक्रियता एवम् शिवकुमार राई, तुलसीबहादुर छेत्री, रामकृष्ण शर्मा, लक्खीदेवी सुन्दास आदिको सहयोगमा सन् १९७७ सालमा नेपाली विभागको स्थापना भएको हो भन्ने कुरा प्रमाणित हुन आएको छ ।[१८३] यी विभिन्न व्यक्तिहरूले सकारेका कुरालाई गौण गरी नियाल्दा सन् १९७७ वा १९७८ मा नेपाली विभागको स्थापना भएको हो भन्ने दोधारको स्थिति देखिनु स्वाभाविकै हो । यसको सत्यापनका लागि उद्घोष गर्दा १ अगस्त १९७७ मा दार्जिलिङ जिल्लाको राजा राममोहनपुरमा अवस्थित उ.ब.वि. मा स्नातकोत्तर नेपाली विभागको स्थापना गरिएको भए पनि १६ जनवरी १९७८ देखि मात्र नेपाली विषयमा स्नातकोत्तरीय अध्ययन अध्यापनको कक्षा शुभारम्भ गरिएको प्रमाणित गरिएको छ ।[१८४] नेपाली विभागको स्नातकोत्तर अध्यापनका लागि आबद्ध भएका प्रारम्भिक कालीन अध्यापकहरूमा युनिभर्सिटीको अभिलेखअनुसार १ अगस्त १९७७ बाट विभागाध्यक्षकै रूपमा तुलसीबहादुर छेत्री 'अपतन', २४ डिसेम्बर १९७७ बाट लक्ष्मीकान्त शर्मा, ५ जनवरी १९७८ बाट भीमकान्त उपाध्याय भेटिन्छन् भने ६ अगस्त १९७८ बाट श्रीमती विष्णु शर्मा प्राध्यापन कार्यमा लहरमा देखा पर्दछिन् ।[१८५]

दार्जिलिङ एवम् भारतबासीको अथक प्रयासले उ.ब.वि.मा नेपाली विभाग स्थापना हुन सहयोग मिलेको हो भने विश्वविद्यालयको आफ्नै कार्यनीतिअनुरूप नेपाली विभागको स्थापना भएको हो । यस कार्यका लागि त्रिभुवन विश्वविद्यालय पनि उत्तिकै सहयोगी सिद्ध भएको छ । उ.ब.वि. ले त्रि. वि. का उपकुलपतिलाई पत्र प्रेषित गरी बोलाउअनुरूप ताराप्रसाद जोसी, त्रि. वि. नेपाली विभागका विभागाध्यक्ष भएको बेला वासुदेव त्रिपाठी र चूडामणि बन्धु, नेपाली एम्. ए. खोल्ने सम्भाव्यता अध्ययन गर्ने प्रयोजनका लागि आमन्त्रित गरिएका थिए भन्ने पाइन्छ ।[१८६] उपयुर्क्त सबैको आआफ्नो क्षेत्रगत सहभागिता एवम् प्रयासले नै उ.ब.वि. मा नेपाली विभाग स्थापना हुन सकेको हो ।

---

[१८०] लक्ष्मीकान्त शर्मा, औपचारिक अन्तर्वार्ता, पहिलो पटक, कदमतोला सिलगढी, मिति २०६३ । १२ । ११ गते प्रातः ७ : ०० बजे ।

[१८१] लक्खीदेवी सुन्दास, औपचारिक अन्तर्वार्ता, **पूर्ववत्** ।

[१८२] तुलसीबहादुर छेत्री 'विविध समाचार', (सम्पा. ) **दियालो** (वर्ष १२, हाँगो ५३, नेसास, दार्जिलिङ सन् १९७२) पृ. ४४ ।

[१८३] राजकुमार छेत्री, (सम्पा.) नेपाली विभागको रजत जयन्ती समारोह, **साहित्य सन्देश**, (वर्ष १, अङ्क ३, उ.ब.वि. नेपाली विभाग, मार्च-मई २००३,) पृ.१४

[१८४] क) देवेश रोय, सचिब एवम् सम्पादकका तर्फवाट, 'जर्नल' नेपाली अकादमी, (दार्जिलिङ : उ.ब.वि. सन् १९९५ पृ. ५४ ।
ख) गुमानसिंह चाम्लिङ, **सर्ट हिस्ट्री अफ् द नेपाली एकेडेमी मनन 'प्रवेशाङक'** (सम्पा.) (दार्जिलिङ : मनन प्रकाशन, सन् १९८२) पृ. ३०५ ।

[१८५] **ऐजन** ।

[१८६] चूडामणि बन्धु, **औपचारिक अन्तर्वार्ताअनुसार**, सानेपा, मिति २०६४ । १ । ७ गते शुक्रबार, प्रातः ७ : ४६ बजे ।

## ४.६ उत्तरबङ्ग विश्वविद्यालयले नेपाली विषयको समुत्थान र स्तरीकरणमा पुऱ्याएको योगदान

भारतमा नेपाली शिक्षण परम्परालाई हेर्दा के देखिन्छ भने हालमा प्राथमिक देखि विद्यावारिधिसम्म नेपाली भाषाको शिषण व्यवस्था पाइन्छ । यद्यपि नेपाली भाषा-साहित्यबाहेक अन्य विषयमा चाहिँ एम्. ए.स्तरमा पुगेर नेपाली माध्यमबाट लेख्न पाउने सुविधा अझसम्म प्राप्त हुन सकेको छैन । यसदेखि तलका विभिन्न स्तरमा भने नेपाली माध्यममा परीक्षा दिन पाइने अवसर भारतका नेपालीहरूलाई छ । यति सुविधाहरू आज दार्जिलिङका नेपालीहरूले पाएका भए तापनि उनीहरूले यतिमै सन्तुष्ट हुने स्थिति छैन । मातृभाषा माध्यमको शिक्षा लिएर उच्च शिक्षा लिएर उच्च शैक्षिणिक डिग्री हासिल गर्नु मात्र दार्जिलिङबासीहरूको उद्देश्य हुनु हुँदैन । भाषाले मान्यता पाएपछिका उपलब्धिहरू विचारेर ल्याउने हो भने दार्जिलिङबासी अगाडि अघि धेरै र महत्त्वपूर्ण अवसरहरू छन् । तर त्यसलाई चुनेर, खोजेर प्रत्येक नेपाली भाषी जनताको सामु पुऱ्याउने भने हामी अझ पनि असमर्थ बनेका छौँ । मातृभाषा माध्यमको शिक्षा लिएपछि र संविधानको आठौँ अनुसूचीमा भाषा गाभिएपछि राष्ट्रिय स्तरमा यस भाषामा उच्च शिक्षा लिनेहरूका लागि रोजगारका अवसरहरू पनि पर्याप्त छन् । आठौँ अनुसूचीका भाषाहरूले केकति सुविधाहरू पाउँदै आइरहेछन् । त्यसैको बराबर त्यहाँका नेपाली बासिन्दाले पनि अवसरहरूको खोजी गर्नु आवश्यक देखिन्छ । भाषा शिक्षणकै सन्दर्भमा भन्ने हो भने पनि तल्लादेखि माथिल्ला स्तरसम्म श्रेणीहरूमा चाहिने पाठ्यपुस्तकहरू तयार पारी विद्यार्थीहरूलाई सहज रूपमा उपलब्ध गराउने, इतिहास, भूगोल, गणित, विज्ञान, दर्शनशास्त्र, अर्थशास्त्र, समाजशास्त्रजस्ता विषयहरूका नेपाली भाषामा नभएका पुस्तकहरू नेपाली भाषामा लेख्न लगाउने कार्य हुन आवश्यक देखिन्छ । टीकाकार, अनुवादकका रूपमा संसद्मा जसरी अरु भाषा माध्यमकाहरू नियुक्त हुन्छन् उसरी नै नेपाली भाषाभाषीहरूले पनि भाषा माध्यममा शिक्षा ग्रहण गरेपछि त्यस्तै अवसर पाउनु पर्ने हो । त्यसैगरी आइ. एस्. र आइ. पी. एस्मा नेपाली परीक्षाको माध्यम नेपाली छ तर अहिले नेपाली भाषाको माध्यमका रूपमा एउटै पुस्तक पनि छैनन् । त्यसका निम्ति पनि पर्याप्त मात्रमा पुस्तकहरू भए नेपाली जातिले भारतको प्रथम दर्जाको प्रशासनिक सेवामा जाने मौका पाउने सम्भावना बढ्ने थियो । यी कतिपय कारणले पनि होला हिजो आज सहर, बस्ती सबैतिरका पाठशालाहरूमा प्राथमिक तहदेखि नै शिक्षाको माध्यम अङ्ग्रेजीलाई जोड दिएर नेपालीलाई साथमा पढाउने परिपाटी चल्दै छ । यसले नेपाली माध्यमको शिक्षाको स्तर घट्तै गइरहेको महशुस हुन्छ । दार्जिलिङतिरका अभिभावकहरू आफ्ना छोराछोरीलाई अङ्ग्रेजी माध्यमको विद्यालयतिर नै पठाउन उत्सुक देखिन्छन् । यसो हुनु लगभग एक शताब्दी लगाएर आर्जन गरेको मातृभाषा नेपाली माध्यमको शिक्षा व्यवस्थाको महत्त्व नबुझ्नु नै हो । यसैले नेपाली भाषा संविधानमा समेत समाविष्ट भइसकेपछिको परिवृत्तिमा विभिन्न क्षेत्रबाट संरक्षण, सम्बर्द्धन गर्दै लैजानुपर्ने देखिन्छ । भाषाकै आधारशिलाबाट विभिन्न अवसरको खोजी गरी सरकारी सुविधा उपभोग गर्दै जानु र भावी पिढीँका लागि विस्तृत क्षेत्र तयार पार्नु पर्ने स्थिति दार्जिलिङबासीहरूका लागि प्रत्यक्षमा देखा परेको छ । यस्तो स्थितिको अवलोकन गरी विविध क्षेत्रमा नेपाली भाषीहरूको भागेदारी बढाउन र पाउनुपर्ने सुविधाहरू खोजी निकाल्न सकेमात्र मातृभाषा माध्यमको शिक्षा ग्रहण गराएको औचित्य पुष्टि हुने देखिन्छ । अतः भारतमा नेपाली भाषा शिक्षणबारेका नेपालीभाषी जनसमूहका महत्त्वाकाङ्क्षा अझै अधुरो रहेका छन् । त्यो अभिप्राप्तितर्फ हिँडेर पुग्न अझै धेरै प्रयास गर्नु पर्ने देखिन्छ । यस परिप्रेक्ष्यमा नेपाली भाषा चिन्तन, चेतनापछि नेपाली भाषीहरूले निरन्तर जागरुक रहनु पर्ने आवश्यकता बोध सबैलाई हुनु जरुरी छ ।

### ४.६.१ एकेडेमीको अवस्थिति

उत्तरबङ्ग विश्वविद्यालय, नेपाली अकादमी (एन्. बी. यू. नेपाली अकादमी) सन् १९७०-७२ मा गठित संस्था हो । सन् १९७८ को मार्च-अप्रिल महिनासम्म यसको कार्यालय लेडेनला रोड, दार्जिलिङमा थियो । दार्जिलिङमा हुँदा नेपाली अकादमीबाट सन् १९७४ को जनवरीमा 'अकादमी निबन्धावली' ( Journal of the Nepali Academy), पहिलो अङ्क र सन् १९७६ मा 'अकादमी निबन्धावली' प्रकाशित भएका थिए । सन् १९७७ को अगष्ट-सेप्टेम्बर महिनातिर दार्जिलिङ जिल्लाको राजा राममोहनपुरमा अवस्थित उत्तरबङ्ग विश्वविद्यालयमा स्नातकोत्तर नेपाली विभाग खोलेर १९७८ को १६ जनवरीदेखि नेपाली विषयमा स्नातकोत्तरीय अध्ययनअध्यापन कार्य सुरु गरेको एकाध महिनाभित्रै दार्जिलिङको लेडेनला रोडबाट नेपाली अकादमीको कार्यालय पनि उत्तरबङ्ग विश्वविद्यालयमा स्थानान्तरण गरी नेपाली

अकादमीलाई नेपाली विभागमै गाभियो । दार्जिलिङमा हुँदा यो अकादमी उत्तरबङ्ग विश्वविद्यालयकै अधीनस्थ अङ्ग रहे तापनि यसको छुट्टै कार्यालय थियो र अकादमीका योजनाहरू कार्यान्वयन गर्नाका निम्ति यसका अध्यक्ष, सचिव, योजनाकार्य-सहायक, पियन आदि छुट्टै कर्मचारीहरू थिए । तर दार्जिलिङबाट यसका सरसामान, कागजपत्र र कार्यालय स्थानान्तरण गरी उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागमा गाभिए पछि विभागको कोठा (विभागीय कार्यालय) नै यसको पनि कार्यालय बन्यो अनि विश्वविद्यालयका उपकुलपति यसका अध्यक्ष, विभागीय अध्यक्ष यसका सचिव/कन्भेनर भए । तीन चारजना प्राध्यापकहरू लिएर भर्खरै सुरु भएको नेपाली विभाग स्नातकोत्तरीय अध्ययन अध्यापनका निम्ति चाहिने पाठ्यक्रम निर्माणमा र विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा नेपाली भाषा साहित्यसम्बन्धी पुस्तक एवम् पत्रपत्रिका उपलब्ध गराई विद्यार्थीहरूको तात्कालीक खाँचो पूर्ति गर्ने क्रममा व्यस्त रहन परेकाले यसले एकाध वर्ष नेपाली अकादमीप्रति त्यति ध्यान दिन भ्याएन । त्यसपछि भने अकादमी विषय लिएर दई चार बैठकहरू भए अनि अकादमी जर्नल तथा पाठ्यपुस्तक लगायत अन्य भाषाका पुस्तक नेपालीमा र नेपाली भाषाका पुस्तक अन्यभाषामा अनुवाद गर्ने र गराउने एवम् ती पुस्तकहरू अकादमीबाट प्रकाशित गर्ने प्रस्तावहरू पारित गरिए । तर विभागमा प्राध्यापकहरूको सङ्ख्या अत्यन्त अल्प रहेकाले र अकादमीसम्बन्धी पत्राचार गर्ने सहायक कर्मचारीको व्यवस्था हुन नसक्दा अकादमीका बैठकहरूमा पारित प्रस्तावहरू कार्यान्वित हुन सकेनन् र बीचबीचमा सभाको आयोजन गरेर अकादमीलाई जीवित राख्ने प्रयासमात्र भयो । सन् १९९० देखि यता अकादमीलाई सक्रिय र गतिशील तुल्याउन एकाधिक प्रयास गरिए र भाषामान्यता आन्दोलनको अवसरमा यो केही सक्रिय भएर देखापऱ्यो तापनि त्यति गतिशील चाहिँ बन्न सकेन । प्रयासहरू जारी रहेको फलस्वरूप १९९५ को जुलाई-अगस्ट महिनामा विश्वविद्यालयको कार्यकारिणी समितिका सदस्य श्री तुलसी भट्टराईको सक्रिय सहयोगमा तेह्र सदस्यीय एउटा कार्यकारिणी समिति गठन भयो र २५ अगस्ट १९९५ मा बसेको यसको पहिलो सभामा सन् १९९५ को अन्त्यसम्म अकादमी जर्नल प्रकाशित गर्ने र उत्तरबङ्ग विश्वविद्यालय अन्तर्गतका कलेजहरूमा नेपाली अनर्स कोर्स र ऐच्छिक नेपाली विषयअध्ययनरत विद्यार्थीहरूका पाठ्यपुस्तकहरूको खाँचो र आवश्यकतालाई ध्यानमा राखेर नेपाली अकादमी कथा सङ्कलन एवम् नेपाली अकादमी कविता सङ्कलन (भाग १-२) तयार पार्ने र सन् १९९६ को अन्त्यसम्म ती पुस्तकहरू प्रकाशित गर्ने प्रस्ताव गृहीत भए । प्रस्तुत जर्नल त्यसैको परिणाम हो । कथा सङ्कलनको काम प्रायः पूरा भैसकेको छ र कविता सङ्कलनको काम सुरु भएको छ । एउटा पारिभाषिक शब्दकोश निर्माण गर्ने कुरा विराधीन छ ।

१९९५ को डिसेम्बर महिनाभित्र अकादमी जर्नल प्रकाशित गर्ने प्रस्ताव गृहीत भए तापनि डिसेम्बर महिनामा विभाग परीक्षासम्बन्धी कार्यमा व्यस्त रहनु परेकाले सो हुन सकेन र केही ढिलो भयो । यसका निम्ति सचिव एवम् प्रधान सम्पादकका नाताले अकादमीका सदस्य लगायत विद्वान् लेखक, प्राध्यापक एवम् सहृदय पाठक सबैसँग विनम्र क्षमा चाहान्छु ।

प्रस्तुत अकादमी जर्नल पहिलो अङ्क प्रकाशित भएको लगभग बाइस वर्ष पछिको प्रकाशन भए तापनि पहिलो प्रकाशनको क्रमलाई अटूट राख्ने उद्देश्यले यसको आकारप्रकार सबै पहिलेको झैँ यथावत् राखेर यसलाई वर्ष २, अङ्क २ का रूपमा प्रकाशमा ल्याइएको छ ।

उत्तरबङ्ग विश्वविद्यालयका नेपाली अकादमी र नेपाली विभाग यस इलाकाका नेपाली भाषा साहित्य र संस्कृति प्रेमीजनहरूका अथक परिश्रम र असीम त्यागका परिणाम हुन् । यी दुवैबाट यहाँ नेपाली भाषा साहित्य र संस्कृति विषयमा गहन अध्ययन अध्यापन तथा शोध एवम् अनुसन्धान कार्यहरू हुनेछन् र यस किसिमका प्राज्ञिक कार्यहरूबाट नेपाली भाषा साहित्य र संस्कृतिको संरक्षण, सम्बर्द्धन हुनाका साथै राष्ट्रिय एवम् अन्तराष्ट्रिय जगत्मा पनि नेपाली भाषा साहित्य र संस्कृति समादृत हुनेछ भन्ने सबैको आशा र आस्था छ । पश्चिम बङ्गालको उत्तरी भेकमा रहेको विश्व प्रसिद्ध पहाडकी रानी दार्जिलिङको पाद देशमा अवस्थित उत्तर बङ्ग विश्वविद्यालयको भारतमा एउटा छुट्टै महत्त्व छ, मूल्य छ । भारतमा यही उत्तर बङ्ग विश्वविद्यालय नै आफ्ना अधीनस्थ कलेजहरूमा नेपली अनर्सको पठनपाठनको व्यवस्था गराउने तथा विश्वविद्यालयको परिसर भित्रै स्नातकोत्तर नेपाली विभाग खोलेर स्नातकोत्तरीय अध्ययनअध्यापनका साथै शोध एवम् अनुसन्धान गर्न गराउन व्यवस्था प्रदान गर्ने अनि नेपाली अकादमीका माध्यमबाट नेपाली भाषा र साहित्य एवम् संस्कृतिसम्बन्धी विविध पक्षहरूको पाज्ञिम अध्ययन अनुसन्धान गराएर नेपाली भाषा साहित्य र संस्कृतिको सरक्षण गर्ने गराउने एकमात्र विश्वविद्यालय हो । (बनारस हिन्दू विश्वविद्यालय नेपाली भाषा साहित्यका स्नातकोत्तरीय अध्ययन अध्यापन एवम् शोधकार्य हुन्छ तापनि त्यहाँ नेपाली विभाग छुट्टै रूपमा नरहेर भारतीय भाषा विभाग

अन्तर्गत रहेको छ) त्यसैले उत्तरबङ्ग विश्वविद्यालयका नेपाली अकादमी र नेपाली विभाग पश्चिम बङ्ग सरकार तथा उत्तर बङ्गबासीहरूका गौरवपूर्ण प्रतिष्ठान हुन् र उत्तरबङ्ग विश्वविद्यालय भारतका एक महत्त्वपूर्ण विश्वविद्यालय हो । तर नेपाली अकादमीको स्थापना भएको बाइस तेइस वर्ष र नेपाली विभाग सञ्चालन भएको अठार उन्नाइस वर्ष पुगे तापनि यी दुवै अफ नाबालक नै छन् । यस विश्वविद्यालयबाट अहिलेसम्म नेपाली विषयमा पाँच छ जना प्रथम श्रेणी प्राप्त गरी एम्. ए. उत्तीर्ण भएका छन् । पाँच छ जनाले पी. एच्. डी. उपाधि प्राप्त गरिसकेका छन् । तीनचार जना विश्वविद्यालय अनुदान आयोगद्वारा सञ्चालिन 'नेट' परीक्षा उत्तीर्ण गरेर अनुसन्धान छात्रवृत्ति प्राप्त गरी शोध एवम् अनुसन्धान कार्यमा संलग्न छन् । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सञ्चालित त्रिभाषी शब्दकोश योजनाबाट भिभाषी ( नेपाली-हिन्दी र बङ्गाली) शब्दकोशको पहिलो खण्ड प्रकाशित भएको छ । अरु खण्डहरूको काम चल्दै छ । यसै शिक्षा सत्रदेखि नेपालीमा एम्. फिल्. को पठनपाठन सुरु गरिने भन्ने सूचना पनि प्रकाशित भएको छ । तर अहिलेसम्म एउटा पनि प्रोफेसरको पद नभएको हुनाले र विभागमा प्राध्यापकहरूको संङ्ख्या अत्यन्त अल्प रहेकाले अध्ययन अध्यापन र शोध एवम् अनुसन्धान कार्यहरू आशानुरूप हुन सकेका छैनन् । विश्वविद्यालय अनुदान आयोगले नेपाली विभागको भवन निर्माण कार्य अधुरो अवस्थामै रहेकाले स्थानाभावले गर्दा अध्ययन अध्यापन र शोध एवम् अनुसन्धान कार्य लगायत शब्दकोश परियोजना तथा अकादमी सम्बन्धी कार्यहरू सुचारु उपले सञ्चालित एवम् रूपान्तरित हुन सकेका छैनन् । त्यस्तै नेपाली-अङ्ग्रेजी टाइपिस्टको कमी पनि उल्लेख्य नै छ ।

राष्ट्रिय पृष्ठपोषकता नपाएसम्म कुनै पनि भाषा साहित्य र संस्कृति फष्टाउन एवम् मौलाउन सक्दैन । अर्कातिर भाषा साहित्य र संस्कृति राष्ट्रिय एकता र अखण्डताका दह्रा आधार हुन् । सशक्त स्तम्भ हुन् र उत्तरबङ्ग विश्वविद्यालयका नेपाली विभाग र नेपाली अकादमी दुवै केन्द्रीय सरकार एवम् पश्चिम वङ्ग सरकारका गौरवका विषय हुन् । त्यसैले विश्वविद्यालय अनुदान आयोग पश्चिम बङ्ग सरकार तथा उत्तरबङ्ग विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रार, फेकल्डी डीन, डेभलपमेन्ट अफिसर तथा कार्यकारिणी समितिका सदस्यहरूले यस इलाकाका नेपाली भाषाभाषीहरूका त्याग, बलिदान एवम् भावनाहरूको कदर गर्दै नेपाली विभाग र नेपाली अकादमीको संरक्षण एवम् सम्बर्द्धनका निम्ति चाहिने आवश्यकताहरू पूरा गरिदिएर राष्ट्रिय एकता र अखण्डता दह्रो पार्न तथा मानवीय भावना फस्टाउन दिन हरतरहले सहयोग गर्नुहुनेछ भन्ने कुरामा आश्वस्त छौँ । विश्वस्त छौँ ।

नेपाली भाषा साहित्य र सस्कृतिको संरक्षण, संम्बर्द्धन गर्ने उद्देश्यले हाम्रो यहाँ एकाधिक सङ्घसस्थाहरू गठित भएका छन् र ती सङ्घसंस्थाहरू आआफ्नै तरिकाले आआफ्नो लक्ष्य प्राप्तिका निम्ति सक्रिय पनि रहेका छन् । तर भाषाको भाषा वैज्ञानिक अध्ययन अध्यापन र शोध एवम् अनुसन्धानजस्ता कार्यहरू विश्वविद्यालय र अकादमी जस्ता शिक्षाप्रतिष्ठानहरूबाट जुन ढङ्गले हुन्छ स्वतन्त्र गठित सङ्घसंस्थाहरूबाट त्यस ढङ्ग वा तरिकाले नहुन सक्छ । विश्वविद्यालयले समयसमयमा देशविदेशका विश्वविद्यालयका प्राध्यापक, विशिष्ट विद्वान्हरूलाई बोलाएर विभिन्न विषयमा संगोष्ठीको आयोजना गर्दछ र त्यस्ता संगोष्ठीहरूमा विद्वान्हरूद्वारा प्रस्तुत कार्यपत्रहरूले सम्बन्धित विषयका विविध पक्षमा प्रकाश पार्दै नयाँ दिशा निर्देश गरेका हुन्छन् र यसले गर्दा अध्ययनअध्यापन तथा शोध एवम् अनुसन्धानको मार्ग सुगम हुन्छ, फराकिलो पनि हुन्छ । हाम्रो यहाँ नेपाली भाषाको संवैधानिक मान्यतासम्बन्धी आन्दोलनका लहरले नेपाली भाषाको स्रोत र विकास लगायत भारतका विभिन्न राज्यहरूमा बोलिने र लेखिने नेपाली भाषाको स्वरूप चिन्न चिनाउन पनि निकै सहयोग पुऱ्यायो । यसै सिलसिलामा उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागले पनि विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा सन् १९८६ को १८, १९ र २० डिसेम्बरमा एउटा राष्ट्रिय भाषा संगोष्ठीको आयोजना गरेको थियो र त्यस संगोष्ठीमा विद्वान्हरूद्वारा प्रस्तुत गरिएका सबै कार्यपत्रहरू सङ्कलन र सम्पादन गरेर एउटा पुस्तिकाकारका रूपमा प्रकाशित गर्ने विभागको इच्छा र विचार हुँदाहुँदै पनि कतिपय कारणले गर्दा सो हुन सकेन । १९९५ को २५ अगस्तका दिन बसेको अकादमी सभाले डिसेम्बर ९५ भित्र अकादमी जर्नल प्रकाशित गर्ने कुरामा जोड दिएका हुनाले उक्त संगोष्ठीका कार्यपत्रहरू सङ्कलन सम्पादन गरी प्रस्तुत जर्नलमा समावेश गर्ने र जतिसक्दो चाँडो जर्नल प्रकाशित गर्ने सबैको राय भयो । उक्त संगोष्ठीमा प्रस्तुत कार्यपत्रहरूमध्ये श्री इन्द्रबहादुर राई, डा. घनश्याम नेपाल र डा. टङ्क सुब्बा, प्रा. मोहनप्रसाद दाहाल, प्रा. नरेशचन्द्र खाती, प्रा. भीमकान्त उपाध्यायहरूका संगोष्ठी कार्यपत्रहरू अगावै अन्य पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका हुनाले यहाँ ती पत्रहरू समावेश गरिएनन् र अवशिष्ट कार्यपत्रहरू मात्र राखिए भनिएको छ ।

यसमा सङ्कलित भाषासम्बन्धी लेखहरूबाट नेपाली भाषाको स्रोत, विकास, भारोपेली एवम् भोटबर्मेली परिवारका भाषाहरूसँग नेपाली भाषाको सम्बन्ध, भारतका विभिन्न राज्यमा नेपाली भाषाको कथ्य एवम् लेख्य स्वरूप तथा शिक्षण संस्थामा नेपाली भाषा माध्यम जस्ता विविध पक्षहरूको उद्‍घाटन हुन सकेको र भारतमा नेपाली भाषाको स्थिति पनि स्पस्ट हुन सकेको छ । नेपाली भाषा सम्बन्धी अध्ययन गर्न चाहने र खास गरेर स्नातकोत्तरीय अध्ययनरत विद्यार्थीहरूलाई यसमा समावेश गरिएका रचनाहरूले केही सहयोग पुऱ्याउलान् भन्ने ठानेका छौँ ।

जर्नलको यस अङ्कमा जम्मा चार/पाँचवटा लेख सङ्कलित छन् ।

प्रस्तुत जर्नलमा प्रकाशित प्रत्येक रचनामा सम्बन्धित लेखकका निजी विचार र दृष्टिकोण अभिव्यक्त भएका छन् । अतः यी रचनाहरूमा अभिव्यक्त विचार, दृष्टिकोण र निष्कर्षका निम्ति सम्पादकमण्डल, नेपाली अकादमी, नेपाली विभाग अथवा उत्तरबङ्ग विश्वविद्यालय उत्तरदायी हुनेछैन र सम्पूर्ण उत्तरदायित्व सम्बन्धित लेखकमै निहित रहनेछ ।

अहिले जर्नलको प्रस्तुत अङ्क जेजस्तो रूपमा प्रकाशित हुन सक्यो, सबैद्वारा स्वीकृत र समादृत हुनेछ भन्ने आशा र विश्वास सँगालेका छौँ । आउँदा दिनहरूमा अकादमी जर्नल लाई अझ गहकिलो पार्ने प्रयास गर्नेछौँ । विद्वज्जनहरूको सहयोगको कामना गर्दछौँ ।

नेपाली भाषा अन्तर्राष्ट्रिय तहमा नै परिचित भइसकेको छ । यस भाषाले नेपालको राष्ट्र, भारतको एउटा राष्ट्रभाषा, भूटानको एउटा प्रमुख भाषाको रूपमा गौरव प्राप्त गरेको छ । यसबाहेक यसको भाषिका क्षेत्र म्यानमार्क, हङ्कङ, मलेसिया, ब्रुनाइ आदि रहेको छ । नेपाल र भारतका केही प्रसारण केन्द्रबाहेक भूटान, बङलादेश, बी. बी. सी., जर्मनी, सिङ्गापुर, चीन, मस्को भोइस अफ् अमेरिका इत्यादि रेडियो केन्द्रबाट नेपाली भाषामा मुख्य रूपमा समाचारमूलक पनि कार्यक्रम प्रशारण हुन्छ ।

सन् १९९२ को अगस्त २० तारिखका दिन नेपाली भाषी समुदायको निम्ति एउटा ऐतिहासिक र गौरवमय सुदिन सावित भयो । जुन दिन भारतको संसदले भारतीय संविधानको आठौँ अनुसूचीमा नेपाली भाषालाई मान्यता प्रदान गऱ्यो । उक्त संवैधानिक मान्यताको निम्ति नेपालीभाषीहरूले छत्तीसबर्षको लामो आन्दोलन गर्नु पऱ्यो । सन् १९५६ मा देहरादूनका आनन्दसिंह थापादेखि आन्दोलन सुरु भएर अन्तमा सिक्किमराज्यबाट संसद बनेकी दिल्लीकुमारी भण्डारीसम्मको यात्रा गर्नु पऱ्यो । नेपाली भाषाका मान्यताका सन्दर्भ मासमावेशी ढङ्गबाट भाषा आन्दोलन अघि बढेर नै उपलब्धि हाँसिल गरेको हो ।

२० अगस्त १९९२ मा कोङ्कणी, मणिपुरी र नेपाली भाषाले भारतीय संविधानको आठौँ अनुसूचीमा मान्यता पाउँदा सङ्ख्या अठार पुगेको थियो भने अहिले मैथिली, बोडो, डोगरी र सन्थाल गरी सङख्या बाइस पुगेको छ ।

संवैधानिक मान्यता पाएको चौधवर्षपछि नेपाली भाषीहरूमाझ एउटा चर्चाको विषय भएको छ कि हाम्रो नेपाली भाषाले कति उपलब्धि र सहुलियत हासिल गऱ्यो ? आज लेखाजोखा गर्दा नेपाली भाषीहरूले यतिका वर्षमा केही न केही उपलब्धि अवश्य गर्दै आएका छन् । सकारात्मक दृष्टिकोणले हेर्ने हो भने शैक्षिक एवम् सार्वजनिक क्षेत्रमा धेरै उपलब्धि पाएका छन् र जति बाँकी छन् ती सबै कुरा समयमा हासिल गर्दै जाने कुरा निश्चित छ । एकैपटकमा सबै हुँदैनन् । बिस्तारै समयमा पाउँदै गइन्छ तर यसका लागि नेपाली भाषी आफैँ तयारी भई अघि बढ्नु पर्छ । चौध वर्षमा जति हुनुपर्थ्यो त्यति हुन सकेको छैन । अपितु यसका मूल कारण नेपाली भाषी आफैँ हुन् । आज वास्तवमा सन्तोष र असन्तोष दुवैको मिश्रित अवस्था छ । जे जति उपलब्धि हासिल भयो त्यसको लेखाजोखा गर्नु जरुरी देखिन्छ । अबको चर्चा विभगद्वारा गरिएका प्रमुख कार्यहरूमा केन्द्रित गरिएको छ ।

उक्त चर्चा परिशिष्ठ २ मा लेखिएका लेखोटहरूका आधारबाट समेत उ.ब.वि.ले नेपाली भाषा साहित्यको समुत्थानमा के कस्ता महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ भन्ने कुराको पुष्टि हुन आउँछ ।

## ४.७ जर्नल प्रकाशन

उत्तरबङ्ग विश्वविद्यालयले नेपाली भाषा साहित्यको उत्थानका निम्ति गरेका प्रयासहरू मध्ये जर्नल प्रकाशन पनि एक हो । विश्वविद्यालयबाट नेपाली भाषा र साहित्य एवम् संस्कृतिबारे अनुसन्धानमूलक पत्रिकाहरू प्रकाशित हुँदै आएको देखिन्छ । सन् १९७० सेप्टेम्बरमा उ.ब.वि.अन्तर्गतको नेपाली एकेडेमी दार्जिलिङ सहरमा स्थापना भएपछि सन् १९७४ बाट जर्नल प्रकाशन सुरु भएको

देखिन्छ । यसरी सुरु भएको जर्नल प्रकाशनको सिलसिला नियमित रूपमा प्रकाशित नभएर बीचबीचमा रोकिँदै प्रकाशित हुँदै गरेकाले त्यसपछिको लामो समयमा केही सीमित ४ जर्नलहरू मात्र प्रकाशित देखिन्छन् । कहिले विश्वविद्यालयले नेपाली विभाग एक्लै र कहिले नेपाली अकादमीसँग मिलेर संयुक्त रूपमा जर्नल प्रकाशित गर्ने गरिएको पाइन्छ । जेहोस् यसरी प्रकाशित भएका जर्नलहरूको नेपाली भाषा साहित्यको उन्नयनका सन्दर्भमा विशेष योगदान भने अवश्य नै रहन गएको छ । यहाँ प्रकाशित प्रत्येक जर्नलहरूको छुट्टाछुट्टै परिचयात्मक टिप्पणी प्रस्तुत गरिएको छ ।[१८७]

उत्तरबङ्ग विश्वविद्यालयको नेपाली साहित्य अकादमी एक्लैले प्रकाशन गरेको यो पहिलो जर्नल हो । यो नेपाली, अङ्ग्रेजी र बङ्गाली गरी तीनभाषामा प्रकाशित छ । यस जर्नलमा ८० पृष्ठ र परिशिष्टमा १३ पृष्ठ रहेका छन् । प्रकाशित लेखका शीर्षक र लेखहरू क्रमशः रहेका छन् । यसका सम्पादक नेपाली अकादमीका सेक्रेटरी देवेश रोय हुन् ।

| **लेखहरू** | **लेखक** |
|---|---|
| १. **नेपाली भाषा र साहित्यको विकासमा अनेपालीहरूको देन** | - पारसमणि प्रधान |
| २. **बडिवचन्द्रका रचनाहरूमा देशप्रेम** | - बाबुलाल प्रधान |
| ३. **नेपाली लोकसाहित्यको एक अङ्ग अड्को** | - शिवकुमार राई |
| ४. **रूपनारायण सिंहको भ्रमरमा स्वच्छन्दतावाद** | - इन्द्रबहादुर राई |
| ५. **हिमालय संस्कृति** | - डा. कमला साङ्कृत्यायन |
| ६. **गीतिकाव्यको भूमिका दार्जिलिङ साहित्यमा** | - लख्खीदेवी सुन्दास |
| ७. **भानुभक्तको रामायण (एउटा अनेपालीको दृष्टिकोण)** | - असीतरञ्जनदास गुप्त |
| ८. **नेपाली लोक संस्कृति (बङ्गाली भाषामा)** | - हरेन घोष |

९. **सर्ट हिस्टरी अफ द नेपाली एकेडेमी एन्ड इड्स एक्टीभिटिज** (अङ्ग्रेजी भाषामा) युनिभर्सिटी अफ नर्थ बङ्गाल एकेडेमीको परिचयात्मक टिपोट लेखनहरू नै प्रस्तुत अकादमी जर्नलको प्रथम सौगात हो ।

बाङ्गाली भाषामा लिखित **नेपाली लोक संस्कृति** शीर्षकको लेख भित्र वर्णित कुरालाई यहाँ संक्षेपमा उल्लेख गरिएको छ । हरेन घोषले बांगाली भाषाका माध्यमले नेपाली साहित्यको भण्डारणमा कलम चलाउदै उल्लेख गरेका कुरा परिशिष्ठको आधारमा यहाँ चर्चा गरिएको छ ।

> *"हिमालय र हिमाली संस्कृति वन्दना योग्य छन् । यहाँ देखिने झरनाको गान, शीतकालीन तुवालोले ढाकेको पाहाडको चुचुरोको छवी अभूतपूर्वको देखिन्छ । त्यहीबाट लोक संस्कृति उद्‌भूत भएको मान्न सकिन्छ । अविश्रान्त वर्षा, माटो, वृक्ष र ढुङगा अनि त्यस्तै धान, मकैजस्ता अन्नबाली बनस्पति र दैनन्दिन जीवनका अत्यआवश्यक बस्तु आदि नै लोक गीतको स्वरूप हो"*

भनी व्याख्या गरेका छन् । *"पृथ्वीमा प्रत्येक जातीको इतिहास र संस्कृतिको विकाश हुनमा लोक साहित्यको भूमिका हुन्छ । समाजमा कुनै जातीको पहिचान उसको लोक संस्कृतिबाट बुझनेकुरा"*को संकेत गर्दै दार्जिलिङतिर लोक साहित्यले झाँगिने मौका नपाएकोमा दुःख व्यक्त गरेका छन् ।

सन् १९७७ मा उ.ब.वि. नेपाली विभाग स्थापना भएपछि दार्जिलिङमा रहेको नेपाली अकादमीलाई उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागमा स्थानान्तरण गरिएको हो । दार्जिलिङमा रहँदा नै प्रकाशन गरेको पहिलो नेपाली अकादमी जर्नललाई यहाँ परिचयात्मक टिप्पणी गरिएको छ । दोस्रो जर्नल सन् १९८६ मा प्रकाशित भएको देखिन्छ । यो नेपाली एकेडेमी र विभागको संयुक्त प्रयासमा प्रकाशित जर्नल हो । ५७ पृ. रहेको यस जर्नलका प्रमुख सम्पादक भीमकान्त उपाध्याय हुन् भने सम्पादक मण्डलमा नरेन्द्रचन्द्र खाती, जस योञ्जन प्यासी र एम्. बी. राई रहेका छन् । प्रस्तुत जर्नल सन् १९८६ डिसेम्बर १७-१९ सम्ममा अनुदान आयोगको सहयोगमा उ.ब.वि. नेपाली विभागको आयोजना गरिएको भाषा संगोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्र वा अध्ययन पत्रहरू नै यस जर्नलमा लेखका रूपमा प्रकाशित भएका हुन् । ती लेख र तिनका लेखकहरू क्रमशः निम्नानुसार रहेका छन् :

१. बालकृष्ण पोखरेल : **नेपाली भाषामा अवशिष्ट सार्वनामीकरण किरात किंदा यक्ष लक्षणको सम्भावित रहलपहल**

[१८७] **एम्. बि. यू. नेपाली अकादमी जर्नल** (पत्रिका) (वर्ष १ अङ्क १, सन् १९७४)

२. वासुदेव त्रिपाठी : **नेपाली भाषाको उद्भव र विकास प्रक्रियाका आधारमा भारतमा नेपाली भाषाको प्रयोग परम्परा**

३. डिल्लीराम तिम्सिना : **नेपाली भाषाको उत्पत्ति र विकासमा संस्कृत र प्राकृत भाषाहरूको भूमिका**

४. रामलाल अधिकारी : **पश्चिम बङ्गाल र सिक्किमका शिक्षण संस्थाहरूमा नेपाली भाषा शिक्षण र शिक्षण माध्यमका रूपमा यसको प्रयोग**

५ जस योञ्जन प्यासी : **भारतमा लेखिएका नेपाली व्याकरण र नेपाली भाषाको व्याकरणिक स्वरूप निर्धारणमा यिनीहरूको भूमिका ।**

प्रस्तुत लेखहरूलाई क्रमैले चर्चा गरिएको छ :

१. प्रस्तुत लेखमा भाषाशास्त्री बालकृष्ण पोखेलले नेपाली भाषामा सार्वनामीकरणको केकस्तो प्रभाव रहेको छ भन्ने बारेमा चर्चा गरिएको छ । नेपाली भाषाको सार्वनामीकरणलाई बुझ्नका निम्ति यहाँ प्रथमपुरुष, द्वितीय पुरुष र तृतीय पुरुषमा प्रयुक्त सर्वनामहरूको चर्चा गर्दै ती सर्वनामलाई हिन्दी, कुमाउनी, गढवाली, बङ्गाली, पन्जावी, अङ्ग्रेजी खस र संस्कृत, प्राकृत, भोजपुरी आदि विविध भाषाका सर्वनामसँग तुलना गरिएको छ । यसरी पोखेलले सार्वनामीकरणको प्रवृत्ति नेपाली र अन्य भाषामा पनि पाइन्छ भन्ने निष्कर्ष प्रस्तुत गर्न खोजेका छन् । यस प्रकारको सार्वनामीकरणको प्रवृत्ति नेपालीमा किरात भाषाबाट आएको हो भन्ने उनको धारणा रहेको छ ।

२. प्रस्तुत लेखमा त्रिपाठीले नेपाली भाषाको उद्भव र विकासपक्रियाको सङ्क्षिप्त चर्चा गर्दै यसै प्रक्रियाका आधारमा भारतमा नेपाली भाषाको प्रयोग सुरु भएको सन्दर्भ प्रस्तुत गरेका छन् । यस क्रममा भारतमा नेपाली भाषाको प्रयोग क्षेत्रहरू सिक्किम दार्जिलिङ, जलपाइगढी, असम, मेघालयलगायतका ठाउँहरू हुन् भन्ने सन्दर्भ उल्लेख गर्दै उनले सन् १७८८ देखि १८१४ का बीचमा सिक्किम र दार्जिलिङ क्षेत्रमा नेपाली भाषाको मौलिक प्रयोग सुरु भएको उल्लेख गरेका छन् । यसपछि सिक्किम र दार्जिलिङमा नेपालीहरूको बस्ती बाक्लिदै जाँदा सम्पर्क भाषाका रूपमा नेपालीको प्रयोग हुन थालेको हो भन्ने वासुदेव त्रिपाठीको विश्लेषण छ । यस क्रममा विभिन्न लोक साहित्यिक कृतिहरूको लेखन पत्रपत्रिकाको उदय आकाशवाणी, नेपाली चलचित्र निर्माणजस्ता प्रयासहरूबाट नेपाली भाषा फैलने मौका पाएको हो । नेपाली भाषाका व्याकरण, शब्दकोश तथा विविध ग्रन्थ र साहित्यिक विधाहरूको समेत क्रमशः प्रकाशन हुन गई दार्जिलिङका नेपाली भाषीहरूको मुख्य प्रयोग स्थलका रूपमा देखा पर्न थालेको त्रिपाठीले उल्लेख गरेका छन् । भारतीय संविधानको ८ औं अनुसूचीमा नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउने अभियान र सङ्घर्षमा पनि दार्जिलिङको भूमिका अग्रणी रहेको छ भन्दै उनले दार्जिलिङलाई नेपाली भाषाको गढ मानेका छन् ।

दार्जिलिङबाहेक सिक्किम, असम, मेघालय, मणिपुर, बनारस (काशी) देहरादूनजस्ता भारतका विभिन्न क्षेत्रहरूमा पनि नेपाली भाषाको प्रयोग क्रमशः फस्ट्याउँदै गएको र कतिपय ठाउँमा विद्यालयबाट महाविद्यालयमा नेपाली भाषा पठनपाठनसमेत हुने गरेको उल्लेख गर्दै त्रिपाठीले नेपाली भाषाको उन्नयनमा सामाजिक राजनीतिक शैक्षिक एवम् प्राज्ञिक प्रयास, पत्रकारिता गोष्ठी र प्रकाशन तथा भाषिक जागरण ल्याएर भारतका नेपालीहरूले नेपाली जातिको सचेत सृजनात्मक बौद्धिक प्रयासबाट भाषिक उन्नयनमा अत्यन्तै महत्त्वपूर्ण प्रयास गरिरहेको भनी भारतमा नेपाली भाषाको प्रयोग र परम्पराको विशद चर्चा गर्दै प्रशंशा समेत गरेका छन् ।

३. प्रस्तुत लेखमा नेपाली भाषाको उत्पत्ति र विकासका सन्दर्भमा डिल्लीराम तिम्सिनाले वैदिक र लौकिक संस्कृतका दुई भेद उल्लेख गर्दै महाराष्ट्री, शौरसेनी, अर्धमागधी र पैशाची गरी पाँच प्राकृतहरूलाई देखाएका छन् । शब्दानुशासन अर्थात् अष्टाध्यायीलाई संस्कृत व्याकरणमा पाणिनिको उत्कृष्ट रचना हो भनेका छन् । प्राकृत र अप्रभंश भाषाका व्याकरणको व्याख्या र नियम तथा नमुना प्रस्तुत भएको हेमचन्द्रको शब्दानुशीलन हो र वररुचिको **प्राकृतप्रकाश**लाई प्राकृतको सर्वप्राचीन व्याकरण मानेका हुन् । प्राकृतप्रकाशमा अपभ्रंशलाई पनि प्राकृत भनिएको र शौरसेनीलाई पनि प्राकृत अन्तर्गत राखिएको छ । जस्तै : गोः शब्दको संस्कृत रूप 'गो'। गौ हो जसको नेपाली रूप गाई हुन्छ । अपभ्रंश रूप भने 'गोता' गोणो हुन्छ । यिनले पाली र प्राकृत भाषाहरू संस्कृत भाषाकै विकृत र विकसित रूप मानेका छन् । शौरसेनी र मागधीका अप्रभंशको प्रभाव नेपालीमा हु भन्दै शौरसेनीको अप्रभंश रूप खस प्राकृत नै नेपाली भाषाको पुर्खा हो भन्ने डिल्लीराम तिमसिनाको पनि मत छ । संस्कृतलाई भारतीय आर्यभाषा भन्दै प्राकृत

तथा पालीलाई मध्यकालीन आर्य भाषा हुन् । भनेको पाइन्छ । यिनले संस्कृत पालि । अशोककालीन प्राकृत र नेपाली सम्म विकृत हुँदै आएका शब्दहरूको परिवर्तित रूप अश्रु (सं.) अस्सू आँसु जस्तै अरु पनि थुप्रै शब्दहरूलाई केलाइएको पाइन्छ । संस्कृतमा त्वं प्राकृतमा तुं, नेपालीमा तँ तिमी आदि । संस्कृत प्राकृत भाषालाई नेपाली भाषाले समान रूपले पचाएको छ । नेपाली भाषाको उत्पत्ति र विकासमा संस्कृत र प्राकृत भाषाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ भन्ने कुरा सारांशमा अभिव्यक्त भएको पाइन्छ ।

४. प्रस्तुत लेखमा दार्जिलिङ सखारी महाविद्यालयका तत्कालीन विभागाध्यक्ष रामलाल अधिकारी ( सन् १९४१-२००६) ले पश्चिम बङ्गाल र सिक्किमका शिक्षण संस्थाहरूमा नेपाली भाषा पठनपाठनको स्थितिका बारेमा उल्लेख गर्दै नेपालीहरू विदेशमा धेरै ठाउँमा छरिएर रहे पनि नेपाली भाषा शिक्षण र शिक्षण माध्यमका रूपमा भने सबैतिर व्यवस्था छैन । पश्चिम बङ्गाल सिक्किम, असम, मेघालय र बनारसतिर मात्र नेपाली भाषा शिक्षण गरिन्छ तर नेपाली शिक्षाको माध्यमका रूपमा नेपाली भाषापूर्ण रूपले प्रयोग गरिने ठाउँ भने उत्तरबङ्गाल मात्र हो भनेका छन् । सिक्किम राज्यमा बहुसङ्ख्यक नेपाली भाषी भएर पनि शिक्षाको माध्यम उच्च विद्यालयहरूमा अङ्ग्रेजी नै रहेको छ । माध्यमिक स्कुल बोर्ड स्थापना नहुँदा दिल्ली बोर्डबाट सञ्चालित हुनाले पनि नेपाली भाषा भर्नाकुलर रूपमा मात्र प्रयोग भएका छन् तर उ.ब.वि. अन्तर्गतका सिक्किम सरकारी महाविद्यालयमा आफूले चाहना गरेको (नेपाली) भाषामा लेख्न पाइने व्यवस्था छ । उनको भनाइमा दार्जिलिङ जिल्लामा नेपाली भाषा शिक्षाको माध्यमका रूपमा दार्जिलिङ भरी फैलिएका ८४ वटा उच्च माध्यमिक विद्यालयहरूको सामान्य चर्चा गरेका छन् । नेपाली भाषा शिक्षणमा देखापरेका त्रुटिहरू र तिनका चर्चा गर्दै त्यस सुधार भित्रका विषयमा दखलमा पूर्ण ज्ञानको अभाव, नैतिकज्ञान र कथाहरूका ज्ञानको अभाव, शुद्ध उच्चारण गर्न नसक्नु, मातृभाषाका शिक्षकका हीनताबोधको भावना विषयको महत्त्व प्रति अनास्था जस्ता कुरालाई उठान गरी नेपाली भाषा शिक्षाको माध्यम हुनु अतिराम्रो तर पनि अन्य भाषा एउटा मात्रै भए पनि ज्ञान गर्नु जरूरी हुन्छ भन्ने निचोड दिएको बुझिन्छ ।

५. प्रस्तुत लेखमा जस योञ्जन प्यासी (सन् १९४९) ले नेपाली भाषाको व्याकरणको इतिहास सन् १८२० पूर्व पुग्दै **अग्रामर अफ द नेपालीज ल्याङ्वेज** भनी नेपाली व्याकरणको नामाकरण भने प्रथम व्यक्ति फोर्ट विलियम कलेज कलकत्ताका प्राध्यापक जेम्स अलेकज्यान्डर एटन हुन् । एटनको व्याकरणपछि भारतबाट प्रकाशित पादरी ए टर्नबुलको **नेपाली ग्रामर एन्ड इङ्गलिस नेपाली, नेपाली इङ्गलिस भोकाबुलरी** सन् १८८७ मा दार्जिलिङबाट प्रकाशित भएको हो । सन् १९०४ र सन् १९२३ मा सामान्य संशोधन सहित यसको दोस्रो र तेस्रो संस्करण पनि प्रकाशित भएको कुरा उल्लेख गर्दै मेजर ए. जी. एफ. ब्राउनको **म्यानुएल अफ खस् गोर्खाली अर् पार्वतीय** १८९२ मा लेफ्टिनेन्ट एम्. इ. डोविड. होयेन्सटलले सुबेदार कुशलसिंह बुढाथोकीको सहयोगमा लिएर **खस गोर्खाली ग्रामर एन्ड भोकाबुलरी** कलकत्ताबाट प्रकाशित गरे भन्ने कुरा उल्लेख गरेका छन् । पादरी आर्. किल्गोरले सन् १९०७ मा प्रकाशित **लिङ्ग्विस्टिक सर्भे अफ इन्डिया** र सरजर्ज अब्राहम ग्रीयर्सनले पनि खस कुरा वा नेपाली भनेर नेपाली व्याकरणको चर्चा गरेका छन् । त्यस्तै क्याप्टन जी. डब्ल्यू पी. मोनीको **गोर्खाली म्यानुएल** सन् १९१८ मा बम्बईबाट प्रकाशित भयो । सन् १९१३ मा टर्नबुलले थालेका **इङ्गलिस नेपाली डिक्सनरी** किलफोर र पादरी गङ्गाप्रसाद प्रधान मिलेर निकाले । १९२० मा भारतबाट प्रकाशित नेपाली भाषामा लेखिएको नेपाली व्याकरण पहिलो नै हो भनी चिनाएका छन् । निष्कर्षमा व्यक्त गरेका कुनै पनि भाषाको व्याकरणमा समयसमयमा संशोधन हुनुपर्छ । यही नै जीवित भाषाको लक्षण हो भन्दै भारतीय नेपाली

अन्तमा प्रस्तुत जर्नलमा प्रकाशित लेखका लेखकहरूको सङक्षिप्त परिचय दिई ५८ पृष्ठमा टुङ्ग्याइएको छ ।

उ.ब.वि. नेपाली विभागले आफ्नै सतत प्रयासमा वि. सं २०५८ मा नेपाली जर्नल III लाई प्रकाशनमा ल्यायो । नेपाली भाषा र साहित्य एवम् संस्कृति विषयक अनुसन्धानमूलक अर्धवार्षिक भनेर प्रकाशित गरिएको छ । २३-२५ फेब्रुअरी सन् २००० सालमा उ.ब.वि.को नेपाली विभाग र यसै विभागसँग संलग्न नेपाली अकादमीको संयुक्त तत्त्वाधानमा **समकालीन नेपाली गद्याख्यान** विषयमा

राष्ट्रिय संगोष्ठी सम्पन्न भएको थियो । सोही संगोष्ठीमा प्रस्तुत कार्यपत्रलाई लेखका रूपमा समाविष्ट गरिएको छ ।

मोहन पी. दाहाल र नरेशचन्द्र खातीको सम्पादनमा प्रस्तत नेपाली जर्नलमा १८ वटा अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् । जसमा अन्य उपकुलपति र कुलसचिवको सन्देश विभागाध्यक्षको मन्तव्य, राष्ट्रिय संगोष्ठीको स्वागत भाषण एवम् सम्पादकीय पनि उल्लेख गरेको पाइन्छ । अन्तिम चरणमा सार प्रतिवेदनसमेत राखिएको प्रस्तुत जर्नल १३७ पृष्ठमा आबद्ध छ र यसलाई वर्ष १, अङ्क १, सन् २००१-२ भनी उल्लेख गरिएको छ । यसर्थ यो जर्नल अगाडिका जर्नलजस्तो एकेडेमी सम्बद्ध नभएर उ.ब.वि. नेपाली विभागकै जर्नलका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली जर्नल (सम्पा.) मोहन पी. दाहाल र नरेशचन्द्र खाती दार्जिलिङ उ.ब.वि. नेपाली विभाग, अङ्क १, वर्ष १ सन् २००१-२ ।

यस जर्नलमा (प्रकाशित लेख र तिनका लेखकहरू यस प्रकार छन् ।

| लेखक | लेख |
|---|---|
| १. इन्द्रबहादुर राई | **साहित्यिक समकालीनता : शब्दार्थक र पारिभाषिक ।** |
| २. मोहनराज शर्मा | **समकालीन नेपाली गद्याख्यान अध्ययनका आधारपद्धति** |
| ३. घनश्याम उपाध्याय कँडेल | **साहित्यमा समकालीनताको अवधारणा र नेपाली कथा** |
| ४. लख्खीदेवी सुन्दास | **समकालीन भारतीय कथाका मूलप्रवृत्ति** |
| ५. गोकुल सिन्हा | **साहित्यमा समकालीनताको समस्या र सानु लामाको हिमालचुली मन्तिर** |
| ६. रामलाल अधिकारी | **समकालीन भारतीय नेपाली कथामा जातीय चेतना** |
| ७. शान्तिराज शर्मा | **समकालीनता उत्तरआधुनिकता र नेपाली गद्याख्यान** |
| ८. ऋषिराज बराल | **सौन्दर्यशास्त्रीय दृष्टिकोणमा समकालीन गद्याख्यान** |
| ९. जस योञ्जन प्यासी | **समकालीन भारतीय उपन्यासमा प्रगतिवादी चेतना** |
| १०. राजेन्द्र भण्डारी | **समसामयिक भारतीय नेपाली कथाका अभिप्राप्ति** |
| ११. जीवन नाम्दुङ | **समकालीन नेपाली उपन्यासमा राजनैतिक चेतना** |
| १२. पुष्पा शर्मा | **समसामयिक नेपाली कथा र सानु लामाका कथामा नारीपात्र** |
| १३. नरेशचन्द्र खाती | **इन्द्रबहादुर राईका कथामा समकालीनता** |
| १४. कृष्णराज घतानी | **समकालीन नेपाली कथामा लोकतत्त्व** |
| १५. राजकुमारी दाहाल | **समकालीन नेपाली उपन्यासमा आञ्चलिक सन्दर्भ** |
| १६. पुष्कर पराजुली | **अभीष्टखोज एउटा नारीवादी अध्ययन** |
| १७. ममता लामा | **समकालीन भारतीय नेपाली उपन्यासमा मध्यववर्गीय जीवनको अङ्कन** |

१८. राजकुमार छेत्री **समकालीन भारतीय नेपाली कथाका प्रवृत्तिहरू सार प्रतिवेदन**

समकालीन नेपाली गद्याख्यानबारे राष्ट्रिय संगोष्ठी कार्यक्रममा प्रस्तुत गरिएका प्रायाः जसो रचनाहरूलाई नै यस कृतिको स्वरूपमा ल्याइएको छ ।

१. प्रस्तुत लेखमा इन्द्रबहादुर राईले साहित्यमा सककालीनताको शब्दार्थक र पारिभाषिक अवधारणा बारे परिचर्चा गरेका हुन् । उनले समकालीनतालाई शब्दार्थिक कोणबाट हेर्दा आधुनिक वा समसामयिक अर्थमा ग्रहण गर्न सकिने उल्लेख गरेका हुन् । त्यस्तै पारिभाषिक कोणबाट हेर्दा समकालीनताको अर्थ साहित्यिक प्रवृत्तिसँग सम्बन्धित हुन्छ भन्ने मानेका छन् । यसरी समकालीनताको कोशीय अर्थ आधुनिकता हो र पारिभाषिक अर्थ साहित्यिक प्रवृत्ति विशेष हो भन्ने उनको अवधारणा प्रस्तुत लेखमा प्रकट गरेका छन् ।

२. प्रस्तुत लेखमा मोहनराज शर्मालेसमकालीन गद्याख्यानलाई बृहत् र लघु आख्यान गरी बाँडेका छन् । यी मध्ये बृहद्अन्तर्गत उपन्यास र लघु गद्याख्यानअन्तर्गत कथालाई राखेका छन् । आख्यानको संक्षिप्त परिभाषा दिँदै उनले प्रस्तुत लेखमा आख्यानको विश्लेषणका प्रारूपहरू प्रस्तुत गरेका हुन् । त्यसमा वस्तुसार अभिमुखीकरण मूल्याङ्कन, जटिलताबर्द्धक व्यापार, परिणाम अन्ततः कथान्तक पात्रहरूको परिभाषा दृष्टिबिन्दु र व्याख्यालाई आख्यान विश्लेषणको प्रारूप मानेका छन् । आख्यानको विश्लेषण गर्दा उपर्युक्त आधारमा वस्तुवादी भाषाकेन्द्री र अन्तर्विषयक पद्धति अँगालिने कुरा उनले उल्लेख गरेका छन् । शर्माले उपयुक्त पद्धतिबाट आख्यानको विश्लेषण गर्न सहयोगी सामग्रीका रूपमा विराग शीर्षकको कथा छनौट गरी त्यसको विश्लेषण गरेका छन् ।

३. प्रस्तुत लेखमा घनश्याम उपाध्याय कँडेलले समकालीनता शब्दको व्युत्पत्ति र अर्थ केलाउँदै साहित्यमा समकालीनताको अवधारणाबारे चर्चा गरेका छन् । उनले आधुनिकता र समकालीनतालाई एउटै कुरा नमानेर भिन्न मानेका छन् । यस क्रममा नेपाली कथाको ऐतिहासिक विकासक्रम संक्षिप्त रूपमा प्रकाश पार्दै नासो भन्दा अघि र पछिका कथासम्मका कथालाई आधुनिकता कथा भनेका छन् । उनले नासो भन्दा अघि र पछिका कथा र कथाकारको चर्चा गरेका छन् । उनले नासो र त्यसपछिका ३६ साल सम्मका कथालाई आधुनिक कथा भनेका छन् भने त्यसपछिका कथालाई समकालीनता भनेर उल्लेख गरेका छन् ।

४. प्रस्तुत लेखका लेखक लखीदेवी सुन्दासले समकालीन भारतमा नेपाली कथाका मूल प्रवृत्तिहरू ठम्याउने प्रयत्न गरेको पाइन्छ । यस क्रममा उनले कथा कुसुम र त्यसपछि प्रकाशित विभिन्न कथाहरूको चर्चा गर्दै विभिन्न कथामा प्रयोग भएका सामाजिकता, मनोविज्ञान, प्रयोगवादिताजस्ता विविध प्रवृत्तिहरूको चर्चा परिचर्चा गरेकी छिन् ।

५. प्रस्तुत लेखमा गोकुल सिन्हाले सानु लामाको हिमालचुली मुन्तिर कृतिलाई समकालीनताका सन्दर्भमा चिनाउने कोसिस गरेका छन् । खासगरी सिक्किमको प्राकृतिक रमणीयतालाई मूल परिवेश बनाएर लेखिएको प्रस्तुत कृति विधागत दृष्टिले नवीन किसिमिको छ । त्यसैले यस कृतिलाई दैनिकी संस्मरण कथासङ्ग्रह वा उपन्यास कुन विधामा अन्तर्गत राख्ने भन्ने बारेमा लेखक पनि प्रष्ट छैनन् । त्यसैले उनले यसलाई साहित्यमा समाकालिनताको समस्याका रूपमा उल्लेख गरेका छन् । नयाँ ढङ्गमा लेखिएको प्रस्तुत कृति शिल्प संरचना र शब्दप्रयोगमा समेत नयाँपन बोकेको एउटा नवीनतम कृति हो । त्यसैले समकालीन साहित्यिक परिवेशमा यस कृतिलाई कहाँनेर राख्ने भन्ने अन्योलमै यस लेखलाई टुङ्ग्याइएको छ । विधाको अन्योलकै बीचमा उनले यसलाई उपन्यासको रूपमा हेर्ने प्रयत्न गरेका छन् । यसरी साहित्यमा समकालीनता केलाई मान्ने भन्ने सन्दर्भमा प्रस्तुत हिमालचुली मुन्तिर कृतिको प्रशङ्गवश चर्चा गर्नु नै यस लेखको प्रमुख उद्देश्य देखिन्छ ।

६. प्रस्तुत लेखमा रामलाल अधिकारीले समकालीन नेपाल भारतीय नेपाली कथामा जातीय चेतना केको कस्तो प्रयोग छ ? भन्ने सन्दर्भमा केही कथाहरूलाई अघि सारेर विश्लेषण गरेका छन् । यस क्रममा कथाकुसुम, भित्रका कथाहरू अच्छा राई सिक्किमको चपरासी कथा इन्द्रबहादुर राईका कथा आदिमा जातीय चेतना प्रखर रूपमा व्यक्त भएको धारणा प्रस्तुत गरेका छन् ।

त्यस्तै डा. त्रिलोक राई नन्द हांगखिम, हरिप्रसाद गोर्खा राई, मोहन दुखुन, रूपनारायण र जागरणको भावना छरपस्ट रूपमा व्यक्त भएको पाइन्छ भने लेखकले उल्लेख गरेका छन् ।

७. प्रस्तुत लेखमा शान्ति राज शर्माले परिवर्तित सन्दर्भमा विभिन्न वाद, सिद्धान्त ज्ञानविज्ञान प्रविधि, आदिको प्रभावमा लेखिएको साहित्यलाई नै समकालीन साहित्य भन्न सकिन्छ भन्ने धारणा प्रकट गरेका छन् । त्यस्तै उत्तर आधुनिकता यान्त्रिक युगको परिवर्तित चेतनाको उपज हो भन्ने उनको धारणा छ । यिनै समकालीन र उत्तर आधुनिक परिवेशका केन्द्रीयतामा उनले नेपाली गद्याख्यानको चर्चा गरेका छन् । यस क्रममा समकालीन र उत्तर आधुनिक कविहरूका रूपमा हिमाल चुली मुन्तिर, कठपुतलीको मन रामलाल अधिकारीको माछाको मोल र हत्केलाहरू शरद छेत्रीको कालाग्नी भीम दाहालको अभीष्टको खोज आदि कृतिहरूमा समकालीन सचेतता देखिन्छ भनेर उल्लेख गरेका छन् ।

८. प्रस्तुत लेखमा ऋषिराज बरालले सौन्दर्यशास्त्रीय दृष्टिकोणमा समकालीन नेपाली गद्याख्यानहरू केकस्ता रहेका छन् भन्ने सन्दर्भको विश्लेषण गरेका छन् । साहित्यिक कृतिमा साहित्यकारले प्रक्षेपण गर्ने चेतना र शैलीशिल्प नै कृतिको सौन्दर्य हो । सौन्दर्य चिन्तनको पूर्वीय पाश्चात्य दुवै क्षेत्रमा आआफ्नै परम्परा कायम छ भन्दै लेखकले मार्क्सवादी लोकप्रिय सौन्दर्यशास्त्र मानेका छन् ।

लेखकले समकालीन आख्यानमा बौद्ध शून्यवादी दर्शनका साथै प्रभाव परेको त्यसमा पनि विशेष गरी नित्सेको शून्यवाद र मार्क्सको द्वन्द्वात्मक भौतिकवादको प्रभाव विशेष रूपमा परेको छ भनी उल्लेख गरेका छन् । नेपाली आख्यानका सन्दर्भमा रमेश विकल, दौलत विक्रम, धनुषचन्द्र गौतम, ध्रुवचन्द गौतम, मदनमणि दीक्षित आदिका रचनामा सौन्दर्यचिन्तन विविध ढङ्गले प्रकट भएको पाइन्छ भनी उल्लेख गरेका छन् । परिवर्तित सन्दर्भमा सौन्दर्य चिन्तनका विविध रूपहरू देखापर्न थालेका छन् । जस्तै स्वैरकल्पना, उत्तर आधुनिकता लीलालेखन आदि विविध प्रवृत्ति र चिन्तनले गर्दा समकालीन सौन्दर्यचिन्तन भ्रमात्मक रहेको धारणा व्यक्त गरेका हुन् ।

उनका विचारमा यसरी नेपाली आख्यान मूलतः सौन्दर्य चिन्तन वस्तु जगत् र र आत्मजगत्मा केन्द्रीय देखिन्छ ।

९. प्रस्तुत लेखमा जस योञ्जन प्यासीले कार्लमार्क्स एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवादी चिन्तनलाई नै साहित्यमा प्रगतिवाद भनिन्छ भन्ने धारणा व्यक्त गर्दै प्रगतिवादी साहित्यले समाजसम्बन्धी केकस्तो मान्यता राख्दछ भन्ने विश्लेषण गरेका छन् । प्रगतिवादीका विशेषताहरू औँल्याउँदै उनले (नेपाली) उपन्यासका जति प्रगतिवादी चिन्तनको जीवन्त प्रस्तुति अरू विधामा हुन नसक्ने उल्लेख गरेका हुन् । भारतीय, रुसी, अङ्ग्रेजी, नयाँ अङ्ग्रेजी प्रगतिवादी उपन्यासको सङक्षिप्त उल्लेख गर्दै उनले नेपालीमा प्रगतिवादी उपन्यासको परम्पराको चर्चा गरेका हुन् । हृदयचन्द्र सिंह प्रधानको एक चिहान, डी. पी. अधिकारीको आशमाया, खगेन्द्र संग्रौलाको चेतनाको पहिलो डाक आदि नेपाली उपन्यासहरू प्रगतिवादी औपन्यासिक परम्पराका उल्लेख्य कृति हुन् भन्दै उनले दार्जीलिङबाट प्रकाशित पहिले प्रगतिवादी उपन्यासा हर्क योञ्जन विरहीको दुई मुहान एक स्रोत १९७२ हो भनी उल्लेख गरेका छन् ।

यसपछि नेपाली साहित्यमा पारिजात, मोदनाथ प्रश्रित, रमेश विकल, सञ्जय थापा, ऋषिराज बरालजस्ता साहित्यकारहरूले प्रगतिवादी उपन्यास लेखेको कुरा उनले उल्लेख गरेका छन् ।

समकालीन भारतीय नेपाली उपन्यासको चर्चा गर्ने क्रममा उनले प्रगतिवादी चेतना प्रकट भएको दुई मुहान एकै स्रोत उपन्यासको कथ्य चरित्र, भाषा शिल्प, लक्ष्य आदि विविध विशेषताहरूको विस्तृत रूपमा चर्चा गरेका छन् । यसै गरी असित राईको यन्त्रका (१९८०) लाई पनि सबै दृष्टिबाट उनले प्रगतिवादी उपन्यास भन्दै यसलाई पनि कोणबाट विस्तृत व्याख्या विश्लेषण गरेको पाइन्छ ।

१०. प्रस्तुत लेखमा राजेन्द्र भण्डारीले भारतीय नेपाली कथाको सामान्य पृष्ठभूमि र उठानको चर्चा गर्दै भारतीय नेपाली कथाको प्रवृत्तिको चर्चा गरेका छन् । समसामयिक भारतीय नेपाली कथाहरूमा (रोमान्टिक) स्वच्छन्दतावादी, सामाजिक यथार्थतावादी, प्रगतिवादी, अस्तित्ववादी, आञ्चलिकता, तेस्रो आयामजस्ता विविध प्रवृत्तिहरू देख्न सकिन्छ भनी उल्लेख गरेका छन् ।

यसरी भारतीय नेपाली साहित्य विविध प्रवृत्तिहरू सहित अगाडि बढी रहेको सन्दर्भ प्रस्तुत लेखमा लेखक भण्डारीले लेखेका छन् ।

११. प्रस्तुत लेखमा पुष्प शर्माले सिक्किममा नेपाली कथाको सङ्क्षिप्त परम्परा उल्लेख गर्दै विभिन्न कथाकारहरूको मुख्य प्रवृत्तिलाई एकएक वाक्यमा प्रस्तुत गरेकी छिन् । यस पृष्ठभूमिमा उनले कथाकार सानु लामाका कथामा प्रयोग भएका नारी पात्रहरूको विशेषता वर्णन गरेकी छिन् । यस क्रममा सानु लामाको **कथासंपद्** कथासङ्ग्रह **मृगतृष्णा** (कथासङ्ग्रह) का आधारमा ती कथाहरूमा प्रयोग गरिएका नारी पात्रलाई हेर्ने प्रयत्न गरेकी छन् । लेखकका विचारमा सानु लामाका कथाका नारी पात्रहरू सामाजिक कुरीति अमानवीयता, पुरुष वर्गको शोषण, थिचोमिचोबाट पीडित, लोग्नेबाट आश्रित अशिक्षित निमुखा, पुरुषहरूबाट साधनका रूपमा प्रयोग गरिएका नारी पात्रहरू पाइन्छन् । यसै गरी उनका कथामा स्वच्छ पवित्र, इमान्दार, उच्च आदर्शले युक्त नारीपात्रहरू समेत सानु लामाका कथाहरूमा पाइन्छन् भनी विश्लेषण गरेकी छिन् ।

१२. प्रस्तुत लेखमा नरेशचन्द्र खातीले आधुनिकदेखि अघिल्लो फाँटमा आउने नयाँ प्रवृत्तिलाई समकालीन लेखन भनेका छन् । उनका विचारमा समकालीन लेखन आधुनिक लेखनभन्दा अझ अगाडि बढेको बेग्लै दृष्टिकोण हो । यसै धारणाका आधारमा उनले इन्द्रबहादुर राईको लीला लेखनमा आधारित **विपना कतिपय** (सन् १९६०), **कथास्था** (१९७२), **कठपुतलीको मन** (१९८९) मा सङ्गृहीत कथाहरू समकालिनताका सन्दर्भबाट विश्लेषण गर्ने जमर्को गरेका छन् ।

राईका **रातभरी हुरी चल्यो**, **खीर**, **चपरासी**, **हामीजस्तै मैनाकी आमा** आदि विभिन्न कथाहरूको दृष्टान्त दिँदै उनले मानव जीवनलाई सर्वोपरि दिएर आफ्ना कथामा उतारेको उल्लेख गरेका छन् । उनी आदर्श र आधुनिकताका विरोधी कथाकार हुन् भन्ने कुरा पनि उनका विभिन्न कथाहरूको दृष्टान्त दिएर लेखकले स्पष्ट पारेका छन् । मैनालीको परालको आगोलाई चार विकथामा प्रस्तुत गर्दै उनले लेखेका कठपुतलीको मनले यथार्थलाई निरपेक्ष, स्वतन्त्र, विकेन्द्रित र विनिर्मित गरेर देखाएका छन् । त्यसले यो लेखन समकालीन कृति हो भन्ने लेखकको धारणा रहेको छ ।

१३. प्रस्तुत लेखमा कृष्णराज घतानीले कुनै पनि साहित्यले निश्चित समयलाई मात्र नबुझाई दूरगामी प्रभाव र युगीन आस्थालाई नै समकालीनता भनिन्छ भन्ने उल्लेख गरेका छन् । समकालीन साहित्यमा आधुनिक प्रगतिवादी वैज्ञानिक चिन्तन रहेको हुन्छ भन्दै उनलै रचनामा व्यक्त भएको युग सापेक्ष मूल्यलाई नै समकालिनता मानेका छन् । समकालीन नेपाली कथामा लोकतत्वको चर्चागर्दै उनले शिवकुमार राईका कथाहरूमा लोकभाषाको सरल सुन्दर अभिव्यक्ति पाइने सन्दर्भ उल्लेख गरेका छन् । त्यस्तै गुरूप्रसाद मैनाली, इन्द्र सुन्दास आदिका कथामा पनि लोकतत्त्वको प्रयोग भएको उनको धारणा छ । यसरी नै लोकपरिवेशलाई इन्द्रबहादुर राईले पनि आफ्नो कथामा प्रयोग गरेका पाइन्छ भन्ने लेखकको भनाइ छ । यसरी नेपाली कथाकारहरूले भाषा र परिवेशका सन्दर्भमा लोकतत्त्वको उपयोग गरेको पाइन्छ भन्ने लेखकको दृष्टिकोण छ ।

१४. प्रस्तुत लेखमा जीवन नाम्दुङले साहित्यमा समकालीनता भन्न साहित्यको वर्तमान वा तात्कालीकताको सङ्केत हो भनेका हुन् । उनले नेपाली साहित्यमा विभिन्न किसिमका नवनव लेखनप्रवृत्तिहरू भित्र्याएर समकालीन साहित्यको नयाँ सम्भावनालाई उघार्ने काम गरेका छन् भन्दै नेपालमा ध्रुवचन्द्र गौतम र भारतमा शरद छेत्रीलाई समकालीन आख्यानकारको रूपमा हेर्ने गरेको पाइन्छ । समकालीन नेपाली उपन्यासमा राजनैतिक चेतनाको प्रयोगको सन्दर्भ उल्लेख गर्दै रूपमतीदेखि पछिका अधिकांश उपन्यासहरूमा राजनैतिक चेतना कुनै नकुनै रूपबाट व्याप्त भएको धारणा प्रस्तुत गरेका छन् ।

१५. प्रस्तुत लेखमा राजकुमारी दाहालले कुनै पनि उपन्यासमा कुनै एक विशेष अञ्चलको समग्र समाज जीवन वातावरण भाषा र क्रियाकलापलाई यथार्थ रूपले चित्रण गर्नु नै आञ्चलिकताको हो भनेकी छन् । आञ्चलिक उपन्यासहरूको चर्चा गर्ने क्रममा शङ्करको कोइरालाको खैरेनी घाट सन् १९६१ लाई पहिलो आञ्चलिक उपन्यास मानेकी छिन् । यस लेखमा खैरेनी घाट भन्दा अघिका उपन्यासको सङक्षिप्त चर्चा गर्दै ती सबैमा स्थानीय समाजको प्रयोग गरी आञ्चलिकताको भ्रम दिन खोजिए पनि ती वास्तवमा आञ्चलिक उपन्यास हैनन् भनिएको छ ।

त्यस्तै ध्रुवचन्द्र गौतमको अलिरिक (सन् १९८३), धनुषचन्द्र गोतामेको **घामका पाइलाहरू** , लीलाबहादुर छेत्रीको ब्रह्मपुत्रका छेउछाउजस्ता उपन्यासहरूमा आञ्चलिकताको सुन्दर प्रयोग गरिएको छ भन्ने लेखककले उल्लेख गरेका छन् ।

१६. प्रस्तुत लेखमा पुष्कर पराजुलीले नारीलाई केन्द्र गरेर लेखिने आलोचनालाई नै नारीवादी आलोचना हो भन्दै ईश्वरीको ६० तिर अमेरिका र युरोपमा फैलिएको नारीवादी आलोचना कलाको क्षेत्रमा एउटा राजनैतिक आन्दोलन हो भन्ने उल्लेख गरेका छन् । नारीवादी उपन्यासहरू नायिका प्रधान हुन्छन् तिनमा पुरुषको शासनलाई शासित नारीका पराधीनतालाई देखाइएका अगाडि बढाउन खोज्ने पुरुष वर्गको शोषण र दमनलाई देखाउने र सामाजिक परिवर्तन र स्वतन्त्रताको खोजी गर्ने काम नारीवादी उपन्यासमा गरिएको हुन्छ भन्ने लेखकले उल्लेख गरेका छन् ।

१७. प्रस्तुत लेखमा ममता लामाले समकालीन भारतीय नेपाली उपन्यासमा मध्यम वर्गीय जीवनको केकस्तो अङ्कन गरिएको छ भन्ने विश्लेषण गरेकी छन् । उनले भारतीय नेपाली उपन्यासमा मध्यमवर्गीय नेपाली समाजको आर्थिक पक्ष, बेरोजगारी समस्या, देखावटीपन आदिको चित्रण गरिएको पाइन्छ भनेर उल्लेख गरेकी छिन् । त्यस्तै सामाजिक पक्षमा मध्यमवर्गीय नारी पुरुष, उनीहरूको प्रेम, दाम्पत्य जीवन आदिलाई पनि देखाएकी छिन् । यसका अतिरिक्त राजनीतिक धार्मिक पक्षको समेत चर्चा गर्दै उनले विभिन्न उपन्यासहरूमा चित्रण गरिएको मध्यमवर्गीय नेपाली समाजको व्यापक सेरोफेरोलाई प्रस्तुत गरेकी छिन् ।

१८. प्रस्तुत लेखमा राजकुमार छेत्रीले समकालीनताको सन्दर्भ उल्लेख गर्दै विभिन्न कथाहरूमा प्रयोग भएको समकालीनताबारे समकालीन सन्दर्भले नै व्याख्या गरेका छन् । शिवकुमार राई, हरिप्रसाद गोर्खा, एम्. ए. गुरुङ, लीलबहादुर छेत्री आदि विविध कथाकारको नाम उल्लेख गर्दै उनीहरूले नौला प्रयोग र नवीन शैली शिल्पका माध्यमबाट माथि उल्लेखित कथाकारका कथाहरूमा समकालीन प्रवृत्ति भित्र्याएको सन्दर्भ उल्लेख गरेका छन् ।

नेपाली भाषासाहित्य र संस्कृतिबारे अनुसन्धानमूलक अर्धवार्षिक भनी नेपाली अकादमी जर्नल (वर्ष ४, अङ्क ४ अगस्त २००७)लाई उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागले प्रकाशनमा ल्याएको छ । यसका सम्पादक मोहन पी. दाहाल र सम्पादन सदस्यहरूमा अर्जुनप्रसाद, नरेशचन्द्र खाती, कृष्णराज घतानी रहेका छन् । दसवटा अनुसन्धानात्मक लेखहरू समावेश गरिएको प्रस्तुत नेपाली अकादमी जर्नल १०७ पृष्ठको छ । प्रस्तुत जर्नलमा निम्न लिखित विद्वान्हरूका लेखहरू रहेका छन् :

| | |
|---|---|
| १. मोहन पी. दाहाल | : **दार्जिलिङ जिल्लाको मुद्रण-इतिहासमा गोर्खा प्रेस र हरि प्रिन्टिङ्ग प्रेस** |
| २. साङ्गे डोमा डुक्पा | : **मातृत्वको मर्म र परिवेशको संयोजन** 'मलाई चाहिँदैन' कथामा |
| ३. राजकुमार छेत्री | : **डाकबङ्गालाको औपन्यासिक वस्तु विवेचना तथा प्रस्तुति-विश्लेषण** |
| ४. बलराम पाण्डे | : **लेप्चा लोककथा : एक अध्ययन** |
| ५. महेश प्रधान | : **टोटो भाषाको रूपरेखाको अध्ययन** |
| ६. लक्ष्मण शेर्पा | : **'डिवी दशमलव वर्गीकरण' पद्धतिको परिचय र नेपाली भाषा साहित्यका पुस्तकहरूको वर्गीकरणमा यस पद्धतिको प्रयोग** |
| ७. अनिल विश्वकर्मा | : **उखानको परिचय र नेपाली उखानको अध्ययन**-परम्परा |
| ८. मेहेरमान सुब्बा | : **समालोचकका रूपमा इन्द्रबहादुर राई** : सङ्क्षिप्त अध्ययन |
| ९. सोनाम शेर्पा | : **"विषयवस्तुका आधारमा शरद् छेत्रीको** 'कालाग्नि' **कथासङ्ग्रह एक अध्ययन"** |
| १०. ज्ञानेन्द्र सुब्बा | : **नेपाली व्यक्ति-नामकरण** शैलीको बद्लँदो स्वरूप |

स्रोतः- (नेपाली अकादमी जर्नल, वर्ष ४, अङ्क ४, अगस्ट २००६)

१. प्रस्तुत लेखमा उत्तरवङ्ग विश्वविद्यालय नेपाली विभाग र नेपाली एकेडेमीद्वारा संयुक्तरूपमा प्रकाशित चौथो यो प्रस्तुत जर्नलमा मोहन पी. दाहाले "दार्जिलिङ्ग जिल्लाको मुद्रण-इतिहासमा गोर्खा प्रेस र हरि प्रिन्टिङ प्रेस" शीर्षकको लेखमा विश्वकै मुद्रण इतिहासको चर्चा गरेका छन् । यसमा मुद्रणको इतिहास चीनबाट प्रारम्भ भएको स्विकार्दै भारत र नेपालको मुद्रणको इतिहासलाई पनि देखाइएको छ । यसमा जङ्गबहादुले बेलायतबाट ल्याएको हातेप्रेस नै महिलाको पहिलौ छापा खाना भएको उल्लेख छ । मुद्रणको थालनीसँगसँगै मोक्षसिद्धि, स्तोत्र संग्रह र नेपाली ऐनको किताब छापिएको कुरा यहाँ चर्चा गरिएको छ ।

छापाखानको विकास उल्लेख गर्दै दार्जिलिङमा स्थापित गोर्खा प्रेस, हरि प्रिन्टिङ प्रेस र तिनबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिको उल्लेख गरिएकोछ ।

२. प्रस्तुत समीक्षात्मक लेखमा कथामा पाइने मातृत्वको मर्म एवं देशकाल एवं वातावरणको चर्चा गरिएको छ । मलाई चाहिदैन कथाकी फूलमतीका पीडालाई विश्लेषण गरिएको यस लेखमा कथाको परिवेश र वातावरणीय आधारमा पात्रको मनस्थिति केलाइएको छ ।

३. प्रस्तुत लेखमा शिवकुमार राईको सामान्य जीवनपरिचय, कृतिपरिचय, औपन्पासिक प्रवृत्ति केलाउदै उनको डाकबङ्गला उपन्यासको वस्तुपक्ष विश्लेषण गरिएको छ । यस लेखमा डाकबङ्गला उपन्यासले नेपाल छोडेर बर्मासम्म पुगेका नेपालीहरूको ५६ वर्षे समयावधिको जीवन भित्र उतारेको उल्लेख छ । यस उपन्यासको विषयवस्तु युवासुलभ प्रेमप्रसङ्ग, राणकालीन नेपालका धनाढ्य कुलीन परिवारका छोराछोरीको भोगवादी संस्कार, दोस्रो विश्वयुद्धले पारेको प्रत्यक्ष परोक्ष प्रभाव आदि भएको कुरा यहाँ उल्लेख गरिएको छ । साथै यसका पात्र, परिवेश, भाषाशैली आदिको पनि विश्लेषण गरिएको  छ ।

४. प्रस्तुत लेखमा बलराम पाण्डेद्वारा लेप्चा लोककथाको चर्चा गरिएको छ । यसमा लोककथाको सामान्य सैद्धान्तिक विषय उठान गर्दै लेप्चा लोककथाहरूको वर्गीकरण र अध्ययन गरिएको छ । लेप्चाहरूलाई प्रकृतिपूजक मान्दै यिनका लोककथामा पनि प्रकृतिप्रतिको आस्था स्पष्ट रूपमा झल्किएको कुरा यहाँ देखाइएको छ ।

५. प्रस्तुत लेखमा जलपाइगुडी जिल्लाको मादरीहाट खण्डमा बसोबास गर्ने टोटो जनजातिको भाषालाई विश्लेषण गरिएको छ । टोटो भाषालाई भोट-बर्मेली परिवारको उल्लेख गर्दै यसको ध्वनि व्यवस्था, वर्णव्यवस्था, रूपआदिको अध्ययन गरिएको छ । नेपाली भाषा विश्लेषण पद्धतिद्वारा टोटो भाषाका ध्वनि, वर्ण र रूपको वैशिष्ट्यलाई यहाँ केलाइएको   छ ।

६. प्रस्तुत लेखमा पुस्तकालयमा पुस्तकहरूलाई व्यवस्थित वा सङ्ग्रहित गर्ने विधिको उल्लेख गरिएको छ । विशेष गरेर मैल्विल डिवीद्वारा प्रतिपादित डिवी दशमलव वर्गीकरण पद्धतिको परिचय र नेपालीमा यसको प्रयोगको चर्चा यहाँ गरिएको छ । डिवी दशमलव प्रणालीका प्रथम सार (First Summary), द्वितीय सार (Second Summary) तृतीय सार (Third Summary) जस्ता डिवी दशमलव प्रणालीहरूको सारलाई प्रस्तुत गरिएको छ । यसरी डिवी प्रणालीका सारहरू उल्लेख गर्दै यसको व्यवहारिक उदाहरण प्रस्तुत गरिएको छ ।

७. प्रस्तुत लेखमा लोकसाहित्यका विधाहरूमध्ये नेपाली उखानको अध्ययन गरिएको छ । उखानलाई दैनन्दिन अनुभवबाट प्राप्त सारपूर्ण उक्ति र लोकजीवनका प्रतिबिम्बित रूप मानिएको छ । संस्कृतको उपाख्यान शब्द नै प्राकृत उक्खाण हुँदै नेपालीमा उखान भएको चर्चा गर्दौ यसको उत्पत्तिस्रोतका तीनवटा आधारहरू लोकथात्मक, ऐतिहासिक घटना र विशिष्ट उक्ति भएको उल्लेख छ । यस लेखमा उखानको वर्गीकरण, विशेषता र नेपाली उखान अधययनको परम्परालाई देखाइएको छ ।

८. प्रस्तुत लेखमा समालोचक इनद्रबहादुर राईको समालोचकीय प्रवृत्ति केलाइएको छ । राईको समालोचना तुलानात्मक, व्याख्यात्मक, रूपवादी, मनोविश्लेषणात्मक आदि भएको कुरा यहाँ स्पष्ट पारिएको छ । यिनले लीलालेखनमा आधारित समालोचना तुलनात्मक, व्याख्यात्मक, रूपवादी, मनोविश्लेषणात्मक आदि भएको कुरा यहाँ स्पष्ट पारिएको छ । यिनले लीलालेखनमा आधारित समालोचनाका साथै भाषा र जातिको अनुसन्धानात्मक अध्ययन विश्लेषण गरेको उल्लेख छ । यसरी मेहरमान सुब्बाले समालोचक राईलाई नेपाली साहित्यको प्रयोग कालमा देखा परेका प्रयोगवादी समालोचक राईलाई नेपाली साहित्यको प्रयोग कालमा देखा परेका प्रयोगवादी समालोचक स्विकार्दै उनी वस्तुनिष्ठ समालोचक भएको कुरा स्पष्ट पारेको छन् । राई बहु आयामिक व्यक्तित्वका धानी, नेपाली भाषासाहित्यको नेतृत्वादायी भूमिकामा रहेको प्रतिभाशाली व्यक्तिका रूपमा यहाँ उभ्याइएको छ ।

९.प्रस्तुत लेखमा कथाकार शरद् छेत्रीका विभिन्न कथाहरूको विश्लेषण गरिएको छ । कालाग्नि सङ्ग्रहका कथाहरूलाई मिथकीय र मिथकेतर गरी दुई वर्गमा विभाजन गरिएको छ । मिथकका माध्यमद्वारा वर्तमानका जीवनगत यथार्थतालाई देखाउन सफल कथाकारका रूपमा क्षेत्रीलाई उभ्याइएको छ ।

१०. प्रस्तुत लेखमा नामराख्ने र बोलाउने रूपलाई विश्लेषण गरिएको छ । नाम नै हरेकको पहिचानको आधार हो भन्दै सयको परम्परा प्राचीन भएको र नेपालीमा पनि नामकरणको रूप परिवर्तित भइरहेको उल्लेख गरिएको छ । दिलबाहादुर-दिल, उदयनारायण-उदय हुने परिपाटी विकास भएकाले नाम पनि

संक्षिप्त हुँदै गएको र मौलिक र लोक जीवनमूलक नामहरू लोप हुँदै गएको कुरा उल्लेख छ । गर्जमान, धनसरी, फूलमति, ढुकुरी जस्तो लोकजीवनमूलक नाम नराखेर साहेल, अलिशा, रिचर्ड जस्ता नयाँ नाम राख्ने प्रचलन बढेको कुरा यहाँ देखाइएको छ ।

यसरी सन् २००७ सम्म प्रकाशित **नेपाली अकादमी जर्नल**मा समाविष्ट लेखरचनाहरू भाषा, साहित्य, संस्कृति, लोकसाहित्य, प्रकाशन, समालोचना जस्ता बहुविध क्षेत्रमा छरिएका छन् । यसले नेपाली भाषा साहित्यका सूक्ष्म पक्षलाई विश्लेषण र मूल्याङ्कन गर्न सहयोग पुग्नेछ । नेपाली भाषा साहित्यको भौगोलिक व्यापकता र अध्ययन सूक्ष्मताले गर्दा एकै ठाउँ र एकल व्यक्ति वा संस्थाद्वारा मात्र यसको अध्ययन सम्भव छैन तसर्थ उत्तरबङ्गला विश्वविद्यालयले समग्र नेपाली वाङ्मयका साथै उत्तर पूर्वाञ्चल भारतको नेपाली वाङ्मयको खोज अनुसन्धान एवं अध्ययन विश्लेषणमा विशेष भूमिका खेलेको छ । नेपाल अकादमी जर्नल जस्तो बहुविषयक पात्रिकाका माध्यमबाट नेपाली भाषा साहित्य समृद्ध हुनुका साथै अन्य भाषासाहित्यसँग नेपाली भाषा साहित्ययको सामीप्य एवं सादृश्य र व्यतिरेकी अध्ययनमा पनि उक्त पत्रिकाको भूमिका स्मरणीय रहेको छ । अवश्य पनि यस्तो पत्रिकाका माध्यमबाट नेपाली भाषाको सर्वाङ्गीण विकासमा टेवा पुग्नेछ ।

## ४.८ उत्तरबङ्गविश्वविद्यालयको गतिशीलता

पश्चिम बङ्गालको कानुनी सभाको विधानद्वारा सन् १९६२ मा उत्तरबङ्ग विश्वविद्यालय स्थापना भएको हो । प्रारम्भबाट नै यस विश्वविद्यालयको सम्बन्ध विश्वविद्यालय अनुदान आयोग भारतसँग रहेको छ । उक्त विधाको धारा दुई (एफ्) र धारा बाह्र (बी.) अन्तर्गत नै यसको स्थापना भएको हो । यो प्रान्तीय विश्वविद्यालयका रूपमा स्थापित भएको हो । सन् १९६१ मा विश्वविद्यालय ऐन बन्यो र नेपाली विभाग स्थापनापश्चात् र क्रमशः सन् १९७८ र १९७१ मा दुई पटक ऐन संशोधन भएको पाइन्छ ।[१८८] ६ वटा स्नातकोत्तरीय विभाग लिएर एवम् १६ वटा बाह्य क्याम्पसहरूलाई स्वीकृति दिएर १ नोभेम्बर सन् १९६२ मा कार्य सञ्चालन गरिएको दिनलाई विश्वविद्यालय संस्थापना दिवसको रूपमा मानिदै आइएको छ । सर्वप्रथम यसको काम कार्यवाही दार्जिलिङ जिल्ला सिलगढी इलाकाको सिलगढी कलेजबाट सुरु भयो । तथापि यस विषयमा केही उल्लेखनीय कुराहरू भेटिन्छन् ।

दार्जिलिङबासीको आफ्नै प्रयासले विश्वविद्यालय दार्जिलिङमा आएको हो । दार्जिलिङ सदरकै वर्तमान कोठी क्षेत्रमा विश्वविद्यालय खोल्नेभनी पैसा आयो तर गोर्खालीग दार्जिलिङका देवप्रकास राईको नेतृत्वले यहाँ विश्वविद्यालय स्थापना भए बङ्गालीहरूको बढी चहलपहलले हाम्रो संस्कृति नष्ट हुन्छ भन्ने कुरा उठाए । उता कालिम्पोङ तिरकाले हामी यहाँ स्थापना गर्छौ । विश्वविद्यालय भन्ने तानातान गराउन बङ्गालीहरू सफल भए । फलस्वरूप विश्वविद्यालय पहाडमा नभएर तराईमा झऱ्यो ।[१८९] तत्कालीन प. ब. का गभर्नर श्रीमती पद्मजा नायडूले आफू प्रान्तीय मुख्य व्यक्ति एवम् विश्वविद्यालयका कुलपतिको हैसियतले विश्वविद्यालय दार्जिलिङमा भन्ने अडान लिइन् फलतः सन् १९६८ सम्म दार्जिलिङ विश्वविद्यालयकै नाममा हरेक काम कार्यवाही भएको पैसा पठाइएको पाइन्छ । पछि नायडू गभर्नरबाट हटेपछि मात्र नर्थ बङ्गाल युनिभर्सिटी (उत्तरबङ्ग विश्वविद्यालय) नाम रहन गएको हो ।[१९०]

त्यतिखेर उ.ब.वि. का प्रथम उपकुलपति बी. एन् दास गुप्ताले

*"विश्वविद्यालय हीलमा हुँदा गारो पर्थ्यो अतः हामीले यहाँ तराइमा ल्याउने प्रयास गरेका हौँ । सुरुमा गभर्नर मानिनन् पछि उनी गएपछि मात्र हामी सफल भयौँ "*

भने आफूहरूलाई गुप्ताले सुनाएको कुरा व्यक्त गर्छन् लक्ष्मीकान्छ शर्मा । वास्तवमा बङ्गालीहरूका अनेकन तानावानाले नेपाली भाषी बहुसङ्ख्यक स्थलको वेवास्ता गरी विश्वविद्यालय तराइमा झारियो ।

यस विश्वविद्यालसँग हेर्न लायक आफ्नै इतिहास छ । यसको इतिहास साढे चार दशक लामो छ । अतः अत्यन्तै पिछडिएको क्षेत्रमा यसको स्थापना भएको देखिन्छ तर ऐतिहासिक दृष्टिले हेर्ने हो भने

---

[१८८] University of North Bengal, **Overview**. Raga Ram Mohunpur. Darjeeling

[१८९] लक्ष्मीकान्त शर्मा, औपचारिक अन्तर्वार्ताका क्रमबाट प्राप्त जानकारीअनुसार कदमतोला, २०६३/१२/१६ गते ६:०० बजे, साँझ (दोस्रो अन्तर्वार्ता ।

[१९०] ऐजन ।

राजा राममोहन पुरको आफ्नो महत्त्व छ । यस शिक्षण संस्थाको दक्षिणी क्षेत्रमा अवस्थित मालदर दिनाजपुर जिल्ला वैदिक कालदेखि नै चर्चित जिल्ला हुन् । कूचविहार क्षेत्रलाई स्थानगत आधारबाट हेर्दा राजवंशी जाति र संस्कृतिको महान् विरासत मानिँदै आएको छ ।[१९१] त्यसैले त यहाँ नेपाली भाषीहरूको न्यून उपस्थिति देखिन्छ । नेपालीहरूको आवतजावत र बसोबासका दृष्टिले समेत दार्जिलिङ क्षेत्र महत्त्वको देखिन्छ । दार्जिलिङ जिल्ला महत्त्वको एवम् प्राकृतिक रमणीय क्षेत्र हुँदा हुदै पनि चिया उद्योगका लागि नयाँ क्षेत्रका रूपमा आविर्भाव भएको क्षेत्र हो । भारतीय नेपालीहरूको अर्को ठूलो बसोबासको जिल्ला जलपाइगुढी पनि चियाका लागि नै विकसित भएको क्षेत्र हो । अतः दार्जिलिङ आसपासका नेपाली भाषा र संस्कृतिको क्षेत्रीय र स्थानीय प्रकारका सम्मिश्रित रूप देख्न पाइन्छ ।[१९२] उत्तरको विश्वविद्यालय विभिन्न जाति, परम्परा, संस्कृति र स्थान आदिको एउटा साझा चौतारीका रूपमा उपस्थापित भएको मानिन्छ ।

नेपाली विभागले आन्तरिक र बाह्य दुबै क्षेत्रमा सहभागिता जनाउने र सम्पर्कित भई काम गरेको देखिन्छ । राष्ट्रिय स्तरमा विश्वविद्यालय अनुदान आयोगका यावत् क्रियाकलापसँग मैसुरको (C.H.L.) **भारतीय भाषा संस्था**सँग, **काशी हिन्दू विश्वविद्यालय**सँग वेस्ट बाँगालको माध्यमिक एवम् **उच्च माध्यमिक शिक्षा बोर्ड**सँग आफ्नो सम्पर्क विस्तार गर्दछ । यसले भारतका अन्य विश्वविद्यालय एवम् सिक्किमका सबै शिक्षा निकायसँग आफ्नो पहिचान कायम राखि सहयोग आदनप्रदान गर्दछ । यस्तै अन्तर्राष्ट्रिय स्तरमा नेपालको **त्रि.वि.**, नेपाली केन्द्रीय विभागसँग सदैब निकट रहेर काम गर्द चाहान्छ । यस कुराको इतिहास साक्षी छ । विगतदेखि वर्तमानसम्मका कतिपय उदाहरणहरू यसका परिचायक बनेर रहेका छन् । त्रि.वि.का गुरुहरूले उ.ब.वि. नेपाली विभागमा पाठ्यक्रम निमार्ण, पाठ्यक्रम पुनः ताजगीकरण र साहित्यिक र भाषिक गतिविधि सम्बन्धी गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्ने र मूल्यांकन आदिका क्षेत्रमा गरिएका कार्यलाई महत्पूर्ण ठानिएको छ । त्यसैले त यसको इतिहाससँग निकट रहेका नेपाली भाषीहरूको संगत र प्रारम्भका दिनहरूलाई सिलगढी कलेजबाट अगाडि बढाउँदै जाँदा दुई वर्ष पछि सन् १९६४ मा दार्जिलिङ जिल्लाको राजा राममोहनपुर वर्तमानको विश्वविद्यालय स्थल) मा स्थानान्तरण गरी चल्दै आएको देखिन्छ । उ.ब.वि. को प्रथम सम्मेलन सन् १९६५ मा यसका प्रथम कुलपति पद्मजा नायडू (प. ब.) का तात्कालीन गभर्नर) को नेतृत्वमा उक्त सम्मेलन भएको थियो । यसका प्रथम उपकुलपति बी. एन् दास गुप्ता छन् भने वर्तमानका उपकुलपति पि. के. शाह जनवरी २०००, ४ बाट पदाशीन छन् ।[१९३]

उत्तरबङ्ग विश्वविद्यालयले उत्तरबङ्गाल र सिक्किमका उच्च शिक्षाको क्षेत्रमा हेरचार पुऱ्याउँदै आएको छ । जहाँ बङ्गालका ६ वटा जिल्लाहरू (कूचविहार) उत्तर दिनाजपुर कुचविहार दक्षिण जलापाइगुढी दिनाजपुर दार्जिलिङ र माल्दा पर्दछन् एवम् सिक्किम जिल्लाका अधिकांश शैक्षिक क्षेत्रहरू यसैभित्र पर्दछन् । वर्तमान उ.ब.वि.ले प्रदान गरेका सेवाहरूलाई पाँच समूहमा विभाजन गर्न सकिन्छ ।

१, अनुसन्धानगत शिक्षण एम्. फील्. र पि-एच.डी. ।
२ स्नातकोत्तर शिक्षण
३. स्नातकतहगत शिक्षण
४. शोधखोजमूलक शिक्षण
५ वृद्धिमूलक शिक्षण र
६. प्रमाणपत्र (योग्यता) लिन नपाउने शिक्षण ।

उपर्युक्त आधारमा विश्वविद्यालयले गरेका विविध कार्यक्रमलाई केकसरी अगाडि लैजाँदैछ भन्ने कुराको निर्क्यौल गरिएको छ ।

## ४.८.१ एन्.बि.यू.को परिसर

उत्तरबङ्ग विश्वविद्यालयको सुन्दर परिवेशमा नेपाली बङ्गाली, विहारी, मारवाडी, पञ्जाबी, भोटे, लेप्चा, उडिया, नागा, असमिया जस्ता आदिबासी एवम् विभिन्न देशविदेशी प्रजातिका सुन्दर

---

[१९१] Hort History of The Nepali academi anplts activies university of north Bengal appenda !, (एन्. वि. यू. नेपाली अकादमी जर्नल) सन् १९ र अङ्ग्रेजी रूपान्तरण ।

[१९२] ऐजन ।

[१९३] Dverview, पूर्ववत्, पृ. १ ।

फूलहरू यहाँ फुलिरहेका हुन् । (एन्.बि.यू.) एकताको प्रतीक बनेर रहेको छ । यहाँ विशेषतः भूटान, नेपाल, आदिदेशहरू असम, नागाल्यान्ड, सिक्किम पश्चिम बङ्गाल लगायतका विभिन्न प्रान्तहरूबाट विद्यार्थीहरूको जमघट उच्च शिक्षा आर्जन गर्नाका लागि भएको देखिन्छ । सुरुमा ६ वटा विभाग लिएर सुरु भएको यस विश्वविद्यालयमा आज २० बढी विभाग बनेका छन् । नेपाली, बङ्गाली, हिन्दी, अङ्ग्रेजी, इतिहास, भूगोल, राजनीति विज्ञान, समाज विज्ञान, नृवंश विज्ञान, फिजिक्स, कमेस्ट्री, दर्शनपत्र, वाणिज्य, अर्थनीति, गणित, बोटनी, जुलोजी, वायो टेक्नोलोजी, कम्प्युटर साइन्स र एम्. सी. ए. ।

उत्तरबङग विश्वविद्यालयले विद्यार्थीहरूलाई थुप्रै सुविधाहरू दिएको छ । टाढाटाढाबाट आउने विद्यार्थीहरूका लागि ४ वटा छात्रावास छन् । जहाँ केटाका लागि दुईवटा स्वामी रामकृष्ण परमहंश छात्रावास, विवेकानन्द छात्राबास, केटीहरूको लागि दुईवटा रानी भवानी र पुण्यश्वरी छन् । यहाँ मेडिकल सुविधाका दृष्टिले हेल्थ सेन्टर, एमुलेन्स सेवा, यातायात, आउट डोर इन्डोर खेलकुदको व्यवस्था, खेलकूद मैदान, अक्षयकुमार मैत्रेय हेरिटेज म्युजियम नाम गरेको म्युजियम छ, रविन्द्र भानुमञ्च, र विवेकानन्द, ओपन एयर अडिटोरियम हल, ए. सी. कन्फ्रेन्स हल, मोडन सेमिनार हल जस्ता सांस्कृतिक भवन निर्माण गरिएको पाइन्छ । कन्ज्युमर कोअपरेटिभ स्टोर, कोअपरेटिभ क्रेडिट सोसाइटी जस्ता संस्थाहरू छन् । एन्. बी. यू. क्याम्पस ब्रान्च, एस्. भि. आइ. बैङ्क, टेलिफोन एक्स्चेन्ज, स्टेट बैङ्क अफ् इन्डिया एन्ड आइ. टी. यस्., ए. टी. एम्. काउन्टरहरूको पनि व्यवस्था गरिएको छ । त्यस्तै विशाल केन्द्रीय पुस्तकालय र अन्य विभागीय पुस्तकालयहरूको समेत व्यवस्था गरिएको छ । युनिभर्सिटीको आफ्नै वेभसाइट छ । त्यस्तै क्वालिटि एड्भाइजर कमिटि र इन्टरनल क्वालिटि इन्स्युरेन्स सेल कमिटिजस्ता संस्थाहरू पनि युनिभर्सिटीमा छन् । विभागभित्रको सर्भिसमा सुरक्षा निकाय, इन्जिनियरिङ्ग विभाग, हेल्थ सेन्टर, वीथ् प्याथोलोजी ल्याबरोटरी, कम्प्युटर सेन्टर, युनिभर्सिटी साइन्स एन्ड स्टमेन्टेसन सेन्टर तथा सेन्टर रिसर्च फेकल्टी (प्रपोज्ड)हरूको सुव्यवस्था विश्वविद्यालयमा गरिएको पाइन्छ ।

विद्यार्थी कल्याणका लागि छात्रसंसद् निर्माण गर्ने परिपाटी छ । सो नर्थ बङ्गाल युनिभर्सिटी युनियनको रूपमा रहनु भने नेपाली विद्यार्थीकृत हिल्स स्टुडेन्ट एसोसियसन १५ मार्च १९८० मा गठन गरिएको पाइन्छ । यो नेपाली विभाग स्थापना पश्चात् भएकाले यसको चर्चा पछि गरिने छ ।

स्टेट गभर्मेन्ट र विश्वविद्यालय अनुदान आयोग (यूजीसी) को रेखदेख र बजेट विनियोजनबाट नर्थ बङ्गाल विश्वविद्यालय चलेको छ भने प्रत्येक विभागका लागि विभागहरूद्वारा नै वार्षिक रूपमा तयार पारिएको बजेट बाट नै विभाग चल्ने परिपाटी छ । बजेट मिटिङबाट निर्क्यौल गरिएका अवस्थितिका आधारमा विश्वविद्यालयले विभागलाई बजेट उपलब्ध गराउँछ । यही आधारबाट विभागका सबैकाम कार्यवाहीहरू चल्ने गरेको पाइन्छ । प्राध्यापक, कर्मचारीहरूको तलबका अलावा विद्यार्थीहरूका निम्ति चाहिने अत्यावश्यकीय पाठ्यसामग्री, पुस्तकालय आदिको तर्जुमा सोहीअनुरूप गरिएको हुन्छ भने उत्कृष्ट विद्यार्थीहरूका लागि पुरस्कार र मेडल दिने चलन छ । कतिपय जेहेन्दार विद्यार्थीहरूका लागि आर्थिक अनुदान पनि दिने चलन छ । त्यस किसिमका गरिब र जेहेन्दार विद्यार्थीहरूका लागि पूर्ण छात्रावृति र आंसिक छात्रावृति पनि उपलब्ध गराइने परिपाटी देखिन्छ । पुलिस-आर्मीका सन्ततिहरूलाई पुलिस-आर्मीकै सङ्गठनबाट सहयोग उपलब्ध गराइने परिपाटी पनि देखिन्छ । पिछडिएका वर्गहरूलाई पनि अध्ययन शुल्कमा आवश्यक सहयोग गर्ने परिपाटी पनि छ । छात्रवासका लागि सामान्य पैसा तिरेर खानबस्न पाउने व्यवस्था छ । विवेकानन्द छात्रवास र रामकृष्ण छात्रवासमा छात्रहरू बस्ने व्यवस्था छ भने महिला छात्रवासमा छात्राहरू बस्न पाउँछन् ।

सेवा सुविधाका सवालमा प्राध्यापकहरूलाई न्युन्तम शुल्कमा आवासको व्यवस्था पनि गरिएको पाइन्छ । उपचार सुविधा, गाडी सुविधा सहज रूपमा उपलब्ध हुन सक्छन् भने विश्वविद्यालय आफैँले एम्बुलेन्स पनि सञ्चालनमा ल्याएको छ । त्यहाँ कार्यरत व्यक्तिहरूका लागि एककिसिमको तात्कालिक सहयोग पुगोस् भन्ने हैसियतले कोअपरेटिभ क्रियटिभ सोसाइटीमा केही तलबको प्रतिशत सेयरका रूपमा राखेबापत् आकस्मिक ऋृण लिन पाइन्छ । व्यक्तिगत घर बनाउन पनि सुविधा पाइन्छ । विशेष रूपमा विदेशमा गएर सहभागी हुने सेमिनारहरूमा जाँदा पनि विश्वविद्यालयले उपयुक्त सहयोग दिँदै आएको बुझिन्छ । विश्वविद्यालयले खेलकुदका क्षेत्रमा ठूलो लगानी गरेको देखिन्छ । त्यहाँबाट स्थानीय राज्यस्तरमा र केन्द्रस्तरमा खेलाडीहरू पठाउने काम विश्वविद्यालय आफैले गर्दछ भने सांस्कृतिक पद्धतिका कार्यक्रमहरू पनि त्यहाँ सञ्चालन हुन्छन् । उपर्युक्त कार्यका लागि विश्वविद्यालय आफैँले आर्थिक सहयोग उपलब्ध गराउँछ । भाषा र संस्कृतिप्रेमी नेपालीहरूका लागि निकै राम्राराम्रा उदाहरणीय

काम विश्वविद्यालयले गरेको देखिन्छ । विश्वविद्यालयको क्षेत्रभित्र रविभानु मञ्च नेपाली र बङ्गाली सांस्कृतिक सहिष्णुताको अनुपम पहिचान हो भन्नैपर्छ । यहाँ कालीपूजा (रामनवमीको महाअष्टमी र आश्विन शुक्ल महाअष्टमी, नवमी र दशमीमा मानिने) लाई विशेष रूपमा मानिन्छ । भानु जयन्तीमा सार्वजनिक बिदा दिने व्यवस्था उक्त विश्वविद्यालयमा रहेको छ । यसलाई नेपाली भाषासाहित्यिक प्रेमीहरूका लागि ठूलो विजय उत्सवका रूपमा मान्ने गरिन्छ । मोहरम, शिवरात्री, रथयात्राजस्ता पर्वहरूमा इच्छा गरेका व्यक्तिहरूले बिदा पाउने प्रचलन छ । यस आधारमा सांस्कृतिक पहिचानलाई बढोत्तरी दिएको बुझिन्छ । विश्वविद्यालयले आफ्नो आर्थिक विकासका लागि चिया बगान, वन र खर बगान आदिमा लगानी गरी संरक्षण गर्दै आर्थिक उन्नतिलाई गति दिएको बुझिन्छ । विद्यार्थीहरूको शैक्षिक भ्रमणको सवालमा भने सोसोलोजी, साइन्स, जियोलोजीजस्ता विषयहरूलाई प्राथमिकता दिने परिपाटी त्यहाँ रहेको देखिन्छ । यसैगरी पूर्व विद्यार्थी, प्राध्यापक र कर्मचारीहरूको निमित्त समेत सेवामूलक नर्थ बङ्गाल युनिभर्सिटि एलोमिनि एसोसियसन नामक एउटा संस्था सञ्चालनमा छ । यसले वार्षिक कार्यक्रमहरू तय गर्छ । उपर्युक्त अवस्थितिबाट के कुरा स्पष्ट भएको छ भने नर्थबङ्गाल युनिभर्सिटिले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि बहुआयामिक काम गर्दै त्यहाँ कार्यरत प्राध्यापक, कर्मचारीलाई समेत राम्रै किसिमले सेवासुविधा दिएको बुझिन्छ । नर्थबङ्गाल युनिभर्सिटिमा शनिबार र आइतबार बिदा दिने प्रचलन कायम छ । त्यहाँ रहेको एक मात्र बृहत् पुस्तकालयमा इन्फ्रोमेसन टेक्नोलोजीको व्यवस्था छ । कम्प्युटर प्रविधिबाट पुस्तकालयसम्बन्धी हरेक काम गरिन्छन् ।

## ४.८.२ पाठ्यक्रमगत विकास

उत्तरबङ्ग विश्वविद्यालय स्नातकोत्तर नेपाली विभागले सन् १९९५-९६ बाट एम. फिल्. को कक्षासमेत सञ्चालनमा ल्याएको छ । यसका माध्यमले उपलब्धिमूलक कार्यहरू गरेर नेपाली भाषा साहित्यका क्षेत्रमा अध्येताहरूलाई अझ धेरै ज्ञान हासिल होस् र स्तरीय व्यक्तिको निर्माणमा अझ निख्खार आओस् भन्ने उद्देश्यले एवम् पछि गर्न सकिने शोधप्रबन्धात्मक कवि गर्नाका लागि थप उर्जा प्राप्त होस् भन्ने ध्येयले नै एम्. फिल्. को पाठ्यक्रम निर्माण भएको देखिन्छ । यसको कारण समष्टिमा पाठ्यक्रमको व्यवस्थित उपलब्धिमूलक ढाँचा नै हो । अतः यस प्रकारको पाठ्यक्रमलाई सरसर्ती परिचयात्मक टिप्पणी प्रस्तुत शोध पत्रले गरेको छ ।

५० पूर्णाङ्क को पहिलो पत्रमा शोधविधि समाविष्ट छ । जुन पत्रको स्वरूप यस प्रकारको छ :

१ जहाँ शोधको अर्थ र परिभाषा, शोधको अर्थस्वरूप र प्रकृति तथा शोधको परम्परा र प्रयोग २) प्राक्कल्पना निर्माण प्रक्रिया र परिपाटी, ३) सिद्धान्त संरचना र आधार स्थापना, ४) शोधको प्रारूप निर्माण, ५) मा सामग्री सङ्लन विधिको स्रोतको चिनारी, पूर्वकार्यको सर्वेक्षण, तथ्याङ्क सङ्कलन विधि, क्षेत्र सर्वेक्षण विधि, पुस्तकालय एवम् अभिलेख साहित्यको शोधविधि र टिपोट र सन्दर्भ विवरण राखिएको छ । यसैगरी ६) मा सङ्कलित तथ्याङ्कको विश्लेषण विधि, विश्लेषणको आधार र उपाय, विश्लेषित तथ्याङ्कको बाणफाण र व्यवस्थापन र निष्कर्ष ग्रहण तथा प्रमेय स्थापनका साथै ७) मा शोधप्रबन्धलेखन, लेखनविधि, शैली विवरण र सन्दर्भ विवरण राखिएको पाइन्छ ।

पचास पूर्णाङ्को दोस्रो पत्रमा भने सिद्धान्त र साहित्यलाई समावेश गरिएको छ । जसको १ मा साहित्य अध्ययनका पूर्वीय सिद्धान्त र पद्धति राखिएको छ । सो प्रसङ्गमा अलङ्कार सम्प्रदाय, रससिद्धान्त र ध्वनि सिद्धान्तको सैद्धान्तिक विषयको साङ्गोपाङ्ग अध्ययन गर्ने पाठ्यक्रम तर्जुमा गरिएको छ । यस्तै साहित्य अध्ययनका प्रमुख पूर्वीय पद्धतिमा टीका, भाष्य, समीक्षाको उल्लेख गरिएको छ र नेपाली साहित्यालोचनको अध्ययनभित्र पूर्वीय साहित्य सिद्धान्तको प्रभाव र नेपाली साहित्यालोचनको स्वरूप एवम् पद्धतिगत विकासलाई पाठ्यक्रमको रूपमा अध्ययन गर्नु पर्ने देखिन्छ ।

दोस्रो पत्रमा भने साहित्य अध्ययनका पाश्चाात्य सिद्धान्त र पद्धतिभित्र समाविष्ट विषयवस्तुहरूमा अनुकरण र विरेचनवादी पद्धति, ऐतिहासिक पद्धति, जीवनचरित्रात्मक पद्धति, आद्यप्रकरीय पद्धति, शैली वैज्ञानिक पद्धति, उपवादी सिद्धान्त, प्रगतिवादी पद्धति, प्रभाववादी पद्धति उल्लेख गरिएको पाइन्छ । यस विषयलाई अझ पूर्णता दिनका लागि नेपाली साहित्यालोचनको विकासमा पाश्चात्य सिद्धान्तको प्रभाव र साहित्य अध्ययनका उपर्युक्त पूर्वीय र पाश्चात्य सिद्धान्तहरूमध्ये कुनै एकको आधारमा नेपाली साहित्यको कुनै कृति विशेषमाथि अध्ययनपत्रको प्रस्तुति । अन्त्यमा सन्दर्भग्रन्थ दिई दोस्रो पत्रलाई टुङ्ग्याइएको छ ।

पूर्णाङ्कको तेस्रो पत्रमा भाषा विज्ञानका प्रमुख  सम्प्रदायहरूको अध्ययनभित्रः

१. भाषा अध्ययनका सिद्धान्त र पद्धति (पाणिनीय सम्प्रदाय, जेनेवा सम्प्रदाय, लन्डन सम्प्रदाय, अमेरिकाली सम्प्रदाय) समाविष्ट छन् ।

२. नेपाली भाषाको विकासअन्तर्गत नेपाली भाषाको उद्भव, विकास र विभिन्नचरणगत विशेषताहरूको अध्ययन, भारतमा नेपाली भाषाको अध्ययन-अध्यापनको परम्परा, नेपाली भाषाका मानस्तरीकरण र आधुनिकीकरणको प्रक्रियाको विशेष अध्ययन ।

३. नेपाली र अन्य आधुनिक भारतीय भाषाहरूको पारस्परिक सम्बन्धको विश्लेषणात्मक अध्ययन । यस पत्रअन्तर्गतका सन्दर्भ सामग्रीहरू सीमित मात्रामा उल्लेख गरेका छन् ।

पूर्णाङ्कको चौथोपत्रमा अनुवाद विज्ञान र अनूदित नेपाली साहित्यलाई पाठ्यक्रमको रूप दिइएको छ । अनुच्छेद विज्ञानको सैद्धान्तिक परिचय र २ मा अनुदित नेपाली साहित्यलाई समावेश गरिएको छ । यस प्रकरणसम्म पठनपाठनका माध्यमबाट हासिल गरिने परीक्षाको परिणतिलाई स्वीकार गरिएको देखिन्छ भने अन्य ३०० पूर्णाङ्कको पाठ्यक्रम भने परीक्षाकै लागि भनेर १०० पूर्णाङ्क एवम् अनुसन्धानगत कार्यका लागि भनेर २०० पूर्णाङ्क छुट्याइएको पाइन्छ । यसै आधारबाट संगोष्ठीका लागि ५० पूर्णाङक, मौखिक परीक्षाका लागि ५० पूर्णाङ्क एवम् लघु शोधप्रबन्धका लागि २०० पूर्णाङ्क छुट्याएको पाइन्छ । यस किसिमबाट एम्. फिल.को पाठ्यक्रमले पूर्णता पाएको देखिन्छ ।

उत्तरबङ्ग विश्वविद्यालयको स्नापनाकालमा एम्. ए. प्रथम वर्षको प्रयोजनका लागि सन् १९७७ मा निर्मित भएको पाठ्यक्रमको स्वरूप परिशिष्ठ ३ मा सम्यक् ढंगले चर्चा गरिएको छ ।

## ४.८.३ नेपाली विभागको प्राज्ञिक कार्य

उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागद्वारा गरिएका उल्लेख गर्न लायक कार्यहरूमा- सन् १९८६ को बृहत गोष्ठी र सन् १९९६ मा गरिएको नाटक र समालोचनामाथि गरिएको परिचर्चा एवम् सङ्गोष्ठी कार्यक्रम उल्लेखनीय छन् । सन् २००२ मा साहित्यलोचन सम्बन्धी २ दिने अन्तर्राष्ट्रिय सङ्गोष्ठीमा नेपालबाट वासुदेव त्रिपाठी, केशवप्रसाद उपाध्याय, द्रोणकुमार उपाध्याय, होम सुवेदी आदिको सहभागिता र कार्यपत्र प्रस्तुत गरिएको देखिन्छ । सन् १९७७ मा विभाग स्थापना भएको रजतवर्षको उपलक्ष्यमा गरिएका सङ्गोष्ठी र विद्यार्थीहरूको पुर्नमिलन कार्यक्रम भएको देखिन्छ । त्यही बेला उपकुलपति पीयूषकान्ति शाहले रवीन्द्र भानुमञ्चको उद्घाटन गरेपश्चात् पहिलोपटक नेपाली विभागले नै कार्यक्रम गर्न सफल भएको इतिहास पाइन्छ । १४ जुलाइ २००३ मा एक दिने लेखक भेटघाट कार्यक्रम र हाइमन दास राई किराँतद्वारा गरिएको मन्तव्य र त्यसमाथिको परिचर्चाका बारेमा गरिएको चर्चा एवम् ३१ मार्च सन् २००४ मा इन्द्रबहादुर राईले नेपाली भाषासाहित्यका विद्यार्थीहरूलाई दिइएको व्याख्यान आदि कार्यशाला गोष्ठीगत प्राज्ञिककार्यहरू उल्लेखनीय रहेका  छन् ।

प्राज्ञिक गतिविधिका सन्दर्भमा यस विभागले गरेका अन्य मुख्य कार्यहरूमा-१३ जुलाई २००१ को भानुजयन्तीको अवसरमा आयोजित शरद क्षेत्रीका लेखहरूमाथि गरिएको एक दिने गाष्ठी र सन् २००१ मा **साहित्य सन्देश** र २००२/०३ मा नेपाली **अकादमी जर्नलको** प्रकाशन भएको देखिन्छ । सन् २००३ मार्च ९ देखि ११ सम्म **साहित्यिक समालोचना** सम्बन्धी गरिएको ३ दिने गोष्ठी सन् २००३ जुलाई १२ तारिखका दिन **समकालीन साहित्य** सम्बन्धी कार्यक्रम १३ जुलाई सन् २००२का दिन **भानुजयन्ती** मनाउने क्रममा सानु लामाका कथाहरूका बारेमा चर्चा एवम् नेपाली भाषा र कथाहरूको बारेमा विरेन जैनले दिएको लेक्चरको उल्लेख पनि पाइन्छ । १३ डिसेम्बर २००२ मा भारतमा **नेपाली भाषा शिक्षणमा आउने समस्या र त्यसको भविष्यमा प्राप्त हुने सम्भावनाहरू** विषयक गोष्ठी गरिएको देखिन्छ । विश्वविद्यालय अनुदान आयोगद्वारा **नेपाली भाषा र भाषाविज्ञान** शीर्षकमा सन् २००३ फेब्रुवरी १० देखि मार्च ३ सम्म आयोजित पाठ्यक्रम सम्बन्धी दोश्रो पुनर्ताजगीकरण तालिम भएको पाइन्छ । भने पहिलो पुनर्ताजगीकरण कार्यशाला गोष्ठी सन् २००१ डिसेम्बर २७ देखि सन् २००२ जनवरी १७ सम्म चलेको बुझिन्छ । १० अगस्ट २००२ मा नेपाली बोलचालको लागि जागरण विषय गोष्ठी, १५ सेप्टेम्बर २००२ मा विभाग आफ्नै भवनमा सरेको उल्लेख पाइन्छ । सन् २००२ डिसेम्बर १८-१९ मा भारतमा नेपाली शिक्षणका समस्या र अवस्थाहरूमाथि गरिएको दुई दिने राष्ट्रिय सम्मेलन पनि उल्लख गर्न लायकछन् ।

१४ जनवरी २००३ मा गरिएको कवि गोष्ठी र भारतीय नेपाली कविताको वर्तमान स्थितिको चर्चा र सन् २००३ मार्च १२ देखि १५ सम्म वेस्ट बङ्गालको माध्यमिक शिक्षा परिषद्को तत्वावधानमा प्राविधिक शब्दावलीको तयारी सम्बन्धी कार्यशाला भएको देखिन्छ । २२ मार्च २००३ का दिन डुवर्सको तराई क्षेत्रका नेपाली विद्यालयहरूमा नेपाली विभागका गुरुहरूद्वारा गरिएको व्याख्यान आदि कुराको उल्लेख पाइन्छ । यो स्थलगत अध्ययन अध्यापनको उल्लेखनीय नमूना रहेको छ । १३ अप्रिल २००४ मा आयोजना गरिएको कवि गोष्ठी र सन् २००४ डिसेम्बर २-३ मा लक्खीदेवी सुन्दास, इन्द्रबहादुर राई र गुकुल सिन्हाहरूको आधुनिक नेपाली कविता समबन्धी बृहत् कविता गोष्ठीमा सक्रिय उपस्थिति रहेको देखिन्छ । सन् २००४/०५ को अवधिमा विभिन्न चरणमा आयोजना गरिएको पाठ्यक्रम सम्बन्धी पुनर्ताजगीकरण कार्यक्रम पनि उल्लेख गर्न लायकको देखिन्छ । सन् १९८६ मा उ.ब.वि. नेपाली विभागमा सर्वप्रथम भारतमा नेपाली भाषाको विकास शीर्षकमा महत्त्वपूर्ण गोष्ठीको आयोजना गरिएको पाइन्छ । सन् १९८६ मा बेलायतका प्रोफेसर स्प्रिकले राई भाषाका सन्दर्भमा काम गरी नेपाली भाषाको विकासमा राई भाषाको देन शीर्षकको कार्यपत्र पेश गरेका थिए त्यतिखेर नेपालबाट बासुदेव त्रिपाठी, बल्लभमणि दाहाल, बालकृष्ण पोखेल र बाराणसीबाट डिल्लीराम तिम्सिनाहरूको आगमन भएको थियो जतिबेला नेपाली विभागको विभागाध्यक्ष लक्ष्मीकान्त शर्मा थिए ।[ज़ढढ]

अन्य प्राज्ञिक कार्यको सन्दर्भमा उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागले उत्प्रेरणा जगाएर नै त्यहाँ कार्यरत गुरुजनबाट थुप्रै लखेन एवम् प्रकाशन भएर पाठकसामु पुगेका कृतिहरू नेपाली साहित्यसेवीहरूलाई लाभ दिने खालका नै छन् । गुरुजनद्वारा लेखिएका कृति र रचनाहरूलाई दिग्दर्शनका लागि यहाँ उल्लेख गरिएको छ ।

(क) भीमकान्त उपाध्याय **देवकोटाका महाकाव्य सरसर्ती हेर्दा** (समीक्षा) 'सन्धान' समसामयिक साहित्य सङ्कलन वर्ष १ अङ्क १ (सम्पां) महानन्द पौड्याल, क्वालिटि स्टोर्स प्रकाशन सिक्किम सन् २००५ । **केही समीक्षात्मक निबन्धहरू** बोधकुमारी स्मृति प्रकाशन डिग्वोई आसाम सन् २००६ । **आँखीझ्यालबाट हेर्दा** (शोधमूलक) लेखहरू, **बदनाम मेरा यी आँखाहरू** -हरिभक्त कटुवालका कविता र गीतहरूको सङ्कलन) **रचना कुसुम** (सम्पां) आदि ।

(ख) घनश्याम नेपालको **संरचनावाद** 'सन्धान' समसामयिक साहित्य सङ्कलन सम्पां महानन्द पौड्याल, क्वालिटि स्टोर्स प्रकाशन, सिक्किम वर्ष १ अङ्क १ सन् २००५ । **आख्यानका कुरा** (१९८७) को पुनर्लेखन, संशोधित अङ्क २००५ र ०६ एकता बुक सिलगढी । **उच्च माध्यामिक नेपाली व्याकरण र रचना** (कविता लामासँगको सह-लेखन) २००६ **नेपालीमा आगन्तुक अङ्ग्रेजी शब्दको विचरण** जर्नल अफ सिक्किम एकेडेमी २००६ । **नेपाली साहित्यको परिचयात्मक इतिहास** (१९९१) **शैलीविज्ञान** (१९९२) रूप र रेखाहरू (साहित्यक समालोचना) **नेपाली व्याकरण प्रवेश** १ र २ भाग आदि ।

(ग) मोहन पी. दाहाल **रूपनारायण सि.हका प्रबन्ध र सम्पादकीय लेखहरू** सम्पादक -मोहनपी. दाहाल) प्रतिमा प्रकाशन सिलगढी नोभेम्बर २००५ **भारतको पहिलो प्रकाशन दैनिक समाचार पत्र** 'हिमाली आभा' 'सन्धान' समसामयिक साहित्य सङ्कलन सम्पां महानन्द पौड्याल क्वालिटि स्टोर्स प्रकाशन सिक्किम वर्ष १ अङ्क १ सन् २००५ । **इतिहासको दर्शन** २००६ **दार्जिलिङ जिल्लाको मुद्रण इतिहासमा गोर्खा प्रेस र हरि प्रिटिङ्ग प्रेस अकादमी जर्नल** नेपाली विभाग वर्ष ४ अङ्क ४ २००७ । **लेख प्रलेख, आधुनिक नेपाली उपन्यास केही अध्ययन पत्रहरू,** झुक्दै नझुक्ने **पहाडको छोरो, हाम्रा संस्था एक परिचय** (सम्पा.) **दार्जिलिङ सानो रेल** (सम्पां) **गणेशलाल सुब्बा व्यक्तित्व र कृतित्व, नेपाली भाषा आन्दोलनमा रतनलाल ब्राह्मणको भूमिका, गणेशलाल सुब्बाका साहित्यिक समालोचना र अन्य लेखहरू** (सम्पा.) **दार्जिलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति, रूपनारायण सिंहका प्रबन्ध र सम्पादकीय लेखहरू** (सम्पा.) आदि कृतिहरू लेखेका मोहन पी. दाहाल विभागको प्रकाशन कम भए पनि कार्यरत गुरुहरूको व्यक्तिगत प्रकाशन एवम् प्राज्ञिक कार्य बहुश रहेको कुरा व्यक्त गर्छन ।

[ज़ढढ] लक्ष्मीकान्त शर्मा **पूर्ववत्**, अन्तर्वार्ताका क्रमबाट प्राप्त सूचना ।

(घ) शान्तिराम शर्मा **लोकसाहित्य अध्ययनको पाश्चात्य परम्परा** सन् २००५ । **गोरखा पहेलीका** सन् २००६ सिलगढी । **खर्साङ हिजो र आज** (सम्पा.) **नेपाली साहित्य इतिहासको रूपरेखा, कथाको संसार र संसारका कथाहरू, गोर्खाहरूका विथिति र सँस्कृति, गोर्खेका समस्या र धनमतिको सपना, खस र किँरात सँस्कृति, भाषा र भाषाविज्ञान** आदि छन् ।

(ङ) कृष्णराज घतानी **तुलनात्मकम साहित्यगत केही धारणा** २००५ । **नेपाली कथामा लोकतत्त्व** 'प्रथा' सिक्किम २००७ । **महात्मा गान्धी अनि जीवनदर्शन** अनुवाद साहित्य एकेडेमी न्यू दिल्ली २००६ आदि ।

(च) नरेशचन्द्र खाती Periodical Journal सिक्किम२००६ । **बाडुली समालोचना -** नरेशचन्द्र खाती 'प्रक्रिया' सिलगडी २००६ । **आधुनिक नेपाली कविताः** 'प्रथा' सिक्किम २००६ । **अध्ययनः** नेपाली समालोचनाका भव्य भावना प्रकाशन दार्जिलिङ २००७ । **हस्ताक्षर** (कवितासङ्ग्रह), **परेली परेलीमा भिजेर** (कवितासङ्ग्रह), **लीला रेखाहरू** ( कवितासङ्ग्रह) आदि ।

(च) पुष्कर पराजुली **"नेपाली भाषाको मानकीकरण"** केही पक्ष २००५ आदि ।

(छ) लक्खीदेवी सुन्दासका रचनाहरूमा- **आहत अनुभूति** (कथासङ्ग्रह) **सम्पादित अर्थ समर्पित एकान्त** (कवितासङ्ग्रह) **अकादमी निबन्धावली सम्मेलन कथासङ्ग्रह** (सम्पा.), **विवेचन सम्पादन १९८९ गुमानसिंह चाम्लिङका कविता** (सम्पा.) आदि छन् ।

(ज) लक्ष्मीकान्त शर्माका रचनाहरूमा **निजानन्द कथामृत** (कथासङ्ग्रह), **गोरखाको सवाई, परिचय** आदि छन् ।

(झ) विष्णुकुमारी शर्माको कृति-**नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य** हो ।

उपर्युक्त कृतिहरूद्वारा परिचित भएका नेपाल विभागका विगतदेखि वर्तमानसम्मका गुरुगुरुआमाहरू द्वारा गरिएका प्राज्ञिक कार्यहरू औचित्यपूर्ण देखिन्छन् । यस किसिमका कामबाट नेपाली भाषासाहित्यले मौलिने र झाँगिने मौका पाएको कुरा स्पष्ट हुन आउँछ ।

यसैगरी ५ जुन २००५ मा नेपालका आधिकारिक कविहरूको समूहले नेपाली विभागको भ्रमण गरेर त्यहाँका शिक्षक र विद्यार्थीहरूसँग भेटी आ-आफ्ना भावना र विचारहरू साटासाट गरेको पाइन्छ । यस्तै जुन १४-१८ सम्ममा विभागले नेपालीका छोटा कथाहरूलाई बङ्गाली भाषामा अनुवाद गरिएको पाइन्छ । सोही कार्यक्रमलाई दोस्रो पटक २००५ सेप्टेम्बर ८-१४ सम्म अगाडि बढाइएको बुझिन्छ । १३ जुलाई २००५ मा प्रत्येक वर्ष झै भानुजयन्ती भव्यताका साथ मनाइएको पाइन्छ । १६-१८ डिसेम्बर २००५ मा नेपाली भाषा शिक्षण हुने स्कुलहरूमा गएर प्रशिक्षण दिइएको पाइन्छ । यो स्थलगत भ्रमणबाट नेपाली भाषासाहित्यको उत्थानमा गहनतम कार्यको नमूना हो । २००५ डिसेम्बर २७ का दिन ७८ औं अगमसिंह गिरीको जन्मोत्सव मनाइएको पाइन्छ ।

यसवर्ष सन् २००५ मा गुरुहरूले कुनै महत्वपूर्ण पुरस्कार प्राप्त गरेको देखिदैन भने सहायक प्राप्त सामग्रीहरूको निर्माण भएको पनि देखिदैन । तर पनि २००५-६ मा विभागमा गोष्ठीहरू चाहिँ भएको पाइन्छ । नेपाली विभागले ७ फेब्रुवरी २००६ का दिन विद्यासागर मञ्चमा अभिमुखीकरण गोष्ठी सञ्चालन गरेको देखिन्छ । सन् २००६ मा विभागीय प्रमुख निर्देशकहरूले अनुसन्धान र शैक्षिक कार्यक्रमहरूको प्रतिवेदन पेस गरसेको देखिन्छ । उक्तकार्य प्रतिवेदनकै सफल नतिजा स्वरूप **त्रिभाषी शब्दकोष**को निर्माणकार्य हुँदै आएको देखिन्छ ।

यी कार्यगत प्रतिवेदनहरूका बारेमा ३१ जनजरी २००६ का दिन उपकुलपति पीयूषकान्ति शाहको प्रत्यक्ष संलग्नतामा चर्चा परिचर्चा सहित जानकारी गराइएको पाइन्छ । यी प्राज्ञिक कार्यले वास्तवमा नै एन.वि.यु. नेपाली विभाग नेपाली भाषा साहित्यको श्रीवृद्धिमा सदैव कटिबद्ध भएर लाग्ने संस्था रहेछ भन्ने कुराको बोध हुन आउँछ ।

भि.सी.कार्यालयबाट राजिष्ट्रार कार्यालय हुँदै मागिएको जानकारीलाई निम्न प्रकारले पठाउने परिपाटी नेपाली विभागमा रहेको देखिन्छ ।

२४ फेब्रुअरी २००६ मा हुने ३८ औं वार्षिक दीक्षान्त समारोहका लागि भि.सी. कार्यालयले आफू मातहतका कार्यालयहरूलाई निर्देशन दिएको पाइन्छ । *३८ औं वार्षिक दीक्षान्त समारोहमा प्रशासन र शिक्षण विभागका प्रमुखहरू तपाइहरूले उचित र सटिक काम गरी उक्त दीक्षान्त समारोहमा भाग लिनका निम्ति अनुरोध गरिन्छ ।*

कुलसचिवले आफ्नो मातहतमा कमिटिहरू निर्माण गरी सम्पूर्ण कार्यको जिम्माा लिनुपर्दछ । परीक्षा नियन्त्रकहरूले विश्वविद्यालयको परीक्षा परिणामको विवरण तयार पारी प्रतिभाहरूको सिलसिलेबार सूची तयार पार्नका निम्ति कदम चाल्नुपर्दछ । ३१ जनवरी २००६ सम्ममा सो विवरण उपकुलपति समक्ष बुझाउने गरी कार्य सम्पादन गरिनु र विवरण पेस गर्नुपर्दछ । विश्वविद्यालयका इन्जिनियरले विद्यासागर मञ्चको साज-सज्जाका लागि सम्मुख सूची तयार पार्नुहोस् । १५ फेब्रुवरी सम्ममा कार्य सम्पादन हुनुपर्नेछ । स्टेट अफिसरहरूले सौन्दर्य अभिवृद्धिका निम्ति कदम चाल्नु पर्ने छ । १५ फेब्रुवरी २००६ सम्ममा साजसज्जा गरिसक्नुपर्नेछ । विद्यालयहरूका निरीक्षकहरूले २००५-६ को अवधिभरीमा विद्यालयहरूलाई दिइएको सम्बन्धीकरण र विषयहरूको विवरण पेस गर्नुपर्दछ । उक्त विवरण ३१ जनवरी २००६ सम्माा पेस गरिसक्नु पर्नेछ । कृपया विकास अधिकृतहरूले पनि चालू रहेको विकास योजनाहरूलाई ३१ जनवरी २००६ सम्ममा पेस गरिसक्नुपर्नेछ । २००५/०६ को अवधिमा भएका अनुसन्धान र शैक्षणिक क्रियाकलापहरूको विवरण निर्देशक र विभागीय प्रमुखहरूले जनवरी २००६ सम्मा पेस गरिसक्नुपर्नेछ भनी १२ डिसेम्बर २००५ मा भि.सी. कार्यालयबाट पठाइएको पत्रगत आधारलाई प्रस्तुत गर्न निम्न कार्य गरेको विवरण विभागले पठाएको देखिन्छ ।[ज़ढछ]

**श्रीमान् उपकुलपतिज्यू, (N.B.U. राजाराम मोहनपुर दार्जिलिङ)**

यस विभागमा अहिलेबाट चलिरहेका Reserch Projects अन्तर्गत त्रिभाषी (नेपाली, बङ्गाली, हिन्दी) शब्दकोष निर्माणको कार्य चलिरहेको छ । साना ठूला अन्य योजनाहरू यस वर्ष नरहेका सवृत्तिक अनुसन्धान गर्नेहरू दुईजना छन् । यस विभागमा कार्यरत गुरुजनहरूबाट २००५-६ को अवधिमा भएका प्राज्ञिक कार्य एवम् प्रकाशनहरूको बारेमा वर्णन गरिसकिएको छ । २००५-०६ को अवधिमा पुरस्कार, सम्मान एवम् प्रशंसापत्रहरू कुनै पनि प्राध्यापकहरूले प्राप्त गरेको देखिदैन ।

२००५-०६ मा विभागद्वारा आयोजना गरिएका गोष्ठीहरू-

जुन २००५ मा भएका प्राज्ञिक कार्यक्रमहरूमा नेपाली विभागको व्याख्यान कक्षामा विद्यार्थी र गुरुजनसँग नेपालबाट त्यहाँ पुगेका कवि र लेखकहरूले समकालीन नेपाली लेखनका बारेमा गरिएका विचारहरूको आदान प्रदान गरिएको पाइन्छ । २ जुन २००५ मा विभागमा नेपालीमा भएका बोलिएका र लेखिएका प्राविधिक कार्यक्रमहरूको निर्माण सम्बन्धी गोष्ठी भएको बुझिन्छ । नेपालीका छोटा कथाहरूलाई बङ्गालीमा अनुवाद गर्ने कार्य १४ जुन २००५ बाट १८ जुन २००५ सम्म भएको छ । यसमा समकालीन नेपाली कथाहरूलाई बङ्गाली भाषामा अनुदित गरिएको थियो । यही कार्य पुनः सेप्टेम्बर ८ देखि १४ २००५ मा गरियो र १३ जुलाई २००५ मा भानुजयन्ती मनाइएको पाइन्छ ।

सन् २००५ डिसेम्बर १७ देखि १८ सम्म नेपाली विभागले नेपाली पठनपाठन हुने स्कुलहरूमा **नेपाली शिक्षणसम्बन्धी अभिमुखीकरण गोष्ठीको** सञ्चालन गरेको पाइन्छ । २७ डिसेम्बरमा कवि अगमसिंह गिरीको ७८ औं जन्मजयन्ती मनाइयो । २००५ र ६ मा पाठ्यवस्तु सम्बन्धी पुनर्ताजगीकरण नभएको देखिन्छ र कुनै महत्त्वपूर्ण अनुदान र पहिचानसम्बन्धी कार्य नभएको, कुनै अरु सान्दर्भिक सूचना नभएको पत्र सम्प्रेषित गरिएको देखिन्छ ।

यसै गरी २००६-०७ मा भए गरेका कार्यका लागि विभागलाई अनुसन्धान शुल्क कार्य एवम् प्राज्ञिक गतिविधिलाई स्पष्ट पार्न भि.सी. कार्यालयले जनवरी ३, २००७ मा पठाएको पत्रको उत्तर विभागले निम्न परकारले दिएको देखिन्छ । पहिलेदेखि चलिआएको योजनामा त्रिभाषी (डिक्सनेरी) शब्दकोष निर्माण । २००६-०७ मा शिक्षकहरूद्वारा गरिएका लेख्ने एवम प्रकाशन कार्यहरू भएको चर्चा गरिसकिएको छ ।

---

[ज़ढछ] नेपाली विभागाध्यक्षद्वारा उपकुलपति कार्यालयलाई पठाइएको पत्र, दार्जिलिङः जनवरी २००६ ।

२००६-०७ को अवधिमा भएका गोष्ठी एवम् कार्यशालामा १. गोपाल लामाले ९ सेप्टेम्बर, २००६ दिवा ५ बजे यस विभागको सेमिनार हलमा सम्भाषण गरेको पाइन्छ । १२ जनवरी २००७ देखि १५ जनवरी २००७ सम्म चार दिने कार्यशालामा कार्यपत्रहरू प्रस्तुत गरिएको पाइन्छ ।

२०००६-०७ को अवधिमा पाठ्यवस्तु समबन्धी पुनर्ताजगीकरण भएन ।

अन्य कुनै विशेष अनुदान र पहिचानात्मक कार्यक्रम नभएको देखिन्छ । साथै अन्य सान्दर्भिक स्पष्ट पार्न लायक सूचनाहरू नभएको उल्लेख छ ।

उत्तरबङ्ग विश्वविद्यालय नेपाली विश्वविद्यालयले सन् २००३ देखि गरिएका कार्यहरूलाई संक्षेपमा उल्लेख गरिएको छ । उपकुलपतिको कार्यालयबाट मागिएको सूचनापत्रको आधार दिइएको पत्रको प्रतिउत्तरलाई हेर्दा सन् २००० बाट सुरु गरिएको त्रिभाषी शब्दकोष निर्माण, सवृत्तिक अनुसन्धान गर्ने अनुसन्धाताहरूको संख्याको टिप्पणी उल्लेख गरिएको पाइन्छ । गुरुहरूद्वारा गरिएका लेखन र प्रकाशनको कार्यलाई व्यवस्थित ढङ्गबाट उल्लेख गरिएको पाइन्छ । जसलाई निम्नाङ्कित गरिएको छ ।

१. **भाषानुवाद** : भीमकान्त उपाध्याय 'मुहान' सम्पा. खड्गराज गिरी नेपाली विष्णुमन्दिर समिति डिग्बोई आसाम सन् २००३ ।

२. **सिक्किमका राष्ट्रिय गीत** : मोहन पी. दाहाल 'चरेह उत्थान' जर्नल अफ सिक्किम एकेडेमी Vol. 1 No. 1 सन् २००३ सिक्किम ।

३. **युद्धविषयक दार्जिलिङका कतिपय नेपाली उपन्यास : सामान्य चर्चा** मोहन पी. दाहाल 'प्रक्रिया' Vol.17 No.27 सन् २००३ सिक्किम ।

४ **आधुनिक बङ्गला साहित्यको प्रारम्भ** 'अभियान' Vol.1 No.1 जनवरी २००३ दार्जिलिङ ।

५. **नेपाली आगन्तुक अङ्ग्रेजी शब्दको विचरण** घनश्याम नेपाल जर्नल अफ सिक्किम एकेडेमी Vol.1 No.1 सन् २००३ सिक्किम ।

६. **तुलनात्मक साहित्यगत केही धारणा** कृष्णराज घतानी हिमालयन दर्पण जुलाई अगस्ट २००३ सिलगढी ।

७. **समकालीन नेपाली कथामा लोकतत्त्व** कृष्णराज घतानी 'प्रक्रिया' Vol. 17 No. 27 सन् २००३ सिक्किम ।

८. **समालोचनाः यसको महत्त्व नेपाली साहित्यमा** नरेशचन्द्र खाती 'प्रक्रिया' Vol. 17 No.27 सन् २००३ सिक्किम ।

सन् २००३ र २००४ को अवधिमा पुरस्कार एवम् सम्मान प्राप्त गर्नेहरूमा मोहन पी. दाहाललाई **सैनध्वज नन्दकुमारी स्मृति पुरस्कार** २००३ काठमाडौं । यस्तै सन् २००५ मा भीमकान्त उपाध्यायलाई जोइमनी एकेडेमी पानीपत हरियाणाबाट **'सुभद्राकुमारी चौहान' जन्मशताब्दी सम्मान** २००५ । कृष्णराज घतानीलाई लोकसभा सचिवालय न्यू दिल्लीद्वारा प्रदत्त सम्मान पत्र सन् २००५ । मोहन पी. दाहाललाई सिक्किम सरकारद्वारा गरिएको सम्मान २००६ पनि उल्लेख गर्न लायक कुराहरू रहेका छन् ।

सन् २००३ र २००४ को अवधिमा नेपाली विभागमा भए गरेका गोष्ठी एवम् कार्यशालाहरूमा **भारतीय नेपाली कविताको वर्तमान स्थिति** विषयक एक दिने कार्यशाला सम्पन्न भएको पाइन्छ । १२ देखि १५ मार्च २००३ मा ४ दिने कार्यशाला नेपालीका प्राविधिक शब्दावली सम्बन्धी कार्यपत्रहरूको प्रस्तुती वेस्ट बङ्गालको माध्यमिक शिक्षा बोर्ड र नेपाली विभागको सयुंक्त तत्त्वावधानमा भएको देखिन्छ ।

नेपाली विभागको उपर्युक्त अवधिका यी उपर्युक्त कार्यक्रमले दर्शाएको सफल कार्यदिशाबाट तीन दशकको शैक्षिक इतिहास पहिल्याउन सकिन्छ । अतः नेपाली विभागले नेपाली भाषासाहित्यको उन्नयनमा गर्नुपर्ने जे जति कार्यहरू देखा पर्छन् ती क्रमैले गर्दै गएको बुझिन्छ । गुरुजनहरूको प्राज्ञिक कार्य एवम् प्रकाशन **अकादमी जर्नलले** ओगटेको क्षेत्र भन्दा पर अर्को अरु कुनै अनुसन्धानमूलक प्रकाशन देखिँदैन । विश्वविद्यालयको प्रकाशन 'कञ्चनजङघा' ले नेपाली भाषामा केही उल्लेख गरे तापनि सार्वकालिक भने यो पत्रिका हुन सकेन अर्को एउटा **साहित्य सन्देश** नामक पत्रिका सन् १९९४ बाट प्रकाशन आरम्भ

भएको पाइन्छ । तीन पटक निस्किएको साहित्य सन्देशका सम्पादकहरू त्यही पढ्दै गरेका विद्यार्थीहरूमध्ये पहिलो सम्पादक पुष्कर पराजुली, दोश्रो सम्पादक ममता लामा, तेश्रो सम्पादक राजकुमार क्षेत्री देखिन्छन् । सन् १९९४ बाट प्रकाशन सुरु भई सन् २००२ सम्ममा तीन पटक प्रकाशित भई वर्तमानसम्म रोकिएकै देखिन्छ । यस्तै अर्को विद्यार्थीहरूको सफल प्रयास सन् १९८० मा स्थापित **पार्वत्य विद्यार्थी संगठन**ले 'पहाड' नामक वार्षिक मुखपत्र निकाल्ने गर्दछ यो संगठनमा एन.वि.यू. का सबै नेपाली विद्यार्थीहरूको सभागिता रहने गरेको देखिन्छ । त्यसमा बढी नेपाली विभागबाट नै नेतृत्व गर्दै आइएको पाइन्छ ।

यस किसिमले गुरुहरू र विद्यार्थीबाट नेपाली विभागलाई प्रकाशनका माध्यमबाट उजिल्याउँदै गतिशील बनाएको देखिन्छ । उपर्युक्त कार्यले नेपाली भाषा र साहित्यको समुत्थानमा अहम भूमिका खेलेको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.८.३.१ पठनपाठनको विकासः नेपाली स्नात्तकोतर शिक्षण

सन् १९७७ मा उत्तरबङ्ग विश्वविद्यालयले नेपाली विभाग सञ्चालनार्थ अनुमति प्रदान गरिसकेपछि औपचारिक रूपमा कक्षा सञ्चालन सन् १९७७ बाट सुरु भएको देखिन्छ । सन् १९७७ अगस्टदेखि सहप्राध्यापक पद दिएर विभागीय प्रमुखका रूपमा तुलसी बहादुर क्षेत्रीलाई उत्तरबङ्ग विश्वविद्यालयले नियुक्त गरेपछि नेपाली विभागको काम कारवाही सुरु हुँदे जाँदा २४ डिसेम्बर १९ ७७ मा लक्ष्मीकान्त शर्माको नियुक्ति र ५ जनवरी १९७८ मा भीमकान्त उपाध्यायको नियुक्तिपश्चात शुभारम्भ भएको नेपाली स्नातकोत्तर कक्षा ५ महिनापछि मात्र श्रीमती विष्णु शर्माको नियुक्ति भएर चार जना गुरुहरूको सामीप्यतामा स्नातकोत्तर प्रथम वर्षका १० जना विद्यार्थीहरू सम्मिलित भई उच्चतर तहको नेपाली विषयको पठनपाठन सुचारू भएको देखिन्छ । प्रारम्भकालीन स्नातकोत्तर प्रथम वर्षका विद्यार्थीहरूमा -जीवनकुमार राई, जेम्स कार्थक, दावाछिरिङ लेप्चा, दीपककुमार गिरी, धनकुमारी थापा, मालती तामाङ, मोहन पी. दाहाल, ललिता राई, शशीकला छेत्री, सुरजप्रसाद प्रसार रहेको अभिलेख पाइन्छ । यसैगरी दोस्रो शैक्षिक वर्ष सन् १९७९ को दोस्रो व्याचका ११ जना विद्यार्थीहरूमा नरेशचन्द्र खाती नेपाली विभागकै गुरुका रूपमा, शान्तिप्रसाद शर्मा अल इन्डिया रेडियो गान्टोकका कार्यक्रम अधिकृतका रूपमा, कुसुम प्रधान **रवीन्द्रनाथ प्रधान**, **स्कुल** मिरिकका शिक्षक, पूर्णिमा मगराती **महारानी गर्ल्स हायर सेकेन्डरी स्कुल**की शिक्षिका, साधना लामा **पोखेबुङ्ग गर्ल्स स्कुल**की शिक्षिका राजबहादुर राई **मिरिक स्कुल**का शिक्षक तथा अनिल देवान, डिग्वोइ कलेजका शिक्षक थिए । अहिले उनको दिवंगत भयो । लक्खी राईपनि दिवङगत भइन् भने अरु देवराज शर्मा, दावा चिट्टु भोटिया, रानी दीक्षित आदि विभिन्न देखिन्छन् । यस वर्णनबाट प्रायः सबै शिक्षा पेशामा नै संलग्न रहेको देखिन्छ । यस किसिमको सफल जनशक्ति उत्पादन गर्नु नेपाली विभागको महत्त्वपूर्ण देन रहेको छ । यस किसिमको अध्ययनबाट नै नेपाली भाषासाहित्यको श्रीवृद्धिमा उ.ब.वि. अत्यन्तै अग्रसर हुँदै गएको देखिन्छ ।

सन् १९७९ बाट स्नातकोत्तर तहमा नेपाली विषय अध्ययन गरिसकेको विद्यार्थीहरूको सङ्ख्यागत आँकलन मात्र यहाँ प्रस्तुत गरिएको छ । सन् १९७९ मा ११ जना, सन् १९८० मा १४ जना, सन् १९८१ मा १० जनाले भर्ना भए पनि पढ्ने र उत्तीर्ण गर्नेको सङ्ख्या ८ मात्र देखिन्छ । सन् १९८२ मा ६ जना, सन् १९८३ मा ६ जना, सन् १९८४ मा ५ जना, सन् १९८५ मा ५ जना भर्ना भएका मध्ये ४ जनाले मात्र पढेको देखिन्छ । सन् १९८६ मा ५ जना सन् १९८७ मा १४ जना, सन् १९८८ मा २४ मा जना, सन् १९८९ मा २४ जना विद्यार्थीहरूले नै अध्ययन गरेको देखिन्छ । यसैगरी सन् १९९०/९१ को शैक्षिक वर्षमा ३० जना, सन् १९९१/९२ को शैक्षिक वर्षमा ३० जना, सन् १९९२/९३ को शैक्षिक वर्षमा ४० जना, सन् १९९३/९४ को शैक्षिक वर्षमा १९ जना, सन् १९९४/९५ को शैक्षिक वर्षमा १४ जना, सन् १९९५/९६ को शैक्षिक वर्षमा ८ जना, सन् १९९६/९७ को शैक्षिक वर्षमा १५ जना, सन् १९९७/९८ को शैक्षिक वर्षमा ३० जना, सन् १९९८/९९ को शैक्षिक वर्षमा ४० जनाले स्नातकोत्तर पूरा गरेको देखिन्छ । सन् १९९९/२००० को शैक्षिक वर्षमा ३५ जना, सन् २०००/२००१ को शैक्षिक वर्षमा २५ जना, सन् २००१/२००२ को शैक्षिक वर्षमा ४२ जना, सन् २००२/२००३ को शैक्षिक वर्षमा ३७ जना, सन् २००३/२००४ को शैक्षिक वर्षमा ५० जना, सन् २००४/२००५ को शैक्षिक वर्षमा ३१ जना, सन् २००५/२००६ को शैक्षिक वर्षमा ५० जना, सन् २००६/२००७ को शैक्षिक वर्षमा ५७ जनाले स्नातकोत्तर तह पार गरिसकेका छन् भने सन् २००६/२००७ को चालु शैक्षिक वर्षमा ६२ जना विद्यार्थीहरू अध्ययनरत छन् । यस सन्दर्भलाई अझ स्पष्टपार्दा- थुप्रै स्नातकोत्तर गरेका शैक्षिक प्रौढ

व्यक्तिहरूलाई उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागले जन्माइसकेको छ भने स्नातकोत्तर पश्चात्को एम्. फिल्.को पठनपाठनका सन्दर्भमा सन् १९९७ लाई सम्झिनुपर्ने हुन्छ ।

पच्चीस वर्ष पुगेको यस विभागले हालसम्ममा बाह्य र नियमित दुवै गरिकन एक हजारभन्दा अधिक स्नातकोत्तर जन्माइसकेको र सारा विश्वमा यो एक मात्र विश्वविद्यालय हो जसमा नेपाली विषयमा एम. फील गर्ने सुविधा छ ।[१९६] हालमा एम्. फीलको पाँचौ व्याजले अध्ययन गरिसकेका छन् । उत्तरबङ्गाल विश्वविद्यालयमा संलग्न रही नेपाली साहित्यका क्षेत्रमा सन् २००२ सम्ममा नौजना शोधार्थीहरूले आआफ्नो शोधप्रबन्ध विश्वविद्यालयमा प्रस्तुत गरी विद्यावारिधिको उपाधि प्राप्त गरिसकेका देखिन्छन् भने यस विभागबाट हालसम्ममा जम्मा १७ जना शोधार्थीले विद्यावारिधि उपाधिका निम्ति शोधकार्य गरि सकेका छन् । हालमा १२ जना शोधार्थीहरू पी-एच्. डी. उपाधिका निम्ति शोधकार्य गरि रहेका छन्, भन्ने बारे नेपाली विभागाध्यक्ष घनश्याम नेपालले आफ्नो स्वागत भाषणमा अवगत गराएको पाइन्छ ।

सन् १९९० मा नेपाली विषयको एम् फिलको पाठ्यक्रम तयार भइसकेर स्वीकृति भए पनि नेपाली विषयमा विश्वमा नै प्रथमपल्ट उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विषयको एम् फिल्को कक्षा १९९५-९६ देखि सुरु भएको हो । सुरुका अवस्थामा एम् फिल् पूर्ण गर्नेहरूमध्ये ममता लामा, डम्बर थापा, शरोज शर्मा, रजनी शर्मा, बलराम पाण्डे, दिलकुमार प्रधान, राजकुमार छेत्री, विनोद छेत्री गरी ८ जना देखिन्छन् ।

उपर्युक्त दुबै कथनबाट के स्पष्ट हुन्छ भने उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागमा एम्. फिल्. को पठनपाठन सन् १९९५-९६ बाट नै सुरु भएको हो । प्रायजसो विद्वद्वृत्ति लिएर नै एम्. फिल्. गर्ने परिपाटी नर्थ बङ्गाल युनिभर्सिटि नेपाली विभागमा विद्यमान देखिन्छ । हालसम्ममा ३५ जना जतिले एम्. फिल्. गरिसकेका छन् । Research Soholars का रूपमा सन् २००२ भन्दा पछि एम्. फिल्. गर्नेहरूको नामावली यस प्रकार रहेको छ : पुष्कर पराजुली, ममता लामा, राजकुमार छेत्री, बलराम पौडेल, सरस्वती मोहोरा, ललिता राई, सविता तामाङ, कवीर वस्नेत, पदमबहादुर छेत्री, लक्ष्मण शेर्पा, सोनम शेर्पा, महेश प्रधान, मेहेरमान सुब्बा, स्याङ्गी डोमा डुक्पा, अमृत दर्जी, अनिल विश्वकर्मा र योगेश पन्त गरी जम्मा १७ जनामध्ये केहीले एम्. फिल्. गरिसकेका र केही गर्ने क्रममा नै रहेका देखिन्छन् ।

### ४.८.३.२ अनुसन्धानगत शिक्षणमा एम.फिल र विद्यावारिधिको चर्चा

पठनपाठनगत र अनुसन्धानगत विकासका आधारमा समेत उत्तरबङ्ग विश्वविद्यालयले नेपाली भाषासाहित्यलाई समृद्ध ढङ्गमा अगाडि बढाउँदै लैजान सक्नु अत्यन्तै महत्त्वपूर्ण सह्राहनीय काम मान्नुपर्ने हुन्छ । अतः विद्यावारिधिका सन्दर्भमा उत्तरबङ्ग विश्वविद्यालयले निकै ठूलो योगदान पुऱ्याएको छ । उत्तरबङ्ग विश्वविद्यालयमा विद्यावारिधिको सोपाधिक अनुसन्धान कार्य सन् १९८० बाट सुरु भएको हो । हालसम्म जम्मा ५४ जना अनुसन्धाताले शोधपत्र दर्तागरी अनुसन्धान गरेको पाइन्छ । दर्ता १, ५, ७, ८, ११, १६, १७, १८ र २८ खारेजीमा परेका छन् । वर्तमान अवस्थासम्म चालू रहेका अनुसन्धान कार्यमा संलग्न व्यक्ति र शोधप्रबन्धका शीर्षकलाई जानकारीगत आधारमा यहाँ प्रस्तुत गरिएको छ । नरेशचन्द्र खातीले **आधुनिक गद्यकविता भाव, बिम्ब र शिल्पगत अध्ययन** शीर्षक खारेज गरी **ईश्वरबल्लभका कविताहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधकार्य गर्न थालेका छन् । यस्तै कृष्णराज घतानीले **दार्जिलिङ र सिक्किमका नेपाली लोकगीतहरूको विश्लेषणात्मक मूल्याङ्कनलाई** निरस्त गरी पुनः १६ नं. मा नै अर्को दर्ता गरेका छन् । उनले भीमकान्त उपाध्यायको निर्देशनमा **'विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन'** शीर्षकमा अनुसन्धान गर्दैछन् । पुष्कर पराजुलीले भने पहिले दर्ता गरेकै विषयलाई गति दिएका छन् । माथि उल्लिखित तीनैजना उत्तरबङ्ग विश्वविद्यालयका गुरुहरू हुन् । दार्जिलिङ् गभर्मेन्ट कलेजमा कार्यरत राजकुमार छेत्री र नवीन पौडेलले पूर्वस्वीकृत विषयलाई नै गति दिएका छन् । दर्ता नं. ४१ का देशरत्न खरेलले **दार्जिलिङ सिक्किम क्षेत्रमा बोलिने नेपाली भाषाको वर्णनात्मक अध्ययन,** दर्ता नं. ४२ का कवीर बस्नेतको **'भारतीय आधुनिक नेपाली कविता प्रतीक योजनाको विश्लेषणात्मक योजना'** शीर्षकमा नरेशचन्द्र खातीको निर्देशनमा अनुसन्धान गर्दैछन् । दर्ता नं. ४३ का बलराम पौडेलले **Language Behaviowr of Lepehes in Sikkim : A Sociol linguistic** शीर्षकमा घनश्याम नेपालको निर्देशनमा अनुसन्धानरत छन् । दर्ता नं ४४ की गीता

[१९६] तेजमान बराइली, "विश्वविद्यालयको रजत जयन्ती समारोह', **सुनचरी**, (१७ जनवरी २००३) ।

निरौलाले **'तुलसीराम शर्मा कश्यपको काव्यकृतिहरूको विश्लेषण र मूल्याङ्कन'** शीर्षकमा भीमकान्त उपाध्यायको निर्देशनमा अनुसन्धान गर्दैछिन् । दर्ता नं. ४५ की रिङ्गी इडेन वाङ्दीले शिवकुमार राईको कथाकारिताको समीक्षात्मक अध्ययनको शीर्षकमा घनश्याम नेपालको निर्देशनमा २००७ मा पूरा गरेकी छन् । दर्ता नं. ४६ की रागिनी थापाले **दार्जिलिङ पहाडी क्षेत्रको स्थाननामको विश्लेषणात्मक अध्ययन** नामक शीर्षकमा घनश्याम नेपालको निर्देशनमा अनुसन्धान गर्दैछिन् । दर्ता नं. ४७ का कमलकान्त सेढाईले **नेपाली र असमीया भाषाको तुलनात्मक अध्ययन** शीर्षकमा घनश्याम नेपालको निर्देशकत्वमा अनुसन्धान गर्दैछन् । दर्ता नं. ४८ का साङ्गी डोमा डुक्पाले **दार्जिलिङका नेपाली कथामा आञ्चलिक सन्दर्भको विश्लेषणात्मक अध्ययन** नामक शीर्षकमा भीमकान्त उपाध्यायको निर्देशनमा अनुसन्धान गर्दैछन् । दर्ता नं. ४९ को लक्ष्मण शेर्पाले **दार्जिलिङका नेपाली एकाङ्कीहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा कृष्णराज घतानीको निर्देशनमा अनुसन्धान गर्दैछन् । दर्ता नं. ५० का महेश प्रधानले **टोटो भाषाको विश्लेषणात्मक अध्ययन** नामक शीर्षकको शोधपत्र शान्तिराम शर्माको निर्देशनमा अनुसन्धान गर्दैछन् । दर्ता नं. ५१ का गोपालप्रसाद भण्डारीले प्रगतिवादी **नेपाली कवितामा पाइने मानवीयमूल्यताको निरूपण** नामक शीर्षकमा भीमकान्त उपाध्यायको निर्देशनमा अनुसन्धान गर्दैछन् । दर्ता नं. ५२ का अनीतकुमार विश्वकर्माले **नेपाली र बङ्गाली भाषाका आख्यानहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत भएको छ । दर्ता नं. ५३ को महेशराम सुब्बाको **सानुलामाका कथाहरूको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य स्वीकृति भएको छ । दर्ता नं. ५४ का दिलकुमार प्रधानको **नेपाली र बङ्गाली भाषाका आञ्चलिक उपन्यासहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधकार्य स्वीकृत भएको छ । जस योञ्जनले भारतीय नेपाली भाषासाहित्यको विकासमा पारशमणिको योगदान शीर्षकमा भीमकान्त उपाध्यायको निर्देशनको शोधकार्य स्वीकृत भएको छ । यसैगरी रामलाल शर्माले अच्छा राई **'रसिक'का कृतिहरूको विश्लेषण र मूल्याङ्कन** नामक शोधकार्य लक्ष्मीकान्त शर्माको निर्देशनमा गर्दैछन् । रुक्मिणी छेत्रीले **नेपाली साहित्यको समुत्थानमा धरणीधर कोइरालाको योगदान** नामक शीर्षकको शोधकार्य भीमकान्त उपाध्यायको निर्देशकत्वमा गर्दैछन् ।

### ४.८.४ नेपाली विभागको विकसन अवस्था

उ.ब.वि. नेपाली विभाग तीनजना गुरुहरूबाट सुरु भई वर्तमानसम्म आइपुग्दा सात जना गुरुहरूद्वारा अध्ययन अध्यापन गराइएको पाइन्छ । एम.ए.मा विद्यार्थीहरूको संख्यामा उल्लेखनीय उपस्थिति बढ्दे गएको देखिन्छ । एम.फिल.को अवधारणा र विकासले अझ मौलाउने अवसर पाएको देखिन्छ । पी-एच.डी.को अनुसन्धानात्मक गहन कार्यगत उपलब्धिबाट समेत नेपाली भाषा साहित्यको उत्थान भइरहेको छ । विभागमा विभागीय पुस्तकालय, कम्प्युटर, ल्यापटप, जोरेक्स, इमेल, इन्टरनेट, फ्याक्स र वेभसाइट सबै उपलब्ध छन् । भाषाको प्रयोगशाला स्थापना गर्ने जमर्को रहेको कुरा विभागाध्यक्ष मोहन पी.दाहालको भनाइ रहेको छ ।

भारतको पश्चिम बंगाल सरकारको नेपाली विषयका सबै तहका पाठ्यक्रम एवम् पाठ्यपुस्तकको संरचना तयार पार्ने कार्य विभागकै गुरुहरूकै रही आएको देखिन्छ । प्राथमिक तह देखि विद्यावारिधिको तहसम्म हामीले फैलिनु पर्ने कुरा रहेको पाइन्छ ।[ज्ञढठ] **माध्यमिक एवम् उच्च माध्यमिक तह, पाठ्यक्रम विकास** र **शिक्षा परिषद्सँग** जोडिएर नेपाली विभागले काम गर्नु पर्ने देखिन्छ । बि.ए. देखि पी-एच.डी. सम्मको पाठ्यक्रम निर्माण पठनपाठनको व्यवस्थापन नेपाली भाषा साहित्यका कार्यशालाहरूका आयोजन र परीक्षा सञ्चालन जस्ता सबै कार्य विभागद्वारा नै सम्पन्न गर्नुपर्ने देखिन्छ । बि.ए र अनर्सका कलेजका पुगेर निरीक्षण गर्नुपर्ने दायित्व पनि नेपाली विभागलाई नै छ ।

त्रि.वि. नेपाली केन्द्रीय विभागद्वारा यहाँको विभाग स्थापना, पाठ्यक्रम निर्माण मूल्याङ्कन, गोष्ठीहरूमा समेत हामीले ठूलो सहयोग पाउँदै आएका छौं । तथापि त्रि.वि.मा व्यापक र वैकल्पिक कुराहरू थुप्रै छन् पाठ्यक्रमको उच्चता उतैका गुरुहरू यहाँ आएर निर्माण कार्यमा भूमिका निर्वाह गरिदिनाले हामीहरू समृद्ध बन्दै गएका छौं । अत: नेपाली भाषा साहित्यको सम्वर्द्धनका सन्दर्भमा उ.ब.वि. भन्दा मुलुकको राष्ट्रिय विश्वविद्यालय त्रि.वि. नै बढी गतिशील रहेको देखिन्छ ।[ज्ञढड] दार्जिलिङ सिक्किम लगायतका उत्तरपूर्वाञ्चलका पहाडका स्कुलहरूमा उ.ब.वि.द्वारा उत्पादित जनशक्ति नै लगभग ८०% को

---

[ज्ञढठ] मोहन पी. दाहाल पूर्ववत्, अन्तर्वार्ताका क्रममा ।

[ज्ञढड] ऐजन ।

हाराहारीमा खपत हुने गरेका छन् ।[ज्ञढढ] विद्यालय सरकारी निकाय राजनेता कवि कलाकार हुँदै कलेज र विश्वविद्यालयसम्म उ.ब.वि.का जनशक्ति फैलिएका देखिन्छन् । तसर्थ विभागको प्रगतिशीलता उल्लेखनीय रहेको छ । यसै क्रममा सन् १९८६ देखि सन् २००३ सम्म पात्र भएका १६ वटा पि.एच.डी.का शोधग्रन्थहरूलाई परिचयका लागि मात्र सर्वेक्षण गरी यहाँ प्रस्तुत गरिएको छ ।

१. **विश्वेश्वर प्रसाद कोइरालाका कथा उपन्यासमा नारी चरित्र** शोधकर्ता - विष्णु कुमारी शर्मा, शोधनिर्देशक- डिल्लीराम तिम्सिना सन् १९८६ मा ।

२. **लक्ष्मीप्रसाद देवकोटाका मौलिक गद्य साहित्यको शैली वैज्ञानिक अध्ययन शीर्षकमा शोधकर्ता-** घनश्याम नेपाल, शोधनिर्देशक- लक्ष्मीकान्त शर्मा सन् १९८९ मा ।

३. **नेपाली लाहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन** - शोधकर्ता - भीमकान्त शर्मा, शोधनिर्देशक- तुलसी बहादुर क्षेत्री सन् १९९० मा ।

४. **नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदानको विश्लेषणात्मक अध्ययन र मुल्याङ्कन** शोधकर्ता- शान्ति प्रधान शोधनिर्देशक- लक्ष्मीकान्त शर्मा ।

५. **बालकृष्ण सम र गोपालप्रसाद रिमालको नाटकका नारी पात्रको तुलना** शोधकर्ता -सरस्वती नेपाल, निर्देशक- लक्ष्मीकान्त शर्मा ।

६. **अध्यात्म चेतनात्मक आधुनिक नेपाली कविताको विश्लेषण तथा मूल्याङ्कन** - शोधकर्ता -दिवाकर प्रधान, निर्देशक लक्ष्मीकान्त शर्मा सन् १९९४ मा

७. **दार्जिलिङका आधुनिक नेपाली उपन्यास प्रकृतिहरूको विश्लेषण तथा मूल्याङ्कन** - शोधकर्ता - मोहनप्रसाद दाहाल, शोध निर्देशक - तुलसी बहादुर क्षेत्री सन् १९९५ मा ।

८. **रूपनारायण सिंहका कथा र उपन्यासका समाजशास्त्रीय अध्ययन** शोधकर्ता- राधा शर्मा, शोधनिर्देशक- लक्ष्मीकान्त शर्मा सन् १९९९ मा ।

९. **नेपाली रामकथा परम्परा र प्रकृति** - शोधकर्ता -गोकुल सिन्हा, शोधनिर्देशक- लक्ष्मीकान्त शर्मा सन् १९९९ मा ।

१०. **भारतमा नेपाली भाषा र साहित्यको उत्थानमा पारसमणि प्रधानले गरेको योगदान** शोधकर्ता - जस योञ्जन, निर्देशक- भीमकान्त उपाध्याय सन् २००० मा ।

११. **सिक्किमका प्रमुख नेपाली कथाहरूको विश्लेषण र मूल्याङ्कन** शोधकर्ता-राजेन्द्रप्रसाद भण्डारी, शोधनिर्देशक- लक्ष्मीकान्त शर्मा सन् २००१ मा ।

१२. **नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्कन** शोधकर्ता- द्रोण कुमार उपाध्याय, शोधनिर्देशक- भीमकान्त उपाध्याय सन् २००२ ।

१३. **महाकवी लक्ष्मी प्रसाद दवेकोटाका फुटकर कवितागत विम्ब विधानको विश्लेषणात्मक अध्ययन** शोधकर्ता- सञ्जय राई, शोधनिर्देशक- लक्ष्मीकान्त शर्मा २००२ मा।

१४. **नेपाली आञ्चलिक उपन्यासको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन** - शोधकर्ता -राजकुमारी दाहाल, शोधनिर्देशक - भीमकान्त उपाध्याय सन् २००२ मा ।

१५. **नेपाली कविताको विकासमा सिक्किमको योगदान** -(सन् १९४०-१९९०) शोधकर्ता -पुष्प शर्मा, शोधनिर्देशक- भीमकान्त उपाध्याय सन २००२ मा ।

१६. **दार्जिलिङका नेपाली कथाहरूको पवृत्तिगत विश्लेषण र मूल्याङ्कन** - शोधकर्ता - इन्द्रबहादुर क्षेत्री, शोधनिर्देशक - भीमकान्त उपाध्याय सन् २००३ मा ।

१७. **नेपाली र हिन्दी उपन्यासको तुलनात्मक अध्ययन** शोधकर्ता- ममता लामा, शोधनिर्देशक-मोहन पी.दाहाल, सन् २००६ मा । गरी १७ वटा विद्यावारिधिका प्राप्य शोधप्रबन्धहरू देखिन्छन् ।

---

[ज्ञढढ] भीमकान्त, पूर्ववत्, अन्तर्वार्ताका क्रममा ।

उ.ब.वि.ले नेपाली विभागले विद्यावारिधिको सन्दर्भमा निकै ठूलो छलाङ मारेको छ । उपलब्ध स्रोतहरूको परिचयात्मक चर्चा यहाँ गरियो । यसरी निर्मित भएका शोधप्रबन्धहरूमा विशेष कार्य गरेर महत्वपूर्ण भूमिका निर्वाह गर्ने गुरु लक्ष्मीकान्त शर्माले ८ जना शोधकर्तालाई निर्देशन गरी अनुसन्धान गराउनु र भीमकान्त उपाध्यायले पनि ५ जनाको निर्देशकत्व को भूमिका निर्वाह गर्नुले प्राध्यापनको क्षेत्रले समेत नेपाली भाषा साहित्यको योगदानमा ठूलो उपलब्धि हाँसिल गरेको पाइन्छ ।

सन् १९८७ देखि १९८१ सम्म उ.ब.वि.को नेपाली विभागमा कार्य गरेकी श्रीमती विष्णुकुमारी शर्माले सो निर्देशनमा सन् १९८१ मा विद्यावारिधिको दर्ता गरी सन् १९८६मा उ.ब.वि.बाट नै विद्यावारिधिको उपाधि प्राप्त गरिन् भारतीय विश्वविद्यालयबाट नेपाली भाषामा लेखेर नेपाली साहित्यमा प्रथम पी-एच.डी. गर्ने श्रेय उनैले प्राप्त गरेकी हुन् ।[द्दण]

उ.ब.वि. नेपाली विभागमा विद्यावारिधिका अनुसन्धानका विषयहरूमा भाषा, साहित्य, समालोचना, लोकसाहित्य, व्यक्ति, संस्थामाथि अन्वेषण गराइरहेको भेटिन्छ । सन् २००० देखि २००६ सम्मको अवधिमा पी.एच.डी.को उपाधि प्राप्त गर्ने व्यक्तित्वहरूमा-गोकुल सिन्हा, जस योञ्जन, द्रोणकुमार उपाध्याय, श्रीमती पुष्प शर्मा, सञ्जय राई, राधा शर्मा, राजकुमारी दाहाल, इन्द्रबहादुर क्षेत्री, राजेन्द्रप्रसाद भण्डारी र ममता लामा देखिन्छन् भने सोही अवधिमा एम.फिल गर्ने अध्येताहरूमा विनोद क्षेत्री, सुरज शर्मा, रजनी शर्मा, मेघनाथ क्षेत्री, राजकुमार क्षेत्री, सुरज क्षेत्री, बलराम पाण्डे र महेश प्रधान देखिन्छन् । जसमा बलराम पाण्डेको **हाइमनदास राई किराँतका कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको लघु शोध प्रबन्धका निर्देशक मोहन पी. दाहाल हुन् । दिलकुमार प्रधानको **आञ्चलिकता अनि केही नेपाली उपन्यास** शीर्षकको लघु शोधप्रबन्धका निर्देशक शान्तिराम शर्मा हुन् । यी दुवै सन् २००१ मा स्वीकृत भएका देखिन्छन् भने सन् २००२ मा विनोद क्षेत्रीको **रूपनारायण सिंहका गद्यआख्यानको शैलीपरक अध्ययन** शीर्षक भएको लघु शोधप्रबन्धका निर्देशक नरेशचन्द्र खाती हुन् । यी एम.फीलका नमूनात्मक लघु शोधप्रबन्धहरूका नामावली दिग्दर्शनका लागि उल्लेख गरिएको हो । यस किसिमका अनुसन्धानमूलक कार्यले मात्र पनि नेपाली विभागले नेपाली भाषा साहित्यको श्रीबृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने कुरा स्पष्ट गरेको छ । अनुसन्धानगत शिक्षण शीर्षक अन्तर्गत यहाँ मास्टर अफ फिलोसोफि ( M.Phil) को पठनपाठन सम्बन्धी परिचर्चा गरिएको छ । सन् १९९५ देखि सन् २००६ सम्म एम.फिलको अनुसन्धानको संख्यामात्र यहाँ उल्लेख गरिन्छ । नेपाली विभागको दर्ता पुस्तिका अनुरूप सन् १९९५/९६ को शैक्षिक वर्षमा ६ जना, १९९६/९७ मा ३ जना, सन् १९९७/९८ मा ५ जना र १९९८/९९ मा भने ५ जनाले नाम दर्ता गराए पनि कसैले एम.फिल नगरेको देखिन्छ । सन् १९९९/२००० को शैक्षिक वर्षमा ८ जना, सन् २०००/०१ को शैक्षिक वर्षमा ४ जना र २००१/०२ को शैक्षिक वर्षमा कुनै एम.फिलको अध्येता नभएको देखिन्छ । सन् २००२/०३ को शैक्षिक वर्षमा ३ जना, २००३/०४ मा ३ जना, २००४/०५ मा १ जना, २००५/०६ मा ८ जना र २००६/०७ मा ७ जना गरी जम्मा ५२ जना अनुसन्धाताले एम.फिलको अध्ययन मार्फत् अनुसन्धान गरेको देखिए पनि हाल सम्ममा ३५ जना जतिले मात्र एम.फिल पूर्ण गरेको भेटिन्छ । नेपाली भाषा र साहित्यमा एम.फिल सहित विद्यावारिधि गर्ने पहिलो व्यक्तित्व ममता लामा हुन् उनले **हिन्दी र नेपाली उपन्यासको तुलनात्मक अध्ययन** मोहन पी. दाहालको निर्देशनमा सन् २००६ मा विद्यावारिधिको उपाधि प्राप्त गरेकी छिन् ।[द्दज्ञ] यसै गरी एम.फिलको चर्चामा देवब्रत घिमिरेले **कालिम्पोङ क्षेत्रका प्राथमिक तहका विद्यालयहरूमा पढाइने नेपाली विषय शिक्षा सामग्रीको गुणस्तरको समिक्षात्मक अध्ययन** शीर्षकमा नरेशचन्द्र खातीको निर्देशनमा सन् २००६ मा एम.फिल पूरा गरेका छन् । त्यस्तै निरज राईले **खस जाति तथा खस भाषा एक अध्ययन** शीर्षकमा सन् २००६ मा भीमकान्त उपाध्यायको निर्देशनमा एम.फिल पूरा गरेका छन् भने दिनेश शर्मामाले **सिलगढीका महकुमा भित्रका नेपाली विद्यालयहरूमा पढाइने माध्यमिक तहका नेपाली विषयमा शिक्षा सामग्रीको गुणस्तरको समिक्षा** शीर्षकमा पुस्कर पराजुलीको निर्देशनमा सन् २००६ मा विनुपा राईले घनश्याम नेपालको निर्देशनमा **गुप्त प्रधान माथिको कथाकारिता** शीर्षकमा चन्द्र राईले मोहन पी. दाहालको निर्देशनमा **पश्चिम सिक्किमका उच्च माध्यमिक स्कुलहरूमा पढाइने नेपाली भाषा विषयक पाठ्यसामग्रीको गुणस्तरको समीक्षा** शीर्षकमा, सोनाम शेर्पाले भीमकान्त उपाध्यायको निर्देशनमा **भारतीय नेपाली कवितामा जातीय चेतना** शीर्षकमा, उमेश चाम्लिङले शान्तिराम शर्माको निर्देशनमा **तामाङ्ग र**

---

[द्दण] विष्णुकुमारी शर्मा, नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वर कोइरालाको साहित्य पकाशिका सयपत्रि प्रकाशन बारणसी प्रथम संस्करण सन् १९९२ ।

[द्दज्ञ] नरेशचन्द्र खाती प्रत्यक्ष अन्तवार्ताका क्रममा २०६३/१२/५ दिवा ४ बजे नेपाल विभाग भवन ।

**लिम्बु भाषाको तुलनात्मक अध्ययन** शीर्षकमा, राजकुमार काकीले **इन्द्र बहादुर राईका कथाकारिता** शीर्षकमा अनिता लामाले **इन्द्र सुन्दासका कथाहरूको समीक्षात्मक अध्ययन** शीर्षकमा कृष्णराज घतानीको निर्देशनमा उ.ब.वि. नेपाली विभाग अन्तर्गत एम.फिल. डिग्रीको क्रमिक मूल्याङ्कन पत्रको प्रयोजन र परिपूर्तिका निम्ति प्रस्तुत लघु शोधप्रबन्ध भनी एम.फिलको उपाधि प्राप्त गरेको देखिन्छ । सन् २००६/०७ मा चालु रहेका एम.फिलको अनुसन्धानमा कल्पना त्रिपाठीले मोहन पी. दाहालको निर्देशनमा **सानु लामाका कथामा समाजशास्त्रीय अध्ययन**, शीर्षकमा सुरेस चाम्लिङले **नेपाली भाषाको मानकीकरण** शीर्षकमा, सन्दिप प्रधानले **दार्जिलिङको गोरखा दु:ख निवारक सम्मेलनको योगदान** शीर्षकमा, योगेस पन्तले **नेपालीको व्याकरणगत अध्ययन** शीर्षकमा, वासुदेव थापा पुलामीले मगर भाषाको अध्ययन शीर्षकमा, छिरिङ्ग भोटियाले **सिक्किमका आधुनिक कथाको भाषाको शीर्षकमा** र विक्रम विश्वकर्माले भीमकान्त उपाध्यायको निर्देशनमा **नेपाली भाषासाहित्यको विकासमा उ.ब.वि.को देन** शीर्षकमा एम.फिल गर्दै छन् ।

एम.फिल पूर्ण गर्ने मूल्याङ्कनको कसीमा ५०० पूर्णाङ्कको पाठ्यक्रमगत तर्जुमा गरिएको पाइन्छ । जस अन्तर्गत डिजर्टेसन २०० पूर्णाङ्क थेउरी २०० पूर्णाङ्क, सेमिनार ५० पूर्णाङ्क भाइभा ५० पूर्णाङ्क गरी अङ्क विभाजन गरिएको छ ।

दुई विशेषज्ञहरूको मूल्याङ्कनद्वारा लघु शोधप्रबन्ध र शोधकर्ताको मूल्याङ्कन गरिने परिपाटी रहेको छ । यस परिप्रेक्षबाट **विश्वविद्यालय अनुदान आयोग**ले समेत विश्वविद्यालयीय शिक्षक हुन उत्तीर्ण गर्नु पर्ने **नेट** परीक्षाका लागि एम.फिल र पी.एच.डी दुवै तह पार गरेको छ भने **नेट** परीक्षा नदिए पनि प्राध्यापन कार्यमा उक्त व्यक्ति मान्य हुने नियम छ । यसलाई उत्तम धारणा मान्न सकिन्छ । स्नातकोत्तरमा ५५ % अङ्क ल्याएमा मात्र नेटको परीक्षा दिन सुलभ मानिन्छ । **नेट**को परीक्षामा जनरल सब्जेक्ट १०० पूर्णाङ्कको अब्जेक्टिभ टाइपको प्रश्न १०० पूर्णाङ्कको सब्जेक्टिभ टाइपको १०० पूर्णाङ्क गरी **युजिसी नेट** परीक्षा दिनु पर्ने नियम रहेको छ । जुन कुनै स्नातकोत्तर गरेको विद्यार्थीले **नेट**को परीक्षामा र आफ्नो शैक्षिक योग्यतामा समेत ६०% अङ्क ल्याएको छ भने उच्चतर अध्ययनका लागि छात्रवृत्ति पाउने अधिकार रहन्छ । यस छात्रवृत्तिको विशेष सुविधाअन्तर्गत मासिक रकम आवास खर्च र टाढा जाँदा आउँदा टि.ए.डि.ए. दिने प्रावधान रहेको पाइन्छ । यस किसिमको छात्रवृत्ति पाएर विद्यावारिधि गर्नेमा दिवाकर प्रधान पहिलो व्यक्ति देखिन्छन् भने विरगञ्ज नेपालमा रहेकी सरस्वती नेपाल र भर्खरै सन् २००६ मा विद्यावारिधिको उपाधि पाएकी कालेम्पोङ कलेजकी शिक्षिका ममता लामाले पनि यस प्रकारको सुविधा पाएको देखिन्छ ।

# पाँचौं परिच्छेद
# शोध निष्कर्ष

## ५.१ समाहारमा नेपाली भाषा साहित्यको उन्नयनमा नेपाली विभागको योगदान

उत्तरवङ्ग विश्वविद्यालय नेपाली विभागले अध्ययन अध्यापन, अनुसन्धान एवम् लखेन र प्रकाशनका माध्यमबाट नेपाली भाषा साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान पुऱ्याएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डअन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधकार्यको औचित्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा दार्जिलिङको भू-भागमा नेपालीहरूको अवस्थितिलाई केलाएर दार्जिलिङको ऐतिहासिक इतिवृत्तलाई औंल्याउँदै आरम्भदेखि वर्तमानसम्मको चर्चा गरिएको छ ।

नेपाली भाषा साहित्यको विकासमा नेपालभित्र र बाहिर गरी विभिन्न सङ्घ संस्था क्रियाशील रहेको पाइन्छ । यसरी नेपाली भाषा साहित्यको उन्नयनमा योगदान पुऱ्याउने नेपाल बाहिर रहेका संस्थाहरूमध्ये उत्तरवङ्ग विश्वविद्यालय मुख्य हो । सन् १९६२ मा स्थापित उत्तरवङ्ग विश्वविद्यालयले नेपाली भाषा साहित्यको पठनपाठन लेखन प्रकाशन र अध्ययन अनुसन्धानमार्फत नेपाली भाषा साहित्यको भण्डारण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । यस विश्वविद्यालयले नेपाली भाषा साहित्यको योगदानमा भूमिका खेल्नुपूर्व भारतमा इशाई मिसनरी (पादरी) हरूले धर्म प्रचारका माध्यममा बाइबललाई नेपाली भाषामा अनुवाद गराई नेपाली भाषालेखनको कार्यलाई वृद्धि गरे पश्चात् पाठशालाहरूको स्थापना र प्रारम्भिक पठनपाठनको सुरुवात भएको पाइन्छ । यस तथ्यलाई पुष्टि गर्दै दोस्रो परिच्छिेदअन्तर्गत भारतको पूर्वोत्तराञ्चल एवम् बर्मातिर छरिएरका नेपालीहरूको अवस्थिति र नेपाली भाषाको विस्तारलाई देखाइएको छ ।

दोस्रो परिच्छेदअन्तर्गत नेपाल उपत्यकाको प्राचीन युग, किराँताकाल, **'किरातार्जुनीयम्'** महाकाव्य एवम् अन्य वर्णित ऐतिहासिकवृत्तगत्त तथ्य, आजको लिम्बूवान्, खुम्बूवान् तथा किराँतराज्यको परिचर्चा गर्दै मगरात इतिहासको समेत चर्चा गरिएको छ । सन् १८४० को आसपासमा मगर जातिहरू पूर्वी नेपाल हुँदै दार्जिलिङदेखि अझ पूर्व सिक्किम पुगेको चर्चा यहाँ गरिएको छ । आजको नयाँ नेपाल बन्नु पूर्व अर्थात् विशाल नेपाल भन्नुभन्दा पनि पूर्व टुक्रिएर रहेका बाइसे र चौबीसे राज्यहरूमा विजयपुर राज्य र तत्कालीन स्वतन्त्र सिक्किम राज्य सिक्किमबीचको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै तिरहुत र कौशिक प्रदेश हुँदै दार्जिलिङ र बर्मासम्म पुगेका नेपालीहरूको अवस्थालाई यहाँ उठान गरिएको छ । पृथ्वीनारायण शाहको उदय, नेपाली साहित्यलेखनको बालापन र नेपालको एकीकरणभित्र निहित दार्जिलिङको अवस्थालाई यहाँ सम्यक् चर्चा गरिएको छ र सन् १७७४ देखि सन् १८७५ सम्म दार्जिलिङ नेपालको अधीनस्थ रहेको तथ्य एवम् नेपालले सन् १८८८ मा सिक्किम माथि गरेको विजयको परिचर्चा गरिएको छ । सन् १८१५ पछि अर्थात् नेपाल अङ्ग्रेजबीचको सुगौली सन्धिपछि दार्जिलिङ तिरका नेपाली जातिको अस्तित्व र जीवन सङ्घर्षका घटनाचक्रको चर्चागत उल्लेख प्रस्तुत शोधमा गरिएको छ ।

इष्ट इण्डिया कम्पनीको स्थापना र अङ्ग्रेजहरूको भारत आगमन पश्चात अङ्ग्रेजहरूले नेपाली भाषा साहित्यप्रति देखाएको चासोलाई समेत यहाँ उल्लेख गरिएको छ । नेपालीहरूले प्रवास भूमिमा गरेका सङ्घर्षहरूलाई एवम् त्यतै बसेर लेखिएका थुप्रै साहित्यिक कृतिहरू र त्यसबाट नेपाली भाषा साहित्यले प्राप्त गरेको उपलब्धिलाई पनि देखाइएको छ ।

दार्जिलिङ भू-भागमा नेपालीहरूको सामाजिक अवस्था, राजनैतिक अवस्था, शैक्षिक अवस्था, साहित्यिक अवस्था नेपाली भाषाको विस्तार एवम् प्रभावका बारेमा यहाँ उठान गरिएको छ । भारतमा नेपाली भाषा शिक्षणको पृष्ठभूमिको चर्चामा वि.सं १०३८-१३७८ सम्ममा प्राप्य अभिलेखहरूको पृष्ठभूमि देखाइएको छ । भारतमा नेपाली भाषा शिक्षणको प्रारम्भिक प्रयास भएका प्रमुख स्थानहरूमा पहिलो काशी र त्यसपछि दार्जिलिङ नै मानिन्छन् । दार्जिलिङमा सन् १८५५ देखिमात्र शिक्षाको प्रकाश परेको हो तत्पश्चात नेपाली शिक्षणको सूत्रपात सन् १८६९ मा मिसनरी म्याक्फर्लोन दार्जिलिङ पसेपछि मात्र यस

भेगमा शिक्षा दिनेकार्य सुरु भएको चर्चा यहाँ गरिएको छ । यसैगरी भारतमा नेपाली भाषा पठनपाठनको विस्तारमा पश्चिमबङ्गाल (दार्जिलिङ र डुवर्स) सिक्कम, आसाम, मेघालय, मणिपुर, उत्तराञ्चल, उत्तरप्रदेशमा भए गरेका कार्यको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेद अन्तर्गत नेपाली भाषा साहित्यको विकासमा उत्तरवङ्ग विश्वविद्यालय स्थापना पूर्वको प्राक्चेष्टाको चर्चा गर्दा दार्जिलिङमा नेपालीभाषा मानव सभ्यता, संस्कृति र जीवन चर्चाको द्योतक बनेर रहेको कुराको उल्लेख गरिएको छ ।

दार्जिलिङमा नेपाली भाषाको प्रयोग र परम्पराको चर्चामा भाषा मान्यता आन्दोलनलाई अघि सारिएको छ । सन् १९५६ बाट **जाग्रत् गोरखा**को प्रकाशनसँगै सुरु भएको भाषा मान्यता आन्दोलनले सन् १९६६ मा आएर नेपाली भाषा सङ्घर्ष समितिको गठनसँगै खुलेका अन्य सङ्घसंस्थाले खेलेको भूमिकाबाट स्पष्ट हुन आएको सन्दर्भमा दार्जिलिङमा नेपाली स्वभाषाप्रतिको मोह औधि रहेको कुरा उल्लेख गरिएको छ । भाषा मान्यताको सन्दर्भमा कतिपय सङ्घसंस्था पत्रपत्रिका व्यक्ति समुदाय एवम् राजनैतिक पार्टीहरूको योगदान अविस्मरणीय रहेको छ ।

चौथो परिच्छेदलाई अझ महत्व बनाउन सन् १९६२ पूर्वको दार्जिलिङमा नेपाली साहित्यको पृष्ठभूमिको प्रसङ्ग एवम् भारतमा नेपाली भाषाको पठनपाठनसम्बन्धी चर्चा यहाँ गरिएको छ । दार्जिलिङमा सन्त ज्ञानदिल दासले “उदय लहरी” लेखेर साहित्य लेखनको बीजाधान गरेपश्चात पादरी गङ्गाप्रसाद हुँदै सूधपा एवम् आयामेली आन्दोलनका स्रष्टाहरू र लक्खीदेवी सुन्दास, कुमार प्रधान प्रभृति भाषासेवीहरूले नेपाली भाषा साहित्यको सेवा गरेको पृष्ठभूमिमा उत्तरवङ्ग विश्वविद्यालयको स्थापना र नेपाली अध्ययन अनुसन्धानको परम्परा थालनी भएको पाइन्छ र सन् १९६२ मा उत्तरवङ्ग विश्वविद्यालयको स्थापना भए पनि सन् १९७८ बाट मात्र नेपाली विषयको स्नातकोत्तर कक्षाको सुरु गरी आजसम्म निरन्तररूपमा चलिरहेको छ । यस विश्वविद्यललयले भाषा साहित्यको अध्ययन अनुसन्धान गर्ने क्रममा नेपाली भाषा, साहित्य र साहित्यकारहरूका बारेमा खोज अनुसन्धान गर्दै शोधकार्य गर्ने गराउने गरेको छ ।

२६ फेब्रुवरी सन् १९७५ मा साहित्य अकादमी दिल्लीद्वारा नेपालीभाषालाई मान्यता दिनु र ६ नोभेम्बर सन् १९९० मा भारतको केन्द्रीय शिक्षा बोर्डले नेपाली भाषालाई भारतका केन्द्रीय विद्यालयहरूमा एक विषय नेपाली पठनपाठनको व्यवस्था गर्नु आदि कारकबाट सन् १९९२ मा भारतमा नेपाली भाषाले संवैधानिक मान्यता प्राप्त गरेको कुरा उल्लेख गरिएको छ । दार्जिलिङको भाषा साहित्यमा शिक्षाले राम्रो प्रभाव पारेको छ भने साहित्यलेखनले भाषालाई उजिल्याएको चर्चा यहाँ गरिएको छ ।

उरत्तबङ्ग विश्वविद्यालयको विकासका सन्दर्भमा स्नातक, स्नातकोत्तर, एम.फिल. र विद्यावारिधि जस्ता अध्ययन अनुसन्धानका तहहरूमा यस विश्वविद्यालयले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपाली साहित्यका सिद्धहस्त साहित्यकारका साहित्यिक विशिष्टता र तिनका जीवनी व्यक्तित्व र कृतिगत वैशिष्ट्यलाई उजागर गर्दै पाठक सामु पुऱ्याउने कार्यमा गोष्ठी र पुस्तक पत्रपत्रिकाको विमोचन समारोह आदिका माध्यमबाट पनि यस विश्वविद्यालयले नेपाली भाषा साहित्यको क्षेत्रमा विशिष्ट भूमिका निर्वाह गरेको छ । नेपाली भाषा व्याकरण भाषिका र साहित्यका विभिन्न विधा, नाटक, आख्यान कविता, निबन्ध र समालोचना जस्ता विविधपक्षमा यस विश्वविद्यालयले अध्ययन अनुसन्धान गर्ने कार्य गरेको छ ।

भारतका विभिन्न क्षेत्रमा छरिएर रहेका नेपालीहरूले नेपाली भाषा साहित्यमा व्यक्तित्वहरू एवम् सूंस्थाहरूको खोजी गर्नु र तिनलाई उजागर गर्नु पनि यस विश्वविद्यालयको महत्वपूर्ण कार्य हो । भानुभक्त आचार्य लक्ष्मीप्रसाद देवकोटा, अगमसिंह गिरी जस्ता साहित्यकारहरूको जन्म जयन्तीलाई भव्यताका साथ सम्पन्न गरी त्यस क्षेत्रमा नेपाली भाषा साहित्यप्रति ममता जगाउने कार्यमा विश्वविद्यालयको अहम् भूमिका देखिन्छ । यस किसिमका कार्यले त्यस क्षेत्रका र नेपाल राष्ट्रभित्रका नेपालीहरूको भावनामा भाषा साहित्यप्रतिको ममता जागृत गराउँदा विश्वविद्यालयले नेपाली एकेडेमीसँग मिलेर **अकादमी जर्नल** जस्तो अनुसन्धानमूलक पत्रिका प्रकाशन गरेर त्यस क्षकेत्रका साहित्यप्रेमी एवम् साहित्यिक साधकहरूलाई लेखन क्षेत्रमा प्रोत्साहित गरेको छ भने साहित्यकारहरूलाई गोलबद्ध हुन उत्प्रेरित गरेको छ ।

नेपाली भाषा साहित्यका स्रष्टाहरूलाई सम्मानित गर्ने कार्यमा पनि विश्वविद्यालयको उत्तिकै भूमिका रहेको छ । इन्द्रबहादुर राई शिवकुमार राई अगमसिंह गिरी लक्खीदेवी सुन्दास, पारसमणि प्रधान,

हाइमानदास राई किराँत, तुलसी अपतन प्रभृति साहित्यकारहरूलाई सम्मान गरेर पनि विश्वविद्यालयले नेपाली भाषा साहित्यको उत्थानमा सबैलाई प्रेरित गर्ने कार्य गरेको छ ।

सन् १९६२ पूर्व अर्थात् विश्वविद्यालय स्थापना पूर्व नै भारतका विभिन्न क्षेत्रमा नेपाली भाषा साहित्यको लेखन परम्परा बसिसकेको र समृद्ध बन्दै गएको पाइन्छ । सूधपा शिवकुमार राई, इन्द्रबहादुर राई, पारिजात, रूपनारायण सिंह, पारसमणि प्रधान, लक्खीदेवी सुन्दास कुमार प्रधान जस्ता थुप्रै साहित्यकारहरूले समुन्नत साहित्यको सिर्जना गरिरहेको स्थितिमा विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयको स्थापनाले पश्चवर्ती साहित्यकारहरू-मोहन पी. दाहाल, घनश्याम नेपाल, भीमकान्त उपाध्याय, गोकुल सिन्हा, जसयोञ्जन प्यासी, राजेन्द्र भण्डारी, जीवन नाम्दुङ आदि स्रष्टाहरूलाई जन्माउन अहम् भूमिका खेलेको पाइन्छ भने अन्य लेखकहरूलाई विश्वविद्यालयमा नेपाली विषयको प्रविष्टिले उत्साहित गरेको पाइन्छ । विश्वविद्यालय स्थापना पूर्वका क्रियाकलापलाई पृष्ठभूमि र प्राक्चेष्टाका रूपमा उल्लेख गरी यहाँ विश्वविद्यालयीय गतिविधिलाई विशेष जोड दिइएको छ ।

उत्तरवङ्ग विश्वविद्यालयले नेपाली भाषा साहित्यको समुत्थान र स्तरीकरणमा पुऱ्याएको योगदानलाई साक्षातकार गराउँदै नेपाली एकेडेमीको स्थापना र विकासका बारेमा सम्यक् चर्चा गरिएको छ । त्यस्तै नेपाली **अकादमी जर्नल** प्रकाशन र तिनीहरूमा रहेका रचनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ । अतः यस किसिमको अहिलेसम्मको अध्ययन, विश्लेषण एवम् अनुसन्धानबाट के कुरा अवगत हुन्छ भने उत्तरवङ्ग विश्वविद्यालय नेपाली विभागले नेपाली भाषा साहित्यको उन्नयनमा व्यवस्थित धरा निर्माण गरी प्रगतिशील जनशक्ति उत्पादन गर्दै आएको बुझिन्छ । त्यसैले त उ.ब.वि.ले नेपाली भाषा साहित्यको सेवा गर्ने शिल्पीका रूपमा आफूलाई उभ्याएको छ । नेपाली साहित्यको दीर्घतम फाँटमा थुप्रै भाषा साहित्यसेवीहरूलाई छेरर नेपाली साहित्य जगत्मा आफूलाई स्थापित गराउन सक्ने व्यक्तिहरू उर्वरशील उर्जालाई नेपाली विभागले प्रादूर्भाव गराइदिएको कुरा स्पष्ट हुन आएको छ । तसर्थ नेपाली भाषा साहित्यको उन्नययनमा उत्तरवङ्ग विश्वविद्यालय नेपाली विभागको महत्वपूर्ण भूमिका रहेको छ ।

# सन्दर्भग्रन्थसूची

## (क) पुस्तकसूची


अधिकारी, रामलाल, **नेपाली कथायात्रा** नयाँ दिल्ली : साहित्य अकादमी, सन् १९८८ ।

--------, सूर्यमणि **नेपाली साहित्यको इतिहास** काठमाडौं भूडीपुराण, वि.सं.२०५६ ।

आचार्य, बाबुराम सं., **पुराना कवि र कविता** काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३३ ।

उत्तरबङ्ग विश्वविद्यालय **स्नातक, स्नातकोत्तर एम.फिलका नेपाली विषयका पाठ्यक्रम र अनुसन्धान पत्रपत्रिका** दार्जिलिङ, सन् १९७७ र त्यसपश्चात वर्तमानसम्म ।

उपाध्याय, पुरुपोत्तम **मेघालय एक चर्चा** सिलोक : सेन्टेनरी सिलोङ गोर्खा, सन् १९८६ ।

--------, भीमकान्त **आँखीभ्यालबाट हेर्दा** सिलगढीः नेपाली लेखक सहकारी समिति, सन् १९९४ ।

--------, -------- **सरसर्ती पढ्दा** गोहाटीः नयाँ घुम्ती प्रकाशन, सन् १९६३ ।

घिमिरे, भवानीप्रसाद **भानुविचार** विराटनगरः भानु प्रकाशन, वि.सं. २०३४ ।

दास, शरदचन्द्र , **जर्नि टू ह्लासा एण्ड सेन्ट्रल तिब्बेत** कलकत्ता, सन् १९०२ ।

दाहाल, पेशल **नेपालको इतिहास** काठमाडौ.ः एम.के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, वि.सं. २०६२ ।

------, मोहन पी. **नेपाली भाषा आन्दोलनमा रतनलाल ब्राह्मणको भूमिका** सिलगढीः प्रतिमा प्रकाशन, सन् २००० ।

पराजुली, ठाकुरप्रसाद **नेपाली साहित्यको परिक्रमा** काठमाडौंः साझा प्रकाशन, वि.सं.२०५६ ।

प्रधान, ए.जे. **भारतवर्षको इतिहास** गान्धी रोड श्रीमती सरिता प्रधान, सन् १९६७ ।

-----, कुमार **अधिति केही** दार्जिलिङः पूर्णिमा प्रकाशन, सन् २००५ ।

-----, ----- **प्रथम प्रहर** दार्जिलिङ श्याम प्रकाशन, सन् १९८२ ।

-----, पारसमणि **टिपनटापन** कालेम्पोङः भाग्यलक्ष्मी प्रकाशन, सन् १९६९ ।

-----, -------- **दार्जिलिङ जिल्लामा नेपाली भाषाको विकास टिपनटापन** कालेम्पोङः भाग्यमणि प्रकाशन, सन् १९६६ ।

-----, -------- **नेपाली भाषाको विकास दार्जिलिङ जिल्लामा** गान्तोक शिव प्रधान, सन् १९८४ ।

-----, -------- **रोचक संस्मरण** कालेम्पोङः भाग्यलक्ष्मी प्रकाशन, सन् १९८३ ।

-----, -------- प्रताप सिंह **पुरानो गोर्खाथूम दार्जेलिङ उहिले र अहिले** दार्जिलिङः दीपा प्रकाशन, वि.सं. २०४१ ।

राई, इन्द्रबहादुर **दार्जिलिङ जिल्लाको नेपाली भाषामा प्राथमिक शिक्षाको प्रारम्भ** दार्जिलिङः सेन्टरोबटर्स सेन्टभियर्स, सन् १९६८ ।

---, -------- **लेखहरू र भ्याल** गान्टोक शोभाकान्ति थेगिम लेप्चा, सन् २००० ।

---, -------- पृष्ठ पृष्ठ गान्टोक सिक्किम साहित्य परिषद्, सन् १९९५ ।

---, -------- **व्यक्ति एक चित्तकका** (इन्द्र सम्पूर्ण) **टिपेका टिप्पणीहरू** दार्जिलिङः नेपाली साहित्य सञ्चयिका, सन् १९७६ ।

---, हाजिरमान **मीठा मीठा नेपाली गीतको भूमिका** कालिम्पोङः उपाशक प्रकाशन, सन् १९८३ ।

शर्मा, जनकलाल **जोशमनि सन्त परम्परा र साहित्य** काठमाडौं नेपाली एकेडेमी, वि.सं. २०२१ ।

--- , बालचन्द्र **नेपालको ऐतिहासिक रुपरेखा** बनासर कृष्णकुमारी शर्मा, वि.सं.२००८ ।

--- , मोहनराज र खगेन्द्रप्रसाद **शोधविधि** काठमाडौंः साझा प्रकाशन, वि.सं. २०५२ ।

श्रेष्ठ, दयाराम र मोहनराज **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** काठमाडौं साझा प्रकाशन साझा प्रकाशन, वि.सं २०४९ ।

सुन्दास, लक्खीदेवी **अकादमी निबन्धावली** दार्जिलिङः नेपाली एकेडेमी, सन् १९७६ ।

क्षेत्री, जगत, **नेपाली साहित्य सम्मेलनमा सूधपाको योगदान,** दार्जिलिङ श्यामप्रकाशन सन् १९९३ ।

## (ख) पत्रिकासूची

आले, रश्मीप्रसाद **सिक्किममा नेपाली शिक्षाको शिलन्यास तथा प्रचार प्रसार** 'दियालो' दार्जिलिङः ने.सा.स. अक्टोवर सन् १९१६ ।

चाम्लिङ, गुमानसिंह **सर्टहिष्ट्रि अफ द नेपाली एकेडेमी** 'मनन' (सम्पा.) दार्जिलिङ मनन प्रकाशन सन् १९८२ ।

छेत्री, राजकुमार (सम्पा.) **नेपाली विभागको रजतजयन्ती समारोह** 'साहित्य सन्देश' वर्ष ३ अङ्क ३ राजाराम मोहन पुर दार्जिलिङ, सन् २००२ ।

---, तुलसीबहादुर **विविध समाचार** (सम्पा.) 'दियालो' वर्ष १२ हाँगो ५३ दार्जिलिङः नेसास, सन् १९७२

तम्सिना, डिल्लीराम (सम्पा.) 'वाणीसाधना' वर्ष २ अङ्क ३ वारणसी, वि.सं. २०४० ।

त्रिपाठी, वासुदेव **नेपाली भाषाको उद्‌भव र विकास प्रक्रियाको आधारमा भारतमा नेपाली भाषाको प्रयोग परम्परा** 'नेपाली एकादमी जर्नल' वर्ष २ अङ्क २ दार्जिलिङ, सन् १९९५/९६ ।

धमला, जय **गङ्गाप्रसादका सम्झन लायक कार्यहरू** सङ्गति वर्ष २३ अङ्क ७/८ सन् १९७५ ।

पथिक, मगन (सम्पा.) **उत्तराञ्चल भाषा आन्दोलन र भाग्सू** 'प्रक्रिया' वर्ष ७ अङ्क ११ सन् १९९३ ।

पोखरेल, पेशल **गौहाटी र दार्जिलिङ तिरको नेपाली समाज;** पहिचान त नेपाली राम्रो हिमाल खवर पत्रिका वर्ष १६ अङ्क ३१ काठमाडौं वि.सं. २०६३ ।

प्रधान, दिवाकर (सम्पा.) **दार्जिलिङ्ग जिल्ला अन्तर्गत नेपाली भाषा शिक्षणमा पारशमणि प्रधानको योगदान** 'आह्वान' पत्रिका सिलगढी राजेन तामाङ्ग, अक्टोबर सन् १९९२ ।

योञ्जन, जस **नेपाली भाषा स्रोतदेखि दार्जिलिङ्ग सम्म देखिएका विकास र विकृतिहरू** 'सन्धान' पत्रिका वर्ष दुई अङ्क दुई सिक्किम २००६ ।

सिंह, रुपनारायण **हामी र हाम्रो भाषा** 'नेपाली साहित्य सम्मेलन' पत्रिका वर्ष ६ अङ्क १ दार्जिलिङ्ग, सन् १९७४ माघ ।

सुन्दास, लक्खीदेवी **महाविद्यालय आगतदेखि अनागतसम्म** 'अर्धशताब्दी' (१९४८-९८) दार्जिलिङ युवा साहित्यिक मञ्च सन २००१ फेब्रुवरी ।

## (ग) शोधप्रबन्धसूची

छेत्री, तुलसीबहादुर **नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान** (वीसौंको पूर्वाद्ध) सम्म विद्यावारिधि शोधग्रन्थ काठमाडौं : त्रिभुवन विश्वविद्यालय, वि.सं २०३५ ।

दाहाल, मोहनप्रसाद, **दार्जिलिङका आधुनिक नेपाली उपन्यास प्रवृत्तिहरूको विश्लेषण तथा मूलयाङ्कन विद्यावारिधि शोधग्रन्थ**, दार्जिलिङः उत्तरबङ्ग विश्वविद्यालय, सन् १९९५ ।

नामदुङ जीवनकुमार, **अमनसिंह गिरीका कविताको अध्ययन विश्लेषण** काठमाडौंः त्रिभुवन विश्वविद्यालय विद्यावारिधिको अप्रकाशित शोधप्रबन्ध, वि.सं. २०५२ ।

योञ्जन जस, **भारतमा नेपाली भाषा साहित्यको उत्थानमा पारसमणि प्रधानले गरेका योगदानको मूल्याङ्कन** दार्जिलिङ उ.ब.वि विद्यावारिधिको अप्रकाशित शोधप्रबन्ध, सन् १९९९ ।

सुन्दास, लक्खीदेवी नेपाली कविताको विकासमा दार्जीलिङको योगदान काठमाडौंः त्रिभुवन विश्वविद्यालय, वि.सं. २०४६ ।

# परिशिष्ट - १

## नेपाली एकेडेमीको ऐतिहासिक चिनारी-स्रोत पहिलो जर्नल : नेपाली अकादमी सन् १९७४

क्जयचत ज्ष्कतयचथ या तजभ ल्भउबष्ि ब्अबमभम्थ बलम क्ष्तक ब्अतष्खष्तष्भक

**(University of North Bengal)**

ब ग्लष्खभचकष्तथ अबललयत नचयध यच कगकतबष्ल ष्तकभाी दथ अयलकतबलतथि भहतभलमष्लन तजभ दयगलमबचथ या पलयधभिमनभ, ष ष्त ावषकि तय मचष्खभ ष्तक चययत मभभउ ष्लतय तजभ कयर्ष या तजभ चभनष्यल ष्त ष्क कष्तगबतभम ष्ल। त्जभ तभचचष्तयचथ तजबत ष्क अयखभचभम दथ तजभ ल्यचतज द्यभलनबर्ा ग्लष्खभचकष्तथ ष्क जष्कतयचष्अबर्ाथि चष्अज। क्ष्त ष्क नचभबत जभचष्तबनभ या च्बवदबकजष अगतिगचभ बलम ञ्ृजबचबअतभचष्कतष्अक या बुल्बतष्खभ क्वतभु।

With this end in view, the North Bengal University has decided to start with the Nepali Literature and Language. The Nepali literature has a rich heritage and Darjeeling and other hill areas have a very important place in the history of Nepali literature for the one hundred years.

On the 14th September 1970, on the monition of a member, the Executive Council appointed a Sub-Committee "to examine the possibility and problems of establishing an institution for development of Nepali Language and Literature". Shri Anandamoy Bhattacharya, Shri Pralay Kumar Majumdar, Shri Ashok Roy and Shri Debes Roy were the members of the Sub-Committee, the last named being the Secretary. This Sub-Committee met some representatives of Nepali intellectuals at Darjeeling on 11/12/70 and after some more probe submitted a report to the Executive Council with a unanimous recommendation as noted below:

"We come to the conclusion that the University could do no better service to the nation as a whole and to the achievement of its own objective of assimilation and development of different literatures, languages and cultures than to establish a Nepali Academy for research and creative writing in Nepali language that has a glorious past, it spoken by a very large number of people and is the only language other than Bengali that is recognized as an Official language, in a district".

The Executive Council accepted this recommendation and on 6/9/71 formed a Preparatory Committee to establish Nepali Academy, with Dr. Charu Chandra Sanyal, the widely respected septuagenarian intellectual and winner of Rabindra Puraskar as its Chairman and Shri Debes Roy, the mover of the original proposal, as its Secretary.

The posts of two Project Assistants, one part-time office assistant and one peon have been filled up. And now the Academy has got its start. The publication of a quarterly Nepali-English-Bengali journal and some monographs on different aspects of Nepali literature has been given priority. Arrangements have been made for publication of annotated Nepali classics, history of different aspects of Nepali literature, monographs on famous writers in Nepali and collection of modern writings.

The Academy has taken up a programme to publish a quarterly journal. The contests of the journal will be published in three languages, namely, English, Bengali and Nepali, the object being (i) to introduce the Nepali literature, which is widely practiced in a part of India to a greater public (ii) to set up a platform for exchange between the Nepali Literature and the Bengali literature. The first issue is here:

On the 12th May, 1973 the Academy Organized a poetry gathering *(Kabi Gosthi)* in Darjeeling. This was inaugurated by Shri Siddharthasankar Ray, the Chief Minister of West Bengal. Prof. P.C. Mukherjee, the Vice-Chancellor of the University of North Bengal welcomed the poets and the guests.

The whole programme was tape recorded by the All India Radio, Kurseong and relayed there from. It is reported that the programme has created much enthusiasm among the Nepali intellectuals.

It has been decided by the Academy to publish a selection from these poems, along with English and Bengali translations with the Chief Minister's address as the introduction.

It has been decided by the Academy to organize a seminar on the history and the future possibilities and modes of exchange of creative writings between Nepali and Bengali literature sometime in February 1974.

The University has initiated the move. It now depends upon the co-operation of the Nepali intellectuals and of those who support the exchange of ideas and works between literature of other Indian languages and Nepali.

So, the Academy appeals to every one concerned to come forward to help the institution by their suggestion, advice, co-operation and work.

# परिशिष्ट - २

## २.१ आधुनिक नेपाली साहित्यबारे नेपाली विभागद्वारा प्रथमपल्ट पाठ्यक्रम सम्बन्धी पुनर्ताजगीकरण सम्पन्न

विश्वविद्यालयको अनुदान आयोगको सौजन्यमा उत्तर बङ्गाल विश्वविद्यालयको नेपाली विभागले प्रथमपल्ट नेपाली विषयको पठनपाठनमाथि बाइस दिने एउटा पुनश्चर्या पाठ्यक्रमको आयोजना गऱ्यो । २७ डिसम्बर २००१ देखि शुभारम्भ भएको यस पाठ्यक्रम १७ जनवरी २००२ को दिन समाप्त भयो । विश्वविद्यालय अनुदान आयोगले यस कोर्सका निम्ति २८ जनालाई अनुमति दिएको थियो तर कोर्समा मात्र भाग लिइ, पाठ्यक्रमसम्बन्धी गोष्ठि सिद्धयाएर प्रमाणपत्र हाँसिल गरेको देखिन्छ । यस्तै एक अर्को चर्चामा उ.ब.वि. नेपाली विभागमा सर्वप्रथम सन् १९८६ मा भारतमा नेपाली भाषाको विकास शिर्षकमा महत्वपूर्ण गाष्ठी गरिँदा बेलायतका प्रोफेसर स्प्रिक्ले राईभाषाका सन्दर्भमा कामगरी **नेपाली भाषाको विकासमा राईभाषाको देन** शीर्षकको कार्यपत्र पेश गरेका थिए । त्यतिखेर नेपालबाट बल्लभमणि दाहाल, बासुदेव त्रिफाठी, बालकृष्ण पोखरेल र वाराणसीबाट डिल्लीराम तिमल्सीनाहरूको आगमन भएको थियो । सो तीन दिने गोष्ठी पि.जी. डिपार्टमेन्टले आयोजना गरेको थियो । यो अन्तर्राष्ट्रिय स्तरको गोष्ठीमा नेपाली विभागका विभागाध्यक्ष लक्ष्मीकान्त शर्मा रहेको देखिन्छन् ।

नेपाली साहित्य विषयमा यस प्रकारको पाठ्यक्रमको पुनर्ताजगी कार्यक्रम प्रथमपल्ट भएको हो । पाठ्यक्रमको अवधिमा नेपाली साहित्यका विविध पक्षहरू, आधुनिक नेपाली साहित्यमा देखापरेका विविध समस्याहरू साथै पठनपाठनका क्षेत्रमा देखा परेका मूल समस्या र समाधानहरूबारे चर्चा परिचर्चा एवम् यी समस्याहरूलाई कसरी सच्याउने विषय र पक्षतिर व्याख्याताहरूले विचार विमर्शहरू प्रस्तुत गरे । आधुनिक नेपाली साहित्य विषयलाई अझ सुव्यवस्थित, परिमार्जित पठनयोग्य बनाउने पक्षमा विषय विशेषज्ञहरूले आआफ्नो विचार राखे । २२ दिने यस पुनश्चर्या पाठ्यक्रममा आधुनिक नेपाली साहित्यका विविध पक्षहरूबारे गहन र उपयोगी व्याख्यान दिन विषय विशेषज्ञका रूपमा त्रिभुवन विश्वविद्यालय, काठमाडौँबाट डा. चूडामणि बन्धु, प्रो. ठाकुरप्रसाद पराजुली आमन्त्रित गरिएका थिए भने उत्तर बङ्गाल विश्वविद्यालयका नेपाली विभाग अतिरिक्त अन्य विभागका प्राध्यापकहरू मञ्जुलिका घोष (दर्शनशास्त्र विभाग), डा. प्रदीप सेनगुप्त (राजनीतिशास्त्र विभाग), डा. सञ्जय रोय (समाजशास्त्र विभाग), प्रो. डा. गिरिन रोय (अङ्ग्रेजी विभाग), डा. रघुनाथ घोष (दर्शनशास्त्र विभाग), डा. सापसकुमार च्याटर्जी ( रजिष्टार), डा. मोतीवीर राई (दर्शनशास्त्र विभाग, दा.स.म.) साथै डा. लखीदेवी सुन्दास र श्रीइन्द्रबहादुर राई आदिले आफ्नो निर्धारित विषय र समयमा व्याख्यान दिए । यस पाठ्यक्रमका निम्ति डा. कुमारप्रधान र डा. नरेन्द्रप्रसाद चापागाई भने आमन्त्रित भए तापनि शारीरिक अस्वस्थताका कारणले विभागमा उपस्थित भई व्याख्यान दिन सकेनन् । पुनश्चर्यका निम्ति निर्धारित विषयहरूमा साहित्य, शिक्षापद्धति ( व्याख्याता) डा. घनश्याम नेपाल) लोकसाहित्यशास्त्र र नेपाली लोकसाहित्य (व्याख्याता डा. चूडामणि बन्धु) आधुनिक नेपाली नाटक र रङ्गमञ्च (व्याख्याता प्रो ठाकुरप्रसाद पराजुली) भारतीय सौन्दर्यशास्त्र, ( व्याख्याता डा. रघुनाथ घोष) पूर्वीय साहित्यलोचन (व्याख्याता डा. अङ्कुश भट्ट) पाश्चात्य साहित्यलोचन सिद्धान्त (व्याख्याता डा. गिरिन रोय) नेपाली साहित्यालोचन-१; (व्याख्याता डा. लखीदेवी सुन्दास); नेपाली साहित्यालोचन-२, (व्याख्याता श्रीइन्द्रबहादुर राई); नेपाली साहित्येतिहास (व्याख्याता डा. मोहन पी. दाहाल); आधुनिक नेपाली कविता (व्याख्याता डा. लक्ष्मीकान्त शर्मा); आधुनिक नेपाली गद्याख्यान ( व्याख्याता डा. मोहन पी. दाहाल); आधुनिक नेपाली निबन्ध (व्याख्याता डा. मोतीवीर राई); अनुवाद-सिद्धान्त र काव्यानुवाद (व्याख्याता प्रो. मञ्जुलिका घोष); तुलनात्मक साहित्य (व्याख्याता डा. विनयकुमार ब्यानर्जी); साहित्य र विचारधारा (व्याख्याता डा. सञ्जय रोय); साहित्य र प्रजातन्त्र (व्याख्याता डा. प्रदीपकुमारसिंह गुप्त); कम्प्युटर र साहित्यमा यसको प्रयोग (व्याख्याता तापसकुमार च्याटर्जी); र प्रा शरद् सिन्हा); मुख्य थिए ।

विश्वविद्यालय अनुदान आयोगको प्रावधान अनुसार अनिवार्य रूपमा राखिएको यो प्रथम पल्ट सञ्चालित पाठ्यक्रमको पुनर्ताजगीकरणका निम्ति भारतका विभिन्न राज्यका विश्वविद्यालय तथा त्यस विश्वविद्यालय अन्तर्गतका विभिन्न विषयका नेपाली साहित्य विषयका स्थायी प्राध्यापकप्राध्यापिकाहरूले यस पाठ्यक्रममा भाग लिए । यस कोर्सका निम्ति भाग लिने प्राध्यापकहरूमा दरङ्ग महाविद्यालय तेजपुरबाट प्राध्यापक खेमानन्द शर्मा; एल् ओ. के. डी. महाविद्यालय, ढेकियाजुलीबाट प्रा. कुलप्रसाद शर्मा, विश्वनाथ चारआली कलेज चारआलीबाट प्रा. अरुण उपाध्याय; डिगबोइ महाविद्यालय डिगबोइबाट देवीचरण सेढाइ; जी. पी. बुमञ्चकलेज इम्फायलबाट प्रा. बी. बी. क्षेत्री, सिक्किम सरकारी महाविद्यालयबाट प्रा. पुष्प शर्मा र प्रा. राजेन्द्र भण्डारी; दार्जिलिङ सरकारी महाविद्यालयबाट प्रा. ललिता राई र प्रा. सुजातारानी राई; कर्साङ महाविद्यालयबाट प्रा. रुक्मिणी छेत्री, प्रा. तारा लोहार र प्रा. गङ्गाप्रसाद भट्टराई; सन्तजोसेफ्स महाविद्यालयबाट प्रा. अजित बस्नेत र डा. राधा शर्मा; सुनदह डिग्रीकलेजबाट प्रा. दावा छिरिङ लेप्चा र प्रा. रागिणी थापा; सिलगढी कलेजबाट प्रा. राजकुमारी दाहाल र तेजमान बराइली; लरेटो कलेज दार्जिलिङबाट प्रा. खड्गकुमारी थापा; बागडुग्रा कलेजबाट प्रा. साङ्गेछिरिङ डुक्पा; सिलिगढी कमर्स कलेजबाट प्रा. नरेन्द्र नेपाल; कालेम्पोङ कलेजबाट प्रा. सुधा गुरुङ; विजनबारी कलेजबाट डा. कविता लामा; बनारस हिन्दू विश्वविद्यालयबाट प्रा. सञ्जय राई (वान्तवा) तथा उत्तरवङ्गाल विश्वविद्यालयको नेपाली विभागबाट प्रा. नरेशचन्द्र खाती र कृष्णराज घतानी थिए । अतः दार्जिलिङबाट १८ जना, सिक्किमबाट २ जना, असमबाट ४ जना, मिजोरमबाट १ जना, उत्तरप्रदेश (बनारस) बाट १ जना गरी मोठ २६ जनाले यस कोर्समा अंशग्रहण गरे ।

नेपाली विषयमा प्रथमपल्ट सञ्चालित यस पुनश्चर्या पाठ्यक्रम कार्यको उद्घाटन उत्तरबङ्गाल विश्वविद्यालयका उपकुलपति प्रो. पीयूष कान्ति शाहले गरेका थिए भने यस उद्घाटन सत्रमा पाठ्यक्रमबारे २-४ कुरा विभागका बरिष्ठ प्राध्यापक श्री लक्ष्मीकान्त शर्माले राखे । कला वाणिज्य र कानुन सङ्कायका भूतपूर्व डीन प्रो. ध्रुवज्योति भौमिकले अध्यक्षता गरेको यस उद्घाटन सत्रमा पाठ्यक्रमका निम्ति भाग लिन आउने सबै सहभागी प्राज्ञ बन्धुहरूलाई न्यानो स्वागत जनाउँदै पाठ्यक्रमका दिग्दर्शक (कोर्सको अडिनेटर) प्रो. डा. भीमकान्त उपाध्यायले स्वागत सम्भाषण गरेका थिए । पाठ्यक्रमको समापन समारोहमा उ. ब. विश्वविद्यालयका उपकुलपति प्रो. पीयूष कान्ति शाहका बाहुलीबाट सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको पाइन्छ । यसै गरि सन् २००३ फेब्रुअरी १०देखि मार्च ३ सम्म व्यापक रूपमा पाठ्यक्रम सम्बन्धी पुनर्ताजविकरण कार्यशाला गोष्ठी देस्रो पटक सम्पन्न भएको देखिन्छ । यस कार्यक्रममा सहभागी हुने व्यक्तिहरूको नामावली यस प्रकार रहेको छ : मोहनप्रसाद दाहाल, घनश्याम नेपाल, भीमकान्त उपाध्याय, शान्तिराम शर्मा, कृष्णराज घतानी, जस योञ्जन, कूलप्रसाद उपाध्याय, अजीनकुमार बस्नेत, खेमानन्द शर्मा, दिवाकर प्रधान, साङ्के डोमा डुक्पा, सुजातारानी राई, राधा शर्मा, नरेशचन्द्र खाती, नरेन्द्रप्रसाद नेपाल, दावाछिरिङ लेप्चा, राजेन्द्र भण्डारी, अरुण उपाध्याय, रागिणी थापा, सुधा गुरूङ, कविता लामा, ललिता राई, अहमद, पुष्प शर्मा, राजकुमारी दाहाल, खड्गकुमारी थापा, रूक्मिणी छेत्री, ममता लामा, तेजमान बराइली, दशरथ खरेल, पुष्कर पराजुली, तिलक शर्मा, देवचरण सेढाई, आनन्द क्षेत्री, दिनेश प्रधान रहेका थिए ।

## २.२ नेपाली साहित्यलाई पूर्वाञ्चल क्षेत्रमा नियमित रूपमा प्रदान गरिने पुरस्कार

यसप्रसङगलाई विश्वविद्यालयले नेपाली भाषा साहित्यको स्तरीकरणमा पुऱ्याएको योगदानसँग जोडिन आएकाले यहाँ उल्लेख गरिएको छ । भारतीय नेपाली भाषामा साहित्यिक पुरस्कार दिने परम्परामा पूर्वाञ्चल क्षेत्रको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । यसै परम्परालाई हेर्दा ९० को दशकभन्दा अघि साहित्यिक पुरस्कारद्वारा सम्मानित गर्ने प्रचलन पाइन्न तर त्यहाँका बरिष्ठ साहित्यकारहरूलाई विशेष अनुष्ठान अथवा भानु जयन्तीको शुभ अवसर पारेर अभिनन्दन, साम्मानादि दिने परम्परा भने अवश्यै थियो ।

सन् १९९४ सालमा नेपाली साहित्य परिषद् असमद्वारा आयोजित अधिवेशनमा असमका साहित्यकारहरूको स्मृतिमा पुरस्कार दिने घोषणा गरियो । फलस्वरूप सन् १९९७ सालदेखि कवि हरिभक्त कटुवाल स्मृति पुरस्कार दिन थाल्यो । आजीवन साहित्यसेवाका निम्ति प्रदान गरिने उक्त पुरस्कारका नगद राशि रु. ५०००।- का साथ मानपत्र टोपी, फूलगाम्छा र परिषद् प्रतीक पनि गरिन्छ ।

सन् १९९९ सालदेखि परिषद्ले दोस्रो पुरस्कारको पनि स्थापना गरे । कवि पुष्पलाल उपाध्याय स्मृति पुरस्कार नाउँ राखिएको उत्कृष्ट कृतिका निम्ति प्रदान गरेको पाइन्छ । यस पुरस्कारका साथ नगदराशि ३,०००।- टोपी, मानपत्र र परिषद् प्रतीक गरेको पाइन्छ ।

यसरी नै सन् २००० सालदेखि तेस्रो पुरस्कार 'कथाकार टङ्कनाथ उपाध्याय स्मृति पुरस्कार' दिइन थाल्यो । उक्त पुरस्कार श्रेष्ठ कथा कृतिका निम्ति प्रदान गरिन्छ । परिषद्का अन्य दुई पुरस्कारभैँ यस पुरस्कारमा पनि नगद राशि ३,०००।- टोपी, ऊल गाम्छा र परिषद्प्रतीक प्रदान गरिएको पाइन्छ । 'नेपाली साहित्य परिषद् असम' अतिरिक्त 'नेपाली साहित्य कला निकेतन गुवाहटी'द्वारा पनि सन् १९४४ सालमा दुइ पुरस्कारहरूका स्थापना गरेको पाइन्छ भने दुवै पुरस्कार सन् १९५५ सालदेखि मात्र दिइन थाल्यो । दीर्घकालीन साहित्य सेवाका निम्ति दिइने पद्म प्रसाद ढुङ्गाना स्मृति पुरस्कार' र साहित्यिक कृतिका निम्ति दिइने हरिभक्त कटुवाल स्मृति पुरस्कारका साथ पशस्ती पत्र नगद राशि १५००।- को असमको सजाउने काँसको वस्तु पदान गरिन्छ ।

१. नेपाली साहित्य परिषद्, असम

क) कवि हरिभक्त कटुवाल स्मृति पुरस्कार (प्रत्येक तीनतीन वर्षमा प्रदान गरिन्छ ।)
१९९७ शिवलाल बराल (हाल स्वर्गीय)
२००० स्व. अनुराग प्रधान (मरणोत्तर)

ख) कवि पुष्पलाल उपाध्याय स्मृति पुरस्कार
१९९९ छविलाल उपाध्याय -**कामरूप** खण्डकाव्य
२००० पुष्पधर शर्मा -**हाम्रो धुकधुकी हाम्रा जराहरू** (कवितासङ्ग्रह)
२००१ नवसापकोटा-**काव्यान्तर** (कवितासङ्ग्रह)

ग) कथाकार टङ्कनाथ उपाध्याय स्मृति पुरस्कार
२०००-२००१-खडराज गिरी-**कथादेखि पर** (कथा)

२. नेपाली साहित्य कला निकेतन, गुवाहटी

क) पद्मप्रसाद ढुङ्गाना स्मृति पुरस्कार
१९९५ विष्णुलाल उपाध्याय (तेनपुर)
१९९६ हरिप्रसाद गोर्खा राई (कोहिमा)
१९९७ अग्निबहादुर छेत्री (हाल स्वर्गीय)
२००० गीता उपाध्याय (तेजपुर)

ख) हरिभक्त कटुवाल स्मृति पुरस्कार
१९९५ विक्रमवीर थापा **हत्या रातो डायरीको**
१९९६ पद्म ढकाल **नौ दुवारदेखि दिगन्तसम्म**
१९९७ भविलाल लामिछाने **शब्द हुन् यी मेरा कवितासङ्ग्रह**
२००० विद्यापति दाहाल **साहित्यविमर्श**

## २.३ पुष्प शर्मालाई विद्यावारिधि

उत्तरबङ्ग विश्वविद्यालयको दीक्षान्त समारोहमा विश्वविद्यालयका कुलपति अनि पश्चिम बङ्गालका राज्यपाल श्री वीरेन जे. शाहले विभिन्न शोधकर्ताहरूलाई विद्यावारिधि उपाधि प्रदान गर्ने क्रममा श्रीमती पुष्प शर्मालाई पनि विद्यावारिधिद्वारा सम्मानित गरे ।

नेपाली कविताको विकासमा सिक्किमको योगदान (१९४०-१९९०) शीर्षकमा पुष्पा शर्माले उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागका प्रोफेसर डा. भीमकान्त उपाध्यायको निर्देशनमा आफ्नो शोध तयारी गरेकी हुन् । यस कथनबाट पनि व्यवस्थित प्रशासनिक र शैक्षिककार्य हुने गरेको स्पष्ट हुन्छ । यसले पनि भाषा साहित्यकै योगदान ठहर्छ ।

### (क) नेपाली साहित्यालोचन राष्ट्रिय अधिगोष्ठी कार्यक्रम

नेपाली विभागको रजत जयन्ती कार्यक्रमको 'नेपाली साहित्यालोचन' विषयक पहिलो राष्ट्रिय अधिगोष्ठी ९ मार्च २००२, विहान १० बजेदेखि शुभारम्भ गरियो । यस प्रथम राष्ट्रिय अधिगोष्ठी- उद्घाटन सत्रका प्रमुख अतिथि कर्णेल वीरेन्द्र जैन, विशेष अतिथि साहित्य र समालोचक श्री इन्द्रबहादुर राई थिए । स्वागत मन्तव्य अधिगोष्ठी निर्देशक भीमकान्त उपाध्यायले राखे ।

प्रमुख अतिथिको आसनबाट यस उद्धाटन समारोहलाई सम्बोधन गर्दै कर्णेल वीरन्द्र जैनले नेपाली भाषाको महत्त्वमाथि प्रकाश पारे साथै यस विश्वमा एक उच्चकोटीको भाषा र साहित्यको रूपमा दऱ्याउन तथा उच्च तहमा पुऱ्याउन अङ्ग्रेजी पद्धति अपनाउनु पर्ने तथा साहित्यको अनुवाद कार्यमा वढी जोड दिनु पर्ने कुरा बताए ।

विषय प्रवर्तन गर्दै विषय विशेषज्ञ श्री इन्द्रबहादुर राईले भने, साहित्य सर्जकहरू साहित्यसाधकहरूले साहित्य, साहित्येतिहास तथा समालोचना लेखी जुन गुण लाएका छन् तिनीहरूप्रति हामी नतमस्तक र अनुग्रही बन्नै पर्छ । साहित्यको काल विभाजनमा रहेको मतभेद औँल्याउँदै साहित्य स्वयम्मा एउटा सिङ्गो संस्था हो तथापि सामाजिक तथा राजनैतिक, आर्थिक परिवर्तनसँगै साहित्यमा पनि केही प्रभाव पर्छ । नेपाली साहित्यालोचनको सन्दर्भमा उनले भने, साहित्यालोचन विशेष तीन किसिमले लेखिएका पाइन्छन्, कुनै एउटा साहित्यकार विशेषलाई लिएर उनको साहित्यको समालोचना विधाविशेषलाई कृतिको समालोचना गर्ने परम्परा तथा कुनै एउटा पुस्तक वा पाठलाई लिएर विविध पक्षबाट समालोचना गर्ने परम्परा विकसित भएको पाउँछौ । कृतिमा विचारहरू नमिल्न सक्छन् तर कृतिभित्रको भावलाई हेऱ्यौँ भने त्यो भाव प्रायः सबैमा मिल्न सक्छन् । त्यहाँ मेल देखिन्छ । उनले साहित्येतिहास लेखकहरूप्रति अझ कृतज्ञ बन्नुपर्ने बताए । समालोचकहरूको अर्को एउटा विशेष काम हुन्छ । कृतिमा नयाँ थोक के छ र साहित्यमा नयाँ थोक के लाइरहेछ त्यसप्रति समालोचक सधैँ जसो चङ्खो बस्नु पर्ने तथा साहित्यइतिहास लेखनमा अनुसन्धानकर्ताहरूका देनलाई पनि सराहना गर्नुपर्छ; विर्सनु हुँदैन, भने । समालोचकहरूले कृतिको विवरणमात्र गरेर हुँदैन तर कृतिको संरचनाको चिरफार गर्नुपर्छ । समालोचकहरूले कृतिभित्रका केस्राहरू केलाउन सक्नुपर्छ भन्दै नेपाली साहित्यमा साहित्यालोचक अभि सुवेदीले विश्वसाहित्यमा देखिएका नयाँ कुरा दिनाका साथै नेपाली साहित्यमा नभएका कुराहरू देखाइदिएका छन् । सुवेदीले कवि वैरागी काइँलाका कवितामा नयाँ थोक भेटे, नयाँ पक्ष देखे । लिम्बूहरूका फेदाङगवाहरूको जस्तो रोल कविको हुन्छ । कवितामा कवि काइँला समाख्याता ( कथन) मात्र छैन तर कवि स्वयम् त्यहाँ कवितामा सहभागी बनेका छन् ।

साहित्यिक कृतिको समालोचनामा मूल्याङ्कन मात्र नभई विश्लेषण पनि हुने गरेको अनि भाषा वैज्ञानिक समालोचनाले कृतिको मूल्याङ्कनभन्दा बढी विश्लेषण गरेको कुरा श्री राईले बताए । हामीले त्यति महत्त्व नदिइराखेको पूर्वीय साहित्यसिद्धान्तमा अब जोड दिनुपर्ने बताए । पश्चिम कति दिग्गज साहित्यकारहरूले पूर्वबाट कतिकति कुरा लिएर पूर्वका कति ससाना कुराहरू समाई त्यसमा नयाँ प्रस्तुति दिई प्रख्यात बनाएको कुरा पनि उनले बताए । समालोचक राईले कृतिको दुई प्रकारले अध्ययन गर्न सकिने बताउँदै भने कृतिको ठाडो अध्ययन (भर्टिकलिस्टष) र तेस्रो अध्ययन (होरिजेन्टल स्टडी) । ठाडो अध्ययनअन्तर्गत कृतिलाई पछ्याएर अध्ययन गरिन्छ । राईले पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त दुवै अत्यन्त शक्तिशाली रहेको बताउँदै समालोचकहरूले यी दुवै दृष्टिकोण वा सिद्धान्तलाई अँगालेर हिड्नुपर्छ भने । उद्घाटन सत्रका सत्राध्यक्षका आसनबाट बोल्दै लक्ष्मीकान्त शर्माले साहित्यलाई नापजोख गर्ने दुइ समालोचना पद्धतिमा एउटा स्थायी र अर्को अस्थायी रहेको कुरा बताए । यस उद्धाटन सत्रको सञ्चालन मोहन पी. दाहालले गरेका थिए ।

११ : ३० बजेदेखि 'नेपाली साहित्यालोचन' राष्ट्रिय अधिगोष्ठीको प्रथम कार्यसत्र 'नेपाली साहित्यालोचन : सैद्धान्तिक चर्चा' विषयमा रूद्रप्रसाद पौड्यालको अध्यक्षतामा सुरु भयो । यस सैद्धान्तिक चर्चाको कार्यसत्रमा दिवाकर प्रधान, घनश्याम नेपाल, सुश्री सरस्वती मोहोराले कार्यपत्र प्रस्तुत गरे । दिवाकर प्रधानले 'काव्यपुरूषाख्यान : अवधारणामीमांशा' शीर्षकमा र सुश्री सरस्वती मोहोराले 'मार्क्सवादी यस समालोचना पद्धति र परम्परा : एक अध्ययन' शीर्षक कार्यपत्र प्रस्तुत गर्दै साहित्यालोचनको सैद्धान्तिक चर्चामा भाग लिए । यस सत्रका प्रतिवेदकहरू राजेन्द्र भण्डारी र राजकुमारी दाहाल थिए । दिउँसो २ बजेदेखि अधिगोष्ठीको दास्रो कार्यसत्र रामलाल अधिकारीको अध्यक्षतामा सुरु भयो । यस दास्रो कार्यसत्रको विषय 'नेपाली साहित्यालोचन : पृष्ठभूमि, परम्परा र प्रवृत्तिअन्तर्गत छ जनाले कार्यपत्र प्रस्तुत गरे । कार्यपत्र प्रस्तोताहरू नवीन पौड्याल (नेपाली मनोविश्लेषणात्मक समालोचनाको परम्परा र प्रवृत्ति) गोपालप्रसाद दाहाल (नेपाली समालोचना परम्परामा शैलीविज्ञान); होम सुवेदी (नेपाली साहित्यालोचनाको पृष्ठभूमि र कालक्रमिक अध्ययन) कवीर बस्नेत (भारतीय नेपाली समालोचना परम्परा र प्रवृत्ति); तेजमान बराइली (साहित्यको समीक्षा : कृतिको केलाई) थिए । यस सत्रका सम्पूर्ण कार्यपत्रहरूबारे पुष्पा शर्मा र नरेन्द्र नेपालले प्रतिवेदन तयार गरे ।

१० मार्च २००२, तृतीय कार्यसत्र विहान १० बजेदेखि वासुदेव त्रिपाठीको अध्यक्षतामा सम्पन्न भयो । 'नेपाली साहित्यालोचन : पृष्ठभूमि, परम्परा र पद्धति/प्रवृत्ति (क्रमागत:) विषय अन्तर्गतका तीनवटा कार्यपत्रहरू प्रस्तुत गरिए । यस सत्रमा कार्यपत्र प्रस्तुत गर्नेहरू केशवप्रसाद उपाध्याय (नेपाली समालोचनाका वर्तमान स्थिति); विद्यापति दाहाल (नेपाली साहित्यालोचनाको प्रमुख पद्धति); आनन्द छेत्री (टाक्सिएको नेपाली समालोचना) थिए । कार्यपत्र प्रस्तुतपछि धेरै पश्नहरू आए, कार्यपत्रहरूमाथि चर्चा परिचर्चा भयो । सत्रध्यक्षले यस सत्रमा प्रस्तुत गरिएका कार्यपत्रहरूको महत्त्व र गरिमामाथि प्रकाश पार्दै, कतै टिप्पणी गर्दै गहकिलो मन्तव्य प्रकट गरे । सत्राध्यक्षका आसनबाट बोल्दै वासुदेव त्रिपाठी समालोचना कष्टसाध्य विषय हो, साहित्यिक कृतिको अभाव र अज्ञानतामा समालोचना कार्य हुँदैन । नपढी समालोचना हुँदैन भने । त्रिपाठीले सौन्दर्य चेत भएको, परिपक्क र सन्तुलित व्यक्तिमात्र समालोचक हुन सक्छ । उच्चतर साहित्यिक संवेदना नभएकाहरू समालोचक हुन सक्तैनन् भने । यस सत्रमा प्रस्तुत गरिएका कार्यपत्रहरूबारे प्रतिवेदन लेख्नेहरू डा. परशुराम पौड्याल र प्रा. रागिनी थापा थिए ।

अपरान्ह २ बजेदेखि केशवप्रसाद उपाध्यायको अध्यक्षतामा राष्ट्रिय अधिगोष्ठीको अन्तिम कार्यसत्र वा चौथो कार्यसत्रमा ६ जनाले कार्यपत्र प्रस्तुत गरे । 'नेपाली साहित्यालोचन : निर्माता र वर्तमान स्थिति' अन्तर्गतका छ जना कार्यपत्र प्रस्तोताहरू रामलाल अधिकारी ( नेपाली समालोचना शृङ्खलामा जातीय समालोचनाको आवश्यकता) : राधा शर्मा (नेपाली आख्यानशास्त्र तर्फ रूपनारायण सिंह); सुश्री रागिनी थापा (रामकृष्णशर्माका समालोचना सिद्धान्त); द्रोणकुमार उपाध्याय (तारानाथ शर्मा समालोचकका रूपमा); श्री राजकुमार छेत्री (इन्द्रबहादुर राईका साहित्यालोचन सिद्धान्त र पद्धति) थिए । सत्राध्यक्षको आसनबाट बोल्दै प्रो. डा. केशवप्रसाद उपाध्यायले यस कार्य सत्रमा प्रस्तुत गरिएका कार्यपत्रहरूबारे सङक्षेपमा मूल्याङ्कन गर्दै वर्तमान साहित्यालोचन पनि वस्तुपरक व्यवस्थित र अनुशासित हुँदै आएको र त्यसको गुणस्तरमा पनि वृद्धि हुँदै आएको बताएको पाइन्छ । अजीत बस्नेत र श्री नवीन पौड्याल यस कार्यसत्रका प्रतिवेदकहरू थिए ।

११ मार्च २००२, विहान १० बजेदेखि यस राष्ट्रिय अधिगोष्ठीको पाँचौ तथा अन्तिम सत्र विज्ञान सङ्काय डीन प्रो. डी. के. हाजराको सभाध्यक्षताममा सुसम्पन्न भयो । मुख्य अतिथि उ. ब. विश्वविद्यालयका उपकुलपति पीयूषकान्ति शाह थिए । ८ मार्च देखि ११ मार्चसम्म चलेको यस राष्ट्रिय अधिगोष्ठीको समापन सत्रमा लक्ष्मीकान्त शर्माले स्वागत भाषण राखे अनि प्रस्तुत गरिएका सम्पूर्ण कार्यपत्रहरूका आधारमा निष्कर्ष वा अन्तिम सार प्रतिवेदन यस अधिगोष्ठीका निर्देशक भीमकान्त उपाध्यायले प्रस्तुत गरे । उपाध्यायले '**साहित्यालोचन : सैद्धान्तिक चर्चा**' अन्तर्गत चारवटा कार्यपत्र, 'नेपाली साहित्यालोचन : पृष्ठभूमि परम्परा र प्रवृत्ति' अन्तर्गत नौवटा कार्यपत्र र **नेपाली साहित्यालोचन : निर्माता र वर्तमान स्थिति**' शीर्षक अन्तर्गत चारवटा कार्यपत्र प्रस्तुत हुन सकेको निष्कर्षमा बताए । आधुनिक नेपाली साहित्यालोचनका निर्माता तथा दिग्गज समालोचकहरूमध्ये यस अधिगोष्ठीमा श्री इन्द्रकुमार राई, स्व.रूपनारायण सिंह, स्व. रामकृष्ण शर्मा, श्री तारानाथ शर्माका साहित्यालोचन सिद्धान्त र पद्धतिहरूबारे केवल चारवटा मात्र कार्यपत्र प्रस्तुत हुन सकेको पनि बताए ।

यस समापन सत्रका मुख्य अतिथि उ. ब. विश्वविद्यालयका उपकुलपति पी. के. शाहले नेपाली भाषा बोल्दै नेपाली विभागले गरेको उपलब्धि र रजत जयन्तीको महत्त्वबारे छोटो भए पनि सारगर्भित ढङ्गमा प्रकाश पारे । सत्राध्यक्ष डा. डी. के. हाजराले नेपाली भाषा एउटा उन्नत भाषा हो, यसको उचित सम्बर्द्धन र विकास हुनुपर्छ भने ।

समापन समारोहका अन्तमा नेपाली विभागाध्यक्ष डा. घनश्याम नेपालले धन्यवाद ज्ञापन गरे ।

सो समयमा रजत जयन्ती मनाउने क्रममै एघार मार्च अपराह्न २ बजेदेखि यस विभागका पुराना र नयाँ विद्यार्थीहरूको पुनर्मिलन कार्यक्रम रवीन्द्र भानु मञ्चमा सुसम्पन्न भयो । दिवङ्गत पूर्व विद्यार्थीहरूको स्मरण गर्दै विभिन्न कार्यक्रम गरियो । साहित्य अकादमी पुरस्कारले विभूषित सुन्दासलाई र विभागका बरिष्ठ गुरुहरू लक्ष्मीकान्त शर्मा एवम् भीमकान्त उपाध्यायलाई चौबन्दी चोलो, टोपी साथै अङ्ग बस्त्र पनि प्रदान गरिएको थियो । सोही अवसरमा सांस्कृतिक र साङ्गीतिक कार्यक्रम पनि गरिएको थियो । मारूनी नृत्य, खुकुरी नृत्य, भैलो गीत, तथा लोक आधुनिक गीत तथा नृत्यहरू सामेल गरिएका थिए । सो कार्यक्रमको सौजन्य दा. गो. पा. प. ले गरेको थियो । गायक कुमार सुब्बा र अन्य नक्साल बाडीतिरका साङ्गीतिक टोलीहरूको उपस्थिति थियो । रजत जयन्ती कार्यक्रमका संयोजक डा. मोहन पी. दाहालले पुनर्मिलन पश्चात् पाठ गरेका सुनाएका थिए भने नेपाली विभागाध्यक्ष घनश्याम नेपालले

स्वागत भाषण गरे । यस समापन कार्यक्रमको सञ्चालन सुजाता रानी राई (दार्जिलिङ सरकारी महाविद्यालय) पुष्कर पराजुली (उ.ब.वि. नेपाली विभाग) र अर्का सफल थापाले गरेका थिए । नेपाली विभागको पहिलो पुनर्मिलन कार्यक्रममा पुराना र नयाँ विद्यार्थीहरूको भेटघाट सारै सौहार्दमय रोचक तथा स्नेहपूर्ण रहेको थियो ।[२०२]

## २.४ नेपाली विभागको साहित्यिक एवम् शैक्षिक गतिविधि : हिजोदेखि आजसम्म

### २.४.१ तीन दिवसीय राष्ट्रिय संगोष्ठी आयोजित

उत्तरबङ्ग विश्वविद्यालयमा स्थापन भएपछि सर्वप्रथम सन् १९८६ मा राष्ट्रिय स्तरको साहित्य संगोष्ठीको आयोजना नेपाली विभागले गरेको देखिन्छ । सोही कुराको उल्लेखित लेख सन् २००० (वर्ष-१, अङ्क-३) को **साहित्य सन्देश** पत्रिकामा राजकुमार छेत्रीले उल्लेख गरेका छन् । **भारतमा नेपाली भाषाको विकास विषयमा** नेपाली विभागले सन् १९८६ दिसम्बर १८ देखि २० सम्म तीन दिने राष्ट्रिय स्तरको साहित्य सेमिनार विश्वविद्यालय अनुदान आयोगको तत्वाधानमा आयोजना गरेको थियो । उक्त साहित्य सेमिनारमा भारत र नेपालका विभिन्न विद्वानहरूले आआफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । संगोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नेहरूमा प्रो. बालकृष्ण पोखरेल, डा. बल्लभमणि दाहाल, डा. वासुदेव त्रिपाठी, डा. डिल्लीराम तिमसिना, प्रा. गौतम विश्वास, डा. आर. के. स्प्रिग, डा. लख्खीदेवी सुन्दास, डा. मोहन पी. दाहाल, डा. घनश्याम नेपाल र डा. टङ्क सुब्बा (संयुक्त रूपमा) प्रा. गोकुल सिन्हा, प्रा. रामलाल अधिकारी, प्रा. जस योञ्जन 'प्यासी', प्रा. नरेशचन्द्र शर्मा, प्रा. पुष्पा शर्मा, श्रीमती शान्ति छेत्री आदि प्रमुख थिए । यस उत्तरबङ्ग विश्वविद्यालयको स्थापनापश्चात् नेपाली विभागको सञ्चालन सुरु भएपछि आयोजन गरिएको यो प्रथम राष्ट्रियस्तरीय गोष्ठी हो । यस संगोष्ठीका निर्देशक लक्ष्मीकान्त शर्मा थिए ।

यसबाहेक विभागले आफ्नै सक्रियतामा समयसमयमा प्रायजसो एकदिने साहित्यसंगोष्ठीहरूको आयोजना गर्दै आएको देखिन्छ । त्यस्ता कार्यक्रममा विविध विषयमा आयोजित एकदिने साहित्यसंगोष्ठीमा आआफ्ना कार्यपत्र पेश गर्नेहरूमा डिल्लीराम तिम्सिना, इन्द्रबहादुर राई, इन्द्र सुन्दास, लख्खीदेवी सुन्दास, तुलसीबहादुर छेत्री, जनकलाल शर्मा, ए. सी शुक्ल आदिजस्ता विद्वान्हरू एवम् नेपालबाट त्यहाँ पुग्नुभएका बासुदेव त्रिपाठी, चूडामणि बन्धु, ठाकुर पराजुली, पुष्कर लोहनीजस्ता मनस्वीहरू प्रमुख देखिन्छन् । समालोचक रामकृष्ण शर्मा र पारशमणि प्रधान आमन्त्रित गरिए पनि कारणवश उक्त संगोष्ठीमा अनुपस्थित रहेको उल्लेख पाइन्छ ।

### २.४.२ उ.ब.वि.को २८ औं दीक्षान्त समारोह

उत्कृटता हाँसिल गर्नु नै शिक्षाको लक्ष्य हो भन्ने उद्घोषका साथ शिक्षाको उद्देश्य केवल निरक्षरता हटाउनु होइन, उत्कर्ष आर्जन गर्नु नै शिक्षाको लक्ष्य हो, उत्तर बंगाल विश्वविद्यालयको २८ औं दीक्षान्त समारोहमा बोल्दै कार्यक्रमका सभापति विश्वविद्यालयका कुलपति तथा पश्चिम बंगालका राज्यपाल के.भी. रघुनाथ रेड्डीले यो कुरो भनेको पाइन्छ ।

तिनले अझ भने, धेरै क्षेत्रहरूमा छात्रछात्राहरू विभिन्न विषयमा आफ्ना अधिकारहरूबाट बञ्चित छन्, तिनीहरूको समस्या समाधान गर्न ती क्षेत्रका शिक्षाविद् र प्रशासकहरूले दायित्व निर्वाह गर्नुपर्छ, यसो गरेपछि मात्र हामीले योग्य र समाजमुखी नयाँ पीढी निर्माण गर्न सक्छौं ।

विश्वविद्यालयको क्रियाकलापप्रति सन्तोष व्यक्त गर्दै श्री रेडीले विश्वविद्यालय कर्तृपक्षको प्रशंसा गरे । विद्यासागर मञ्चमा आयोजित आजको कार्यक्रममा मुख्य अतिथिको रूपमा उपस्थिति भएका प्रख्यात विद्वान तथा बैज्ञानिक प्रोफेसर आशीषप्रसाद मित्रले भने, आज हामी विकट समयमा छौं किनभने बढदो जनसंख्या र अतिरिक्त उपभोक्ता प्रवृत्तिले आज हामीलाई ध्वंसको पथतिर डोऱ्याइरहेछ । तिनले अझ भने, ओजोनको सतहमा छंड परेकोले पृथ्वीको अस्तित्व नै खतरामा पर्न जाँदैछ ।

---

[२०२] 'साहित्य सन्देश', पूर्ववत्, पृ. १४-१५ ।

विश्वविद्यालयका उपकुलपति रञ्जुगोपाल मुखोपाध्यायले विश्वविद्यालयको पक्षबाट विभिन्न शिक्षासम्बन्धी योजनाहरू तयार गरिएको जनाउँदै भने, 'यी योजनाहरूमध्ये चिया तक्निकीको योजना उत्तर बंगालको पृष्ठभूमिमा अत्यन्त महत्वपूर्ण ठहरिएको छ अनि यस विषयमा छात्र छात्राहरूलाई सैद्धान्तिक र व्यवहारिक शिक्षा प्रदान गर्न एउटा गैरसरकारी संस्था सितको संयुक्त लगानीमा विश्वविद्यालय परिषद् भित्र चिया बगान शुरु गरिने कुरा जनाएको पाइन्छ। यो कथन वर्तमानमा सार्थक भएको देखिन्छ । खरसाङस्थित नेता सुवासचन्द्र बोसको बास भवन अधिग्रहण गरेर त्यहाँ विश्वविद्यालयको सहयोगमा 'इन्स्तिच्युट अफ हिमालयन ल्याङ्‌ग्वेज एण्ड कल्चर' स्थापना गर्ने राज्य सरकारले निर्णय गर्ने कुरा उल्लेख गरिएको छ।

यो दीक्षान्त समारोहमा सन् १९९३/९४ को स्नातक परीक्षामा र सन् १९९२ र ९३ को स्नातकोत्तर परीक्षामा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूलाई राज्यपालले पुरस्कार वितरण गरेका थिए यही अवसरमा २८ जना विद्वानहरूले विभिन्न विषयमा 'मास्टर अफ फिलोसोफि'को उपाधि पाए। जसमध्ये दीवाकर प्रधान (नेपाली), सरोजा राई (अर्थशास्त्र), ललनप्रसाद गुप्ता (राजनीतिशास्त्र), संगीता लामा (भूगोल), खेमराज शर्मा (समाज विज्ञान) आदि नेपालीभाषी अध्येताहरू रहेको देखिन्छ। यसरी स्नातक र स्नातकोत्तर परीक्षामा उच्च अङ्क ल्याएर सम्मानित हुने विद्यार्थीहरूमा रञ्जन प्रधान, सविता गुरुङ, जुनु शाक्य, शरद सिन्हा, भानु तामाङ्ग, सरिता तामाङ्ग, पुनम राई, विष्णुबहादुर राई, सुजता खड्का, भीमबहादुर ठटाल, सेनिला प्रधान, डिजेन टासी, निशा तामाङ्ग र राजकुमार क्षेत्री रहेको देखिन्छ।

प्रस्तुत कार्यक्रममा विश्वविद्यालयका उपकुलपति आर्जि मुखर्जीले विश्वविद्यालयले अहिले सम्म प्राप्त गरेका उपलब्धिहरू र भोग्नु परेका कठिनाईहरूका बारेमा जानकारी गराए भने नेपाली विभागले नेपाली एकेडेमीको गतिविधिलाई नयाँ रूप दिएको कुरा अवगत गराउँदै नेपाली एकेडेमीले चाँडै नै नेपाली कथाहरूको सङ्ग्रह प्रकाशन गर्ने कुरा जनायो। यसरी उ.ब.वि.मा वार्षिक रूपमा हुने दीक्षान्त समारोह र वार्षिक कार्यक्रमका माध्यमबाट नेपाली भाषा लगायत अन्य भाषा साहित्य र अन्य विविध अध्ययन अध्यापन हुने विषयहरूमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। तर नेपाली विभागले भनेझैं यो शोधपत्र तयार गरिँदासम्म नेपाली एकेडेमीले नेपाली कथाहरूको सङ्ग्रह प्रकाशन नगरेको देखिन्छ।

### २.४.२.१ केही मेधावी नेपाली विद्यार्थीहरू सम्मानित भएको ३०औं दीक्षान्त समारोह

उत्तरबङ्ग विश्वविद्यालयको ३०औं दीक्षान्त समारोह पश्चिमबङ्गाल राज्यका राज्यपाल एवम् उ.ब.वि.का कुलपति महामहिम केभी रघुनाथ रेड्डीको सभाध्यक्षतामा सम्पन्न भएको देखिन्छ। यस दीक्षान्त समारोहका विशिष्ट अतिथि कलकत्ता विश्वविद्यालयका समाजशास्त्र विभागका प्रोफेसर अमिय बाग्ची थिए। कार्यक्रमको शुभारम्भ भव्य शोभायात्राको साथमा मानविकी अध्ययन केन्द्रको अघिल्तिर नवनिर्मित नेता सुभाषचन्द्र बोसको शालिकको अनावरण कुलपतिले गरे को देखिन्छ। राज्यपाल रेड्डीले उ.ब.वि. अन्तर्गत पञ्जिकृत भएका सबै महाविद्यालय ल कलेज बि.एड् कलेजबाट बि.ए. बि.ए. (सम्मान) वि.एस.सी., वि.कम., एल.एल.वि., बि.एड्. र एम.वि.वि.एस.मा सर्वाधिक अङ्क ल्याएर उत्तीर्ण गरेका र उ.ब.वि.बाट सन् ९५/९६ मा एम.ए., एम.एस.सी., एम.कम., एल.एल.एम. एवम् एम.फिल र पी-एच.डी. डिग्री हाँसिल गर्ने मेधावी विद्यार्थीहरूलाई विश्वविद्यालयले तक्मा लगाएर सम्मान अर्पण गर्दै स्वर्णपदक समेत प्रदान गरिएको देखिन्छ। यसका अतिरिक्त उ.ब.वि.ले भी.के कृष्ण आयर, (दर्शनशास्त्र), सरोज घोष (विज्ञान), सामसुर रहमान (पत्रकारिता), सोमनाथ होड (साहित्य) का ४ जना विद्वान्हरूलाई सम्मानपूर्वक महाविद्यावारिधिले विभूषित गरेको देखिन्छ ।

यसै गरी यस विश्वविद्यालयमा प्राइभेटरूपमा जे.आर.एफ. एस.आर.एफ.मा पी-एच.डी. डिग्री प्राप्त गर्ने २९ जना प्रतिभाहरूलाई समेत सम्मान गरिएको पाइन्छ। यसमा पाँचजनाले एम.फिलको डिग्री लिए भने पी-एच.डी प्राप्त गर्ने एक जना नेपालीभाषी कालिम्पोङ महाविद्यालयका विज्ञानका प्राध्यापक रामबहादुर भुजेल थिए। यसै अवसरमा विश्वविद्यालयद्वारा सन् १९९४/९५ को शैक्षिक वर्षमा सर्वाधिक अङ्क ल्याउने केही नेपाली मेधावी विद्यार्थीहरूलाई सम्मान गरिएको देखिन्छ। यी दुई वर्षका दीक्षान्त समारोहका विश्लेषणले साढेचार दशकको उ.ब.विको इतिहास र समग्रमा तीनदशकको नेपाली विभागको गतिलाई सहजरूपमा औल्याउन सकिन्छ।

### २.४.३ समकालीन नेपाली गद्याख्यान विषयमा राष्ट्रिय संगोष्ठी

सन् २००२, २३ फेब्रुअरीदेखि २५ फेब्रुअरीसम्म नेपाली विभाग र नेपाली एकेडेमीको संयुक्त तत्त्वावधानमा **समकालीन नेपाली गद्याख्यान** विषयमा तीन दिवसीय राष्ट्रिय संगोष्ठीको आयोजना गरियो । उक्त राष्ट्रिय साहित्य संगोष्ठीको उद्घाटन विश्वविद्यालयका तत्कालीन उपकुलपति पी.क.शाहले गरेका थिए । यस राष्ट्रियसंगोष्ठीमा भारत र नेपालका जम्मा १५ विद्वानविदुषीहरूले कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त संगोष्ठीमा विषयविशेषज्ञ र विशिष्ठ संशाधक व्यक्तिका रूपमा इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, मोहनराज शर्मा र घनश्याम कँडेललाई निम्त्याइएको पाइन्छ । यस संगोष्ठीको उद्घाटन सत्रबाहेक पाँचवटा विभिन्न सत्रमा विभाजित यस तीन दिवसीय राष्ट्रिय संगोष्ठीमा त्रिभुवन विश्वविद्यालयबाट आमन्त्रित कार्यपत्र प्रस्तोताहरूमा वासुदेव त्रिपाठी, मोहनराज शर्मा, घनश्याम कँडेल, ऋषिराज बराल प्रमुख थिए भने भारततर्फबाट लक्खीदेवी सुन्दास, रामलाल अधिकारी, जीवन नाम्दुङ, जस योञ्जन प्यासी, गोकुल सिन्हा, शान्तिराज शर्मा, कृष्णराज घतानी, राजेन्द्र भण्डारी, पुष्प शर्मा, राजकुमारी दाहाल, नरेशचन्द्र खातीका साथै शोधछात्र ममता लामा, पुष्कर पराजुली एवम् राजकुमार छेत्रीले संगोष्ठीमा कार्यपत्र प्रस्तुत गरेको देखिन्छ । पाँचवटा सत्रमा प्रस्तुत गरिएका कार्यपत्रका सार प्रतिवेदकहरूमा रामलाल अधिकारी, जस योञ्जन प्यासी, राजेन्द्र भण्डारी, गोकुल सिन्हा, कृष्णराज घतानी, शान्तिराज शर्मा, सुजाता रानी राई, नरेशचन्द्र खाती थिए । यस द्वितीय राष्ट्रियस्तरका साहित्य संगोष्ठीका निर्देशक मोहन पी. दाहाल थिए ।

उत्तरबङ्गाल विश्वविद्यालयमा संलग्न रही नेपाली साहित्यका क्षेत्रमा २००२ सम्ममा नौजना शोधार्थीहरूले आआफ्नो शोधप्रबन्ध विश्वविद्यालयमा प्रस्तुत गरी विद्यावारिधिको उपाधि प्राप्त गरिसकेका देखिन्छन् । सन् १९९० मा नेपाली विषयको एम् फिलको पाठ्यक्रम तयार भइसकेर स्वीकृति भए पनि नेपाली विषयमा विश्वमा नै प्रथमपल्ट उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विषयको एम् फिल्को कक्षा १९९६-९७ देखि सुरु भएको हो । सुरुका अवस्थामा एम् फिल् गर्नेहरूमध्ये ममता लामा, डम्बर थापा, शरोज शर्मा, रजनी शर्मा, बलराम पाण्डे, दिलकुमार प्रधान, राजकुमार छेत्री, विनोद छेत्री गरी ८ जना देखिन्छन् ।

उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभाग र नेपाली अकादमीद्वारा समकालीन नेपाली गद्याख्यान विषयमा २००२ फरवरी २३-२५ सम्म तीन दिवसीय राष्ट्रिय संगोष्ठी आयोजना गरिएको देखिन्छ । उत्तरबङ्ग विश्वविद्यालयका उपकुलपति पी. के शाहद्वारा उद्घाटन भएको सो राष्ट्रिय संगोष्ठीको उद्घाटन समारोहको अध्यक्षता कला वाणिज्य र कानुन सङ्कायका डीन पी. के सेन गुप्तले गरेका थिए । उद्घाटन सत्रमा उपकुलपति शाहले सरस्वतीको तस्बिरमा माल्यार्पण र दीप प्रज्वलन अनि नेपाली विभागका विद्यार्थीहरूले सरस्वती बन्दना प्रस्तुत गरेपछि नेपाली विभागाध्यक्ष भीमकान्त उपाध्यायले स्वागत भाषण प्रस्तुत गरेको देखिन्छ । नेपाली विभागको नीजि व्याख्यान कक्षमा आयोजित यस राष्ट्रिय संगोष्ठीमा नेपाली विभागबाहेक यसै विश्वविद्यालयका अङ्ग्रेजी विभाग, बङ्गला विभाग, रसायन विभाग आदिका प्राध्यापकहरू र अन्यान्य विभिन्न विभागका विद्यार्थीहरू एवम् विश्वविद्यालय बाहिरका व्यक्तिहरूको पनि उपस्थिति रहेको देखिन्छ । खासगरी उत्तरबङ्ग विश्वविद्यालय नेपाली अकादमीका सदस्यहरूमध्ये एम् बी. राई र तुलसी भट्टराईको उपस्थिति उल्लेख्य रहेको देखिन्छ ।[२०३] यस अवसरमा नेपाली विभागको प्राङ्गणमै पुस्तक प्रदर्शनी र बिक्री कक्ष राखिएको थियो । जसमा साझा प्रकाशन (नेपाल), सरस्वती पुस्तक मन्दिर (प्रधाननगर सिलगढी) अखिल भारतीय विद्यार्थी सङ्घले समेत सो अवसरमा आफ्नो सहभागिता देखाएको पाइन्छ ।

सिलगढी २५ फरवरी, समकालीन नेपाली गद्याख्यान विषयमाथि उत्तरबङ्गाल विश्वविद्यालयको नेपाली विभाग र नेपाली अकादमीले राखेको तीन दिनव्यापी राष्ट्रिय संगोष्ठी भएको थिए भने उक्त कार्यक्रम दुई सत्रमा विभाजित थियो । पहिलो सत्रको अध्यक्षता डा. मोहनराज शर्माले गरेका थिए । आज कार्यपत्र पढ्नेहरूमा डा. लखीदेवी सुन्दास, राजकुमार छेत्री, प्रा. रामलाल अधिकारी तथा राजेन्द्र भण्डारी थिए । यस सत्रका अध्यक्ष डा. मोहनराज शर्माले समकालीनता र आधुनिकताको पार्थक्य बताउँदै समकालीनता माथि आफ्नो अवधारणा राखे ।

दिउँसो २ बजेदेखि सुरु भएको दोस्रो सत्रको अध्यक्षता घनश्याम उपाध्याय कँडेलले गरेका थिए । यस सत्रलाई काठमाडौँ त्रिभुवन विश्वविद्यालयबाट आएका अतिथि वक्ता वासुदेव त्रिपाठी र घनश्याम उपाध्याय कँडेलले पनि सम्बोधन गर्दै समकालीनतामाथि आफ्ना धारणाहरू राखेको पाइन्छ । समापन

---

[२०३] नेसाप्रसं. १२, (वर्ष-१, अङ्क-५, चैत २०५७) (मार्च, अप्रिल २००२)

समारोहको अन्त्यमा प्रा. जस योञ्जन 'प्यासी'ले तीन दिनसम्म चलेको यस संगोष्ठीको सार प्रतिवेदन पढेका थिए भने यस प्रतिवेदन राजेन्द्र भण्डारी, यस योञ्जन 'प्यासी', रामलाल अधिकारी, गोकुल सिन्हा, कृष्णराज घतानी, सुजाता रानी राईले तयार पारेका थिए । अन्तमा यस संगोष्ठीलाई सफल बनाउन सहयोग पुऱ्याउने सबै मानिसहरूप्रति धन्यवाद दिंदै संगोष्ठीका संयोजक मोहन पी. दाहालले उनीहरूसँग ऋणी रहेको जनाएको उल्लेख पाइन्छ ।

## २.४.४ उ.ब.वि.मा नेपाली भाषा साहित्य शिक्षण सम्मेलन

सन् १९७७ मा उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विभागको स्थापना भएपछि २००२ मा २५ वर्ष पुगेको उपलक्ष्यको रजतजयन्ती वर्ष मनाएको देखिन्छ । रजत वर्षको अन्तिम शृङ्खलाका रूपमा १८ र १९ डिसेम्बरमा **भारतमा नेपाली भाषा साहित्य र तिनको निराकरण** विषयमा राष्ट्रिय सम्मेलन सम्पन्न भयो । दुई दिने यस सम्मेलनलाई चारवटा सत्रमा विभागन गरिएको देखिन्छ । जसलाई क्रमैले राजेन्द्र भण्डारी र भीमकान्त उपाध्यायले अध्यक्षता गरेको यस कार्यक्रममा आफ्ना विचार प्रस्तुत गर्नेहरूमा कविता लामा, राजेन्द्र भण्डारी, आनन्द खड्का, गगन खाती, अजित बस्नेत, धनकुमार देवान, ममता लामा, ललिता हमद्, राधा शर्मा, पुष्कर पराजुली, डनबहादुर कार्की, रिडजीइडेन वाङ्दी, प्रदिप गुरुङ्ग, कवीर बस्नेत, नवीन पौड्याल आदि प्रमुख देखिन्छन् ।

दुई दिने यस सम्मेलनले भारतका विभिन्न प्रान्तमा नेपाली भाषा अध्ययनका भिन्न भिन्न समस्या भएको अंग्रेजी स्कुलको बढदो संख्या टि.भी.र सिनेमा आदिको प्रभावबाट नेपाली साहित्यको अध्ययनमा रुची घट्तै गएको, नेपाली पाठ्यक्रम नेपालमुखी र समयनिरपेक्ष भएको व्याकरणलाई पाठ्यविषयका रूपमा प्रधानता दिन नसकिएको स्कुल प्रशासनमा नेपाली शिक्षकका रूपमा जो सुकैलाई जिम्मा दिने प्रथा चलेको पाठ्यविषयहरू दुरुह रहेको कवितालाई कण्ठ गराउने परम्परा टुटेको र शिक्षकहरू स्वयम् दायित्वहीन हुँदै गएका जस्ता समस्याहरूलाई उठाइएको देखिन्छ ।[द्दण्द्ध] नेपाली विभागका विभागाध्यक्ष घनश्याम नेपालले सम्मेलनको अन्त्यमा सारगर्भित वक्तव्य दिंदै भारतका नेपालीभाषी लेखहरूका कृतिहरूलाई बेसी भन्दा बेसी पाठयविषयवस्तु बनाइनु पर्ने नेपाली शिक्षकहरूलाई शिक्षणबारे तालिम दिइनु पर्ने, सो संस्कृतिलाई पाठ्यविषय बनाएर शिक्षण प्रविधिमा परिवर्तन ल्याउनुपर्ने जस्ता कुराको सार गर्भित मन्तव्य दिएका थिए । प्रस्तुत कार्यक्रमको सञ्चालन मोहन पी.दाहार र कृष्णराज घतानीले गरे भने शोध छात्रहरू राजकुमार क्षेत्री, टेकबहादुर क्षेत्री, आनन्द खडका, कविता लामाले सारप्रतिवेदन लेखेर समासमक्ष प्रस्तुत गरेको देखिन्छ ।

### २.४.४.१ उ.ब.वि.मा भाषा दिवस सम्पन्न

९ औं नेपाली भाषा मान्यता दिवसको उपलक्ष्यमा पार्वत्य विद्यार्थी संगठन उ.ब.वि.को स्नातकोत्तर शाखाद्वारा संगठनका अध्यक्ष टेकबहादुर क्षेत्री र महासचिव विजय मोक्तानको अगुवाइमा विहान ८:३० बाट शान्ति यात्राको आयोजना गरी ल विभागको देखि शोध छात्राबास हुँदै नेपाली विभागको नवनिर्मित पुगेर समापन गरिएको देखिन्छ ।

नेपाली भाषामाथिको केन्द्र र राज्यसरकारको ऋणात्मक दृष्टिकोण प्रति आवाज उठाउँदै नेपाली भाषीले नै यस विषयलाई व्यवहारिक रूपमा ल्याउन नसकेको कुरा उल्लेख गर्दै लोकसेवा आयोग स्लेट पश्चिमबंगाल लोकसेवा आयोग आदि प्रतिस्पर्धात्मक परीक्षामा नेपाली भाषाप्रतिको भाषिक दमन प्रति पनि आवाज उठाइएको पाइन्छ । यस अवसरमा नेपाली विभागका विभागाध्यक्ष घनश्याम नेपालले यस्ता पर्वहरूको उपलक्ष्यमा हामी विधिवत विविध सकरात्मक एवम् निर्माणात्मक कार्य गर्न सक्छौं संगठन र नेपाली विभाग एउटै परिवार हो यस प्रकारको क्रियाकलापले नेपाली भाषीहरूको भोलीको उज्ज्वल भविष्यको पूर्वाभाष देखिन्छ भने भने मोहन पी. दाहालले आफू यस संगठनमा छँदाको तितो मिठो अनुभव सुनाउँदै **नेपाली भाषा मान्यता** आन्दोलनका बेलामा कतिपय पक्षबाट ऋणात्मक क्रियाकलाप भए पनि भाषाले मान्यता पाउन सफल भयो यसको व्यवहारिकता एवम् प्रायोगीता प्रतिको जागरुकतामा शिथिलता आउँदै गर्दा यस संगठनले झकझकाउँने काम गरेकाले त्यसलाई सराहनीय छ भन्ने कुरा व्यक्त गरे ।

---

[द्दण्द्ध] विचार, वर्ष २२, अङ्क ३१ (सम्पां) सुभास दीपक जनवरी ८ देखि ४ २००३ ।

प्रस्तुत संगोष्ठीका प्रमुख वक्ता इन्द्रबहादुर राईले नेपाली भाषा मान्यताको संघर्षकालीन गतिविधिहरूमाथि प्रष्ट पार्दै नेपाली भाषाको व्यवहारिक एवम् अकादमी सम्बन्धी विषयलाई पनि प्रकाश पारे । सेनामा आज पनि हाम्रा मान्छेले जनरल हुन नपाएको दुःख उनले त्यहाँ पोखे भीमकान्त उपाध्यायले सम्पूर्ण नेपाली भाषीको भाषाप्रतिको सचेतता नहुञ्जेल कुनै उन्नति हुदैन भन्ने कुरा व्यक्त गरे । प्रस्तुतका कार्यक्रममा कविगोष्ठी र विभिन्न समसामयिक विषयमा अन्य धेरैले आफ्ना विचार राखेको देखिन्छ ।

यस किसिमले उ.ब.वि.मा नेपाली भाषीहरूले स्वअस्तित्वका लागि दरिला कदमहरू चाल्दै नेपाली भाषा साहित्य संस्कृतिप्रति आ-आफ्नो दायित्व प्रकट गरेको देखिन्छ ।

### २.४.४.२ विभिन्न स्थानमा भाषा मान्यता दिवस पालन

सन् २००४, २० अगस्तमा उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागको तत्त्वावधानमा १२ औँ नेपाली भाषा मान्यता दिवस समारोह सम्पन्न भएको देखिन्छ । यसै अवसरमा पार्वत्य विद्यार्थी सङ्गठनको वार्षिक मुखपत्र **पहाड** पत्रिकाको लोकार्पण पनि गरिएको पाइन्छ । उक्त समारोहका सभाध्यक्ष भीमकान्त उपाध्याय थिए भने भीम प्रधान मुख्य अतिथिका रूपमा उपस्थित थिए । त्यसैगरी समारोहमा नेपाली विभागाध्यक्ष मोहन पी. दाहाल, नरेशचन्द्र खाती शोधार्थी राजकुमार छेत्रीको पनि उपस्थिति थियो । त्यसरी नै कानुन विभागअन्तर्गत सम्पूर्ण पार्वत्य विद्यार्थी सङ्गठनका सदस्यहरू लगायत यस विश्वविद्यालयका विभिन्न विभागका विद्यार्थीहरूको पनि उपस्थिति थियो । कार्यक्रमको आरम्भमा मुख्य अतिथिबाट दीव प्रज्वलन भएपछि सुदर्शन तामाङ र प्रवीण लोहानबाट स्वागत गीत प्रस्तुत गरिएको थियो भने सुकदेव शर्माले स्वागत भाषण गरेका थिए । कार्यक्रममा विद्यार्थीवर्गको तर्फबाट विभिन्न वक्ताहरूले नेपाली भाषा मान्यताबारे आआफ्नो वक्तव्य राखे भने यसै अवसरमा कविता वाचन पनि गरिएको देखिन्छ । मुख्य अतिथिले भाषिक आन्दोलनबारे आफ्नो वक्तव्य पेस गरेका थिए । पार्वत्य विद्यार्थी सङ्गठनका प्रमुख संरक्षक मोहन पी. दाहालले **पहाड** पत्रिकाको लोकार्पण गरे । सभाध्यक्षले आफ्नो सम्भाषणको व्यावहारिक पक्षमाथि प्रकाश पारेका थिए । उनले भाषाप्रति प्रत्येक व्यक्तिको श्रद्धा र भक्ति रहेसम्म मात्र भाषाले उन्नति गर्छ भन्ने कुरामाथि जोड दिएका थिए । कार्यक्रमको अन्तिम चरणमा चन्द्रप्रकाश राईले धन्यवाद ज्ञापन गरेका थिए ।

यसक्रममा उल्लेख गरिएका विभिन्न पत्र-पत्रिकागत टिप्पणीद्वारा केकुरा बुझिन्छ भने उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागले पठनपाठनका क्षेत्रसँग सम्बन्धित विविध कार्यक्रमहरूलाई सहज ढङ्गले सञ्चालन गर्दै लैजाने कुरा निश्चित देखिन्छ र सोही क्रममा आएका प्रसङ्गलाई यहाँ प्रसङ्गवश कोट्याइयो । यी कुराबाट पनि नेपाली विभाग नेपाली भाषासाहित्यको उत्थानमा सुव्यवस्थित ढङ्गबाट नै अघि बढ्दैछ भन्ने कुराको पुष्टि हुन्छ ।

## २.४.५ समकालीन नेपाली गद्याख्यान विषयमा राष्ट्रिय संगोष्ठी

सन् २००२, २३ फेब्रुअरीदेखि २५ फेब्रुअरीसम्म नेपाली विभाग र नेपाली एकेडेमीको संयुक्त तत्त्वावधानमा **समकालीन नेपाली गद्याख्यान** विषयमा तीन दिवसीय राष्ट्रिय संगोष्ठीको आयोजना गरियो । उक्त राष्ट्रिय साहित्य संगोष्ठीको उद्घाटन विश्वविद्यालयका तत्कालीन उपकुलपति पी.क.शाहले गरेका थिए । यस राष्ट्रियसंगोष्ठीमा भारत र नेपालका जम्मा १५ विद्वानविदुषीहरूले कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त संगोष्ठीमा विषयविशेषज्ञ र विशिष्ठ संशाधक व्यक्तिका रूपमा इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, मोहनराज शर्मा र घनश्याम कँडेललाई निम्त्याइएको पाइन्छ । यस संगोष्ठीको उद्घाटन सत्रबाहेक पाँचवटा विभिन्न सत्रमा विभाजित यस तीन दिवसीय राष्ट्रिय संगोष्ठीमा त्रिभुवन विश्वविद्यालयबाट आमन्त्रित कार्यपत्र प्रस्तोताहरूमा वासुदेव त्रिपाठी, मोहनराज शर्मा, घनश्याम कँडेल, ऋषिराज बराल प्रमुख थिए भने भारततर्फबाट लक्ष्मीदेवी सुन्दास, रामलाल अधिकारी, जीवन नाम्दुङ, जस योञ्जन प्यासी, गोकुल सिन्हा, शान्तिराज शर्मा, कृष्णराज घतानी, राजेन्द्र भण्डारी, पुष्प शर्मा, राजकुमारी दाहाल, नरेशचन्द्र खातीका साथै शोधछात्र ममता लामा, पुष्कर पराजुली एवम् राजकुमार छेत्रीले संगोष्ठीमा कार्यपत्र प्रस्तुत गरेको देखिन्छ । पाँचवटा सत्रमा प्रस्तुत गरिएका कार्यपत्रका सार प्रतिवेदकहरूमा रामलाल अधिकारी, जस योञ्जन प्यासी, राजेन्द्र भण्डारी, गोकुल सिन्हा, कृष्णराज

घतानी, शान्तिराज शर्मा, सुजाता रानी राई, नरेशचन्द्र खाती थिए । यस द्वितीय राष्ट्रियस्तरका साहित्य संगोष्ठीका निर्देशक मोहन पी. दाहाल थिए ।

उत्तरबङ्गाल विश्वविद्यालयमा संलग्न रही नेपाली साहित्यका क्षेत्रमा २००२ सम्ममा नौजना शोधार्थीहरूले आआफ्नो शोधप्रबन्ध विश्वविद्यालयमा प्रस्तुत गरी विद्यावारिधिको उपाधि प्राप्त गरिसकेका देखिन्छन् । सन् १९९० मा नेपाली विषयको एम् फिलको पाठ्यक्रम तयार भइसकेर स्वीकृति भए पनि नेपाली विषयमा विश्वमा नै प्रथमपल्ट उत्तरबङ्ग विश्वविद्यालयमा नेपाली विषयको एम् फिल्को कक्षा १९९६-९७ देखि सुरु भएको हो । सुरुका अवस्थामा एम् फिल् गर्नेहरूमध्ये ममता लामा, डम्बर थापा, शरोज शर्मा, रजनी शर्मा, बलराम पाण्डे, दिलकुमार प्रधान, राजकुमार छेत्री, विनोद छेत्री गरी ८ जना देखिन्छन् ।

उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभाग र नेपाली अकादमीद्वारा समकालीन नेपाली गद्याख्यान विषयमा २००२ फरवरी २३-२५ सम्म तीन दिवसीय राष्ट्रिय संगोष्ठी आयोजना गरिएको देखिन्छ । उत्तरबङ्ग विश्वविद्यालयका उपकुलपति पी. के शाहद्वारा उद्घाटन भएको सो राष्ट्रिय संगोष्ठीको उद्घाटन समारोहको अध्यक्षता कला वाणिज्य र कानुन सङ्कायका डीन पी. के सेन गुप्तले गरेका थिए । उद्घाटन सत्रमा उपकुलपति शाहले सरस्वतीको तस्बिरमा माल्यार्पण र दीप प्रज्वलन अनि नेपाली विभागका विद्यार्थीहरूले सरस्वती बन्दना प्रस्तुत गरेपछि नेपाली विभागाध्यक्ष भीमकान्त उपाध्यायले स्वागत भाषण प्रस्तुत गरेको देखिन्छ । नेपाली विभागको नीजि व्याख्यान कक्षमा आयोजित यस राष्ट्रिय संगोष्ठीमा नेपाली विभागबाहेक यसै विश्वविद्यालयका अङ्ग्रेजी विभाग, बङ्गला विभाग, रसायन विभाग आदिका प्राध्यापकहरू र अन्यान्य विभिन्न विभागका विद्यार्थीहरू एवम् विश्वविद्यालय बाहिरका व्यक्तिहरूको पनि उपस्थिति रहेको देखिन्छ । खासगरी उत्तरबङ्ग विश्वविद्यालय नेपाली अकादमीका सदस्यहरूमध्ये एम् बी. राई र तुलसी भट्टराईको उपस्थिति उल्लेख्य रहेको देखिन्छ ।[२०५] यस अवसरमा नेपाली विभागको प्राङ्गणमै पुस्तक प्रदर्शनी र बिक्री कक्ष राखिएको थियो । जसमा साझा प्रकाशन (नेपाल), सरस्वती पुस्तक मन्दिर (प्रधाननगर सिलगढी) अखिल भारतीय विद्यार्थी सङ्घले समेत सो अवसरमा आफ्नो सहभागिता देखाएको पाइन्छ ।

सिलगढी २५ फरवरी, समकालीन नेपाली गद्याख्यान विषयमाथि उत्तरबङ्गाल विश्वविद्यालयको नेपाली विभाग र नेपाली अकादमीले राखेको तीन दिनव्यापी राष्ट्रिय संगोष्ठी भएको थिए भने उक्त कार्यक्रम दुई सत्रमा विभाजित थियो । पहिलो सत्रको अध्यक्षता डा. मोहनराज शर्माले गरेका थिए । आज कार्यपत्र पढ्नेहरूमा डा. लख्खीदेवी सुन्दास, राजकुमार छेत्री, प्रा. रामलाल अधिकारी तथा राजेन्द्र भण्डारी थिए । यस सत्रका अध्यक्ष डा. मोहनराज शर्माले समकालीनता र आधुनिकताको पार्थक्य बताउँदै समकालीनता माथि आफ्नो अवधारणा राखे ।

दिउँसो २ बजेदेखि सुरु भएको दोस्रो सत्रको अध्यक्षता घनश्याम उपाध्याय कँडेलले गरेका थिए । यस सत्रलाई काठमाडौँ त्रिभुवन विश्वविद्यालयबाट आएका अतिथि वक्ता वासुदेव त्रिपाठी र घनश्याम उपाध्याय कँडेलले पनि सम्बोधन गर्दै समकालीनतामाथि आफ्ना धारणाहरू राखेको पाइन्छ । समापन समारोहको अन्त्यमा प्रा. जस योञ्जन ‘प्यासी’ले तीन दिनसम्म चलेको यस संगोष्ठीको सार प्रतिवेदन पढेका थिए भने यस प्रतिवेदन राजेन्द्र भण्डारी, यस योञ्जन ‘प्यासी’, रामलाल अधिकारी, गोकुल सिन्हा, कृष्णराज घतानी, सुजाता रानी राईले तयार पारेका थिए । अन्तमा यस संगोष्ठीलाई सफल बनाउन सहयोग पुऱ्याउने सबै मानिसहरूप्रति धन्यवाद दिँदै संगोष्ठीका संयोजक मोहन पी. दाहालले उनीहरूसँग ऋणी रहेको जनाएको उल्लेख पाइन्छ ।

## २.४.६ विभागको भवन समुद्घाटन

१३ जुलाई २००१ का दिन उ.ब.वि. को नेपाली विभाग, नेपाली अकादमी र पार्वत्य विद्यार्थी सङ्गठनको संयुक्त रूपमा उत्तरबङ्ग विश्वविद्यालय नेपाली विभागको १८७ औँ भानु जयन्ती मनाउँदै विभागको आफ्नै भवन उद्घाटन गरिएको थियो । उपकुलपति पी. के. शाहद्वारा त्यस अवसरमा विश्वविद्यालयका रजिष्ट्रार तापसकुमार च्याटर्जी, विज्ञान सङ्कायका प्रमुख पी. के. हाजरा, कला सङ्कायका प्रमुख डा. पी. के. सेन गुप्ता, अतिथि वा वार्ताकारका रूपमा लक्खीदेवी सुन्दास, कथाकार शरद् छेत्री एवम् प्राध्यापकगण, विद्यार्थी समुदाय र कर्मचारीहरूका साथमा शिवकुमार राईको स्मृति

---

[२०५] नेपाली साहित्य सम्मेलन पत्रिकाको सम्पादकीय, दार्जिलिङ: १२, (वर्ष-१, अङ्क-५, चैत २०५७) (मार्च, अप्रिल २००२) ।

अकादमीका सचिव चन्द्र शर्मा आदिहरूको उपस्थितिका बीच रामायण पाठक वा गोष्ठी सम्भाषण, शरद् छेत्रीका कथाहरूको विमोचनसहित भानु जयन्ती मनाइयो ।

विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त ३८ लाख भारतीय रूपैयामा यत्रो विभाग बनेर पनि १३ लाख वचत नै रहेकोमा आभार प्रकट गर्दै कुलसचिव च्याटर्जीले

"नेपाली भाषाजस्तो मीठो भाषा विश्वमा धेरै कम्ती छ । अरुअरु भाषामा त्यस्ता मीठास पाइदैन । जत्तिको नेपाली भाषामा पाइन्छन् । तसर्थ विश्वविद्यालयको नेपाली विभागले नेपाली इतरलाई भाषा सिकाउने क्जयचत तभक्क अयगचकभ सुरु गर्नु पर्दछ" भन्नु नेपाली भाषाप्रति एक शिक्षित बङ्गालीलाई पनि कति मीठो मोह रहेछ भन्ने बोध हुन्छ । कला सङ्कायका डिनको भनाइमा "भाषा साहित्यको कुनै साँध सीमा हुँदैन । नेपाली भाषा विश्वभाषा हो, यो नेपाली भाषा, हिन्दी भाषा सबैको स्रोतस्थल देवभाषा संस्कृत नै हो । तपाईं हाम्रा भाषामा साझा समस्या, साझा समवेदना, साझा आनन्द लुकेका छन् । ती सबै हाम्रा भाषा साहित्यमा अवश्यै प्रतिविम्बित भएका छन् तथापि हामीले आत्मसात गर्नुपर्छ अनि अभिव्यक्त गर्दै जानुपर्छ" ।

स्मरणीय रहोस् भारतवर्षमा नेपाली भाषामा स्नातकोत्तर एम्. फिल्. र विद्यावारिधि तहसम्मको शिक्षाअध्ययन गर्न सकिने एक मात्र विश्वविद्यालय उत्तरबङ्ग विश्वविद्यालवय नै हो । सन् १९७७ मा यहाँ नेपाली विभाग स्थापना भएको थियो । सन् २००३ मा यस विभागले आफ्नो स्थापनको रजत जयन्ती मनाइ सकेको छ । अहिलेसम्ममा यस विश्वविद्यालयको नेपाली विभागबाट पाचसयभन्दा बढी विद्यार्थीहरूले स्नातकोत्तर तह पारगरिकेका छन् र बाहय परीक्षार्थीहरूको सङ्घसंस्था पनि थुप्रै छन् । पत्राचारद्वारा उच्च अध्ययन गर्न सकिने दूरशिक्षा कार्यक्रम नेपाली भाषामा सन् २००१ देखि नै शुभारम्भ भइसकेको छ ।

भारतीय नेपाली भाषा साहित्यका डा. पारसमणि प्रधान स्मृति स्वर्णपदक नेपाली भाषामा स्नातकोत्तर तहमा उत्कृष्ट हुनेलाई प्रदान गरिन्छ । उ.ब.वि. को स्नातक (सम्मान) परीक्षामा नेपाली भाषा साहित्यमा सर्वोच्च अङ्क प्राप्तगरी उत्तीर्ण हुने विद्यार्थीलाई सन् १९९७ देखि कर्साङको गोर्खा जनपुस्तकालयमार्फत् पारसमणि प्रधान स्मृति शैक्षिकयोग्यता पुरस्कार प्रदान गर्ने व्यवस्था रहेको छ ।

## २.४.७ नेपाली विभाग : रजत जयन्ती यात्रामा

उत्तरबङ्ग विश्वविद्यालयको स्थापना सन् १९६२ सालमा भए पनि समयका विभिन्न परिस्थितिलाई छलाङ मारेर पच्चीस बर्से लक्का जवान भएर अघि बढेपछि मात्र नेपाली विभागको स्थापना एवम् शिक्षण सत्रको सुभारम्भ भने सन् १९७७-७८ देखि मात्र भएको देखिन्छ । नेपाली विभागको स्थापना प्रथम शिक्षण सत्र सञ्चालन गर्न क्रमैसित चारजना प्राध्यापकहरू नियुक्त भए । विभाग सञ्चालन गर्न प्रथम विभागीय प्रमुखको रूपमा तुलसीबहादुर छेत्रीलाई रिडर पदमा नियुक्त गरियो । त्यसपछि विभागमा लक्ष्मीकान्त शर्मा, भीमकान्त उपाध्याय र श्रीमती विष्णुकुमारी शर्माले लेक्चरको रूपमा नियुक्ति गरे । पहिलो शैक्षिक सत्रमा स्नातकोत्तर कक्षामा भर्ना लिएर अध्ययन गर्ने दस (१०) जना विद्यार्थीहरूमा श्री मोहन पी. दाहाल, शशीकला छेत्री, जेम्स कार्थक, ललिता राई, दावा छिरिङ, धनकुमारी थापा, दिपक गिरी, सूर्यप्रसाद आदिले पाठ्यक्रम पूरा गरी स्नातकोत्तर उपाधि लिए भने जीवन नाम्दुङ र मालती राईले भने त्यसताक पूरा गर्न सकेनन् सुरुमा चार जना शिक्षकहरू र दस जना स्नातकोत्तर श्रेणीका विद्यार्थीहरूलाई लिएर पठनपाठन सुभारम्भ गरेको नेपाली विभागले आगामी वर्ष २००२ मा रजत जयन्तीमा पाइला चालेको देखिन्छ । सुरुका वर्षबाहेक पछिका केही वर्षहरूमा विद्यार्थी सङ्ख्या घटेर ५-६ जना हुन पुगेको थियो, हालको विद्यार्थी सङ्ख्या भने सन्तोषजनक नै छ । हालका केही वर्ष यतादेखि यस विभागबाट ३० देखि ४० जना विद्यार्थीहरूले नियमित विद्यार्थीको रूपमा स्नातकोत्तर डिग्री प्राप्त गरिरहेछन् । हालको नेपाली शिक्षण विभागमा सात जना प्राध्यापकहरू संलग्न छन् । हाल डा. श्रीमती विष्णुकुमारी शर्मा बनारस हिन्दू विश्वविद्यालयको नेपाल अध्ययन केन्द्रमा रिडर पदमा कार्यरत छन् भने डा. तुलसीबहादुर छेत्रीले आफ्नो शिक्षण पेसादेखि अवकाश ग्रहण गरिसकेका छन् । सन् १९८५-८६ पछि यस नेपाली विभागमा डा. घनश्याम नेपाल, डा. मोहन पी. दाहाल, प्रा. शान्तिराज शर्मा, प्रा. कृष्णराज घतानी, प्रा. नरेशचन्द्र खातीले प्राध्यापन कार्यमा नियुक्ति पाए । हाल विभागमा डा. भीमकान्त उपाध्याय प्रोपेसर पदमा छन् । प्रा. लक्ष्मीकान्त शर्मा, डा. मोहन पी. दाहाल, डा. घनश्याम नेपाल रिडर पदमा अनि श्री शान्तिराज शर्मा, श्री नरेशचन्द्र खाती र कृष्णराज घतानी सेलेक्सन ग्रेड लेक्चर पदमा रही प्राध्यापनरत छन् ।

स्थापनाकालदेखि नै नेपाली विभागले भानु जयन्ती समारोह, विचार गोष्ठी, कवि गोष्ठी, साहित्य सेमिनारको आयोजना गर्दै आइरहेछ । यहाँ प्राप्त तथ्यहरू लिएर संक्षेपमा उल्लेख गरिने छ ।

(अ) **नेपाली विभागको रजत जयन्ती समारोह**

उत्तर बङ्गाल विश्वविद्यालयको नेपाली विभागद्वारा रजत जयन्ती वर्षको उपलक्ष्यमा आयोजित ८ देखि ११ मार्चसम्म चारदिने नेपाली साहित्यालोचन' बारे राष्ट्रिय अधिगोष्ठीको सञ्चालन एवम् ११ मार्चक दिन विभागका भूतपूर्व विद्यार्थीहरूका पुनर्मिलन कार्यक्रम राखिएको थियो । ८ मार्च नेपाली विभागको रजत जयन्ती वर्षको उद्घाटन समारोह अपरान्ह २ बजेदेखि विश्वविद्यालयको 'रविन्द्र भानु भवन' मा सुसम्पन्न भयो । उद्घाटन समारोहमा प्रमुख अतिथि उपकुलपति प्रो. पियूषकान्ति शाह, कुलसचिव डा. तापसकुमार च्याटर्जी, इन्द्रकुमार राई, डा. लख्खीदेवी सुन्दास थिए । उद्घाटन समारोहका अध्यक्षता विज्ञान सङ्कायका डीन डी. के. हाजराले गरेका थिए ।

पच्चीस वर्ष पुगेको यस विभागले हालसम्ममा बाह्य र नियमित दुवै गरिकन एक हजारभन्दा अधिक स्नातकोत्तर जन्माइसकेको र सारा विश्वमा यो एक मात्र विश्वविद्यालय हो जसमा नेपाली विषयमा एम. फिल. गर्ने सुविधा छ ।[२०६] हालमा एम्. फीलको पाँचौ व्याजले अध्ययन गरिसकेका साथै यस विभागबाट जम्मा ९ जना शोधार्थीले विद्यावारिधि उपाधिका निम्ति शोधकार्य गरी पी. एच्. डी. उपाधिका निम्ति शोधकार्य गरी पी. एच्. डी. डिग्रीका निम्ति शोधकार्यरत छन् भने हालमा १२ जना शोधार्थीहरूबारे नेपाली विभागाध्यक्ष  घनश्याम नेपालले आफ्नो स्वागत भाषणमा अवगत गराए । विगत २५ वर्षमा नेपाली विभागले गर्न नसकेका उपलब्धिहरूको मूल्याङ्कन गर्न यस रजत जयन्तीको आयोजना गरेको कुरा विभागाध्यक्ष नेपालले आफ्नो स्वागत संभाषणमा प्रष्ट पारे । उद्घाटन समारोहमा उपकुलपति पी. के. शाह, कुलसचिव टी. के. च्याटर्जी, विशिष्ट साहित्यकार इन्द्रबहादुर राईले पनि समारोहलाई सम्बोधन गरे । साहित्यकार इन्द्रबहादुर राईले आफ्नो संभाषणमा दार्जिलिङका विभिन्न राजनैतिक पार्टी सार्थ सङघसंस्थाहरूले उत्तरबङ्गाल विश्वविद्यालय दार्जिलिङमा हुनुपर्छ भन्ने माग राख्दै अनेकन ज्ञापन पत्रहरू भारतका प्रधान मन्त्री सार्थ पश्चिम बङ्गाल सरकार समक्ष टक्राए पश्चात् उत्तरबङ्गाल विश्वविद्यालय दार्जिलिङमा नभएर समतलमा नै स्थापित गरियो तर स्थापना भए पनि यसमा प्रथमतः नेपाली विभाग थिएन । धेरै वर्षको र धेरै व्यक्ति, सङ्घसंस्थाहरूको अथक प्रयासपछि तथा डा. पारसमणि प्रधानजस्ता व्यक्तिहरूको सक्रियतामा र सहयोगमा सन् १९७७ सालमा नेपाली विभागको स्थापना भयो तर शैक्षिक कार्यसत्र भने सन् १९७८ देखि मात्र सुरु भएको नेपाली विभागको संक्षिप्त इतिहास बताए । उपकुलपति प्रो. पीयुष कान्ति शाह र कुलसचिव डा. तापसकुमार च्याटर्जी नेपाली विभाग उत्तरबङ्गाल विश्वविद्यालयको एक गर्व र सुन्दर गहना हो भन्दै दुवैले छोटो रूपमा नेपाली भाषामा समारोहलाई सम्बोधन गरे । यसै कार्यक्रममा २००२ सालका साहित्य अकादमी पुरस्कारले पुरस्कृत डा. लख्खीदेवी सुन्दासलाई पनि सम्बर्द्धन जनाइयो । यस उद्घाटन समारोहका संचालन प्रा. कृष्णराज घतानीले गरेका थिए भने धन्यवाद ज्ञापन नेपाली विभागका बरिष्ठ प्राध्यापक श्री लक्ष्मीकान्त शर्माले गरे ।

## २.४.८ पुस्तक विमोचन र कवि गोष्ठी

सन् २००४, १४ अप्रिल तदनुसार वि. सं. २०६१ नववर्षको शुभोपलक्ष्यमा उत्तर बङ्गाल विश्वविद्यालयको नेपाली विभागले त्रिभाषा कवि गोष्ठीको आयोजना गरेको देखिन्छ । यसै अवसरमा पुष्कर पराजुलीद्वारा लिखित गीत सँगालो **गीत फुल्ने ठाउँ**को विमोचन कार्यक्रम पनि राखिएको थियो । नेपाली विभाग प्रमुख मोहन पी. दाहालको अध्यक्षतामा भएको सो कार्यक्रममा अशोक राई प्रमुख अतिथि थिए भने रामलाल अधिकारी, देवेन्द्रनाथ शुक्ल, निखिलेश्वर राय आदि अतिथि थिए । अध्यक्षको स्वागत भाषणपछि उद्बोधिनी गीत गाइएको पाइन्छ । प्रमुख अतिथि अशोक राईको बाहुलीबाट गीतिसँगालो **गीत फुल्ने ठाउँ**लाई सार्वजनिक गरिएको पाइन्छ । यसै सँगालोबाट थुप्रै गीतहरू आरोही परिवारद्वारा गाइएको थियो ।

गीत तथा कविता विषयमाथि विशेष अजित बस्नेत, राजेन्द्र भण्डारी, दिवाकर प्रधान आदिले गहन अनि सारगर्भित वक्तव्य दिएका थिए । कार्यक्रममा सुदेश राईद्वारा बाँसुरीवादन पनि प्रस्तुत गरिएको थियो भने अशोक राईले आफ्नै गीत गाएर सुनाएका थिए । कवि गोष्ठीमा नेपाली, हिन्दी र

---

[२०६] तेजमान बराइली, **"विश्वविद्यालयको रजत जयन्ती समारोह'**, **'सुनचरी'**, (१७ जनवरी २००३) ।

बङ्गाली तथा राजवंशी भाषामा कविता पाठ गरिएको थियो । कविता पाठ गर्नेहरूमा निखिलेश्वर राय, देवेन्द्रनाथ शुक्ल, रामलाल अधिकारी, बिर्ख खड्का डुवर्सेली, तिलक लम्साल, ज्ञानेन्द्र दाहाल, अजित बस्नेत, कवीर बस्नेत, मन्दिरा लेप्चा, उमेश चामलिङ, पदम पराजुली आदि थिए । कार्यक्रममा धन्यवाद ज्ञापन घनश्याम नेपालले गरेका थिए भने सो कार्यक्रमको उद्घोषक राजकुमार कार्की रहेको देखिन्छ ।[२०७]

## २.४.९ विद्यार्थी सङ्गठनको विदाइ कार्यक्रम

सन् २००४, सेप्टेम्बर २८ तारिखका दिन उत्तरबङ्ग विश्वविद्यालयको पार्वत्य विद्यार्थी सङ्गठनको तत्त्वावधानमा विदाइ कार्यक्रम सम्पन्न भएको देखिन्छ । कार्यक्रममा पार्वत्य विद्यार्थी सङ्गठनका पहिलो खण्डका विद्यार्थीहरूले दोस्रो खण्डका विद्यार्थीहरूलाई विदाइ गरेको देखिन्छ । उक्त कार्यक्रमलाई राजकुमार छेत्रीले सभापतित्व गरेका थिए भने नवीन पौड्याल र कवीर बस्नेत विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । सङ्गठनका महासचिव युवराज छेत्रीले कार्यक्रमलाई सम्बोधन गरे । सोही क्रममा सभापतित्व र विशिष्ठ अतिथिहरूले विदा भएर जाने विद्यार्थीहरूलाई खादा अर्पण गर्दै सम्मान जनाए । पूर्व अध्यक्ष र महासचिवले पार्वत्य विद्यार्थी सङ्गठनको मूल्य महत्त्व र उपयोगिताबारे अवगत गराउँदै आआफ्नो वक्तव्य प्रस्तुत गरिएको देखिन्छ । कार्यक्रमको दोस्रो चरणमा विदा भएर जाने विद्यार्थीहरूमा आआफ्नो अनुभव व्यक्त गरेको उल्लेख पाइन्छ ।[२०८]

---

[२०७] **सुनचरी** दैनिक, (१५ अप्रिल बिहिबार, २००४) सिलगडी ।

[२०८] **सुनचरी** दैनिक, (२९ सेप्टेम्बर बुधबार, २००४) सिलगडी ।

# परिशिष्ट - ३

## North Bengel University
## Syllabus for M. A. in Nepali

Part - I

Paper 1 : Social Study and Culture of Nepal and the Neplease

सन्दर्भ पुस्तकहरू :

१. **नेपालको ऐतिहासिक रूपरेखा** - बालचन्द्र शर्मा ।
२. **नेपालको सांस्कृतिक इतिहास** - कालिभक्त पन्त ।
३. Essays on the language, lieratire and religion of Nepal and Tabet. –B. H. Hodgson**.**
४. **कर्णाली लोक संस्कृति** (इतिहास र लोकगीत अंश मात्र) -सत्यमोहन जोशी ।
५. **नेपालको धार्मिक इतिहास** -जगदीशचन्द्र रेग्मी ।
६. **लिच्छवीकालीन संस्कृति** -जगदीशचन्द्र रेग्मी ।
७. **नेपालको मध्यकालीन इतिहास** -सूर्यविक्रम ज्ञवाली ।
८. **नेपालको ऐतिहासिक विवेचन** -ढुण्डिराज ।

Paper II :

Growth and development of Nepali language incliding a study of the elements of linguistics and Standard usage.

१. **नेपाली भाषाको उत्पत्ति** चूडामणि रेग्मी ।
२. **नेपाली भाषा र साहित्य** बालकृष्ण पोखरेल ।
३. **पाँचसय वर्ष (विश्रामहरू मात्र)** बालकृष्ण पोखरेल ।
४. Nepali language its history and development, Dayananda Shrivastav.
५. भाषा विज्ञान डा. भोलानाथ तिवारी ।
६. **ध्वनिप्रक्रिया केही ध्वनि सिद्धान्त** बालकृष्ण पोखरेल र बल्लभमणि दाहाल ।
७. **भाषा विज्ञान** चूडामणि बन्धु ।
८. Origin and development of Bengali language. (भूमिका मात्र) Dr. S. K. Chatterjee.
९. **नेपाली भाषाको उत्पत्ति र विकाश** पारशमणि प्रधान ।
१०. **ध्वनिको धन्दा** महानन्द सापकोटा ।
११. **जनजिब्रो** महानन्द सापकोटा ।

(ख) Nepali Literature Till Bhanubhakta.

पाठ्यपुस्तकहरू:-

१. **बुँइगल (सम्पा.)** कमल दीक्षित ।
२. **भानुभक्त रामायण (सुन्दरकाण्ड मात्र)** ने. सा. स. दार्जिलिङ ।
३. **पुराना कवि र कविता** बाबुराम आचार्य ।
४. **सुन्दरकाण्ड** रघुनाथ भट्ट ।

सन्दभपुस्तकहरू :

१. **प्राथमिक कालीन कवि र काव्य प्रवृत्ति** केशवप्रसाद उपाध्याय ।
२. **नेपाली भाषा र साहित्य** बालकृष्ण पोखरेल ।
३. **नेपाली साहित्यको इतिहास** ताना शर्मा ।
४. **भानुभक्त स्मारक ग्रन्थ** ने. सा. सम्मेलन, दार्जिलिङ ।
५. **जोसमनि सन्त साहित्य र परम्परा** (ज्ञानदिल दास मात्र) जकललाल शर्मा ।

Paper III : Nepali Kavya since Bhanubhakta 1850-1950.

पाठ्यपुस्तकहरू :

१. **पिकदूत** मोतीराम भट्ट ।
२. **बुँइगल** (सम्पा.) कमल दीक्षित ।

(निम्न लिखित कवि परिचय मात्र) चक्रपाणि चालिसे, शम्भुप्रसाद ढुङ्गेल, शिखरनाथ सुवेदी, राजीवलोचन जोशी, पहलमान सिंह स्वाँर, धरणीधर कोइराला, महानन्द सापकोटा, सोमनाथ सिग्द्याल, डाकमान राई, केदारनाथ खतिवडा, बीरेन्द्र केशरी ।

३. **तरूण तपसी** लेखनाथ पौड्याल

४. **शाकुन्तल महाकाव्य** लक्ष्मीप्रसाद देवकोटा ।

५. **साझा कविता** साझा प्रकाशन ।

निम्न लिखित अंशहरू मात्र ।

**बालकृष्ण सम** "o" ।
**सिद्धिचरण श्रेष्ठ** - विश्वव्यथा ।
**गोपालप्रसाद रिमाल** - तिमी को ? ।
**माधवप्रसाद घिमिरे** - बैसाख ।
**अगमसिंह गिरी** - न चिनिने भएछौं ।
**हरिभक्त कटुवाल** - जीवन : एकदृष्टि ।

**सन्दर्भ पुस्तकहरू :**

**तरुण तपसी (मीमांसा)** -चुडनाथ भट्टराय ।
**हिमालचुली (भूमिका मात्र)** -डा. ईश्वर बराल ।
**भानुभक्तदेखि तेस्रो आयामसम्म** -ताना शर्मा ।
**बसि वियाँलो** -डिल्लीराम तिम्सिना ।
**भानु (भानुभक्त,** -लेखनाथ, देवकोटा (विशेषाङ्कहरू) सम्पा. भवानी घिमिरे
**सिंहावलोकन** -वासुदेव त्रिपाठी ।
**छपन्न सालको पहिरो** -पं. दिलुसिंह राई ।

Paper IV : Modern Nepali Creative and Critical Prose Including Natak.

**पाठ्यपुस्तकहरू :**

**भ्रमर** -रूपनारायण सिंह ।
**अनुराधा** -विजयबहादुर मल्ल ।
**सुम्निमा** -विश्वेश्वरप्रसाद कोइराला ।
**कथा कुसुम (सम्पा.)** -सूर्यविक्रम ज्ञवाली, नेसास, दार्जिलिङ ।
**साझा प्रकाशन** -साझा प्रकाशन ।

निम्नलिखित कथाहरू मात्र ।

**रूपनारायण सिंह** - बितेका कुरा ।
**शिवकुमार राई** - ज्यान मारा ।
**गोविन्दबहादुर गोठाले** - चिह्ना ।
**भवानी भिक्षु** - हारजीत ।
**रमेश विकल** - लाहुरी भैंसी ।
**पोषण पाण्डे** - भिनाज्यूको स्वीटर ।
**इन्द्रबहादुर राई** - जयमाया आफूमात्र लेखापानी आइपुगी ।
**लक्ष्मी निबन्ध सङ्ग्रह** - लक्ष्मीप्रसाद देवकोटा ।

निम्नलिखित अंशहरू मात्र

**कल्पना, पहाडी जीवन, सुकुलमाथि, गधा बुद्धिमान् कि गुरु, मसलाको बोटले के भन्छ ? हाइ ! हाइ ! अङ्ग्रेजी ।**

**साझा निबन्ध** - साझा प्रकाशन

निम्नलिखित निबन्धहरू मात्र ।

(१) अच्छा राई रसिक- **भुँडी ।**
(२) रामकृष्ण शर्मा- **कविको धन ।**
(३) हृदयचन्द्रसिंह प्रधान **तसवीर ।**
(४) भैरव अर्याल **टाउको ।**
(५) शङ्कर लामिछाने **तारापुञ्ज; अन्धाको ब्रेल ।**

७) बालकृष्ण सम **प्रह्लाद ।**
८) गोपालप्रसाद रिमाल **यो प्रेम ।**
९) विजय मल्ल **जीउँदो लाश।**

**सन्दर्भपुस्तकहरू :**

| | |
|---|---|
| **१. साझा एकाङ्की** | साझा प्रकाशन । |
| **२. सम र समका कृति** | ताना शर्मा । |
| **३. नेपाली उपन्यासकारका आधारहरू** | इन्द्रबहादुर राई । |
| **४ केही नेपाली नाटक** | हृदयचन्द्रसिंह प्रधान । |
| **५. विचरण** | वासुदेव त्रिपाठी । |
| **६ नेपाली कथाको कथा** | रत्नध्वज जोशी । |
| **७. झ्यालबाट** | डा. ईश्वर बराल । |
| **८. सयपत्री** | डा. ईश्वर बराल । |
| **९. नेपाली निबन्ध यात्रा** | रामलाल अधिकारी । |

PART II

Paper V : Detailed study of any fpur (4) Texts, Taking not More than two (2) and not less than One (1) from esch group. 100.

Group 'A' poutry

**१. बालकृष्ण सम-** आगो र पानी ।
**२.गोपालप्रसाद रिमाल-** आमाको सपना ।
**३.लक्ष्मीप्रसाद देवकोटा-** कुञ्जिनी ।
**४. अगमसिंह गिरी-** युद्ध र योद्धा ।

**Group 'B'–Fiction**

१. लैनसिह बाङदेल- लङ्गडाको साथी ।
२.भवानी भिक्षु- आगत ।
३ डायमण्ड शमशेर सेतो बाघ ।

**Group 'C' Critical Prose**

१. साझा समालोचना -साझा प्रकाशन ।

निम्नलिखित अंशहरूमात्र-

| | |
|---|---|
| रत्नध्वज जोशी | **(१) कवि शिरोमणि : भाषा शैली २९-४३ पृष्ठ ।** |
| | **(२) कथा, कथाकार र आलोचक ३३९-६३९ ।** |
| बालकृष्ण शर्मा | **(३) भानुभक्त र उनको युग - ६५-९३ ।** |
| रामकृष्ण शर्मा | **(४) तिवारीजीका नाटक ४४१-४५१ ।** |
| ईश्वर बराल | **(५) नेपाली साहित्य प्राथमिककाल २-१२५-१४० ।** |
| | **(६) नेपाली नाटक औ रङ्गमञ्चका दृष्टिले प्रेमपिण्ड ४५२-४६९ ।** |
| कृष्णचन्द्रसिंह प्रधान | **(७) नेपाली उपन्यास ४०९-४२७ ।** |
| यदुनाथ खनाल | **(८) बौद्धिकताको प्रयोग : आगो र पानी २५५-२६२ ।** |
| गणेशलाल सुब्बा | **(९) मुना मदन : एक यथार्थवादी समालोचना २८८-२९९ ।** |
| इन्द्रबहादुर राई- | **(१०) रूपनारायण सिंह : लेखनकार ४२८-४३७ ।** |

२ रामकृष्ण शर्मा- **टेबल गफ नौ बैठक र दश गोर्खा ।**

Paper VI : Principles of Aesthetic and Literary Criticism.

पाठ्यपुस्तकहरू-

**१ ध्वन्यालोक** आनन्दवर्द्धन ।
२ Poetics Arlstotle.
**३ साहित्यप्रदीप** सोमनाथ सिग्द्याल ।
निम्नलिखित अंशहरू मात्र :
रस, अलङ्कार, काव्य प्रयोजन र शब्दशक्ति ।

सन्दर्भपुस्तकहरू :

**१ काव्यप्रकाश** मम्मट ।

**२ साहित्य प्रकाश** केशवप्रसाद उपाध्याय ।

PAPER VII : Servey of Indian Literature.

(a) Classical (Sanskrit).

(b) Modern (Bengali and Hindi).

सन्दर्भपुस्तकहरू :

१. **संस्कृत साहित्यको इतिहास** बदरीनाथ भट्टराई ।

२. **संस्कृत साहित्यका इतिहास (भाग १, २)** -बलदेव उपाध्याय ।

३. Histori of Sanskrit Literature –कीथ

४. History of Bengali Literature –Dr. S. k. Chatterjee.

५. **हिन्दी साहित्यका इतिहास** -रामचन्द्र शुक्ल ।

६. **सञ्चयिता रवीन्द्रनाथ ठाकुर, अनुवादक** -तुलसीबहादुर छेत्री ।

Paper VIII : l^st Half -Survey of Modern

Western literature. 50

2nd half–Essay on a literary Tjoic. 50

North Bengal university

Directorati of d/s

Distance Education

RAJARAMMOHANPUR

DARJEELING-7340013

(Postgradute Nepali syllabus for Distance Education programme)

उत्तरबङ्ग विश्वविद्यालय दूरशिक्षा अधिकृत

राजा राममोहनपुर, दार्जिलिङ,

दूरशिक्षा कार्यक्रमअन्तर्गत

स्नातकोत्तर (एम्. ए.) तहको नेपाली पाठ्यक्रम पहिलोखण्ड

उत्तरबङ्ग विश्वविद्यालय स्नातकोत्तर नेपाली पहिलो खण्ड (प्राइभेट) दूरशिक्षा विभाग पाठ्यक्रम ।

अनियमित बाह्य परीक्षाको रूपमा आउने विद्यार्थीहरूका लागि १ वर्षमा १५ वटा कक्षा सञ्चालन गरिन्छ । ता कि प्राइभेट परीक्षार्थीलाई विषयवस्तुको आधिकारिक ज्ञानका लागि अप्ठ्यारो नपरोस् भन्ने ध्येय रहेको देखिन्छ ।

यस खण्डमा पाँच पत्र रहने छन् । पाँचौं पत्रबाहेक एकदेखिका चारसम्मका पत्रहरू दुई भागमा बाँडिएका छन् । प्रत्येक भागको ५०-५० गरेर एक पत्रमा १०० पूर्णाङ्क रहनेछन् । पाँचौं पत्र भने केवल ५० अङ्क रहने छ । यसरी यस खण्डमा ४०० पूर्णाङ्कको लिखित परीक्षा हुनेछ । यस खण्डमा ५० अङ्कको असाइन्मेन्ट रहने छ । जो विद्यार्थीहरूले निश्चित समयमा बुझाउनु पर्ने छ ।

असाइन्मेन्ट दुई सेटमा बाँडिनेछ । विद्यार्थीहरूले प्रत्येक सेटको उत्तर अनिवार्य रूपमा गर्नुपर्ने छ ।

| | | |
|---|---|---|
| पहिलो पत्र | सामान्य भाषा विज्ञान र नेपाली भाषाशास्त्र | १०० |
| दोस्रो पत्र | नेपाली साहित्यको इतिहास | १०० |
| तेस्रो पत्र | नेपाली कविता | १०० |
| चौथो पत्र | नेपाली गद्याख्यान (कथा र उपन्यास) | १०० |
| पाँचौं पत्र | नेपाली नाट्य साहित्य | ५० |
| असाइन्मेन्ट | २×२५ | ५० |

पहिलो खण्ड

पहिलो पत्र-सामान्य

प्रथमार्द्ध सामान्य भाषा विज्ञान

पाठ्य विषय भाषाको अर्थ प्रकृति परिभाषा र स्वरूप

भाषाको विविध रूप भाषा, भाषिका

साहित्यिक भाषा शिष्ट वा मानक भाषा
भाषा विज्ञानका शाखाहरूको परिचय

क) सैद्धान्तिक भाषा विज्ञान

ऐतिहासिक एवम् तुलनात्मक भाषा विज्ञान र वर्णनात्मक भाषा विज्ञान

ख) प्रायोगिक भाषा विज्ञान

समाज मनोनृतात्त्विक भाषा विज्ञान, परभाषा विज्ञान, शैली विज्ञान । यसै गरी अर्को रूपमा भाषा विज्ञानका विभागहरू उल्लेख छ । जसभित्र (ध्वनि विज्ञान, वर्ण विज्ञान, स्वनिम विज्ञान, वाक्य विज्ञान, अर्थ विज्ञान) भाषा वर्गीकरणका आधार पद्धति, रूप तात्त्विक वा आकृतिमूलक वर्गाकरण र पारिवारिक वर्गीकरण, संसारका भाषाहरूको वर्गीकरण, प्रत्येक वर्ग वा समूहका र परिवारका भाषाका विशेषताहरूको परिचयात्मक अध्ययन । भाषा विज्ञानको सङ्क्षिप्त इतिहास ।

द्वितीयार्द्ध नेपाली भाषा अध्ययन

मुख्य रूपमा यसभित्र समाविष्ट

**पाठ्य विषय**

नेपाली भाषाको उत्पत्ति र विकासको कार्यक्रम, भारोपेली परिवारमा भारत इरानेली शाखाको परिचय, भाषाको अवस्था, प्रकरणगत भेद, विशेषतासहित जाति र खसभाषा । नेपाली भाषाका प्राचीन, मध्यकालीन र आधुनिक रूपमा विकासको ऐतिहासिक विवरण, नेपाली ध्वनि एवम् शब्दभण्डारको विकास, नेपाली भाषा वा भाषिका, नेपाली भाषाको मानस्तरीकरण र आधुनिकीकरण ।

भोट हिमाली वर्गका र मुण्ड वर्गका भाषाहरूको परिचय तथा भाषासित तिनका सम्बन्धको परिचयात्मक अध्ययन, आधुनिक नेपाली भाषाको वर्णनात्मक अध्ययन, लिपि विज्ञान र देवनागरी लिपिको विकास, नेपाली भाषा अध्यययपरम्परा, नेपाली भाषाको रूपतात्त्विक अध्ययन ।

**सन्दर्भग्रन्थ**

| | | |
|---|---|---|
| दोस्रो पत्र | नेपाली साहित्यको इतिहास | १०० |
| प्रथमार्द्ध | साहेत्येतिहासको अवधारणा, अध्ययनपद्धति र आधुनिक काल पूर्वको नेपाली साहित्यको इतिहास | ५० |

यस भित्र विशेष रूपमा समाविष्ट १९९८ पूर्वको नेपाली साहित्यको इतिहास, साहित्यका आधुनिककालको अवधारणा, काल विभाजनका नामाकरण, नेपाली इतिहासको उद्‌भवको सामाजिक, सांस्कृतिक पृष्ठभूमि, प्राथमिक काल । सन् १९५० पूर्वको नेपाली गद्यको स्वरूप र विशेषता । प्राथमिक कालीन (सन् १७५१-१८८३)

नेपाली गद्यपद्य एवम् नाट्यसाहित्यको स्वरूप, प्रवृत्ति र विकास

माध्यमिक कालीन (सन् १८८४-१९१७) नेपाली सा. विविध विधाउपविधाका विविध शैलीगत विकासको इतिहास ।

द्वितीयार्द्ध

आधुनिक नेपाली साहित्य सन् १९१८ पूर्वको इतिहास

कविता, गद्याख्यान, नाटक र विविध विधाको स्वरूप, प्रवृत्ति एवम् विकासप्रक्रिया

नेपाली साहित्य आलोचनाको सैद्धान्तिक अध्ययनपद्धति, नेपाली भाषा साहित्यको विकाससँग सम्बद्ध विविधवाद र आन्दोलनको अध्ययन ।

हलन्त बहिष्कार आन्दोलन, झर्रोवादी आन्दोलन, प्रभाववाद, आदर्शवाद, शास्त्रीयतावाद, स्वच्छन्दतावाद, प्रगतिवाद, यथार्थवाद, अतियथार्थवाद, मनोविश्लेषणवाद, प्रयोगवाद र आयामिक आन्दोलन, अस्तित्वावाद र राल्फाली आन्दोलन, अस्वीकृत जमात, सडक कविता क्रान्ति (आयामेली होइन) लीला लेखन र उत्तरआधुनिकवाद लेखन ।

**सन्दर्भग्रन्थहरू**

तेस्रो पत्र नेपाली कविता प्रारम्भदेखि देवकोटासम्म ।

प्रथमार्द्ध

कविताका यावत् तत्त्व एवम् सैद्धान्तिक पाठ्यक्रम ।

काव्यका भेद, नेपाली कविताको सामाजिक, सांस्कृतिक, ऐतिहासिक पृष्ठभूमि र विकासक्रम ।

पाठ्यसामग्री

| | |
|---|---|
| दयाराम श्रेष्ठ (सम्पा.) | **वीरकालीन कविता (सुवानन्द दास, पृथ्वीनारायण शाह) ।** |
| बाबुराम आचार्य | **पुराना कवि र कविता ।** |
| भानुभक्त आचार्य | **रामायण ।** |
| ज्ञानदिलदास | **उदयलहरी ।** |
| मोतीराम भट्ट | **मोतीराम भट्टका गजलहरू ।** |
| श्यामलाल शर्मा अर्याल | **(सम्पा.) सूक्तिसिन्धु फेरी ।** |
| लेखनाथ पौड्याल | **तरुण तपसी** |

समदेखि ओकिउयामा ग्वाइनसम्म ।

यस खण्डमा बालकृष्ण सम, गोपालप्रसाद रिमाल, भूपी शेरचन, हरिभक्त कटुवाल (यो जिन्दगी खै के जिन्दगी), अगमसिंह गिरी (जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि), मोहन कोइरालाका गङ्गाप्रवास र अन्य कविताहरू पर्दछन् । यसैगरी वैरागी काइँला (तिलविक्रम नेम्बाङ), ईश्वर बल्लभहरूका कविताहरू र ओकिउयामा ग्वाइनका चित्रलेखा कवितासङ्ग्रह पठनपाठन गर्नु पर्ने देखिन्छ । यस प्रकरणमा प्रायः जसो थुप्रै कविताहरूको अध्ययन गर्नुपर्ने स्थिति देखिन्छ ।

नेपाली गद्याख्यान पूर्णाङ्क १०० ।

प्रथमार्द्ध : नेपाली कथा पूर्णाङ्क ५० ।

कथा विधाको परिभाषाका स्वरूप, उद्भव, विकास एवम् नेपाली कथाको पृष्ठभूमि र थालनी विकासक्रमको परिचयात्मक अध्ययन ।

पाठ्यसामग्री

| | |
|---|---|
| रूपनारायणसिंह | **कथा नवरत्न (कथासङ्गह)** |
| शिवकुमार राई | **फ्रन्टियर (कथासङ्ग्रह)** |
| भवानी भिक्षु | **मैया साहेब** |
| इन्द्रबहादुर राई | **विपना कतिपय** |
| गुरूप्रसाद मैनाली | **नासो** |
| विश्वेश्वरप्रसाद कोइराला | **श्वेतभैरवी र दोषी चश्मा ।** |
| गोविन्दबहादुर गोठाले | **त्यसको भाले र खीर ।** |
| पारिजात | **तिउरीको फूल पायरियाको गन्ध** |
| सानु लामा | **स्वास्नी मान्छे** |
| शरद् छेत्री | **कालाग्नि ।** |
| द्वितीयार्द्ध | नेपाली उपन्यास पूर्णाङ्क ५० । |

(उपन्यासका यावत् सैद्धान्तिक एवम् पृष्ठभूमिगत अध्ययन र पठनपाठनका रूपमा निम्न लिखित आख्यानग्रन्थहरूको पाठ्यक्रमगत संरचना देखिन्छ )

**लङ्गडाको साथी, अनुराधा, सुम्निमा, आज रमिता छ, शिरिषको फूल, अलिखित, जुनेली रेखा ।**

यस प्रकरणमा ४२ वटा सन्दर्भगन्थहरू दिएका छन् ।

पाँचौं पत्र नाट्यसाहित्य पूर्णाङ्क ५० ।

नाटकको परिभाषा, तत्त्व, स्वरूप र अर्थ ।

उद्भव विकास, पूर्णाङ्की र एकाङ्कीको साम्यवैषम्य ।

ध्वनि नाटक, रूपकको भेदोपभेदको परिचय ।

नेपाली नाटकको पृष्ठभूमि, स्वरूप र शैली एवम् विकासप्रक्रिया, प्रयोगधारा, प्रवृत्ति र विशेषताहरूको अध्ययन गर्नुपर्ने देखिन्छ । यस खण्डमा अध्ययन गर्नुपर्ने नाटक तथा एकाङकीहरू निम्न प्रकारका देखिन्छन् :

शम्भुप्रसाद ढुङ्यालको **शकुन्तला**, बालकृष्ण समको **अन्धवेग**, गोपालप्रसाद रिमालको **मसान**, विजयमल्लको **भित्तेघडी** (एकाङकी सङ्ग्रह), गोविन्दबहादुर मल्ल गोठालेको **भुसको आगो**, मोहनराज शर्माको **जेमन्त यमा**, मानबहादुर मुखियाको **अध्यारोमा बाँच्नेहरू**, रामलाल अधिकारी (सम्पा.) **नेपाली एकाङ्की यात्रा**, शिवकुमार राईको **तीन गजडीको चन्द्रलोक यात्रा**, लीलबहादुर क्षेत्रीको **माग**, मोहनपुकारको **टीका**, जी. छिरिङको **वीर बालक अभिमन्यू**, मनबहादुर गुरूङको **संयोगवियोग** समाविष्ट छन् ।